श्री

उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास

संयुक्त इजलास

इजलास नं.२

माननीय न्यायाधीश श्री सुभाष पौडेल

माननीय न्यायाधीश श्री गोबिन्द जोशी

<u>फैसला</u>

नि.नं.५२२

रजिष्ट्रेशन नम्बरः-७४-०७६-००७८१

मुद्दा नम्बरः-०८०-CS-०५३५

पुनरावेदन दर्ता मितिः- २०८१/१/१८

मुद्दाः- सहकारी रकम हिनामिना(अपचलन),ठगी र संगठित अपराध।

वामदेव प्रसाद शर्माको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं.२० बस्ने वर्ष ४३ को सन्धि भन्ने सन्दिप कुमार शर्मा-----------------------१ — पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला, सहकारी संघ लिमिटेडको पत्र समेतको जाहेरीले नेपाल सरकार.....१ — प्रत्यर्थी वादी

नि.नं.५२३

मुद्दा नम्बरः-०८०-CS-०५३६

पुनरावेदन दर्ता मितिः- २०८१/१/१८

तापस शाहको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं.१० जेलरोड बस्ने वर्ष ४६ को तुसार शाह-----------------------------------१ — पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्र जाहेरीले नेपाल सरकार--------------१ — प्रत्यर्थी वादी

नि.नं.५२४

मुद्दा नम्बरः-०८०-CS-०५३७

पुनरावेदन दर्ता मितिः- २०८१/१/१८

पृथ्वि बहादुर शाहको छोरी, चर्चिल शाहीको पत्नी, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं.१३ रामबाग बस्ने वर्ष ७३ को लिला शाह---------१	पुनरावेदक प्रतिवादी
विरुद्ध	
बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्र जाहेरीले नेपाल सरकार-----------१	प्रत्यर्थी वादी

नि.नं.५२५

मुद्दा नम्बरः-०८०-CS-०५३८

पुनरावेदन दर्ता मितिः- २०८१/१/१८

रोहबर सिंह महर्जनको छोरा,बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वडा नं.४ बस्ने वर्ष ७० को सिद्धि कुमार महर्जन-----------------------------१	पुनरावेदक प्रतिवादी
विरुद्ध	
बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१	प्रत्यर्थी वादी

नि.नं.५२६

मुद्दा नम्बरः-०८०-CS-०५३९

पुनरावेदन दर्ता मितिः- २०८१/१/१८

तेज बहादुरको नाति, बेग बहादुर भण्डारीको छोरा, बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा.वडा न.९ बाँकेगाउँ बस्ने वर्ष ४८ को गोपाल भण्डारी-------------१	पुनरावेदक प्रतिवादी
विरुद्ध	
बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्र जाहेरीले नेपाल सरकार-------------१	प्रत्यर्थी वादी

नि.नं.५२७

मुद्दा नम्बरः-०८०-CS-०६१५

पुनरावेदन दर्ता मितिः- २०८१/२/२०

न बहादुर बलीको छोरा, बाँके जिल्ला, राप्ती सोनारी गाउँपालिका वडा न.४ बस्ने वर्ष ३३ को लिला प्रसाद बली--१	पुनरावेदक प्रतिवादी
विरुद्ध	
बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१	प्रत्यर्थी वादी

नि.नं.५२८

मुद्दा नम्बरः-०८०-CS-०६४५

पुनरावेदन दर्ता मितिः- २०८१/३/१४

मुन्नालाल पाठकको नाति,धरनीधर पाठकको छोरा,बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वडा नं.१७ परसपुर बस्ने वर्ष ५१ को अरुण कुमार पाठक-------१	पुनरावेदक प्रतिवादी
विरुद्ध	
बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१	प्रत्यर्थी वादी

नि.नं.५२९

मुद्दा नम्बरः-०८१-CS-०२११

पुनरावेदन दर्ता मितिः- २०८१/७/२३

खम्बे कामीको छोरा,बाँके जिल्ला, खजुरा गाउपालिका वडा नं.५ बस्ने वर्ष ४८ को सूर्य बहादुर बि.क.--१	पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१	प्रत्यर्थी वादी

नि.नं.५३०

मुद्दा नम्बरः-०८१-CS-०२१२

पुनरावेदन दर्ता मितिः- २०८१/७/२५

नवराज सुवेदीको छोरा, बर्दिया जिल्ला, बारबर्दिया नगरपालिका वडा नं.५ घर भै हाल बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा.वडा नं.१ बस्ने वर्ष ४९ को गंगाधर सुवेदी--१	पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१	प्रत्यर्थी वादी

नि.नं.५३१

मुद्दा नम्बरः-०८१-CS-०२३७

पुनरावेदन दर्ता मितिः- २०८१/८/५

बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्र समेतको जाहेरीले नेपाल सरकार----	पुनरावेदक वादी

विरुद्ध

कृपाराम कुर्मीको छोरा, बाँके जिल्ला, नेपालन्ज उपमहानगरपालिका वडा नं. १२ कोरियनपुर बस्ने वर्ष ५२ को परमात्मा प्रसाद कुर्मी (वर्मा)-------------------१ मानबहादुर थापाको छोरी, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १२ कोरियनपुर बस्ने वर्ष ५९ की तुल्सा थापा------------------------------२ ताराप्रसाद श्रेष्ठको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १० आदर्शनगर बस्ने वर्ष ६९ को भैरव बहादुर श्रेष्ठ---------------------------------३ सुरेन्द्रबहादुर थापाको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ६ बस्ने वर्ष ४९ को रविन्द्र थापा---४ दुलारे कहारको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ११ भट्टिटोल बस्ने वर्ष ५७ को नन्द किशोर कहार---------------------------------५ रामगोपाल कुर्मीको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १८ मुजई गाउँ बस्ने वर्ष ५५ को अंगतराम वर्मा------------------------------६	प्रत्यर्थी प्रतिवादी

पृथ्विबहादुर शाहको छोरी, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १३ रामबाग बस्ने वर्ष ७२ की लिला शाह------------------------------------७

लालबहादुर खत्रीको छोरा, बाँके जिल्ला, खजुरा गाँउपालिका गा.वि.स.वडा नं. ३ बस्ने वर्ष ४८ को कृष्ण बिक्रम के.सी.--८

हर्षमानपति बज्राचार्यको नाति, इन्द्रमणी मानव बज्राचार्यको छोरा, बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वडा नं. १३ रंगशाला नजिक बस्ने वर्ष ७५ को स्थिरमणी बज्राचार्य--९

रेशम बहादुर शाक्यको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १० बस्ने वर्ष ७१ को बिनोद कुमार शाक्य------------------------------१०

मुन्नालाल पाठकको नाति, धरणीधर पाठकको छोरा, जिल्ला बाँके नेपालगन्ज उपमहानगरपालिका वडा नं. १७ बस्ने वर्ष ५४ को अरुण कुमार पाठक-----११

पुर्णाखर सुवेदीको नाति, नवराज सुवेदीको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका, वडा नं. १ धम्बोझी बस्ने वर्ष ४८ को गंगाधर सुवेदी----१२

वामदेव शर्माको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. २० राँझा बस्ने वर्ष ४४ को सन्धी भन्ने सन्दिप शर्मा---------------------------१३

बिष्णुप्रसाद अधिकारीको छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका नगरपालिका वडा नं. १६ बस्ने वर्ष ५३को नारायणबाबु अधिकारी----------- १४ प्रत्यर्थी प्रतिवादी

धनिराम यादवको छोरा, बाँके जिल्ला, जानकी गाँउपालिका वडा नं. ३ मानपुर बस्ने वर्ष ५३ को बलराम यादव--१५

पुर्णराज उपाध्यायको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. २ घरबारी टोल बस्ने वर्ष ६६ को सतिश कुमार शर्मा---------------------------१६

कुन्जीलाल खटिकको छोरा, बाँके जिल्ला, डुडुवा गाँउपालिका वडा नं. ४ मिलनचोक बस्ने वर्ष ५३ को सुरतराम खटिक------------------------------१७

तेजबहादुर भण्डारीको नाति, बेगम बहादुर भण्डारीको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १७ घर भई हाल ऐ. वडा नं. ९ बाँकिगाउँ बस्ने वर्ष ४७ को गोपाल भण्डारी---१८

रामचन्द्र श्रेष्ठको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १३ बस्ने वर्ष ५० को बिनम कुमार श्रेष्ठ-----------------------------------१९

रामबोहरी बर्माको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १८ लग्दहवा बस्ने वर्ष ४२ को दिपक बर्मा---------------------------------------२०

धरनीधर पाठकको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १७ बस्ने वर्ष ४३ को विजय कुमार पाठक--------------------------------------२१

तापस शाहको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १७ जेलरोड बस्ने वर्ष ४४ को **तुसार शाह**----------------------------------२२

खम्बेसिंह वि.क.को छोरा, बाँके जिल्ला, खजुरा गाँउपालिका वडा नं. ३ बस्ने वर्ष ४७ को **सुर्य बहादुर वि.क.**----------------------------------२३

गंगाराम वि.क.को छोरा, बाँके जिल्ला, खजुरा गाँउपालिका वडा नं. ४ डि गाउँ बस्ने वर्ष ५० को **राजेन्द्र कुमार वि.क.**----------------------------------२४

मानबहादुर वलीको छोरा, बाँके जिल्ला, राप्तीसोनारी गाँउपालिका वडा नं. ४ बैजापुर बस्ने वर्ष ३३ को **लिलाधर भन्ने लिला प्रसाद वली**--------------------२५

इन्द्रबहादुर शाहको छोरी, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १३ बुलबुलिया बस्ने वर्ष ६६ की **रत्ना राणा**----------------------------------२६

धरनीधर पाठकको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १७ परसपुर बस्ने वर्ष ४७ को **अजय कुमार पाठक**--------------------------२७

शम्भुप्रसाद श्रेष्ठको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ८ घर भई हाल वडा नं. १० भृकुटीनगर बस्ने वर्ष ४३ को **गौरव कुमार श्रेष्ठ**---२८

सरकारबक्स चौधरीको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १४ भवानियापुर बस्ने वर्ष ७५ को **हरदेवबक्स चौधरी**----------------------२९

देवानन्द तिमिल्सिनाको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ९ बाँकेगाउँ बस्ने वर्ष ७३ को **चन्द्रप्रसाद तिमिल्सिना**------------------------३०

मनबहादुर थापामगरको छोरी, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ४ बस्ने वर्ष ५१ की **शारदा कुमारी थापा**----------------------------------३१

ओरीलाल चौधरीको नाति, विष्णुप्रसाद चौधरीको छोरा, बाँके जिल्ला, डुडुवा गाँउपालिका वडा नं. २ बेतहनी बस्ने वर्ष को ५७ **ओम प्रकाश चौधरी**-------३२

बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १० बस्ने वर्ष ५९ की **मैया के.सी.**--३३

कृष्णप्रसाद रेग्मीको छोरा, बाँके जिल्ला, जानकी गाँउपालिका वडा नं. ३ सद्भावनगर बस्ने वर्ष ५६ को **कुलानन्द रेग्मी**--------------------------------३४

रामलौटन अहिरको छोरा, बाँके जिल्ला, कोहलपुर नगरपालिका वडा नं. १४ हवलदारपुर बस्ने वर्ष ४६ को **पवन कुमार यादव**---------------------------३५

तोयानाथ भुसालको छोरी, बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वडा नं. १२ बेलासपुर बस्ने वर्ष ३२ की **गंगा भुसाल**----------------------------------३६

देवबहादुर खड्काको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ५ फुल्टेक्रा बस्ने वर्ष ४४ को **अम्बर बहादुर खडका**-------------------------३७

प्रत्यर्थी प्रतिवादी

शम्भुप्रसाद श्रेष्ठको श्रीमती, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १० भृकुटीनगर बस्ने वर्ष ४३ की लक्ष्मी श्रेष्ठ----------------------------------३८
हरिप्रसाद श्रेष्ठको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १० आदर्श नगर बस्ने वर्ष ४५ को किरण श्रेष्ठ----------------------------------३९
इन्द्रानी गौतमको छोरी, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ५ फुलटेक्रा बस्ने वर्ष ६९ की बिमला गौतम----------------------------------४०
रोहबर सिंह महर्जनको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ४ गणेशपुर बस्ने वर्ष ७० को सिद्दीकुमार मर्हजन----------------------------४१

} प्रत्यर्थी प्रतिवादी

नि.नं.५३२

मुद्दा नम्बरः-०८१-CS-०३०९

पुनरावेदन दर्ता मितिः- २०८१/९/१४

देव बहादुर खड्काको छोरा,बाँके जिल्ला, राप्तीसोनारी गाउपालिका वडा नं.६ सिघनवा टोल बस्ने वर्ष ४४ को अम्मर बहादुर खड्का------------------------१ } पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१ } प्रत्यर्थी वादी

नि.नं.५३३

मुद्दा नम्बरः-०८१-CS-०३१०

पुनरावेदन दर्ता मितिः- २०८१/९/१४

सरकारबक्स चौधरीको छोरा, बाँके जिल्ला, नेपालगन्ज, उपमहानगरपालिका वडा नं. १४ भवानियापुर बस्ने वर्ष ७५ को हरदेवबक्स चौधरी --------------------१ } पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१ } प्रत्यर्थी वादी

नि.नं.५३४

मुद्दा नम्बरः-०८१-CS-०३११

पुनरावेदन दर्ता मितिः- २०८१/९/१४

सुरेन्द्रबहादुर थापाको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ६ बस्ने वर्ष ४९ को रविन्द्र थापा --१ } पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१ } प्रत्यर्थी वादी

नि.नं.५३५

मुद्दा नम्बरः-०८१-CS-०४११

पुनरावेदन दर्ता मितिः- २०८१/११/१३

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध र. नं. ०७४-०७६-०७८९,फैसला पृष्ठ १३२ मध्येको ६

हरिप्रसाद श्रेष्ठको छोरा, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १० आदर्श नगर बस्ने वर्ष ४५ को **किरण श्रेष्ठ**-----------------------------१ — पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी सँघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१ — प्रत्यर्थी वादी

नि.नं.५३६

मुद्दा नम्बरः-०८१-CS-०४१८

पुनरावेदन दर्ता मितिः- २०८१/११/१५

ओरीलाल चौधरीको नाति, विष्णुप्रसाद चौधरीको छोरा, बाँके जिल्ला, डुडुवा गाँउपालिका वडा नं. २ बेतहनी बस्ने वर्ष को ५७ **ओम प्रकाश चौधरी**--------१ — पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी सँघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१ — प्रत्यर्थी वादी

नि.नं.५३७

मुद्दा नम्बरः-०८१-CS-०४७२

पुनरावेदन दर्ता मितिः- २०८१/१२/७

कुन्जीलाल खटिकको छोरा, बाँके जिल्ला, डुडुवा गाँउपालिका वडा नं. ४ मिलनचोक बस्ने वर्ष ५३ को **सुरतराम खटिक** ---------------------------------१ — पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी सँघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१ — प्रत्यर्थी वादी

नि.नं.५३८

मुद्दा नम्बरः-०८१-CS-०४७३

पुनरावेदन दर्ता मितिः- २०८१/१२/८

घनिराम यादवको छोरा, बाँके जिल्ला, जानकी गाँउपालिका वडा नं. ३ मानपुर बस्ने वर्ष ५३ को **बलराम यादव** ---१ — पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी सँघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१ — प्रत्यर्थी वादी

नि.नं.५३९

मुद्दा नम्बरः-०८१-CS-०५०१

पुनरावेदन दर्ता मितिः- २०८१/१२/१७

मनबहादुर थापामगरको छोरी, बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ४ बस्ने वर्ष ५१ की **शारदा कुमारी थापा** ---------------------------------१ — पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्रसमेतको जाहेरीले नेपाल सरकार-----१ — प्रत्यर्थी वादी

नि.नं- ५४०

मुद्दा नं. ०८०-CS-०५४०

पुनरावेदन दर्ता मितिः- २०८०/१/१८

हर्षमान पति बज्राचार्यको नाति,ईन्द्रमणी मानव बज्राचार्यको छोरा, बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा.वडा नं.१३ बस्ने वर्ष ७५ को स्थिरमणि बज्राचार्य.......१ — पुनरावेदक प्रतिवादी

विरुद्ध

बाँके जिल्ला सहकारी संघ लिमिटेड समेतको पत्र जाहेरीले नेपाल सरकार............ — प्रत्यर्थी वादी

सुरु फैसला गर्ने अदालतः- श्री बाँके जिल्ला अदालत

सुरु फैसला गर्ने न्यायाधीशः- मा.जि.न्या. श्री ईन्द्र बहादुर कठायत

सुरु कसूर भएको मितिः- २०८०/९/११

सुरु सजाय निर्धारण मितिः-२०८०/९/२६

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ।

तथ्य खण्ड

१.यस सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज(बाँके) ले बैंकिङ्ग कारोवार गर्दै आएकोमा संस्थाको सम्पत्ति र दायित्व एकिन गरी संस्थाको प्रमूख प्रबन्धकबाट पेश गरेको प्रतिवेदन अनुसार संस्थामा कार्यरत कर्मचारीहरू सहायक प्रमूख प्रबन्धक श्री गंगाधर सुवेदी, बैंकिङ्ग प्रबन्धक श्री अरुण कुमार पाठक, खजुरा शाखा प्रमूख श्री सूर्यबहादुर वि.क र बैजापुर शाखा प्रबन्धक श्री लिलाप्रसाद भन्ने लिलाधर वलीले रकम हिनामिना गरेको भनी उल्लेख भए अनुसार निजहरूबाट अपचलन गरेको भनी सकारनामा पत्रसमेत गरी उक्त रकम दाखिला नगरी संस्थाको मुख्य बैंकिङ्ग कार्यालय नेपालगन्ज बैंकिङ्ग प्रबन्धक/कर्जा विभाग प्रमुख अरुण कुमार पाठक तथा नगद विभाग/जरनल विभाग प्रमूख लिलाधर वली मिति २०७६/०२/०५ गते बिना जानकारी कार्यालयमा अनुपस्थित भएका कारणबाट यस संस्थामा तरलता न्यून भई संचालन गर्न कठिनायी परी संस्थाको बैंकिङ्ग कारोवार बन्द गरेको जानकारी गराउँदै लेनदेन नगद कारोवार बैंकिङ्ग प्रबन्धक अरुण कुमार पाठकबाट हुने गरेको हुँदा निज हाल सम्पर्क बिहिन रहेकोले निजलाई झिकाई आवश्यक सहयोग गरिदिनुहुन भन्ने समेत बेहोराको सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँकिले

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दाः सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध ए. न. ०७४-०७६-०७८९,फैसला पृष्ठ १२२ मा रहेको

प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय बाँकेलाई सम्बोधन गरी लेखिएको मिति २०७६।०२।१२ को निवेदन पत्र।

२. जिल्ला बाँके नेपालगन्ज उपमहानगरपालिका वडा नं.१३ सदरलाईन स्थित पूर्वमा राजकुमार टण्डनको घर, पश्चिम सदरलाईन सडकखण्ड, उत्तरमा राजकुमार टण्डनको घर, दक्षिणमा जिल्ला प्रशासन कार्यालय बाँकेको कम्पाउण्ड यति चारकिल्ला भित्र सत्यनारायण ठेठरको तीन तले घरमा सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँके नामको संस्था रहेको, उक्त संस्थाको खानतलासी गर्दा भवनको तेस्रो तलामा रहेको अध्यक्ष/उपाध्यक्षको कोठाबाट ऋणीहरूको नाम र रकम उल्लेख भएको कागजात पाना-९, डेबुक थान-२५, गैरबैंकिङ सम्पत्ति लेखेको रजिष्टर थान-१, जरनल लेजर थान-१, उक्त संस्थाको दोस्रो तलाको दैनिक मासिक बचत योजना शाखा कोठाबाट एकवर्षे मासिक रजिष्टर थान-१, दुईवर्षे मासिक रजिष्टर थान-१, तीनवर्षे मासिक रजिष्टर थान-१, छ महिने दैनिक रजिष्टर थान-१, एकवर्षे दैनिक रजिष्टर थान-२, उक्त संस्थाको भुई तलामा रहेको काउन्टरबाट मुद्दती हिसाब लेजर लेखेको रजिष्टर थान-९, बचत लेजर लेखेको रजिष्टर थान-७६, गुडलक लेजर थान-१, जेष्ठ नागरिक लेजर थान-९, महिला विशेष लेजर थान-१, कोहलपुर बचत खाता थान-१ प्रहरी टोलीले बरामद गरी लिएको भन्ने बेहोराको मिति २०७६।०४।३० गतेको बरामदी खानतलासी मुचुल्का।

३. जिल्ला बाँके राप्तीसोनारी गाउँपालीका वडा नं. ४ बैजापुर चोक स्थित पूर्वमा जितबहादुर थापाको घर, पश्चिममा बालकृष्ण थारुको घर, उत्तरमा बैजापुर नेपालगन्ज सडकखण्ड र दक्षिणमा खाली जमीन। यति चार किल्लाभित्र तिलबहादुर वलीको २ तले पक्की घर रहेको, उक्त घरको पश्चिमतर्फको कोठामा सहकारी वित्तिय विकास संस्था लिमिटेड बैजापुर शाखा संचालनमा रहेको कार्यालयबाट प्रहरीले जि.एल.(general ledger) रजिष्टर थान-१, बचत लेजर लेखेको रजिष्टर थान-४, मुद्दती लेजर लेखेको रजिष्टर थान-१, क्यास बुक लेखेको रजिष्टर थान-१५ बरामद गरी लिएको बेहोराको मिति २०७६।०४।३१ गतेको बरामदी खानतलासी मुचुल्का।

४. जिल्ला बाँके नेपालगन्ज उपमहानगरपालिका वडा नं. १३ सदरलाईन स्थित पूर्वमा राजकुमार टण्डनको घर, पश्चिममा सदरलाईन सडकखण्ड, उत्तरमा राजकुमार टण्डनको घर, दक्षिणमा जिल्ला प्रशासन कार्यालय बाँकेको कम्पाउण्ड। यति चार किल्लाभित्र सत्यनारायण ठेठरको तीनतले घरमा सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँके नामको संस्था रहेको, उक्त संस्थाको खानतलासी गर्दा विभिन्न आ.ब.को लेखापरीक्षण प्रतिवेदन थान-९, माईनोटिङ रजिष्टर थान-४, लेखा समिति माईन्युट (आन्तरिक) रजिष्टर थान-२, बरामद गरी लिएको भन्ने बेहोराको मिति २०७६।०४।३२ को बरामदी खानतलासी मुचुल्का।

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा सहकारी रकम हिनामिनाटमी र [illegible] नं. ०७४-०५६-०७८९ फैसला पृष्ठ १३२ समेतको

५.जिल्ला बाँके खजुरा गाउँपालीका वडा नं. ३ स्थित पूर्वमा राजु के.सी.को घर, पश्चिममा नेपालगन्ज गुलरिया सडकखण्ड, उत्तरमा अलीउल्ला खाँको घर र दक्षिणमा बि गाउँ जाने सडक यती चारकिल्ला भित्र रोशन सापकोटाको २ तले पक्की घर रहेको, सो घरको उत्तरतर्फको सटरमा सहकारी वित्तिय विकास संस्था लिमिटेडको खजुरा शाखा संचालनमा रहेको, उक्त संस्थाको काउण्टर रहेको कोठाबाट जि.एल.(general ledger) लेखेको रजिष्टर थान-१, बचत लेजर लेखेको रजिष्टर थान-६, महिला जेष्ठ नागरिक लेखेको रजिष्टर थान-१, मुद्दती लेखेको रजिष्टर थान-१ बरामद भएको भन्ने बेहोराको मिति २०७६।०५।०२ गतेको बरामदी खानतलासी मुचुल्का।

६.जिल्ला बाँके नेपालगन्ज उपमहानगरपालिका वडा नं.१३ सदरलाईन स्थित पूर्वमा राजकुमार टण्डनको घर, पश्चिममा सदरलाईन सडकखण्ड, उत्तरमा राजकुमार टण्डनको घर, दक्षिणमा जिल्ला प्रशासन कार्यालय बाँकेको कम्पाउण्ड। यति चार किल्लाभित्र सत्यनारायण ठठेरको तीनतले घरमा सहकारी बित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँके नामको संस्था रहेको, उक्त संस्थाको खानतलासी गर्दा संस्थाको तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौं, उन्नासौं, बिसौं र एक्काइसौं साधारणसभाको माईन्युट रजिष्टर थान-११, विशेष साधारण सभाको माईन्युट रजिष्टर थान-१, गैर बैंकिङ रजिष्टर थान-१, बिभिन्न उपसमितिको माइन्युट रजिष्टर थान-१३, कर्जा लगानी उपसमिति रजिष्टर थान-१, कर्जा असूली उपसमिति रजिष्टर थान-१, मिति २०७१ सालको लगानी रजिष्टर थान-१, पञ्चकिर्ते मुल्यांकन लिलामी रजिष्टर थान-१, बाह्रौं साधारणसभाको रजिष्टर थान-१, मन्जुरीनामा कागज र धितो जमानी राखिपाउँ भन्ने कागज थान-११/११, बरामद गरी लिएको भन्ने मिति २०७६।०५।१३ को बरामदी खानतालसी मुचुल्का।

७.जिल्ला बाँके नेपालगन्ज उपमहानगरपालिका वडा नं. १३ सदरलाईन स्थित पूर्वमा राजकुमार टण्डनको घर, पश्चिममा सदरलाईन सडकखण्ड, उत्तरमा राजकुमार टण्डनको घर, दक्षिणमा जिल्ला प्रशासन कार्यालय बाँकेको कम्पाउण्ड यति चार किल्लाभित्र सत्यनारायण ठठेरको तीनतले घरमा सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँके नामको संस्था रहेको, उक्त संस्थाको खानतलासी गर्दा कर्मचारीहरूको व्यक्तिगत फाइल थान-२८, विभिन्न व्यक्तिगत ओसी फाइल १ पोका, बोर्ड माईन्युट थान-५, साधारणसभा रजिष्टर थान-६, पदपुर्ति रजिष्टर थान-३, सेयर किताब थान-१, अडिट रिपोर्ट थान-११, बैंकिङ व्यवस्था रजिष्टर थान-१, कर्जा लेजर थान-५०, बचत लेजर थान-२, क्यास बुक थान-३०, कर्जाको ब्यालेन्स बुक थान-१, सन्डे क्रेडिटर्स रजिष्टर थान-१, जि.एल.(general ledger) रजिष्टर थान-१, बचत सबसी रजिष्टर थान-६, बचत ब्यालेन्स बुक थान-५७, खजुरा शाखा कर्जा लेजर थान-७, डेबुक र क्यास बुक रजिष्टर थान-६(खजुरा शाखा), सबसी रजिष्टर (खजुरा

शाखा) थान-४, आम्दानीको सबसी रजिष्टर थान-१, खर्चको सबसी रजिष्टर थान-१, सन्ड्री क्रेडिटर्सको सबसी थान-१, ब्यालेन्स बुक थान-४, खजुरा शाखाको ठुलो जि.एल.(general ledger) रजिष्टर थान-१, प्रतिवेदन फाइल थान-१, दैनिक जम्मा जि.एल.(general ledger) थान-२, सन्ड्रे डेटर्स थान-१, ब्यालेन्स बुक थान-३, कृषी कर्जा ब्यालेन्स बुक थान-१, क्यास बुक थान-१, डे बुक थान-१, बिल/भौचर थान-११, बचत लेजर थान-१, बिल भौचर ३ पोका, फिक्स डिपोजिट लेजर थान-१ र कर्जा सुरक्षणका फाइल थान-१६१ बरामद गरी लिएको ठिक साँचो हो भन्ने बेहोराको मिति २०७६।०५।२३ गतेको बरामदी खानतलासी मुचुल्का।

८.जिल्ला बाँके खजुरा गाउँपालिका वडा नं. ३ स्थित पूर्वमा राजु के.सी.को घर, पश्चिममा नेपालगन्ज गुलरिया सडकखण्ड, उत्तरमा अलीउल्ला खाँको घर, दक्षिणमा बि गाउँ जाने सडक यति चार किल्लाभित्र रोशन सापकोटाको २ तले पक्की घरको उत्तरतर्फको सटरमा सहकारी वित्तिय विकास संस्था लिमिटेडको खजुरा शाखा संचालनमा रहेको, उक्त संस्थाको काउण्टर रहेको कोठाबाट विभिन्न सालका भौचर थान-२३१, लोन रजिष्टर थान-२, आ.व. २०६७ सालको भौचर थान-१२, लेजर रजिष्टर थान-२ बरामद भएको भन्नेसमेत बेहोराको मिति २०७६।०५।२९ गतेको बरामदी खानतलासी मुचुल्का।

९.हामी जाहेरवालाहरूले सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज (बाँके) नेपालगन्ज, खजुरा र बैजापुर शाखामा रकम जम्मा (बचत) गरेकोमा उक्त संस्थाका कर्मचारी र सन्चालक समितिका पदाधिकारीहरूले हामीहरूले जम्मा गरेको रकम हिनामिना गरी हामी बचतकर्ताहरूको रकम ठगी गरेको भन्ने कुरा जानकारी पाई यो जाहेरी दरखास्त पेश गरेका छौं। उक्त रकमको नियमानुसार पाउनुपर्ने साँवा ब्याज सहितको रकम फिर्ता दिलाई कसूरमा संलग्न व्यक्तिहरू उपर कानूनबमोजिम कारबाही होस् भन्ने बेहोराको निक्षेपकर्ता र सेयर धनिहरूमध्येका जगदम्बा पाठक समेतका १००९ जनाले दिएको जाहेरी दरखास्त। उक्त जाहेरी दरखास्तमा उल्लिखित हुन आएको एकमुष्ट बिगो रकम रू. २६,९६,०५,५८२।- (छब्बीसकरोड छयानब्बेलाख पाँचहजार पाँचसय बयासी रुपैयाँ) रहेको।

१०.सहकारी वित्तिय विकास संस्था लिमिटेड, नेपालगन्ज (बाँके) २०५१ सालदेखि वित्तिय कारोबार गर्ने उद्धेश्यले गठन भई नेपाल राष्ट्र बैंकबाट मिति २०५३।०२।१ गतेदेखि सिमित बैंकिङ्ग कारोबार गर्ने अनुमती प्राप्त भई हाल नेपालगन्ज, खजुरा र बैजापुर गरी ३ वटा शाखा र एक प्रधान कार्यलयबाट सिमित बैंकिङ्ग कारोबार संचालन गर्दै आएकोमा संस्थामा कार्यरत कर्मचारीहरूले आर्थिक हिनामिना गरेको भनी प्रमुख व्यवस्थापक गोपाल भण्डारीको प्रतिवेदन अनुसार सन्चालक समितिको मिति २०७६।०२।१० गतेको निर्णय

अनुसार ५ सदस्यिय छानबिन समितिको गठन गरी मिति २०७६।०२।१६ गतेदेखि संस्थाका कर्मचारीहरूले उपलब्ध गराएका कागजात, स्याहा श्रेस्ता र बिल भरपाई अनुसार प्रारम्भिक अनुसन्धान एवं अनुमगन गर्दा संस्थाको आन्तरिक नियन्त्रण प्रणाली निष्क्रिय रहेको, संस्थाको दैनिक कारोबार नियमित रुपमा अध्यावधिक नगरेको, संस्थाबाट भुक्तानी गरिने रकमहरू तथा ऋण सम्बन्धी कागजातहरू एकै निकायबाट तयार गरेको र अन्य कुनै निकायबाट जाँच प्रमाणित नगरेको, संस्थाको मुख्य खाता र सहायक खाताहरूको हरहिसाब मिलान नगरेको, ऋण लगानी, असूली, बचत, जम्मा र भुक्तानी कार्यमा कुनै नियन्त्रण प्रणाली नभएको, खाली तमसुकहरूमा सदस्यहरूले सहिछाप गरेको र रकमको अंक नलेखिएकोमा केही फाइलहरुमा तमसुकमा उल्लिखित अंकभन्दा ऋण लेजरमा बढी लगानी गरेको, संस्थाको ऐन, नियम, सिद्धान्त र मूल्य मान्यताको पालना नगरी संस्थाका जिम्मेवार कर्मचारीहरूले जानीजानी बचत तथा ऋणको रकम अपचलन गरेको र कानूनी जिम्मेवारीमा रहेका सन्चालक समितिको लापरवाहीका कारण संस्थाको बैजापुर, खजुरा र नेपालगन्जको शाखाबाट शेयर, बचत र ऋणको रकमबाट जम्मा रू. ३८,१७,५०,५४४.३४ रकम हिनामिना गरेको र शाखा कार्यालय नेपालगन्जको ऋण फाँटबाट रू. २१,४३,८५,४६०.३४ हिनामिना भएको देखिएको र उक्त फाँटको जिम्मेवारी कर्मचारी अरुण कुमार पाठकको रहेको देखिन्छ। निजले समितिलाई दिएको स्पष्टिकरणमा आफु मात्र नभई गंगाधर सुवेदी, गोपाल भण्डारी मिलेर रकम अपचलन गरेको र कहिलेकाँही संस्थाका अध्यक्ष, उपाध्यक्षलाई पनि केही पैसा दिने गरेको भएतापनि लिखित प्रमाण नभएको, बचत फाँटबाट रू. १६,०२,९८,५८२।- हिनामिना भएको देखिएको र उक्त फाँटको जिम्मेवारी कर्मचारी गंगाधर सुवेदीको रहेको, निजले समितिलाई दिएको मौखिक स्पष्टिकरण अनुसार आफू, अरुण कुमार पाठक र गोपाल भण्डारी मिलेर अपचलन गरेको र सो कुराको जानकारी सन्चालक समितिलाई समेत रहेको तर सन्चालक समितिका अध्यक्ष, उपाध्यक्षले मासिक रुपमा रकम लिने गरेको भन्ने भनाई रहेको, खजुरा शाखाका प्रमुख सुर्यबहादुर बि.क.ले रू. ६६,४४,७२८।- र बैजापुर शाखाका प्रमुख लिलाधर बलीले रू. ४,२१,७७४।- रकम हिनामिना गरेको देखिएको र संस्थाको कार्यालयमा प्राप्त कागजातहरूका आधारमा उपरोक्त विवरण तयार गरिए तापनि कार्यालयभित्र कहींकतै कागजातहरू छुट्नसक्ने प्रबल सम्भावना देखिएकोले छुटेका कागजातहरू पेश गर्दा हरहिसाब थपघट हुन सक्ने हुदाँ मसिनो रुपमा खोजी गर्न सुझाव सहितको प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदन यसै पत्रसाथ पठाइएको भन्ने बेहोराको बाँके जिल्ला सहकारी संघ लिमिटेड, नेपालगन्जको च.नं. २५५ मिति २०७६।०२।२७ गतेको पत्र जाहेरी।

११.बाँके जिल्ला सहकारी संघ लिमिटेडको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी अरुण कुमार पाठकसमेत भएको सहकारीको रकम अपचलन (हिनामिना) ठगी मुद्दामा अनुसन्धान तहकिकातको क्रममा बरामद कागजात (दशी), पक्राउ परेका प्रतिवादीहरू अरुण कुमार पाठक, गोपाल भण्डारी, गंगाधर सुवेदी, बलराम यादव, स्थिरमणी बज्राचार्य र ओमप्रकाश चौधरी समेतले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान, प्राप्त जाहेरी दरखास्त लगायतबाट निज प्रतिवादीहरू समेतले प्रचलित कानूनबमोजिम तीनवर्ष भन्दा बढी सजाय हुने कसूर गरेको साथै निजहरूले अपराधिक लाभ लिने उद्धेश्यले नियतपूर्वक वा बेईमानी पूर्वक समुहको लागि लाभ उठाउने कार्य गरेको र गर्न लगाएको र सो कार्य गर्न निजहरूले कामको बाडफाँड गरी संगठित रुपमा गरेको साथै यी प्रतिवादीहरू लगायत अन्य व्यक्तिहरूको समेत प्रस्तुत कसूरमा संलग्नता रहे भएको देखिदाँ निजहरूको कसूर संगठित अपराध निवारण गर्ने सम्बन्धमा व्यवस्था गरेको ऐन, २०७० बमोजिमको मुद्दासमेत आकर्षित हुने हुँदा यी प्रतिवादीहरू अरुण कुमार पाठक, गोपाल भण्डारी, गंगाधर सुवेदी, बलराम यादव, स्थिरमणी बज्राचार्य र ओम प्रकाश चौधरी समेतलाई संगठित अपराध निवारण गर्ने सम्बन्धमा व्यवस्था गरेको ऐन, २०७० को कसूर बमोजिम समेत अनुसन्धान गरिपाँउ भनी प्रतिवेदन लेखी पेश गरेको छु, कानूनबमोजिम गरिपाँउ भन्ने बेहोराको प्रहरी नायब उपरिक्षक प्रकाश सापकोटाको प्रतिवेदन।

१२.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँकेमा मिति २०५७।०४।०१ गते सहायक पदमा नियुक्ति भई संस्थाको प्रधान कार्यालयमा काम गर्न शुरु गरी २०६० देखि २०६२ सम्म कर्जा शाखा सहायक, २०६२ देखि २०६५ सम्म निमित्त प्रवन्धक, २०६६ मा अधिकृतमा बढुवा भई प्रधान कार्यालयमा सहायक प्रवन्धक, २०६८ देखि २०७२ सम्म बैंकिङ्ग प्रबन्धक रुपमा, २०७३ देखि २०७४ सम्म प्रमुख प्रवन्धकको रुपमा र मिति २०७५।०६।०१ गते देखि संस्थाको सहायक प्रवन्धकको रुपमा काम गर्दै आएको थिएँ। संस्थामा हालसम्म ६ वटा सन्चालक समितिले कार्य सम्पादन गरेका छन्। सन्चालक समितिको चौथो कार्यकालमा अध्यक्ष सिद्दीकुमार महर्जन रहँदा संस्थाको कर्जा रकम असूलीमा हिनामिना शुरु भएको हो। पाँचौं कार्यकालमा अध्यक्ष अम्बर बहादुर खड्का निर्वाचित भई निजको पालामा निक्षेप र कर्जा रकम दुबैतिर हिनामिना भएको हो। छैटौं कार्यकालमा हरदेव बक्स चौधरी अध्यक्ष भई निजको पालामा समेत निक्षेप र कर्जा रकम दुबैतिर हिनामिना भएको हो। उक्त हिनामिना सन्चालक समिति र त्यसबखत संस्थामा कार्यरत कर्मचारीको मिलेमतोमा हुन गएको हो। सन्चालक समितिको चौथो कार्यकालमा वि.स. २०६३ सालमा सिद्दीकुमार महर्जन अध्यक्ष निर्वाचित भई निजको कार्यकालको अन्तिम वर्ष २०६७ सालदेखि नै कर्जा फाँटमा कार्यरत कर्जा सहायक र कर्जा उपसहायक

समेतको मिलेमतोमा कर्जा असूली रकम अपचलन गरी संस्थामा रकम दाखिला नगरी ऋणीको धितोहरू फुकुवा गरी काल्पनिक रुपमा नयाँ कर्जा प्रवाह गरी रकम हिनामिना हुने गर्दथ्यो। सो कार्य सन्चालक समितिको पाँचौं कार्यकालमा अध्यक्ष अम्बर बहादुर खड्काको कार्यकालमा पनि भएको थियो र निजको कार्यकालमा बचततर्फको रकम समेत हिनामिना भएको थियो। सो बखत अरुण कुमार पाठकको सहोदर भाई अजय कुमार पाठक संस्थाको उपाध्यक्ष रहेको, गौरव कुमार श्रेष्ठ र अध्यक्ष अम्बर बहादुर खड्का घनिष्ट साथी भएकोले निजहरू गौरव कुमार श्रेष्ठ र अरुण कुमार पाठकको मनोमानी रहेको थियो। सोही अवधिमा संस्थाको नेपालगन्ज, बैजापुर र खजुरा तीनवटै शाखाको अधिकांश बचत रकम अनियमितता भएको थियो। बचततर्फ ग्राहकले जम्मा गर्न ल्याएको रकम, ग्राहकको पासबुक र संस्थाको लेजरमा ईन्ट्री गर्ने र संस्थाको क्यास बुक, डे बुक र ढुकुटीमा ईन्ट्री नगरी हिनामिना गर्ने गरिन्थ्यो। सोही कार्यकालमा गौरव कुमार श्रेष्ठ र किरण श्रेष्ठलाई अनियमिततामा उन्मुक्ति दिने योजनाले निजहरूलाई राजिनामा दिन लगाएको हो। सोपछि हरदेव बक्स चौधरीको कार्यकालमा पनि एवं तरिकाले नै सन्चालक समिति र लेखा समितिको आडबलमा सो बखत बैंकिङ्ग प्रवन्धक एवं कर्जा अधिकृत रहेका अरुण कुमार पाठक, जर्नल सहायक किरण श्रेष्ठ, जर्नल सहायक गंगा भुषाल, बैजापुर शाखा प्रवन्धक एवं काजमा नेपालगन्ज शाखामा जर्नल उपसहायक लिलाधर वली, जर्नल सहायक किरण श्रेष्ठ, प्रमुख प्रवन्धक गोपाल भण्डारी, सह उपसहायक सुरतराम खटिक, सह-सहायक बलराम यादव लगायतको मिलेमतोमा बचत र ऋणतर्फको रकम हिनामिना भएको हो। हरदेव बक्स चौधरीको पालामा प्रमुख प्रवन्धक गोपाल भण्डारीले समितिका अध्यक्ष उपाध्यक्षलाई कमिसन दिनुपर्छ भनी मबाट मासिक रुपमा रू. ४५,०००।- माग गर्ने भएकोले मैले उक्त रकम प्रमुख प्रवन्धकलाई बुझाउने गर्दथे र प्रत्येक महिनाको १ गते अनिवार्य रुपमा उक्त रकम बुझाउने गरिन्थ्यो। संस्थाको रकम हिनामिनामा सन्चालक समितिको चौंथो कार्यकालमा अध्यक्ष सिद्दीकुमार महर्जन, संस्थापक सन्चालक सदस्य जान मोहम्द शेष, सन्चालक सदस्य सतिस कुमार शर्मा पाँचौं कार्यकालमा अध्यक्ष अम्बर बहादुर खड्का, सदस्य रबिन्द्र थापा र छैटौं कार्यकालमा अध्यक्ष हरदेवबक्स चौधरी, उपाध्यक्ष रविन्द्र थापा लगायतको मुख्य संलग्नता हो। अन्य सन्चालक समितिका पदाधिकारीहरूलाई पनि सो कुराको जानकारी थियो। सन्चालक समितिको पाँचौं कार्यकालमा अम्बर बहादुर खड्काको नेतृत्वमा रहेको कार्यसमितिमा उपाध्यक्ष अजय कुमार पाठक रहेका, संस्थामा कर्जा अधिकृत गौरव कुमार श्रेष्ठ रहेका, कर्जा सहायक अरुण कुमार पाठक रहेका, जर्नल सहायक किरण श्रेष्ठ रहेका, बचत रकम खातामा जम्मा/खर्च चढाउने काम गर्ने सह- उपसहायक सुरतराम खटिक रहेका, बरगा फुकुवा, रोक्काको लागि मालपोत कार्यालय जाने सह-उपसहायक बलराम यादव रहेका,

बैजापुर शाखामा प्रबन्धक लिलाधर बली, खजुरा शाखाका प्रबन्धक सुर्यबहादुर वि.क. र उपसहायक विजय कुमार पाठक लगायतको एउटा टिम नै बनाई प्रमुख प्रवन्धक गोपाल भण्डारी, सन्चालक समिति र लेखा समितिका पदाधिकारीहरूलाई प्रभावमा पारी बचतको क्यास बुकमा ईन्ट्री नभएको र भौचरसमेत नरहेको रकम पोष्टिङ गर्ने र उक्त रकम आफुले हिनामिना गर्ने गर्दथे। त्यस्तै नक्कली कर्जा बनाई कर्जा प्रमुखबाट मात्र स्वीकृती गराई रकम हिनामिना गर्दथे । पछि अध्यक्ष हरदेव बक्स चौधरी रहेको छैटौं कार्यकालमा अरुण कुमार पाठक, गंगा भुसाल, किरण श्रेष्ठ, सुरतराम खटिक, बलराम यादब, सुर्यबहादुर बि.क. र लिलाधर बली लगायतको मिलेमतोमा माथि उल्लिखित तवरले सन्चालक समिति र लेखा समितिका पदाधिकारीहरूलाई र प्रमुख प्रवन्धक गोपाल भण्डारीलाई प्रभावमा पारी रकम हिनामिना गर्दथे। संस्थामा मुख्य फाँटमा कार्यरत अधिकांश कर्मचारी, सन्चालक समिति र लेखा समिति समेतको मिलेमतोमा रकम हिनामिना भएको र म बसेको पदसम्म उक्त हिसाबहरू आउँदा हिसाब मिलान गरी देखाइने भएकोले मलाई सो कुरा जानकारी हुँदैन थियो भन्ने बेहोराको प्रतिवादी गंगाधर सुवेदीले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।

१३.सहकारी वित्तिय विकास संस्था लिमिटेडको बचततर्फको रू. १६,११,९७,८२०,१९।- हिनामिना भएको सम्बन्धमा २०७१ सालमा कर्जा फाँटमा कार्यरत अधिकृत अरुण कुमार पाठक र सह उपसहायक रामसुरत खटिक, सह उपसहायक बलराम यादव र जरनल फाँटमा कार्यरत किरण श्रेष्ठ,, गंगा भुसाल र खचान्ची शारदा थापा मिली संस्थामा बचततर्फ जम्मा हुन आएको विभिन्न खातावालाहरूको रकम नगद बुझी लिई संस्थाको लेजर र ग्राहकको पासबुकमा किर्ते पोष्टिङ गरी बचत हिनामिना शुरुवात गरेको र उक्त कार्य आ.व. ०७१/०७२ भन्दा ०७२/०७३ मा, ०७२/०७३ भन्दा ०७३/०७४ मा क्रमसः बृद्धि हुँदै संस्था नै बन्द हुने अवस्था श्रृजना भएको हो। संस्था स्थापना भई २०५३ सालदेखि बचत तथा ऋण कारोबार शुरु गरेदेखि नै कर्जा फाँटमा उप सहायक, सहायक हुँदै कर्जा अधिकृत र बैंकिङ्ग प्रबन्धक समेत अरुण कुमार पाठक रहेका थिए। त्यसैगरी २०५८ देखि २०७३ सम्म कर्जा प्रमुख गौरब कुमार श्रेष्ठ बैजापुर शाखाबाट काजमा खटी आएका उपसहायक लिलाधर बली लगायतले कर्जा चुक्ता गराई बचतजस्तै कर्जा रकमसमेत हिनामिना गरेका हुन्। संस्थाको हिनामिनाको केही रकम मैलेसमेत हिनामिना गरी आफ्नो कारोबारमा लगाएको थिएँ। त्यसैगरी नगद मौज्दात, बैंक मौज्दात, खजुरा शाखा र बैजापुर शाखाबाट भएगरेका हिनामिना सम्बन्धमा सम्बन्धित फाँट एवं शाखा प्रमुखहरू तथा प्रमुख प्रवन्धकलाई थाहा जानकारी होला। खजुरा शाखामा विजय कुमार पाठकले हिनामिना गरेको रू. १,००,००,०००।- मिलाउन अरुण कुमार पाठकले उक्त हिनामिना रकममध्ये

मिति २०७२।११।२१ गते बियज कुमार पाठकको नेपालगन्ज शाखामा रहेको बचत खाता नं. ५६०६/३४ मा रू. ६५,८१,०००।- र आमा तारा पाठकको खाता नं. ८६८/५ मा मिति २०७२।११।३ गते रू. ३४,१९,०००।- गरी जम्मा रू. १,००,००,०००।- (एक करोड) एकमुष्ट रुपमा जम्मा देखाई खजुरा शाखामा भएको हिनामिनाको हिसाब मिलान गरेका छन्। सन्चालक समितिको वि.सं. २०६३ देखि २०६८ सम्मको चौंथो कार्यकालमा संस्थाको रकम हिनामिना शुरुवात भएको हो। सो कार्यकालको २०६७ सालतिर संस्थाले सकार गरेको गैह्र बैंकिङ्ग सम्पत्तिमा र कर्जा असूलीतर्फ ऋणीले बुझाउन ल्याएको ब्याज रकममा हिनामिना भएको थियो। सो बखतमा सन्चालक समितिबाट निर्णय गरेर नै केही प्रतिशत ब्याज मिनाह पनि गरिएको थियो। गैह्र बैंकिङ्ग सम्पत्तिको हिनामिनामा अध्यक्ष सिद्दीकुमार महर्जन, सदस्य जान मोहम्मद शेख, सतिष कुमार शर्मा र लेखा समिति सदस्य स्थिरमणी बज्राचार्यको भूमिका रहेको थियो। निजहरूले नियम विपरीत बढी मूल्यको जग्गालाई थोरै मूल्यमा आफ्नो श्रीमती लगायत आफन्तको नाममा गराएका थिए। त्यसरी सन्चालक समितिका अध्यक्ष लगायतले संस्थालाई नोक्सान पुर्याउने काम गरेका कारण त्यसबखत कर्मचारीले अधिकांश ऋणीबाट उठेको ब्याज रकम हिनामिना गरेका थिए। सन्चालक समितिको वि.सं. २०६८ साल देखि २०७३ सालसम्मको पाँचौं कार्यकालमा नै संस्थाको आधाभन्दा बढी निक्षेप र कर्जा दुवैतर्फ हिनामिना भएको थियो। सन्चालक समितिबाट नै कर्मचारीहरूलाई संस्थाको रकम हिनामिनाको लागि प्रोत्साहन गर्ने गर्दथे। त्यसमा अध्यक्ष उपाध्यक्ष बढी जिम्मेवार रहेका छन्। उक्त कार्यकालको शुरुको एकडेढ वर्षमा कर्जा लगानी प्रक्रिया पुर्‍याएको भएपनि पछिल्लो समयमा प्रक्रिया नै नपुर्‍याई नियम विपरीत कर्जा फाँटबाटै कर्जा पास गरिदिन्थे। सो समयमा शुरुमा कर्जातर्फ ऋणीले जम्मा गर्न ल्याएको रकम संस्थामा दाखिला नगरी हिनामिना हुन्थ्यो। पछि ग्राहकले जम्मा गर्न ल्याएको निक्षेप रकम नै हिनामिना भएको थियो। संस्थामा भएको हिनामिना नियन्त्रण गर्ने मुख्य भूमिका अध्यक्षको रहने भएपनि अध्यक्ष अम्बर बहादुर खड्काले हिनामिनालाई नियन्त्रण गर्नेभन्दा हिनामिनालाई प्रश्रय दिई त्यसबाट फाईदा लिने गरेका थिए। अम्बर बहादुर खड्काको संस्थामा रहेको बचत खाता नं. ३५९५/२० मा निजकै कार्यकालमा मिति २०६९।१२।१९ गते रू. २०,००,०००।- बराबरको भौचर उठाई निजको खातामा जम्मा गरेको र मिति २०७०।१०।०५ मा गौरवकुमार श्रेष्ठले रू. २०,११,०००।- निजको खातामा रकम जम्मा गरेबाट सो कुरा पुष्टी हुन्छ। उपाध्यक्ष अजय कुमार पाठकको हिनामिनामा प्रत्यक्ष भूमिका नरहेता पनि निज उपाध्यक्ष भएको फाईदा लिई निजकै दाई अरुण कुमार पाठक लगायतलाई रकम हिनामिना गर्न सहयोग पुगेको अवस्था थियो। सदस्य दिपक वर्माको संयोजकत्वमा पवन कुमार यादव र मैया

के.सी. सदस्य रहेको कर्जा लगानी उपसमिति, सदस्य चन्द्रप्रसाद तिमिल्सिनाको संयोजकत्वमा राजेन्द्र कुमार वि.क. र रेमकान्त शर्मा अधिकारी सदस्य रहेको कर्जा असूली उपसमिति सदस्य रविन्द्र थापाको संयोजकत्वमा भैरव प्रसाद श्रेष्ठ र सन्दिप शर्मा सदस्य रहेको निक्षेप वृद्धि तथा ब्याजदर निर्धारण उपसमिति र उपाध्यक्ष अजय कुमार पाठकको संयोजकत्वमा चन्द्रप्रसाद तिमिल्सिना र भैरवप्रसाद श्रेष्ठ सदस्य रहेको संस्थाको कारोबार छानविन उपसमिति गठन भई केही समय निजहरूले सोबमोजिम काम गरेता पनि पछि सम्पूर्ण काम शाखाबाटै गर्न दिई उप समितिहरूले आफ्नो भूमिका निर्वाह नगरेका कारणबाट शाखाबाट रकम हिनामिना हुन गएको हो। उक्त कार्यकालका सदस्यहरूमध्ये चन्द्र प्रसाद तिमिल्सिना उपसमिति संयोजक पनि रहेका र निजलाई हिनामिनाको सम्बन्धमा जानकारी रहेको थियो। निजले हिनामिनालाई प्रशय: दिएका थिए। रविन्द्र थापा उक्त कार्यकालमा सदस्य र बर्तमान कार्यकालमा उपाध्यक्ष हुन्, निजको दुवै कार्यकालमा रकम हिनामिनामा संलग्नता रहेको थियो। निजले आर्थिक रुपमै लाभ लिने गरेका थिए। मैया के.सी.ले २ वर्ष जति काम गरी राजिनामा दिई गएकी थिइन्, निजको पनि हिनामिनामा भूमिका थिएन। दिपक बर्मा ऋण लगानी उपसमितिका संयोजक रही निजले काम गर्दासम्म प्रक्रिया अनुसार नै उपसमितिको सिफारिसबाटै कर्जा लगानी हुने गरेको थियो। पछि कर्जा फाँटबाटै नियम विपरीत लगानी हुन लागेकोले सो कुरामा निजको चित्त नबुझी निज संस्थामै आउन छोडेका थिए । मुनव्वर अली हलवाई, पवन कुमार यादव र बिमला गौतमको पनि हिनामिनामा संलग्नता छैन। लक्ष्मी श्रेष्ठ र यदुनन्दन देव उक्त कार्यकालको अन्तिम समयमा मनोनित भई आएको हुँदा निजहरूको पनि हिनामिनामा संलग्नता रहेको छैन। वि.सं. २०७३ सालदेखि हालसम्मको छैटौं कार्यकालमा अध्यक्ष हरदेव अवस चौधरी, उपाध्यक्ष रविन्द्र थापा संस्थाको मुख्य व्यक्ति रहेका र निजहरूलाई संस्थाको अवस्था थाहा जानकारी रही सो कुराप्रति कुनै कदम नचाली आफै हिनामिनामा संलग्न रही उल्टै कर्मचारीबाट प्रतिमहिनाका दरले कमिसन लिने गरेका थिए। निजहरूको हिनामिनामा प्रत्यक्ष भूमिका तथा जिम्मेवारी छ। सदस्यहरू कृष्णबिक्रम के.सी. र नन्दकिशोर कहारलाई हिनामिना सम्बन्धमा थाहा जानकारी रहेको थियो। परमात्मा प्रसाद बर्मा, तुल्सा थापा, रत्ना राणा, अंगदराम बर्मा, रणबहादुर सिंहको कुनै भूमिका थिएन। लेखा समितिमा लिला शाह संयोजक, सदस्यहरू स्थिरमणी बज्राचार्य र ओम प्रकाश चौधरीले आफूले गर्नुपर्ने जिम्मेवारी राम्रोसँग वहन नगर्नु निजहरूको गल्ती हो। छैटौं कार्यकालमा पनि पाँचौं कार्यकालकै तरिकाले रकम हिनामिना भएको थियो। सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँकेमा रहेको मेरो नामको खाता नं. २४०४ लेजर नं.१३ बाट रू. १,२६,४४,८५५।-, मेरो साला हितेष न्यौपानेको खाता नं. ४४६३, लेजर नं. २६ बाट रू. १,५३,२५,४३२।-, मेरी श्रीमती

निना न्यौपानेको नामको खाता नं. ४००५, लेजर नं. २३ बाट रू.४,९३,७५९।- गरी जम्मा रू.२,८४,६४,०५५।- रकम जम्मा भएको सम्बन्धमा मेरो खाता नं. २४०४/१३ र श्रीमती निना न्यौपानेको खाता म आफैले खोली उक्त खाताबाट समेत म आफैले कारोबार गर्ने गरेको थिएँ। त्यस्तै मेरो साला हितेष न्यौपाने समेतको मेरो आफ्नै दस्तखत चल्ने गरी बचत खाता खोलेको थिएँ। उक्त सम्पूर्ण खातामा भएको ट्रान्जेक्सन म स्वयंले गरेको हुँ। संस्थाको प्रमुख खाताहरू निक्षेप खाता र कर्जा खाता तथा सेयर खाता रहेको र सम्पूर्ण कारोबारको ९५% कारोबार निक्षेप कर्जा र सेयरमा नै रहेको हुन्छ। किर्ते भनिएको जि.एल.(general ledger) गर्ने जिम्मेवारी जरनल फाँटका जरनल सहायक किरण श्रेष्ठ थिए। सो जि.एल.(general ledger)को हस्तलिपी पनि किरण श्रेष्ठकै हो। उक्त जि.एल.(general ledger) २०७१ सालमा नेपाल राष्ट्र बैंकको निरिक्षण हुने हुँदा निरिक्षणलाई छल्न बनाएको हो। लेखा परीक्षण प्रतिवेदन गलत रहेको भनी मैले पोल गरेको र त्यसमा मेरो पनि हस्ताक्षर भएको भन्ने विषयमा संस्थाबाट गरिएको कारोबारको श्रावणदेखि असारसम्मको कार्यकालको आन्तरिक लेखा समितिबाट मासिक रुपमा र बाह्य लेखा परीक्षकबाट वार्षिक हिसाब जाँच गरी बाह्य लेखा परीक्षण पेश गरिन्छ, २०७३।०८।०८ बाट म प्रमुख प्रवन्धक भएपछि उक्त समितिहरूको सदस्य सचिवको हैसियतले मैले वार्षिक प्रतिवेदनहरूमा हस्ताक्षर गरेको हुँ। चौथो कार्यकालमा सन्चालक समितिका अध्यक्ष सिद्दीकुमार महर्जन, सतिष कुमार शर्मा र जान मोहम्मद शेषले संस्थाको गैह बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको जग्गा आफ्नो आफन्तको नाममा ल्याएका थिए।संस्थामा हुने नगद जम्मा र खर्चको विवरण राख्ने मुख्य भूमिका खचान्जीको समेत रहने भएकोले संस्थामा भएको नगद हिनामिनामा खचान्जीको पनि जिम्मेवारी रहन्छ।संस्थामा भएको हिनामिनाको एकिन गरी दायित्व निस्केमा सोहीबमोजिम गरौंला, अहिले रकम जम्मा गर्नु भनी वर्तमान अध्यक्ष हरदेव बक्स चौधरीले भनेकाले मैले २०७६।०२।२० हो या २१ गतेतिर रू. २५,००,०००।- संस्थाको धरौटी खातामा जम्मा गरेको हुँ। त्यसैगरी असार महिनातिर रू. २७,५०,०००।- जम्मा गरेको हुँ। संस्थामा आर्थिक हिनामिना भएता पनि कुनै संगठन वा समुहका लागि कार्य विभाजन गरी उक्त कार्य भएको होइन भन्ने बेहोराको प्रतिवादी गंगाधर सुवेदीले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको तितम्बा बयान।

१४.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँकेमा मैले मिति २०५३।०३।२५ गते उपसहायक पदमा नियुक्ती पाएकोमा २०६३ सालमा सहायक पदमा र २०७४ सालमा अधिकृत पदमा बढुवा भएको थिएँ। मैले शुरुदेखि नै कर्जा शाखामा काम गरेको थिएँ। मिति २०७५।०६।०१ गतेबाट बैंकिङ्ग प्रवन्धकमा बढुवा भई काम गर्दै आएको थिएँ।

सन्चालक समितिको चौंथो कार्यकालमा अध्यक्ष सिद्दीकुमार महर्जन रहँदा संस्थाको कर्जा रकम असूलीमा हिनामिना शुरु भएको हो र सोवखत म कर्जा शाखामा सहायक पदमा कार्यरत रहेको थिएँ। सोही वखत निमित्त प्रमुख प्रवन्धक रहेका गोपाल भण्डारी र वैकिङ्ग प्रवन्धक पदमा रहेका गंगाधर सुवेदीले मलाई कर्जाको असूली रकममा हिनामिना गरौं, परेको हामी बेहोर्छौं भनेको हुँदा ग्राहकले कर्जा चुक्ता गर्ने क्रममा मैले कर्जा चुक्ता भएको भौचर भरी धितो फुकुवा गराई उक्त रकम निजहरूलाई दिन्थे । उक्त रकम निजहरूले हिनामिना गर्ने गर्दथे। पाँचौं र छैटौं कार्यकालमा क्रमसः अध्यक्ष अम्वर बहादुर खड्का र हरदेवबक्स चौधरीको पालामा निक्षेप र कर्जा दुबैतिर रकम हिनामिना भएको हो। निजहरूको पालामा पनि कर्जातर्फ हिनामिना हुने र बचततर्फ अफिस टाईम भन्दा पछिको सन्ध्याकालिन काउन्टरमा ग्राहकले बचत गर्न ल्याएको रकम हिनामिना हुने गर्दथ्यो। उक्त हिनामिना समेत गंगाधर सुवेदी र गोपाल भण्डारीको निर्देशनमा मैले ग्राहकहरूले संध्याकालिन टाईममा जम्मा गर्न ल्याएको रकम कार्यालयको बचत लेजरमा चढाई क्यास बुक र डे बुकमा ईन्ट्री नगरी ग्राहकको खातामा फर्जी पोष्टिङ गरी उक्त रकम संस्थाको ढुकुटीमा नराखी पैसा मैले गंगाधर सुवेदी र गोपाल भण्डारीलाई दिने गर्थें।। त्यसरी हिनामिना हुँदै आएपछि पछिल्लो एक/डेढ वर्षमा संस्थामा तरलता न्यून भएपछि उक्त कुरा सतहमा नै आउन थालेपछि वर्तमान सन्चालक समितिले सोतर्फ कुनै कदम नचाली अध्यक्ष हरदेव बक्स चौधरी र उपाध्यक्ष रविन्द्र थापाले विगत डेढ वर्षदेखि मासिक क्रमसः रू. १,००,०००।- र रू. ७५,०००।- कमिसन माग्ने गरेकोले अध्यक्षलाई मैले मासिक रू. १,००,०००।- बुझाउने गर्दथे । गोपाल भण्डारीले गंगाधर सुवेदी, बैजापुर शाखाका प्रवन्धक लिलाधर वली र खजुरा शाखाका प्रवन्धक सुर्य बहादुर बि.क. बाट रकम उठाई मासिक रू. ७५,०००।- उपाध्यक्षलाई दिने गर्थें।।हाल आएर संस्था नै नचल्ने अवस्था भएपछि उक्त कुरा सन्चालक समितिका अध्यक्षले बाहिर ल्याएका हुन्। संस्थाको बैजापुर र खजुरा शाखाबाट समेत रकम हिनामिना भएको अवस्था हो। सो सम्बन्धमा बैजापुर शाखा प्रमुख लिलाधर वली र खजुरा शाखा प्रमुख सुर्य बहादुर बि.क.लाई तथा प्रधान कार्यलयमा प्रमुख रहेका गंगाधर सुवेदी र गोपाल भण्डारीलाई थाहा हुने कुरा हो। हिनामिना गरेको रकम गोपाल भण्डारी र गंगाधर सुवेदीले लिने गरेका र सोबाट निजहरूले केही रकम मलाई पनि दिन्थे। संस्थाको रकम हिनामिनामा म, गंगाधर सुवेदी र गोपाल भण्डारीको संलग्नता छ र अन्यको संलग्नता भएमा सो समयमा संस्थाको प्रमुख पदमा रहेका गंगाधर सुवेदी र गोपाल भण्डारीलाई थाहा होला। मैले गंगाधर सुवेदी र गोपाल भण्डारीको निर्देशनमा उक्त कार्य गरेको हुँ र संस्थाले गरेको छानविनमा मैले रू. ९,९४,३६,१४२।- रकम हिनामिना गरेको देखाइएको थियो। सन्चालक समितिको मौखिक आदेशले

सन्ध्याकालिन काउन्टर संचालनमा रहेको थियो। ग्राहकहरूले बढी जसो रकम साँझको बेला जम्मा गर्न ल्याउने भएको हुँदा संन्ध्याकालिन काउन्टर संचालन गरिएको थियो। सिद्दीकुमार महर्जनको पालादेखि संस्थामा बचत तथा कर्जा फाँटमा म, गौरव कुमार श्रेष्ठ, किरण श्रेष्ठ र सुरतराम खटिक कार्यरत रहेका थियौं। किरण श्रेष्ठ र गौरव कुमार श्रेष्ठले सन्चालक समितिको पाँचौं कार्यकालको अन्तिममा राजिनामा दिई गएका थिए। सो समयमा गंगाधर सुवेदी धेरै समय बैंकिङ्ग प्रवन्धक र गोपाल भण्डारी प्रमुख प्रवन्धक रहेका थिए। सन्चालक समितिलाई संस्थाको पुरै जिम्मेवारी रहन्छ। संस्थाको सम्पूर्ण अवस्थाको रेखदेख, नियन्त्रण, निर्देशन तथा सुवेरिवेक्षण गर्ने जिम्मेवारी सन्चालक समितिको रहने हुँदा संस्थाको रकम हिनामिना भएको सम्बन्धमा निजहरू जिम्मेवार हुनुपर्ने हुन्छ। संस्थाको बचत तथा कर्जा हिसाब बाहेक संस्थाको अन्य शाखा कार्यालय र प्रधान कार्यालयको अन्तर शाखा हिसाब मिलान, सेयर पुजी, गैह बैंकिङ्ग सम्पत्ति लगायतमा पनि हिनामिना भएको थियो। संस्थाको सन्चालक समितिको चौंथो कार्यकालमा अध्यक्ष सिद्दीकुमार महर्जनको पालाभन्दा पहिला हिनामिनाको कुनै कुरा आएको थिएन र सोबखत संस्थाको रकम हिनामिना भएको देखिँदैन भन्ने बेहोराको प्रतिवादी अरुण कुमार पाठकले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।

१५.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको वित्तिय विवरणहरू आर्थिक गतिविधीहरू लगायत बही खाताहरूसमेत अनुसन्धान एवं परीक्षण गर्न खटिएको गठित विज्ञ टोलीले हालसम्म बचतमा भएको रकम रू. १६,११,९७,८२०.१९।-, ऋणमा भएको हिनामिना रकम रू. २२,९४,१७,५४९.५०।-, नगदमा भएको हिनामिना रकम रू. २,३०,३८६.४७।-, बैंक मौज्दातमा भएको हिनामिना रकम रु. १,५१,२८,५२१.६९।-, खजुरा शाखाको हिनामिना रु, ६६,८६,२५६।-, बैजापुर शाखाको रू. ९,८३,६३९।- गरी जम्मा रु, ४१,३६,४४,१८१.८०।- को आर्थिक हिनामिना भएको र सो हिनामिनाको जिम्मेवारी हाल तथा पूर्व कार्यरत कर्मचारीहरूको र सन्चालकहरूको समेत संलग्नता रहेको देखिन्छ भन्ने ब्यहोराको प्रतिवेदन सम्बन्धमा मिति २०६३ साल देखी रकम अपचलन (हिनामिना) भएको हो। सो सम्बन्धमा खजुरा शाखामा भएको हिनामिनाको बारेमा उक्त शाखाका प्रवन्धक सुर्यबहादुर वि.क.लाई थाहा होला । बैजापुर शाखाको हिनामिना सम्बन्धमा शाखा प्रवन्धक लिलाप्रसाद वलीलाई थाहा होला। नेपालगन्ज शाखामा भएको हिनामिना सम्बन्धमा प्रमुख प्रवन्धक गोपाल भण्डारी, सहायक प्रवन्धक गंगाधर सुवेदी र बैंकीङ प्रवन्धक म अरुण कुमार पाठक समेतको मिलोमतोमा प्रतिवेदनमा उल्लेखीत रकम अपचलन (हिनामिना) गरेका हौं। प्रायजसो सम्पूर्ण रकमहरू सन्ध्याकालिन काउण्टरबाट अपचलन भएका हुन्। सो समयमा आउने ब्याज, बचत र ऋण सम्बन्धित ग्राहकको

खातामा ईन्ट्री गर्ने, ग्राहकले लिने भौचरमा समेत चढाइदिने तर संस्थाको क्यास बुक र डे बुकमा ईन्ट्री नगरी म, गोपाल भण्डारी र गंगाधर सुवेदी समेतले पैसा लगेका कारण हिनामिना भएको हो। हामीहरूले २०६३ सालदेखि हिनामिना शुरु गरेका हौं, हिनामिना गरेको रेकर्ड नराखिने भएकाले कसले कति रकम हिनामिना गर्यो एकिनका साथ भन्न सक्दिन। मेरो खाता नं. २३९५, आमाको खाता नं. ८६८, भाई विजय कुमार पाठकको खाता नं. ५६०६, अतुल कुमार पाठकको खाता नं.२८०५ र फुपुको खाता नं. ६९६३ हो।संस्थामा रहेको मेरो खाताबाट रू. ९,५९,४३,५७१।-, भाई विजय पाठकको खाताबाट रू. १,९९,६५,२००।-,अतुल कुमार पाठकको खाताबाट रू. १,९२,९४,६७३।-, आमा तारा पाठकको खाताबाट रू. ४२,६६,५००।- र फुपु बिमला पाठकको खाताबाट रू. १,७०,५६,२००।- रकम अस्वभाविक रुपले जम्मा गरी झिकेको (ट्रान्जेक्सन) सम्बन्धमा भाई विजय पाठकले आफ्नै व्यवसायबाट आर्जन गरेको रकम संस्थामा रहेको उक्त खाताबाट कारोबार गरेका हुन्। भाई अतुल कुमार पाठक र आमा तारा पाठकको खाता म स्वयं आफैले खोली संस्थाबाट हिनामिना गरेको केही रकम मेरो लगायत उक्त खातामा जम्मा गरी झिकेको हुँदा उक्त ट्रान्जेक्सन देखिएको हो। फुपु बिमला पाठकको खातामा भएको २०/२५ लाख भन्दा बढीको कारोवार पनि मैले गरेको हुँ।म, गंगाधर सुवेदी र गोपाल भण्डारीको बिचमा साँझतिर रकम भागबण्डा हुन्थ्यो । बढी रकम गंगाधर सुवेदी र गोपाल भण्डारीले राख्थे भने मलाई आफुहरूले राखेको रकम भन्दा केही कम रकम दिने गर्दथे। मेरो नाममा सामाजिक कर्जा अन्तर्गत देखिएको रकम रू. १,९४,९८,०१०।- रकम मैले संस्थाबाट ऋण लिएको होइन। उक्त रकम संस्थाबाट हिनामिना गरी लेजरमा ऋण देखाएको हुँ। त्यसैगरी गंगाधर सुवेदीको र गोपाल भण्डारी समेतले हिनामिना गरेको रकममध्ये केही रकम निजहरूको नाममा समेत लेजरमा ऋण देखाइएको हो। गोपाल भण्डारीले उक्त ऋण तिरी सकेका छन्। गंगाधर सुवेदी र मैले उक्त ऋण चुक्ता गरेका छैनौं। म, गंगाधर सुवेदी र गोपाल भण्डारी सन्ध्याकालिन काउण्टरमा आउने पैसाहरू ग्राहकको खाता र पासबुकमा चढाउने तर क्यासबुक र डे बुकमा नचढाई आफुले हिनामिना गर्ने भएकाले जि.एल.(general ledger) र निक्षेपकर्ताको व्यक्तिगत खाताको रकमको ठुलो अन्तर देखिएको हो। बाह्य लेखा परीक्षकलाई गोपाल भण्डारी र गंगाधर सुवेदीले नक्कली जि.एल.(general ledger) र खाताहरू दिई लेखापरीक्षण गराउने गर्थे।। गलत भएका खाताहरू देखाउँदैन थिए। नक्कली जि.एल.(general ledger) गोपाल भण्डारी र गंगाधर सुवेदीको निर्देशनमा किरण श्रेष्ठले बनाएका हुन्। काल्पनिक ऋणी मसमेत गोपाल भण्डारी र गंगाधर सुवेदीले बनाएका हौं। मिति २०७५।०८।१६ गते मोहम्मद अली दर्जिको नाममा कर्जा देखाई आफ्नो बचत खातामा रू. ३,९५,०००।-,

मिति २०७५।१२।०४ गते, ऐ. ५ गते, ऐ. ६ गते, ऐ. ८ गते र ऐ. १० गते सजिलो कर्जा हिसावमा खर्च लेखी रू. २,००,०००।- का दरले रू.१०,००,०००।- लाख मिति २०७५।१२।१७ गते बिष्णु कुमालको नाममा कर्जा खर्च रू. १,००,०००।- लेखी मिति २०७५।१२।२८ मा आवास कर्जामा रू. २,००,०००।-, मिति २०७६।०१।२२ गते आवास सजिलो कृषी कर्जामा रू. ९,८८,०००।-, मिति २०७६।०१।२५ गते सुवासचन्द्र गुसाको नाममा हाईपो कर्जा रू. ३,६०,०००।-, मिति २०७६।०२।०३ गते सितला बढहीको नाममा क्रर्जा खर्च रू. ९४,०००।- खर्च लेखी आफ्नो बचत खातामा जम्मा गरेको सम्बन्धमा उल्लिखित रकमहरू गंगाधर सुवेदीको निर्देशनमा दिइएको रकम हो। संस्थामा हिसाव मिलाउनको लागी आफ्नो बचत खातामा जम्मा गरेको देखाएको हुँ । उक्त ऋणहरू काल्पनिक हुन्। संस्थाको बैंकिङ प्रवन्धक गंगाधर सुवेदीको निर्देशन अनुसार कम रकमको दृष्टीबन्धक पास गरी पुरानै दृष्टीबन्धक माथि मनोमानी तबरले बढी ऋण लगानी गरेको हो। लेजरमा ऋण लेखिएको तर ऋणीको फाईल नभएको सम्बन्धमा उक्त ऋणहरू गंगाधर सुवेदी र मैले अनियमित तरिकाले प्रबाह गरेका हौं भन्ने बेहोराको **प्रतिबादी अरुण कुमार पाठकले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको ततिम्बा बयान।**

१६. यस सहकारी वित्तिय विकाश संस्था लिमिटेड नेपालगन्ज बाँकेमा म मिति २०५७।०४।०१ गते सहायक पदमा नियुक्ति पाई खचान्जीको रुपमा काम गरेको थिएँ। २०६४ मा सहायक पदमा रहेकै अवस्थामा संस्थाको प्रधान कार्यालयमा निमित्त प्रमुख प्रवन्धकको रुपमा काम गरेको थिएँ, सोही क्रममा २०६९ सालमा अधिकृतमा बढुवा भई २०७३ सालसम्म निमित्त प्रमुख प्रवन्धकको रुपमा काम गरेको थिएँ। २०७३ देखि २०७४ चैत्र मसान्तसम्म नेपालगन्ज शाखामा बैंकिङ्ग प्रवन्धक र २०७५ बैशाख देखि साउनसम्म पुनः निमित्त प्रवन्धक भई २०७५ साल भदौदेखि प्रमुख प्रवन्धकको रुपमा काम गर्दै आएको थिएँ। उक्त संस्थामा अध्यक्ष सिद्दीकुमार महर्जनको सन्चालक समितिको चौंथो कार्यकालबाट रकम हिनामिना हुन शुरु भएकोमा पछि वि.सं. २०६८ सालमा भएको सन्चालक समिति र लेखा समितिको निर्वाचनमा बैकिङ्ग प्रवन्धक गंगाधर सुवेदी, कर्जा विभाग प्रमुख गौरव कुमार श्रेष्ठ, कर्जा शाखा सहायक अरुण कुमार पाठक लगायतका कर्मचारीहरूबाट आफ्नो प्यानल बनाई उक्त प्यानललाई बिजयी गराउन सफल भई उक्त ५ बर्षे कार्यकालमा आफ्नो अनुकुल अनुसारको सन्चालक समिति तथा लेखा समिति निर्वाचित भएपछि हाल संस्थामा हिनामिना भएको रकममध्ये आधाभन्दा बढी रकम हिनामिना भएको हो। वि.सं. २०७३ सालमा भएको सन्चालक समिति तथा लेखा समितिको निर्वाचनमा पनि अध्यक्ष हरदेव बक्स चौधरी र उपाध्यक्ष रविन्द्र थापालाई निर्विरोध निर्वाचित गराउन सोही टिमको ठुलो भूमिका रहेको थियो। हरदेव बक्स चौधरीको अध्यक्षतामा गठित सन्चालक

समितिको कार्यकालमा पनि उक्त हिनामिना गर्ने कार्यले निरन्तरता पायो। यो क्रममा संस्थामा तरलता न्यून रहेको र वित्तिय स्थिति सम्बन्धमा संस्थाको अध्यक्ष, उपाध्यक्षलाई ५ वर्ष पहिल्यै जानकारी गराउँदा संस्थाको जिम्मेवार पदमा बसेका व्यक्तिहरूबाट सदस्यको हकहितलाई ध्यान दिनुपर्नेमा सो नगरी त्यसको सट्टा अध्यक्ष हरदेव बम ... मासिक रू. १,००,०००।- (एक लाख) र उपाध्यक्ष रविन्द्र थापाले मासिक रू. ७५,०००।- (पचहत्तर हजार) हिनामिना गर्ने कर्मचारीहरूबाट कमिसन लिई हिनामिना गर्ने कर्मचारीहरूलाई थप प्रोत्साहन दिई हिनामिना रकम बढ्न गएको हो। त्यस्तो अवस्था भएपछि सन्चालक समितिको मिति २०७५।१०।७ गते बसेको बैठकबाट सम्पूर्ण उपसमितिहरू विघटन गरि म (प्रमुख प्रवन्धक) लाई हिसाब किताब निकाल्ने जिम्मेवारी दिएपछि हिसाबकिताब निकाल्ने क्रममा हिनामिना गरेका कर्मचारीहरू क्रमश: गंगाधर सुवेदीबाट करिब २ करोड ८९ लाख रुपैयाँ, अरुण कुमार पाठकबाट २१ करोड १४ लाख रुपैयाँ, खजुरा शाखा प्रवन्धक सुर्यबहादुर वि.क. बाट करीब ६२ लाख रुपैयाँ र बैंजापुर शाखा प्रवन्धक लिलाधर बलीबाट ३७ लाख रुपैयाँ संस्थाको रकम हिनामिना भएको देखिएपछि निजहरूले संस्थाको नाममा कबुलियतनामा कागज गरिदिएका थिए। संस्था बन्द भएपछि जिल्ला सहकारी संघ बाँकेबाट गठित छानविन समितिले छानविन गरी निकालेको प्रतिवेदनबाट संस्थाको हिनामिना भएको रकममध्ये करिब २२ करोड कर्जातर्फको रकम, बैंकिङ प्रवन्धक तथा कर्जा विभाग प्रमुख अरुण कुमार पाठक र बचततर्फ करिब १६ करोड पूर्व बैंकिङ प्रवन्धक तथा सहायक प्रमुख प्रवन्धक गंगाधर सुवेदीको जिम्मेवारीमा देखाइएको थियो। संस्थाको कुल हिनामिना भएको रकममध्ये आधा भन्दा बढी रकम अध्यक्ष अम्बर बहादुर खड्काको पालामा भएको थियो। संस्थाको वि.सं. २०६८ सालमा भएको सन्चालक समितिको निर्वाचनमा भन्दा बढी रकम कर्जा तथा बचत दुबै शाखाबाट भएको थियो। कर्जा शाखामा तत् समयमा कार्यरत कर्मचारीहरू निमित्त बैंकिङ प्रवन्धक राजकुमार टण्डन, अरुण कुमार पाठक, गौरव कुमार श्रेष्ठ, लिलाधर बलीबाट लगानीको अधिकार नहुँदा नहुँदै पनि आफ्नो अनुकुल अनुसारको सन्चालक समिति तथा लेखा समितिको आडबलमा लगानी गर्दा आफ्नो मनखुसीबाट लगानी गर्ने र लगानी भएका कर्जाहरू असुल उपर हुँदा ग्राहकबाट नियमानुसार रकम बुझी लिई ग्राहकले सुरक्षण बापत राखेको धितो (घर जग्गा) फुकुवा गर्ने र उक्त बुझेको रकम संस्थामा जम्मा नगरी हिनामिना गरिएको थियो। अर्को बचततर्फ हिनामिना भएको रकम सम्बन्धमा बैंकिङ प्रवन्धक गंगाधर सुवेदी, कर्जा शाखा प्रमुख तथा बैंकिङ प्रवन्धक अरुण कुमार पाठक, जर्नल शाखा प्रमुख किरण श्रेष्ठ, बैंजापुर शाखा प्रवन्धक तथा काजमा नेपालगन्ज शाखामा समेत काम गर्ने लिलाधर बली, उपसहायक सुरतराम खटिक, सह-उप सहायक अलराम

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा सहकारी रकम हिनामिनासम्बन्धी र सम्बन्धित अपराध ट. नं. ०७४-०७६-०७८९, फैसला पृष्ठ १२ बाट

यादव लगायतका कर्मचारीहरूबाट ग्राहकहरूको व्यक्तिगत खातामा जम्मा हुन आएको
रकमको भौचरमा संस्थाको छाप लगाई दस्तखत गरी ग्राहकको प्रति ग्राहकलाई दिने र
संस्थामा हुने प्रति संस्थामा दाखिला नगरी ग्राहकको व्यक्तिगत खातामा रकम जम्मा गरेको
पोष्टिङ गरिदिई उक्त रकम आफुहरूले हिनामिना गर्ने गर्दथे। संस्थाको अधिकांश बचत गर्ने
ग्राहकहरू मधेसी समुदायका रहेका र उक्त ग्राहकहरूले बचत गर्ने रकम अरुण कुमार
पाठकलाई बुझाउने भएको हुँदा अधिकांश बचततर्फको हिनामिना पनि अरुण कुमार पाठक
मार्फत् नै हुन्थ्यो। वि.सं. २०७३ सालमा भएको संस्थाको सञ्चालक समितिको छैटौं
निर्वाचनबाट हरदेव बक्स चौधरीको अध्यक्षतामा गठित सञ्चालक समितिको कार्यकालमा
पनि कर्जा र बचत दुवै शाखामा पाँचौं कार्यकालको जस्तै गरी सञ्चालक समिति, लेखा
समिति र उपसमितिमा रहेका पदाधिकारीको मिलेमतोमा कर्मचारी गंगाधर सुवेदी, लिलाधर
बली, अरुण कुमार पाठक र सुर्यबहादुर वि.क.को संलग्नतामा संस्थाको रकम हिनामिना
भएको थियो। सिद्धिकुमार महर्जनको पालामा कर्जातर्फ केही रकम हिनामिना भएको र
अधिकांश रकम अध्यक्ष अम्बर बहादुर खड्का र हरदेवबक्स चौधरीको पालामा हिनामिना
भएको हो। संस्थाको रकम हिनामिना भएको सम्बन्धमा सञ्चालक समिति तथा अन्य समिति
र उपसमितिमा जानकारी गराएको थिएँ भन्ने बेहोराको **प्रतिवादी गोपाल भण्डारीले**
अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।
हिनामिनामा हाल तथा पूर्व
१७.सहकारी वित्तिय विकास संस्थाको रकममा हालसम्म भएको हिनामिनामा हाल तथा पूर्व
कार्यरत कर्मचारीहरूको र सञ्चालकहरूको समेत संलग्नता रहेको देखिन्छ भन्ने व्यहोराको
प्रतिवेदन सम्बन्धमा खातावालाले जम्मा गर्न ल्याएको रकम बुझेपछि ग्राहक प्रतिमा संस्थाको
छाप लगाई रकम उल्लेख गरी ग्राहकप्रति ग्राहकलाई दिने र रकम सहितको संस्थामा
दाखिला गर्ने प्रति क्यास बुकमा जम्मा हुनुपर्नेमा जम्मा नगरी बचत रकमतर्फ हिनामिना
भएको हो र सो हिनामिना बैंकिङ प्रवन्धक तथा कर्जा विभाग प्रमुख अरुण कुमार पाठक,
उपसहायक सुरतराम खटिक, पूर्वकर्मचारी गौरव कुमार श्रेष्ठ, किरण श्रेष्ठ, वर्तमान कर्मचारी
लिलाधर बली, बलराम यादव, गंगाधर सुवेदी तथा वर्तमान सञ्चालक समिति तथा पूर्व
सञ्चालक समितिहरूको मिलेमतोमा भएको हो भने ऋण रकम अरुण कुमार पाठक संस्था
स्थापना भएदेखि कार्यरत रही संस्था बन्द हुने समयसम्म कर्जा विभागमा उपसहायक देखि
कर्जा विभाग प्रमुख हुँदै बैंकिङ प्रवन्धक हुँदासम्म संस्थाबाट लगानी गरेको कर्जा सम्बन्धी
सम्पूर्ण कागजात निजकै जिम्मामा रहेको हुँदा उक्त ऋण रकम हिनामिना हुनुमा निज प्रमुख
दोषी भएतापनि पूर्व कर्जा विभाग प्रमुख गौरव कुमार श्रेष्ठ, पूर्व बैंकिङ प्रवन्धक गंगाधर
सुवेदी, उप-सहायक लिलाधर बली, पूर्व कर्मचारी किरण श्रेष्ठ लगायत वर्तमान सञ्चालक
समिति तथा पूर्व सञ्चालक समितिका पदाधिकारीहरूको मिलेमतोबाट हिनामिना भएको हो।

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा सहकारी रकम हिनामिना ठगी र सम्बन्धित आरोप ... ०७४-०७६-०७८१, मिसिल पृष्ठ १३८ मा रहेको ...

संस्थाको अनियमितता रकममध्ये केही रकम मैले पनि आफ्नो व्यक्तिगत कारोबारमा
लगाउन आफ्नो र श्रीमतीको खातामा जम्मा गरी लिने गरेको थिएँ। बैंक मौज्दात रकम
सम्बन्धमा संस्थाको बैंकिङ कार्यालय नेपालगन्ज बकि, खजुरा शाखा तथा बैजापुर शाखा र
संस्थाको प्रधान कार्यालयबीच हुने कारोबारको हिसाब मिलान गर्न बाँकी रहेको कारणबाट
उक्त रकम फरक पर्न गएको हो र बैंक मौज्दात रकम हिनामिना भएको छैन। संस्थाद्वारा
संकलन भएको बचत तथा लगानी गरिएको ऋण रकम हिनामिना भएको सम्बन्धमा
ऋणतर्फ पूर्व अध्यक्ष सिद्धिकुमार महर्जनको कार्यकालदेखि भएको हो र बचततर्फ पूर्वअध्यक्ष
अम्बर बहादुर खड्काको कार्यकालदेखि भएको हो। संस्थाद्वारा लगानी गरीएको ऋण
सम्बन्धी सम्पूर्ण कागजातहरू संस्था स्थापना कालदेखि संस्था बन्द हुँदासम्म अरुण कुमार
पाठकको जिम्मा रहेको र उक्त ऋण रकमको हरहिसाब नेपाल राष्ट्र बैंक, सहकारी डिभिजन
तथा प्रशिक्षण कार्यालय, सन्चालक समिति, लेखा समिति, बाह्य लेखा परीक्षक लगायतका
निकायहरूबाट निरीक्षण गर्दा पनि उक्त ऋण रकमको विवरण उपलब्ध नगराई कर्जा
विभागमा कार्यरत कर्मचारी क्रमश: गौरव कुमार श्रेठ र अरुण कुमार पाठकबाट हिनामिना
गर्ने कार्यको शुरुवात गरेको र वि.सं. २०६८ सालमा भएको सन्चालक समितिको
निर्वाचनमा अध्यक्ष पदमा अम्बर बहादुर खड्का कर्जा विभाग प्रमुख गौरव कुमार श्रेष्ठको
अत्यन्तै हितैषी मित्र रहेको र उपाध्यक्ष पदमा अजय कुमार पाठकलाई विजयी बनाएको र
निज उपाध्यक्ष अजय कुमार पाठक कर्जा विभागमा कार्यरत कर्मचारी अरुण कुमार
पाठकको सहोदर भाई भएकोले सोको फाईदा लिई संस्था मनोमानी ढंगले संचालन गर्दै
संस्थाबाट लगानी गरीएको ऋण रकम हिनामिना गर्नुमा उल्लेखनिय भूमिका रहेको थियो।
संस्थामा रहेको मेरो बचत खाता नं. २३२५/१२ मा रू. ३,७२,९९,०८१।- र मेरो
श्रीमतीको बचत खाता नं. रू. २६,०६,७००।- गरी जम्मा रू. ३,९९,०५,७८१।-
बराबरको कारोबार गरेको सम्बन्धमा मैले संस्थाबाट पाउनुपर्ने तलब लगायत सुविधाहरू,
मेरो व्यक्तिगत कारोबारबाट आएको रकम मेरो तथा मेरो श्रीमतीको बचत खाताबाट
गर्दथे। रू. ८०,००,०००।- कर्जा लिई उपभोग गरेको रकम सहित व्यक्तिगत
कारोबारको लागि श्रीमती र मेरो खातामा जम्मा गरी झिक्ने गरेको कारण उक्त ट्रान्जेक्सन
देखिएको हो। अध्यक्ष अम्बर बहादुर खड्काले संस्थाको गैर बैंकिङ सम्पत्ति अन्तर्गत
रमानन्द शर्मा बाहुनको जग्गाको पछकिर्ते मुल्यांकन कम गराई सोही मूल्यमा बेचबिखन
गरेको, संस्था नोक्सानमा रहँदारहँदै संस्थाको वार्षिक साधारणसभाबाट अनुमति नलिई
बैजनाथमा शाखा खोलेको, संस्थाको हिनामिना भएको अधिकांश रकम निजको कार्यकालमा
भएको र उक्त हिनामिना गर्ने कर्मचारीहरू गौरव श्रेष्ठ र विजय पाठकको राजिनामासमेत
स्विकृत गरेको र संस्थालाई दिनप्रतिदिन नोक्सानतर्फ धकेल्दै संस्थालाई धरासायी बनाएका

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना ठगी र संगठित अपराध र. नं. ०७४-०७६-०५८१,फैसला पृष्ठ १२२ मध्येको २५

संस्थाको अनियमितता रकममध्ये केही रकम मैले पनि आफ्नो व्यक्तिगत कारोबारमा लगाउन आफ्नो र श्रीमतीको खातामा जम्मा गरी लिने गरेको थिएँ। बैंक मौज्दात रकम सम्बन्धमा संस्थाको बैंकिङ कार्यालय नेपालगन्ज बकि, खजुरा शाखा तथा बैजापुर शाखा र संस्थाको प्रधान कार्यालयबीच हुने कारोबारको हिसाब मिलान गर्न बाँकी रहेको कारणबाट उक्त रकम फरक पर्न गएको हो र बैंक मौज्दात रकम हिनामिना भएको छैन। संस्थाद्वारा संकलन भएको बचत तथा लगानी गरिएको ऋण रकम हिनामिना भएको सम्बन्धमा ऋणतर्फ पूर्व अध्यक्ष सिद्धिकुमार महर्जनको कार्यकालदेखि भएको हो र बचततर्फ पूर्वअध्यक्ष अम्बर बहादुर खड्काको कार्यकालदेखि भएको हो। संस्थाद्वारा लगानी गरीएको ऋण सम्बन्धी सम्पूर्ण कागजातहरू संस्था स्थापना कालदेखि संस्था बन्द हुँदासम्म अरुण कुमार पाठकको जिम्मा रहेको र उक्त ऋण रकमको हरहिसाब नेपाल राष्ट्र बैंक, सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय, सन्चालक समिति, लेखा समिति, बाह्य लेखा परीक्षक लगायतका निकायहरूबाट निरीक्षण गर्दा पनि उक्त ऋण रकमको विवरण उपलब्ध नगराई कर्जा विभागमा कार्यरत कर्मचारी क्रमशः गौरव कुमार श्रेष्ठ र अरुण कुमार पाठकबाट हिनामिना गर्ने कार्यको शुरुवात गरेको र वि.सं. २०६८ सालमा भएको सन्चालक समितिको निर्वाचनमा अध्यक्ष पदमा अम्बर बहादुर खड्का कर्जा विभाग प्रमुख गौरव कुमार श्रेष्ठको अत्यन्तै हितैषी मित्र रहेको र उपाध्यक्ष पदमा अजय कुमार पाठकलाई विजयी बनाएको र निज उपाध्यक्ष अजय कुमार पाठक कर्जा विभागमा कार्यरत कर्मचारी अरुण कुमार पाठकको सहोदर भाई भएकोले सोको फाईदा लिई संस्था मनोमानी ढंगले संचालन गर्दै संस्थाबाट लगानी गरीएको ऋण रकम हिनामिना गर्नुमा उल्लेखनिय भूमिका रहेको थियो। संस्थामा रहेको मेरो बचत खाता नं. २३९५/१२ मा रू. ३,७२,९९,०८१।- र मेरो श्रीमतीको बचत खाता नं. रू. २६,०६,७००।- गरी जम्मा रू. ३,९९,०५,७८१।- बराबरको कारोबार गरेको सम्बन्धमा मैले संस्थाबाट पाउनुपर्ने तलब लगायत सुविधाहरू, मेरो व्यक्तिगत कारोबारबाट आएको रकम मेरो तथा मेरो श्रीमतीको बचत खाताबाट गर्दथे। रू. ८०,००,०००।- कर्जा लिई उपभोग गरेको रकम सहित व्यक्तिगत कारोबारको लागि श्रीमती र मेरो खातामा जम्मा गरी झिक्ने गरेको कारण उक्त ट्रान्जेक्सन देखिएको हो। अध्यक्ष अम्बर बहादुर खड्काले संस्थाको गैर बैंकिङ सम्पत्ति अन्तर्गत रमानन्द शर्मा बाहुनको जग्गाको पछाकिर्ते मुल्यांकन कम गराई सोही मूल्यमा बेचबिखन गरेको, संस्था नोक्सानमा रहँदारहँदै संस्थाको वार्षिक साधारणसभाबाट अनुमति नलिई बैजनाथमा शाखा खोलेको, संस्थाको हिनामिना भएको अधिकांश रकम निजको कार्यकालमा भएको र उक्त हिनामिना गर्ने कर्मचारीहरू गौरव श्रेष्ठ र विजय पाठकको राजिनामासमेत स्विकृत गरेको र संस्थालाई दिनप्रतिदिन नोक्सानतर्फ धकेल्दै संस्थालाई धरासायी बनाएका

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना(ठगी) र सम्पत्ति शुद्धीकरण ८. ब. ०७४-००६-००८९,फैसला पृष्ठ १३२ मध्येको ११

थिए। मिति २०७०।०१।०२ देखि २०७१।०३।२७ सम्मको काल्पनिक ऋण देखाई बनाइएको नक्कली जि.एल.(general ledger) संस्थाको बैंकिङ कार्यालय नेपालगन्जको कर्जा विभागमा कार्य गर्ने कर्मचारीहरू गौरव कुमार श्रेष्ठ र अरुण कुमार पाठक तथा बैंकिङ प्रबन्धक गंगाधर सुवेदीले बनाएका हुन्। उक्त जि.एल.(general ledger) संस्थामा भएको हिनामिनाको कुरालाई लुकाउन २०७१ सालमा नेपाल राष्ट्र बैंकको निरीक्षणलाई छल्नलाई बनाइएको हो। चौंथो कार्यकालमा संस्थाको रकम हिनामिना शुरुवात भएको हो। सो बखत संस्थाले सकार गरेको गैहबैंकिङ्ग सम्पत्तिमा र कर्जा असूलीतर्फ ऋणीले बुझाउन ल्याएको ब्याँज रकममा हिनामिना भएको थियो। गैह्र बैंकिङ्ग सम्पत्तिको हिनामिनामा अध्यक्ष सिद्दीकुमार महर्जन, सदस्य जान मोहम्मद शेष, शतिष कुमार शर्मा र लेखा समिति सदस्य स्थिरमणी बज्राचार्यको भूमिका रहेको थियो। सन्चालक समितिको वि.सं. २०६८ सालदेखि २०७३ सालसम्मको पाँचौं कार्यकालमा सन्चालक समितिकै मिलेमतोमा कर्मचारीहरुबाट संस्थाको रकम हिनामिना हुने गर्दथ्यो। त्यसमा अध्यक्ष, उपाध्यक्षको बढी जिम्मेवारी हो। अध्यक्षको संस्थामा भइरहेको हिनामिना नियन्त्रण गर्ने मुख्य भूमिका हुने भएपनि निज आफैं कर्मचारी अरुण कुमार पाठक, गौरव कुमार श्रेष्ठ, किरण कुमार श्रेष्ठ र गंगाधर सुवेदी लगायतसँग मिलि निजहरूलाई हिनामिना गर्न प्रश्रय गर्दथे। उपाध्यक्ष अजय कुमार पाठक हिनामिनामा प्रत्यक्ष रुपमा नलागे पनि निज उपाध्यक्ष भएको फाईदा लिई निजको दाई अरुण कुमार पाठकले हिनामिना गर्दथे। सदस्य दिपक बर्मा संस्थामा रहँदा प्रक्रिया पुर्‍याई कर्जा लगानी गरेपनि पछि शाखाबाटै कर्जा लगानी हुन सुरु भएपछि निजले सो कुराको बिरोध गरी कार्यालयमा आउन समेत छोडेका थिए। निजको रकम हिनामिनामा भूमिका थिएन। सदस्य रविन्द्र थापा उपसमितिहरूमा रही अनियमितामा प्रत्यक्ष भूमिका थियो। चन्द्रप्रसाद तिमिल्सिनालाई समेत हिनामिनाको बारेमा थाहा भएको हुँदा निजको समेत अप्रत्यक्ष रुपमा भूमिका थियो। अन्य सदस्यहरू राजेन्द्र कुमार वि.क., रेमाकान्त शर्मा अधिकारी, मैया के.सी., मुनव्वर अली हलवाई, पवन कुमार यादव, बिमला गौतमको हिनामिनामा संलग्नता नभएता पनि पदिय जिम्मेवारीको भूमिका निर्वाह गरेका थिएनन्। छैटौं कार्यकालमा हिनामिनामा अध्यक्ष/उपाध्यक्षको प्रत्यक्ष भूमिका थियो, निजहरूले हिनामिनामा संलग्न कर्मचारीहरूबाट रकम नै लिने गरेको कुरा मैले यस अघिको बयानमासमेत खुलाइसकेको छु। यसरी निजहरुले हिनामिना रोक्ने कार्य गर्नुपर्नेमा त्यसो नगरी आर्थिक लाभ लिई हिनामिना गर्ने कार्यलाई प्रश्रय गरेका थिए। अन्य सदस्यहरू तुल्सा थापा, नन्द किशोर कहार, चन्द्र प्रसाद तिमिल्सिना लगायतलाई पनि हिनामिनाको बारेमा थाहा जानकारी थियो, सोबाहेक अंगदराम बर्मा, कृष्ण बिक्रम के.सी. संस्थामा त्यती आउँदैनथे र निजहरूको

हिनामिनामा संलग्नता पनि थिएन भन्ने बेहोराको प्रतिवादी गोपाल भण्डारीले अधिकारप्राप्त अधिकारी समक्ष गरेको तलिम्बा बयान।

१८.म यस सहकारी वित्तिय विकाश संस्था लिमिटेड नेपालगन्ज बाँकेमा २०५८ सालमा कार्यालय सहयोगी पदमा नियुक्ति पाई २०७६ सालमा उपसहायक पदमा बढुवा भई काम गर्दै आएको थिएँ। संस्थाको चौंथो कार्यकालमा अध्यक्ष सिदीकुमार महर्जनको पालामा सो बखत खंचाञ्जी रहेका शारदा थापा, बैंकिङ्ग प्रवन्धक गंगाधर सुवेदी, कर्जा सहायक अरुण कुमार पाठक, कर्जा शाखा प्रमुख गौरबकुमार श्रेष्ठ, प्रमुख प्रवन्धक गोपाल भण्डारी, जर्नल विभाग सहायक किरण श्रेष्ठ लगायतको मिलेमतोमा संस्थाको रकम हिनामिना हुन शुरु भएको हो। सन्चालक समितिको पाँचौं र छैटौं कार्यकाल क्रमश: अध्यक्ष अम्बर बहादुर खड्का र हरदेवबक्स चौधरीको पालामा पनि संस्थाको रकम ग्राहकलाई लगानी लगाउन बन्द गरी र संस्थाको रकम काल्पनिक ऋणीहरु बनाई संस्थाको रकम कर्जामा लगानी लगाएको देखाई रकम आ-आफ्नो कारोबारमा लगानी लगाई हिनामिना गर्ने गरेका थिए। संस्थाको रकम हिनामिना हुँदै आएकोमा पछिल्लो एक/डेढ वर्षमा संस्थामा तरलता न्यून भएपछि हिनामिना भएको कुरा खुल्न आएपछि वर्तमान सन्चालक समितिले सोतर्फ कुनै कारवाही नगरी अध्यक्ष हरदेवबक्स चौधरी र उपाध्यक्ष रविन्द्र थापाले विगत डेढ वर्षदेखि मासिक क्रमस: रू. १,००,०००।- र रू. ७५,०००।- लिने गरेका थिए। सो रकममध्ये अरुण कुमार पाठकले मासिक रू. १,००,०००।- अध्यक्षलाई बुझाउने गरेका र गंगाधर सुवेदी, बैजापुर शाखा प्रवन्धक लिलाधर बली, खजुरा शाखा प्रवन्धक सुर्यबहादुर बि.क.बाट पैसा उठाई गोपाल भण्डारीले मासिक रू. ७५,०००।- उपाध्यक्षलाई दिने गरेका थिए। संस्थाको बैजापुर र खजुरा शाखाबाट समेत रकम हिनामिना भएको अवस्था हो। शुरुमा अरुण कुमार पाठक, गंगाधर सुवेदी र गौरब कुमार श्रेष्ठले परस्पुरको पेट्रोल पम्पमा संयुक्त लगानी लगाएका थिए। निजहरूले नै स्रि गाँउमा दुध डेरीमा लगानी लगाएका र रझेनामा १५ कठ्ठा जग्गा खरीद गरी बिक्री गरेका थिए। गंगाधर सुवेदीले हवल्दारपुरमा १ बिगाह जग्गा खरीद गरेका थिए। निजले कोहलपुरमा जग्गा खरीद गरी आफ्नो सालाको नाममा पास समेत गरेका थिए। गंगाधर सुवेदीले पोखरामा जग्गा खरीद गरि आफ्नो भाईको नाममा पास गरेका छन्। धम्बोझिमा निजले श्रीमतीको नाममा घर खरीद गरेका छन्। अविसजन फ्याक्ट्रीमा अरुण कुमार पाठक र गौरब कुमार श्रेष्ठले संयुक्त लगानी लगाएका छन्। सोपछिको कार्यकालमा अध्यक्ष सिदीकुमार महर्जनको पालामा संस्थाबाट ग्राहकले जग्गा धितो राखी कर्जा लिई लिलामि प्रक्रियामा रहेको जग्गाहरुमा चलखेल गरी रकम हिनामिना हुने गरेको थियो। निजको पालामा कर्जातर्फको रकम हिनामिना हुन शुरु भई संस्थाको पाँचौं र छैटौं कार्यकालमा क्रमस: अध्यक्ष अम्बर बहादुर खड्का र हरदेव बक्स

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध, नं. ०७४-CR-०७८९,फैसला पृष्ठ १३२ मध्येको २७

चौधरीको पालामा संस्थाको कर्जा र बचत गरि दुवैतर्फको रकम हिनामिना हुन थालेको हो। सोबखत कर्जातर्फ ग्राहक कर्जा लिन संस्थामा आएमा कर्जामा लगानी गर्न बन्द छ भनी फर्काई दिने र नक्कली ऋणी खडा गरी कर्जामा लगानी लगाएको देखाई सन्चालक समितिका पदाधिकारी र कर्मचारीहरूले आ-आफ्नो व्यवसाय र जग्गा खरिदमा संस्थाको रकम अपचलन गरी हिनामिना गरेका थिए। संस्थाको हिनामिना भएको रकममध्ये अधिकांश रकम पाँचौं र छैटौं कार्यकालमा हिनामिना भएको हो भन्ने बेहोराको **प्रतिवादी बलराम यादवले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।**

१९.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज, खजुरा र बैजापुर शाखामा भएको कर्जा, बचत र बैंक मौज्दात रकम हिनामिना सम्बन्धमा म उक्त संस्थामा पिउन पदमा नियुक्त भई लामो समयसम्म नेपालगन्ज र खजुरा शाखामा काम गरेको र पदिय हिसाबमा भन्दा मलाई कर्जा र बचत फाँटमा भौचर भर्ने, धितो रोक्का र फुकुवाको लागि मालपोत कार्यालय जाने, असूलीतर्फ पत्रहरू बुझाउनेसमेत जिम्मेवारी दिई काम गरेको हुँ। सो कारणले संस्थामा भएको हिनामिना सम्बन्धमा मलाई थाहा जानकारी छ। संस्थामा कर्जा, बचत र बैंकिङ्गतर्फको रकम सन्चालक समिति र कर्मचारीहरूको मिलेमतोमा हिनामिना भएको हो। के-कति रकम हिनामिना भएको सम्बन्धमा विज्ञ छानबिन टोलीले पेश गरेको प्रतिवेदन उल्लिखित रकमहरू हिनामिना भएको जस्तो लाग्छ। को-कसले के-कती रकम हिनामिना गरे सो सम्बन्धमा यकीन भन्न सक्दिन। संस्थामा के-कुन तरिकाले हिनामिना भएको हो भन्ने कुरा मैले थाहा भएजति यस भन्दा पहिलाको मेरो बयानमा खुलाई लेखाइसकेको छु। अरुणकुमार पाठकले संस्थाको हिनामिना रकममध्येबाट रू. २५,००,०००।- दृष्टिबन्धकमा लगानी लगाउन मलाई दिएकोमा उक्त रकम हालसम्म पनि दृष्टीमै रहेको छ। सोबाट आउने ब्याज मैले पनि उपभोग गरेको छु। सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बैंकिमा रहेको मेरो नामको खाता नं.५५५४ लेजर नं.३३ बाट रू.२४९७५०४।-, मेरो श्रीमती ईन्द्रपरी यादवको खजुरा शाखाको खाता नं.१४९ लेजर नं.१ बाट रू. २१,३१,१७०।-, गरी जम्मा रू. ४५,३८,६७४।- रकम झिकेको सम्बन्धमा मेरो र श्रीमतीको उक्त खातामा भएको कारोबार म आफैले गरेको हुँ। मैले उक्त रकम आफ्नो तलब, कार्यालय समयभन्दा बाहेकको समयमा भैसी कारोबार, जग्गा दृष्टी राख्ने र जग्गा खरीद बिक्रीको कारोबार गरी मेरो श्रीमतीको र मेरो खातामा जम्मा गरी आवश्यक परेको बखत झिक्ने गर्थे।। केही रकम अरुण कुमार पाठकले संस्थाबाट हिनामिना गरी दृष्टिबन्धकमा लगाउन भनी मलाई दिने गरेको र सो रकमको हिसाब पनि निजले मेरो र श्रीमतीको खातामा चढाउने गरेकोले उक्त खाताहरूमा ट्रान्जेक्सन देखिएको हो। संस्थाको केही रकम हिनामिना गरी अरुण कुमार पाठकले मलाई दृष्टिबन्धकमा

लगाउन भनेर मेरो र श्रीमतीको खातामा चढाई दिने गरेको र मैले आफुले गर्ने जग्गा खरीद बिक्रीको रकमसमेत सो खातामा जम्मा गर्ने झिक्ने गरेकोले त्यसरी निरन्तर र ठुलो रकमको ट्रान्जेक्सन देखिएको हो। सुरतराम खटिक, गोपाल भण्डारी, गंगाधर सुवेदी, अरुण कुमार पाठक लगायतका कर्मचारीले समेत दृष्टिबन्धक लगानी लगाउने कुरा थाहा जानकारी छ। ऋणीले ऋण चुक्ता गरेपछि निजलाई ऋण चुक्ता गरेको भौचर दिई धितोसमेत फुकुवा गरिदिई उक्त रकम संस्थाको क्यास बुक, डे बुक र लेजरमा दाखिला भएको नदेखाई उक्त रकम आ-आफ्नो कारोबारमा लगानी गर्ने गर्दथे। त्यसरी काल्पनिक रुपमा कर्जा देखाई आ-आफ्नो कारोबारमा लगानी गर्ने सो बखत मुख्य भूमिकामा रहेका प्रमुख प्रवन्धक गोपाल भण्डारी, बैंकिङ प्रवन्धक गंगाधर सुवेदी, कर्जा शाखा प्रमुख अरुण कुमार पाठक, गौरब कुमार श्रेष्ठ र जरनल शाखा प्रमुख किरण श्रेष्ठ हुन्। निजहरूले उक्त कार्य गर्दा नक्कली जि.एल.(general ledger), र भौचर समेत बनाउने गरेका थिए। निजहरूले हाल सो कुराको प्रमाण लोप गरिसकेका छन् भन्ने समेत बेहोराको **प्रतिवादी बलराम यादवले अधिकारप्राप्त अधिकारी समक्ष गरेको तितम्बा बयान।**

२०.म वि.सं. २०५८ सालमा सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको तेस्रो कार्यकाल सन्चालक समितिको अध्यक्ष हरदेव बक्स चौधरी रहेको बेला लेखा समिति सदस्य रहेको थिएँ। वि.सं. २०६३ सालमा सन्चालक समितिको चौथो कार्यकालमा सिद्दीकुमार महर्जन अध्यक्ष रहेको बेला पनि म लेखा समितिमा सदस्य नै रहेको थिएँ। उक्त कार्यकालमा लेखा समितिबाट संस्थाको शाखाहरूमा भएको कारोबार, कर्जा र बचततर्फको हर हिसाब चेकजाँच गर्दा सम्पुर्ण हिसाब मिलेको थियो । उक्त कार्यकालको अन्तिमतिर कर्जातर्फको हिसाब नमिलेकोले हिसाब मिलाउन भनी लेखासमितिले कर्मचारीहरूलाई निर्देशन दिएको हुँदा संस्थामा रकम हिनामिनाको चलखेल सोही बेलादेखि शुरु भएको हो। पाँचौं कार्यकालमा २०६८ सालमा अम्बर बहादुर खड्का अध्यक्ष रहेका थिए ।उक्त कार्यकालमा म संस्थाको पदाधिकारीको रुपमा रहेको थिइन। सन्चालक समितिको छैटौं अर्थात बर्तमान् कार्यकालमा हरदेवबक्स चौधरी अध्यक्ष भएसँगै लेखा संयोजकमा लिला शाह, लेखा सदस्यमा म र ओमप्रकाश चौधरी रहेका थियौं। एक/डेढ वर्ष अगाडि संस्थामा रकम अभाव हुन गई रकम हिनामिनाको कुरा सतहमा आएपछि संस्थाको सम्पत्ति, दायित्व, आम्दानी, खर्च, बचत तथा कर्जा लगायतको हरहिसाब चेकजाँच गर्दा हिसाबमा आम्दानी भन्दा खर्च बढी देखिएको, बचत लेजर र जर्नल लेजरको हिसाब नमिलेको देखिएकोले रकम हिनामिना भएको भन्ने शंका लागि लेखा समितिले तत् समयमा प्रमुख प्रवन्धक रहेका गंगाधर सुवेदीलाई बचत लेजरको हिसाब जर्नल लेजरमा भिडाई हिसाब दिनुहोस् भन्दा निजले हुन्छ मात्र भन्ने र हिसाब नदिने गरेपछि सो कुरा संस्थाको सन्चालक समितिमा जानकारी

गराइएको थियो। सन्चालक समितिले समेत उक्त कुरामा चासो नदेखाई कारवाहीतर्फ कुनै कदम नचालेको हुँदा संस्थाको रकम सन्चालक समिति र जिम्मेवार पदमा कार्यरत रहेका कर्मचारीको मिलेमतोमा हिनामिना भएको हो। सन्चालक समितिको चौथो कार्यकालमा वि.सं. २०६३ सालमा अध्यक्ष सिद्दीकुमार महर्जनको कार्यकालको अन्तिमतिर कर्जा फाँटमा कार्यरत कर्जा सहायक गौरव कुमार श्रेष्ठ र उपसहायक अरुण कुमार पाठकसमेतको मिलेमतोमा कर्जा असूली रकम हिनामिना भएको हो। सन्चालक समितिको पाँचौं कार्यकालमा अध्यक्ष अम्मर बहादुर खड्काको पालामा लेखा समितिले कुनै हिसाबकिताब तथा अडिट गरेको नदेखिएकोले निजको कार्यकालबाट संस्थाको कर्जा, बचत र मुद्दतीतर्फ समेत रकम हिनामिना भएको हुनुपर्छ। सोबखत म लेखा समितिमा नरहेको हुँदा के-कसरी, को-कसले हिनामिना गरे मलाई एकिन थाहा भएन। सोपछि हरदेबबक्स चौधरीको कार्यकालमा बचततर्फ ग्राहकले जम्मा गर्न ल्याएको रकम ग्राहकको पासबुकमा ईन्ट्री गर्ने र संस्थाको क्यास बुक, डे बुक र ढुकुटीमा ईन्ट्री नगरी सन्चालक समितिको मिलेमतोमा सोबखत बैंकिङ्ग प्रवन्धक एवं कर्जा अधिकृत रहेका अरुण कुमार पाठक, प्रमुख प्रवन्धक गोपाल भण्डारी, निमित्त प्रमुख प्रवन्धक तथा बैंकिङ्ग प्रवन्धक रहेका गंगाधर सुवेदी, खजुरा शाखा प्रवन्धक सुर्यबहादुर वि.क. र बैजापुर शाखा प्रवन्धक लिलाधर बली लगायतको मिलेमतोमा कर्जा, मुद्दती र बचततर्फको रकम हिनामिना भएको थियो। कुन कार्य समितिको पालामा के-कती रकम हिनामिना गरे भन्न सक्दिन। म संस्थाको तेस्रो, चौथो र छैटौं कार्यकालमा लेखा समितिको सदस्य रहेको थिएँ। महिनाको १ पटकमात्र संस्थामा गई हिसाबकिताब चेक गर्दा प्रमुख प्रवन्धक गोपाल भण्डारी, बैंकिङ्ग प्रवन्धक गंगाधर सुवेदी र कर्जा फाँटका अरुण कुमार पाठक लगायतले सबै हिसाबहरू मिलाएर देखाउने गरेको हुँदा सोही अनुसार लेखा समिति संयोजक लगायतले अडिट रिपोर्ट तयार गरी त्रैमासिक रुपमा सन्चालक समितिमा पेश गर्ने गरेका थियौं। संस्थामा कम्प्युटराईज्ड सिस्टम नरहेको ढड्डा सिस्टम भएकोले सम्पूर्ण ढड्डाहरू खोली चेक गर्न सकिने अवस्था नहुने भएकोले कर्मचारीहरूले दिएको विवरणलाई मानी अडिट गरिएको हुँदा उक्त कुरा सो बखतका प्रतिवेदनमा नआएको हो। बाँके जिल्ला सहकारी संघको छानबिन प्रतिवेदन के-कुन मापदण्डका आधारमा तयार गरिएको हो मलाई थाहा भएन। संस्थाको रकम हिनामिना भएको भएता पनि सो प्रतिवेदनमा उल्लेख भएबमोजिमको रकम हिनामिना भए नभएको सम्बन्धमा एकिन भन्न सक्दिन भन्ने बेहोराको प्रतिवादी स्थिरमणी बज्राचार्यले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।

२१.विज्ञ टोलीको प्रतिवेदनमा उल्लिखित हिनामिना रकम सम्बन्धमा सो हिनामिनामा उक्त संस्थामा कार्यरत कर्मचारीहरू र सन्चालकहरू संलग्न छन्। लेखा समितिको चौथो र छैटौं

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध र. नं. ०७४-०७६-०३८९,फैसला पृष्ठ १२१ मध्येको ३०

कार्यकालमा सदस्य रहेको हैसियतले म समेतले कर्मचारीहरूले दिएको हिसाब अनुसार लेखा परीक्षण गर्ने गरेको र निजहरूले हिसाबकिताब मिलाएरै देखाउने भएकाले हिनामिना भएको कुरा परीक्षणमा नआएको हो। विज्ञ टोलीले जाँचबुझ गरिदिएको विवरण अनुसारकै संस्थामा रकम हिनामिना भएको हुनुपर्छ। संस्थाको आन्तरिक लेखा परीक्षणको क्रममा संस्थामा कार्यरत प्रमुख प्रबन्धक गोपाल भण्डारी र बैंकिङ प्रबन्धक गंगाधर सुवेदीबाट हरहिसाब मागी हिसाबकिताब जाँच गर्दा निजहरूले देखाउने कागजात मिलाएरै देखाउने गरेका थिए। संस्थामा ढङ्ग सिस्टममा कारोबारको हिसाब हुने हुँदा प्रत्येक बहीखाता, भौचर, लेजर ईत्यादी एकएक गरेर हेर्न सम्भव पनि थिएन । सो कुरामा कर्मचारीहरू र सञ्चालकहरूले पनि सहयोग नगर्ने भएको हुँदा कर्मचारीहरूले दिएकै रिपोर्टको आधारमा विश्वासमा परी अडिट गरिन्थ्यो। निजहरूले दिएकै रिपोर्टको भरमा लेखा परीक्षण गर्नु हाम्रो पनि गल्ती भयो। छैटौं कार्यकालमा लेखा समितिले संस्थामा प्रमुख प्रबन्धक रहेका गंगाधर सुवेदी र कर्जा फाँटका अरुण कुमार पाठकलाई संस्थाको जि.एल.(general ledger) र सदस्यहरूको व्यक्तिगत खाताहरूको हिसाब भिडान गर्न जि.एल.(general ledger) सदस्यहरूको व्यक्तिगत खाता र ऋणीहरूको फाइल माग गर्दा निजहरूले उक्त जि.एल.(general ledger) खाता र फाइलहरू तथा स्टेटमेन्ट उपलब्ध नगराई हिसाब मिलेको भनी विवरण टिपाउने मात्र गरेका थिए। सो कुराको जानकारी लेखा समितिले सञ्चालक समितिका अध्यक्ष हरदेव बक्स चौधरी र उपाध्यक्ष रविन्द्र थापालाई गराए पनि सञ्चालक समितिबाट सोतर्फ कुनै पहल गरेका थिएनन्। संस्थामा रकम हिनामिना भएको कारण उक्त हिसाबमा अन्तर देखिएको हो। संस्थाको चौथो कार्यकालबाट संस्थामा हिनामिना शुरु भएको । उक्त हिनामिना पाँचौं कार्यकालमा धेरै भएको र छैटौं कार्यकालमा समेत हिनामिना भई संस्था नै नचल्ने अवस्थामा पुग्नुले उल्लिखित कार्यकालमा बैंकिङ कार्यालय नेपालगन्जको हकमा संस्थामा मुख्य गरी कर्जा र बचत शाखामा कार्यरत कर्मचारीको हिसाबले अरुण कुमार पाठक, गौरव कुमार श्रेष्ठ, किरण श्रेष्ठ लगायत र लामो समय संस्थाको प्रमुख प्रबन्धक रहेका गोपाल भण्डारी, बैंकिङ प्रबन्धक रहेका गंगाधर सुवेदीको संलग्नतामा त्यसैगरी खजुरा शाखाका शाखा प्रमुख सुर्यबहादुर बि.क. र बैजपुर शाखाका शाखाप्रमुख लिलाधर वलीको संलग्नतामा त्यसबखतको सञ्चालक समितिमा रहेका पदाधिकारी त्यसमा पनि अध्यक्ष/उपाध्यक्षको मुख्य मिलेमतोमा संस्थाको रकम हिनामिना भएको हो। संस्थाको गैर बैंकिङ सम्पत्तिमा रहेको जिल्ला बाँके साबिक नेपालगन्ज उपमहानगरपालिका वडा नं.१७ स्थितको २ कठ्ठा जग्गा चौथो कार्यकालको सञ्चालक समितिको निर्णय अनुसार मेरो छोरी स्वेता बज्राचार्य र लखनदास नागको श्रीमतीले सयुक्त रुपमा खरीद गरेका हुन्। खरीद गरेको मूल्य मलाई याद भएन। उक्त जग्गा पंचकिर्ते मुल्यांकनको आधारमा संस्थाले बिक्री

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध, स. नं. ०७४-०७६-०७८९, फैसला पृष्ठ १३२ मध्येको ३१

गरेको हो। उक्त निर्णय तत् समयको सन्चालक समितिको माईन्युटमा होला भन्ने बेहोराको
प्रतिवादी स्थिरमणी बज्राचार्यले अधिकारप्राप्त अधिकारी समक्ष गरेको ततिम्बा बयान।
२२.म संस्थाको वर्तमान अध्यक्ष हरदेव बक्स चौधरीको कार्यकालमा नै लेखा समितिमा सदस्यमा
निर्वाचित भएको थिएँ। २०७५ साल मंसिर महिनामा हुनुपर्ने संस्थाको वार्षिक साधारणसभा
नभएपछि संस्थामा रकम हिनामिना भएको भन्ने कुरा सन्चालक समितिमार्फत् थाहा पाएको
थिएँ। मलाई अध्यक्ष हरदेवबक्स चौधरीले लेखा समितिमा बस्नुहोस् चुनावमा हामीले हेरौला
भनी लेखा समितिमा सदस्य पदमा निर्वाचित हुन सहयोग गरेका थिए। म धेरै लेखपढ
नगरेको हुँदा लेखापरीक्षण सम्बन्धी कुनै कामसमेत नजान्ने भएकोले लेखासमिति सदस्यको
हैसियतले प्रत्येक महिनाको अन्तिमतिर संस्थामा आउने र लेखा संयोजक लिला शाहको
निर्देशनमा अटिड रिपोर्टमा हस्ताक्षर गरी जाने गर्थे। सो बखत मैले यातायात खर्च बापत
रु. २८५।- पाउँथे। संस्थाका प्रमुख प्रबन्धक, बैंकिङ प्रबन्धक र शाखाका कर्मचारी
लगायत सन्चालक समितिको मिलेमतोमा संस्थाको रकम हिनामिना भएको हो। म संस्थाको
वर्तमान कार्यसमिति भन्दा पहिले कुनै समितिमा नरहेकोले संस्थामा को-कसले, के-
कहिलेदेखि के-कति रकम हिनामिना गरे मलाई थाहा भएन। २०७५ साल मंसिर महिनामा
भएको साधारण सभामा कर्जा अधिकृत रहेका अरुण कुमार पाठक, प्रमुख प्रबन्धक गोपाल
भण्डारी, बैंकिङ प्रबन्धक रहेका गंगाधर सुवेदी, खजुरा शाखा प्रबन्धक सुर्यबहादुर बि.क. र
बैजापुर शाखा प्रबन्धक लिलाधर वली लगायतका कर्मचारी र पूर्व तथा वर्तमान सन्चालक
समितिका पदाधिकारीको मिलेमतोमा पहिलेदेखि नै संस्थामा रकम हिनामिना हुँदै आएको भन्ने
कुरा थाहा पाएको हुँ। कुन कार्यसमितिको पालामा के-कति रकम हिनामिना भयो मलाई
थाहा भएन। वर्तमान कार्यसमितिको पालामा संस्थाको आन्तरिक लेखापरीक्षण लेखा
समितिका संयोजक लिला शाहले गर्ने गरेका थिए। सो समयमा आम्दानी भन्दा खर्च बढी
देखिने गरेको थियो। म लेखा समिति सदस्य भएको हैसियतले अडिट रिपोर्टमा दस्तखत गर्ने
गर्थे।। बाह्य लेखा परीक्षकले संस्थाको लेखा परीक्षण के-कसरी गरेको थियो मलाई थाहा
भएन। मेरो संस्थाको रकम हिनामिनामा कुनै भूमिका छैन भन्ने बेहोराको **प्रतिवादी**
ओमप्रकाश चौधरीले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।
२३.म संस्थाको छैटौं कार्यकालमा लेखासमिति सदस्य रहेको थिएँ र सोबखत लेखासमिति
संयोजक लिला शाह र सदस्य स्थिरमणी बज्राचार्य पनि थिए। संस्थामा हाल आएर चौथो
कार्यकालदेखि नै हिनामिना भएको भन्ने थाहा पाएँ। म समेतको लेखा समितिले उक्त
संस्थामा छैटौं कार्यकालको शुरुवातदेखि नै संस्थाको हरहिसाबको सम्पूर्ण विवरण मान्दा
प्रमुख प्रबन्धक गंगाधर सुवेदी, बैंकिङ प्रबन्धक गोपाल भण्डारी र कर्जा प्रमुख अरुण कुमार
पाठक लगायतले वित्तिय विवरणहरू उपलब्ध गराएका थिएनन्। सो कुरा हामीले सन्चालक

गरेको हो। उक्त निर्णय तत् समयको सन्चालक समितिको माईन्युटमा होला भन्ने बेहोराको
प्रतिवादी स्थिरमणी वज्राचार्यले अधिकारप्राप्त अधिकारी समक्ष गरेको ततिम्बा बयान।
२३.म संस्थाको वर्तमान अध्यक्ष हरदेव बक्स चौधरीको कार्यकालमा नै लेखा समितिमा सदस्यमा निर्वाचित भएको थिएँ। २०७५ साल मंसिर महिनामा हुनुपर्ने संस्थाको वार्षिक साधारणसभा नभएपछि संस्थामा रकम हिनामिना भएको भन्ने कुरा सन्चालक समितिमार्फत् थाहा पाएको थिएँ। मलाई अध्यक्ष हरदेवबक्स चौधरीले लेखा समितिमा बस्नुहोस् चुनावमा हामीले हेरौंला भनी लेखा समितिमा सदस्य पदमा निर्वाचित हुन सहयोग गरेका थिए। म धेरै लेखपढ नगरेको हुँदा लेखापरीक्षण सम्बन्धी कुनै कामसमेत नजान्ने भएकोले लेखासमिति सदस्यको हैसियतले प्रत्येक महिनाको अन्तिमतिर संस्थामा आउने र लेखा संयोजक लिला शाहको निर्देशनमा अडिट रिपोर्टमा हस्ताक्षर गरी जाने गर्थें। सो बखत मैले यातायात खर्च बापत रू. २८५।- पाउँथे। संस्थाका प्रमुख प्रवन्धक, बैंकिङ्ग प्रवन्धक र शाखाका कर्मचारी लगायत सन्चालक समितिको मिलेमतोमा संस्थाको रकम हिनामिना भएको हो। म संस्थाको वर्तमान कार्यसमिति भन्दा पहिले कुनै समितिमा नरहेकोले संस्थामा को-कसले, के-कहिलेदेखि के-कति रकम हिनामिना गरे मलाई थाहा भएन। २०७५ साल मंसिर महिनामा भएको साधारण सभामा कर्जा अधिकृत रहेका अरुण कुमार पाठक, प्रमुख प्रवन्धक गोपाल भण्डारी, बैंकिङ्ग प्रवन्धक रहेका गंगाधर सुवेदी, खजुरा शाखा प्रवन्धक सुर्यबहादुर वि.क. र बैजापुर शाखा प्रवन्धक लिलाधर बली लगायतका कर्मचारी र पूर्व तथा वर्तमान सन्चालक समितिका पदाधिकारीको मिलेमतोमा पहिलेदेखि नै संस्थामा रकम हिनामिना हुँदै आएको भन्ने कुरा थाहा पाएको हुँ। कुन कार्यसमितिको पालामा के-कति रकम हिनामिना भयो मलाई थाहा भएन। वर्तमान कार्यसमितिको पालामा संस्थाको आन्तरिक लेखापरीक्षण लेखा समितिका संयोजक लिला शाहले गर्ने गरेका थिए। सो समयमा आम्दानी भन्दा खर्च बढी देखिने गरेको थियो। म लेखा समिति सदस्य भएको हैसियतले अडिट रिपोर्टमा दस्तखत गर्ने गर्थें।। बाह्य लेखा परीक्षकले संस्थाको लेखा परीक्षण के-कसरी गरेको थियो मलाई थाहा भएन। मेरो संस्थाको रकम हिनामिनामा कुनै भूमिका छैन भन्ने बेहोराको **प्रतिवादी**
ओमप्रकाश चौधरीले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।
२३.म संस्थाको छैटौं कार्यकालमा लेखासमिति सदस्य रहेको थिएँ र सोबखत लेखासमिति संयोजक लिला शाह र सदस्य स्थिरमणी वज्राचार्य पनि थिए। संस्थामा हाल आएर चौथो कार्यकालदेखि नै हिनामिना भएको भन्ने थाहा पाएँ। म समेतको लेखा समितिले उक्त संस्थामा छैटौं कार्यकालको शुरुवातदेखि नै संस्थाको हरहिसाबको सम्पूर्ण विवरण माग्दा प्रमुख प्रवन्धक गंगाधर सुवेदी, बैंकिङ्ग प्रवन्धक गोपाल भण्डारी र कर्जा प्रमुख अरुण कुमार पाठक लगायतले वितिय विवरणहरू उपलब्ध गराएका थिएनन्। सो कुरा हामीले सन्चालक

समितिका अध्यक्ष हरदेव बक्स चौधरी र उपाध्यक्ष रबिन्द्र थापालाई पटक-पटक मौखिक रुपमा जानकारी गराएका थियौं। उक्त कुरा सन्चालक समितिको बैठकमा समेत राखी छलफल गराउँदा कर्मचारीहरुले सो कुरामा जवाफदेहिता नदेखाई राजीनामा दिन्छौं भन्ने कुरा गर्दा सन्चालक समितिसमेत केही नबोली मुकदर्शक बनेका थिए। त्यसरी हामीले कर्मचारीले देखाएकै हिसाबको आधारमा हिसाबकिताब जाँच गर्नुपर्ने अवस्था रहेको थियो। कर्मचारी र सन्चालक समितिले संस्थामा भएको हिनामिनालाई लुकाउन लेखा समितिलाई देखाउनुपर्ने वित्तिय विवरण नदिई हामीलाई निजहरुले दिएको गलत रिपोर्टको आधारमा प्रतिवेदन बनाउन बाध्य पारेको अवस्था हो। संस्थाको रकम संस्थामा कार्यरत केही कर्मचारी र सन्चालक समितिका पदाधिकारीको मिलेमतो हिनामिना भएको हो भन्ने बेहोराको **प्रतिवादी ओमप्रकाश चौधरीले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।**

२४.म २०६२ सालदेखि सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जमा पियन पदमा काम गर्दै आएको छु। उक्त संस्थाका सन्चालक समितिका पदाधिकारीहरू र जिम्मेवार पदमा कार्यरत कर्मचारीहरूको मिलेमतोमा संस्थाको रकम अपचलन भएको र पछिल्लो समयमा बचतकर्ताहरुले संस्थाबाट रकम फिर्ता नै नपाएपछि उक्त कुरा मैले पछि थाहा पाएको हुँ। उक्त संस्थामा वर्षौंदेखि प्रमुख प्रबन्धक, प्रबन्धक, बैंकिङ्ग प्रबन्धक, कर्जा शाखा प्रमुख, सह उप-सहायक, सहायक जस्तो जिम्मेवार पदमा रही काम गरेका अरुण कुमार पाठक, गंगाधर सुवेदी, गोपाल भण्डारी, बलराम यादव, सुरतराम खटिक, गौरब कुमार श्रेष्ठ, किरण श्रेष्ठ, लिलाधर वली, सुर्यबहादुर वि.क. लगायतका कर्मचारीहरू र संस्थामा विभिन्न कार्यकालमा अध्यक्ष, उपाध्यक्ष रहेका सिद्दीकुमार महर्जन, अम्बर बहादुर खड्का, अजय कुमार पाठक, हरदेवबक्स चौधरी, रबिन्द्र थापा लगायत अन्य सदस्यहरू तथा लेखा समितिका पदाधिकारीहरू समेतको मिलेमतोमा उक्त संस्थाको रकम हिनामिना भएको हो। उक्त संस्थामा पियनमा नियुक्ति पाई सह-उप सहायक पदमा समेत काम गरेका सुरतराम खटिकले चेक जम्मा र खर्च गर्ने जिम्मेवारीमा, बलराम यादवले कर्जा शाखामा जग्गा रोक्का फुकुवा गर्ने, जग्गा दृष्टीबन्धक लगाउने काम गर्ने गर्दथे। बैंकिङ्ग प्रबन्धक रहेका अरुण कुमार पाठकले कर्जामा लगानी लगाउने, सन्ध्याकालिन काउन्टर संचालन गरी बचतकर्ताहरूबाट रकम जम्मा गर्ने, धितो फुकुवा गर्न लगाउने लगायतको काम गर्दथे, प्रमुख प्रबन्धक, सहायक प्रमुख प्रबन्धकहरूले आ-आफ्नो जिम्मेवारीको काम गर्ने गर्दथे। यसरी काम गर्ने क्रममा निजहरूले सन्चालकहरूसंग सेटिङ गरि बचतकर्ताहरूको रकम संस्थाको ढुकुटीमा नराखी आ-आफ्नो व्यक्तिगत काममा खर्च गर्ने गरेका रहेछन्। यसरी संगठित भई निक्षेपकर्ताहरूको रकम खाने पचाउने नियतले अपचलन तथा ठगी गर्ने

मानिसहरूलाई कानूनबमोजिम कारवाही होस् भन्ने बेहोराको प्रेमजंग घर्ती र टिकाराम वर्मले गरेको एकै मिलानको घटना विवरण कागज।

२५.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जमा म आफै गई खाता खोलेको होइन। मेरो श्रीमान गंगाधर सुवेदी उक्त संस्थाको प्रबन्धक रहेकोले रकम जम्मा गर्न राम्रो हुन्छ भनी मेरो विवाह भएको समय २०६० सालमा खाता खोलिदिनु भएको थियो। मेरो श्रीमानले के-कुन कागजात पेश गरी खाता खोल्नुभयो मलाई थाहा भएन। चेकबुक र पासबुक मसँग छैन र खाताको बारेमा मैले श्रीमानलाई सोधिन। श्रीमानले शुरुमा हाम्रो विवाहमा टिका लगाएर आएको रू. १९,०००।- मेरो नामको खातामा जम्मा गरिदिन्छु भनी लिनु भएको थियो । सोबाहेक उक्त खातामा भएको कारोबारको सम्बन्धमा मलाई केही थाहा जानकारी छैन। मैले आफ्नो हस्ताक्षरबाट खातामा पैसा जम्मा गर्ने, झिक्ने कार्य गरेको छैन, उक्त कारोबारको सम्पूर्ण जिम्मेवारी मेरो नभई श्रीमान गंगाधर सुवेदीको हो भन्ने बेहोराको निना न्यौपानेले गरेको घटना विवरण कागज।

२६.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जमा म आफै गई खाता खोलेको होइन। मेरो श्रीमान गोपाल भण्डारी उक्त संस्थामा कर्मचारी रहेकोले उहाले नै ८/९ वर्ष पहिला तिम्रो नाममा खाता खोलिदिएको छु भन्नु भएको थियो। के-कुन मितिमा खोलेको र के-कुन कागजात पेश गरी खाता खोल्नु भएको हो मलाई थाहा भएन। चेकबुक र पासबुक मसँग छैन, सो खातामा भएको कारोबारको सम्बन्धमा मलाई केही थाहा जानकारी छैन। उक्त कुरा श्रीमान गोपाल भण्डारीलाई नै थाहा होला। मैले आफ्नो हस्ताक्षरबाट खातामा पैसा जम्मा गर्ने, झिक्ने कार्य गरेको छैन भन्ने बेहोराको लक्ष्मी भण्डारीले गरेको घटना विवरण कागज।

२७.मेरो छोरा लिलाधर बली भन्ने लिला प्रसाद बली सहकारी वित्तिय विकास संस्था लिमिटेड बाँकिको कर्मचारी भएको हुँदा निजले नै मेरो नामको उक्त संस्थामा खाता खोलेको हुनुपर्छ। सो खाता खोलेको सम्बन्धमा निजले मलाई पनि भनेका थिएनन्। तर सो खाता निजले कहिले कसरी खोले मलाई थाहा भएन र मसँग चेकबुक र पासबुक समेत केही छैन। सो खातामा भएको कारोबारको सम्बन्धमा मलाई केही थाहा जानकारी छैन। मैले आफ्नो हस्ताक्षरबाट खातामा पैसा जम्मा गर्ने, झिक्ने कार्य गरेको छैन र उक्त कारोबार छोराले नै गरेको हुनुपर्छ र सोको जिम्मेवारी पनि छोराको नै हुन्छ भन्नेसमेत बेहोराको सेती कुमारी बलीले गरेको घटना विवरण कागज।

२८.मेरो दाई अरुण कुमार पाठकले सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको कर्चा शाखामा काम गर्नुहुन्छ, उहाँले नै उक्त संस्थामा मेरो नाममा खाता खोल्नु भएको हो। मेरो दाईले मलाई १५/१६ वर्ष पहिला तिम्रो नामको खाता खोलिदिन्छु भन्नु भएको थियो। मेरो

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा- [illegible] ठगी र सम्पत्ति शुद्धीकरण, ने. ०७४-०७६-०७८९,फैसला पृष्ठ १३२ मध्येको ३४

नामको खाता मैले खोलेको होइन। दाई आफैले के-कसरी खाता खोले थाहा भएन। उक्त खाताको चेकबुक र पासबुक समेत दाईले मलाई दिएका छैनन् र सो विषयमा दाईलाई नै थाहा होला। उक्त संस्थाको मिति २०५८।०१।२७, बचत हिसाब लेजर नं.१५ खाता नं. २८०५ मा मेरो नाममा खाता खोली मिति २०७६।०२।०३ गतेसम्म उक्त खातामा रू. १,९२,९४,६६३।- नगद् जम्मा गरी पटक पटक गरी संस्थाबाट चेक काटी रकम निकालेको समेतका सो खातामा भएको सम्पूर्ण कारोवार दाई अरुण कुमार पाठकले गरेका हुन् । सो कारोबारको सम्बन्धमा मलाई केही थाहा जानकारी छैन। मैले खातामा पैसा जम्मा गर्ने र झिक्ने कार्य गरेको छैन भन्ने समेत बेहोराको अतुल कुमार पाठकले गरेको घटना विवरण कागज।

२९.मेरो श्रीमान हरिप्रसाद श्रेष्ठले स्थापना कालदेखि ८/९ बर्षसम्म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जमा काम गरेको हुँदा उहाँले नै मेरो नामको उक्त संस्थामा खाता खोलि दिनुभएको हो। मेरो श्रीमान उक्त संस्थामा हुँदा २०६२/६३ सालसम्म मैले सो खातामा रकम जम्मा गर्ने झिक्ने गर्थे। र पछि उहाँ रिटायर्ड भएपछि मेरो छोरा किरण श्रेष्ठले उक्त संस्थामा काम गरेका थिए। २०६२।०६३ पछि उक्त खातामा मैले कारोबार गरेको थिइन र त्यसपछि मेरो खाताबाट भएको कारोवार सम्बन्धमा मलाई थाहा जानकारी छैन भन्ने बेहोराको अन्जु श्रेष्ठले गरेको घटना विवरण कागज।

३०.मेरो श्रीमान बलराम यादव सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको कर्मचारी भएकोले उहाँले नै मेरो नामको खाता उक्त संस्थामा खोलेको हुनुपर्छ । मैले संस्थामा गई खाता खोलेको होइन। श्रीमान आफैले के-कसरी खाता खोले मलाई थाहा भएन। उक्त खाताको चेकबुक र पासबुक श्रीमानले मलाई दिएनन्। सो खातामा भएको सम्पूर्ण कारोबार श्रीमान बलराम यादवले गरेको हुँदा सो कारोबार सम्बन्धमा मलाई केही थाहा जानकारी छैन। मैले खातामा पैसा जम्मा गर्ने, झिक्ने कार्य गरेकी छैन भन्ने बेहोराको ईन्द्रपरी यादवले गरेको घटना विवरण कागज।

३१.मेरो सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जमा खाता नं. २०००/१० रहेको छ र उक्त खाता १७/१८ वर्ष पहिले खोलेको हो। मैले खेती किसानीबाट कमाएको र जग्गा बेचेको रकम उक्त खातामा जम्मा गरेकी थिएँ। सो रकम अं. १८/१९ लाख जति होला। उक्त खातामा देखिएको रू. ३०,६२,०००।- जतिको कारोबार मैले गरेकी छैन । उक्त खाताको ट्रान्जेक्सन को-कसले गरे मलाई थाहा भएन। उक्त खाताको पासबुक/चेकबुक पहिले मसँग थियो तर अहिले हराइसकेको छ भन्ने बेहोराको कलावती कुर्मी बर्माले गरेको घटना विवरण कागज।

३२.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जमा काम गर्ने अरुण कुमार पाठक मेरो भिनाजु नाता पर्ने हुन् । उक्त संस्थामा निजले नै मेरो नामको खाता खोली दिएका हुन्। निज मेरो भिनाजु पर्ने र निज बैंकमा काम गर्ने भएको हुँदा मैले व्यापार गरी कमाएको केही रकम निजलाई दिने र आफूलाई पैसा चाहियो भने निजबाटै लिने गर्थें। संस्थाको पासबुक र चेकबुक भिनाजुले नै राखेका थिए। म बैंकमा गई हस्ताक्षर गरी पैसा जम्मा गर्ने र निकाल्ने गर्दैन थिएँ। मैले दिएको लिएको रकमको हिसाबकिताब निजले कसरी राख्दथे मलाई थाहा भएन। मैले भिनाजुसँग अं. ३०/३५ लाख जतिको कारोबार गरेको थिएँ । उक्त खातामा भए जतिको रकमको मैले निजसँग कारोबार गरेको थिइन। उक्त रू. ९१,४९,६४०।- को ट्रान्जेक्सनको बारेमा मलाई थाहा भएन भन्ने बेहोराको गोबिन्द कृष्ण शर्माले गरेको घटना विवरण कागज।

३३.मेरो छोरा अरुण कुमार पाठकले सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको कर्जा शाखामा काम गर्ने भएकोले निजले नै मेरो नाममको खाता उक्त संस्थामा खोलेको हुनुपर्छ। निजले के-कहिले मेरो नामको खाता खोले मलाई केही थाहा भएन। सो खातामा भएको कारोबार छोरा अरुण कुमार पाठकले गरेका हुन्। सो कारोबार सम्बन्धमा मलाई केही थाहा जानकारी छैन। मैले आफुले खातामा पैसा जम्मा गर्ने, झिक्ने कार्य गरेको छैन भन्नेसमेत बेहोराको तारा पाठकले गरेको घटना विवरण कागज।

३४.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जमा काम गर्ने अरुण कुमार पाठक मेरो भदै हुन् । उक्त संस्थामा निजले नै मेरो नामको खाता खोली दिएका हुन्। निज मेरो भदै नाता पर्ने र निज बैंकमा काम गर्ने भएको हुँदा मसँग भएको पैसा निजलाई दिन्थे । आफूलाई पैसा चाहियो भने निजबाटै म, मेरो छोरा संजय पाठक र श्रीमान सरणलाल पाठकले लिने गर्यौं। संस्थाको पासबुक चेकबुक मैले लिइन र भदैले नै राख्ने गरेका थिए। म बैंकमा गई हस्ताक्षर गरी पैसा जम्मा गर्ने, निकाल्ने गर्दैनथे। मैले दिएको लिएको रकमको हिसाबकिताब निजले कसरी राख्दथे मलाई थाहा भएन। मैले भदैसँग अं. २० लाख जतिको कारोबार गरेको थिएँ। उक्त खातामा भएजतिको रकमको मैले निजसँग कारोबार गरेको थिइन। उक्त रू. १,७०,५६,२००।- को ट्रान्जेक्सनको बारेमा मलाई थाहा भएन। भदैलाई नै थाहा होला भन्ने बेहोराको बिमला पाठकले गरेको घटना विवरण कागज।

३५.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जमा मेरो नामको खाता खोलेकी हुँ। सो खातामा मैले अं. २/३ लाख जतिको रकम जम्मा गर्ने, झिक्ने काम गरेकी हुँ। उक्त खातामा भएजतिको रकमको मैले कारोबार गरेकी थिइन। उक्त रू.१३,१७,९४९।- को

ट्रान्जेक्सनको बारेमा मलाई थाहा भएन। बिगत ४ वर्ष देखि मैले उक्त खातामा कारोबार गरेकी छैन भन्ने बेहोराको रुपा भण्डारीले गरेको घटना विवरण कागज।

३६.मेरो बुवा सुरतराम खटिक सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको कर्मचारी हुनुहुन्छ, उक्त संस्थामा मेरो नामको खाता रहेको कुरा हाल आएर थाहा पाएँ। मेरो बुवा लामो समय उक्त संस्थामा कर्मचारी रहेको हुँदा उहाँले नै उक्त संस्थामा मेरो नामको खाता खोलेको हुनुपर्छ। के-कुन मितीमा के-कसरी खाता खोलेका हुन् थाहा भएन। मिति २०६१।०८।०१ मा मेरो उक्त संस्थाको बचत हिसाब लेजर नं.२५ खाता नं. ४४०० मा मेरो नाममा खोली मिति २०७५।१२।१० गतेसम्म उक्त खातामा रू. १८,९२,९०५।- जम्मा गरी पटकपटक गरी संस्थाबाट चेक काटी नगद निकालेको समेतका सो खातामा भएको सम्पूर्ण कारोबार बुवाले गर्नु भएको हो। सो कारोबार सम्बन्धमा मलाई केही थाहा जानकारी छैन र मैले आफुले खातामा पैसा जम्मा गर्ने, झिक्ने कार्य गरेको छैन भन्ने बेहोराको **सन्तोष खटिकले** गरेको घटना विवरण कागज।

३७.मेरो सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जमा खाता नं. ७९२८/५० रहेको छ र उक्त खाता ८/९ वर्ष पहिले खोलेको हो। सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जमा काम गर्ने अरुण कुमार पाठक मेरो छिमेकी हुन्। उक्त संस्थामा निजले नै मेरो नामको खाता खोली दिएका हुन्। निज मेरो छिमेकी पर्ने र निजको विश्वास समेत भएकोले मेरो छोराले विदेशबाट पठाएको पैसा निजलाई दिने र आफूलाई पैसा चाहियो भने निजबाटै लिने गर्दथें। संस्थाको पासबुक निजले नै राखे गर्थे। म बैंकमा गई हस्ताक्षर गरी पैसा जम्मा गर्ने, निकाल्ने गर्दिनथे। मैले निजलाई दिएको र निजबाट लिएको रकमको हिसाबकिताब निजले कसरी राख्दथे मलाई थाहा भएन। मैले निजसँग अं. २०/२५ लाख जतिको कारोबार गरेको थिएँ र उक्त खातामा भए जतिको रकमको कारोबार गरेको थिइन। उक्त रू. ८६,०६,९३४।- को ट्रान्जेक्सनको बारेमा मलाई थाहा भएन र सो बारेमा अरुण कुमार पाठकलाई नै थाहा होला भन्ने बेहोराको **सलिम धोबीले** गरेको घटना विवरण कागज।

३८.मेरो श्रीमान सुरतराम खटिक सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको कर्मचारी भएकोले उहाँले नै मेरो नामको खाता उक्त संस्थामा खोलेको हुनुपर्छ। मेरो उक्त संस्थाको बचत हिसाब लेजर नं.६४ खाता नं.१०००५ मा मिति २०७५।१२।१० गतेसम्म मौज्दात भएको रू.२६,९२,०००।- नगद पटकपटक गरी चेक काटी निकालेको समेतको सो खातामा भएको सम्पूर्ण कारोबार श्रीमान सुरतराम खटिकले गरेका हुन्। सो कारोबार सम्बन्धमा मलाई केही थाहा जानकारी छैन र मैले आफूले खातामा पैसा जम्मा

गर्ने र झिक्ने कार्य गरेकी छैन भन्ने बेहोराको शारदा खटिकले गरेको घटना विवरण कागज।

३९.हिसाब लेजर नं.२४ खाता नं.४४६३ मा मेरो नाममा खाता खोली मिति २०७५।०२।२८ गतेसम्म उक्त खातामा रू. १,६१,३०,९८४।- नगद जम्मा गरी सो रकम पटकपटक गरी संस्थाबाट चेक काटी निकालेको कारोबारको सम्बन्धमा मलाई थाहा छैन र उक्त रकम संस्थामा मैले जम्मा गरेको र निकालेको होइन। सो सम्बन्धमा मेरो भिनाजु गंगाधर सुवेदीलाई थाहा होला। उक्त संस्थामा म आफै गई खाता खोलेको होइन र मेरो भिनाजु गंगाधर सुवेदी उक्त संस्थाको प्रबन्धक रहेकोले साधारण सभाको चुनावमा भाग लिन पाइन्छ भनेर खाता खोली दिएको छु भन्नु भएको थियो भन्ने बेहोराको हितेष न्यौपानेले गरेको घटना विवरण कागज।

४०.मैले उक्त सहकारी संस्थामा मुद्दती खाता खोलेको थिएँ । मैले सोही संस्थामा आफ्नो खातामा रू.२०,००,०००।- जम्मा गरेकोमा मिति २०७६।०३।०१ गते उक्त मुद्दती बचतलाई धितो राखी रू. १०,००,०००।- ऋण लिएकोमा मलाई पुन: रकम आवश्यकता परेकोले मैले पुन: रू. ६,००,०००।- को चेक काटी साट्न जाँदा सो संस्थाका अध्यक्ष हरदेव बक्स चौधरीले राखी साँझपख रकम लिन आउनु भनी भनेकोमा साँझ पैसा लिनको लागी जाँदा आज पैसा भएन भोली लिन आउनु भनी भनेकोमा सोको भोलीपल्ट अध्यक्ष हरदेव बक्स चौधरी फरार भएका थिए। मैले उक्त संस्थाबाट रू. १०,००,०००।- मात्र ऋण लिएको हुँ र बाँकी रू. ६,००,०००।- निज अध्यक्षले लगी मेरो खातामा ऋण चढाएका हुन् भन्ने बेहोराको रामु वर्माले गरेको घटना विवरण कागज।

४१.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँकेमा मेरो नामको खाता नं. १४३७/८ खोली कारोबार गर्दै आएको थिएँ। मैले उक्त संस्थाबाट वि.सं. २०५५ सालमा कृषी प्रयोजनको लागि भे १ त ७६९ नं.को ट्याक्टर खरीद गरी सोही ट्याक्टरलाई उक्त संस्थाको नाममा धितो राखी रू. २,२५,०००।- कर्जा लिएको थिएँ । सोही कर्जामा संस्थाले थप सुरक्षणको लागी भनी मेरो नाममा रहेको नरैनापुर गा.वि.स. वडा नं. २ स्थित रहेको कि.नं. ९७ र १५० को ५-६-१ विगाहा जग्गासमेत धरौटी जमानी राखेको थियो। २०६२ सालमा संस्थाले गैरकानुनी तरिकाले मेरो नामको उक्त जग्गा संस्थाको नाममा साकार गरी सोही ट्याक्टर पनि संस्था कै नाममा गरेकोमा सो कुरा थाहा पाई मैले संस्थामा सम्पर्क गर्दा संस्थाका अध्यक्ष हरदेवबक्स चौधरीले साँवा ब्याजसमेत गरी रू. ५,००,०००।- (पाँच लाख) जम्मा गरेमा तपाईको जग्गा फिर्ता गरिदिने छौं भनी आश्वासन दिए अनुसार मैले रू.३,७२,०००।- सोही संस्थामा जम्मा गरिदिएको हुँ। बाँकी रू. १,२८,०००।- लिई मिति २०७२।०२।२४ गते संस्थामा जाँदा मेरो नामको उक्त जग्गा

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार, मुद्दा: सहकारी रकम हिनामिना ठगी र संगठित अपराध, मु.नं. ०७४-०७६-००८९, फैसला पृष्ठ १३२ मध्येको ३८

संस्थाले जिल्ला बाँके नेपालगन्ज उपमहानगरपालिका वडा नं. ६ बस्ने अस्लम हलवाई र ऐ. बस्ने हरिप्रित सिंहलाई बिक्रीको प्रक्रियामा रहेको भन्ने थाहा पाई संस्थाका अध्यक्ष अम्बर बहादुर खड्कासँग गई आफूलाई अन्याय परेको कुरा जानकारी गराउँदा निजले आफूले जम्मा गरेको रकम रू. ३,७२,०००।- फिर्ताको लागी निवेदन दिनुहोस् भनी निज आफैले निवेदन लेखी दिएको र सोही बमोजिम मैले पनि निवेदन दिएको तर निजले मेरो निवेदन बमोजिम सो जग्गा मलाई नदिई मो. अस्लम हलवाई र हरिप्रित सिंहलाई बिक्री गरिदिएको र मैले रू. ३,७२,०००।- झिकी लिएको भनी झुट्टा बेहोराको भौचर खडा गरी र भे.१त ७६९ नं.को ट्याक्टर पनि मलाई फिर्ता नगरेको कारण मेरो करौडौं मूल्य पर्ने जग्गा संस्थाले आफ्नो कब्जा लिई मलाई ठगी गरेको हो भन्ने बेहोराको **रामानन्द शर्मा (बाहुन)** ले गरेको घटना विवरण कागज।

४२. मेरो बुबा स्वर्गीय जान मोहम्मद शेष उक्त संस्थाको चौथो कार्यकाल (२०६३-२०६८) सम्म सन्चालक समितिको सदस्य हुनुहुन्थ्यो। उक्त कार्यकालको मिति २०६६।०३।३० गते जिल्ला बाँके साबिक परस्पुर-४ स्थितको कि.नं. ३४४ ज.वि. ०-९-१५ को जग्गा सन्चालक समितिको निर्णय अनुसार नै टेण्डर प्रक्रियाले रू. ५,११,०००।- मा मेरो नाममा दा.खा. भई आएको हो र हालसम्म पनि उक्त जग्गा मेरै नाममा रहेको छ भन्ने बेहोराको **मो. तारिक जान शेषले** गरेको घटना विवरण कागज।

४३. निम्नानुसारका प्रतिवादीहरुले सहकारी संस्थाको रकम हिनामिना गरी जाहेरवालाहरूको बिगो अपचलन गरेकोले जाहेरवालाहरूको बिगो भराई हिनामिना भएको सहकारी संस्थाको रकम समेत असूलउपर गरी प्रतिवादीहरुलाई देहायको सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी रहेको।

(क) **प्रतिवादीहरू सिद्दिकुमार महर्जन र सतिस कुमार शर्मा**ले साबिकको मुलुकी ऐन ठगीको महलको १ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), र सहकारी ऐन, २०७४ को दफा १२२ को (ख)(ग) र (घ) बमोजिमको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरूलाई साबिकको मुलुकी ऐन ठगीको महलको ४ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) र सहकारी ऐन, २०७४ को दफा १२४(१) को (क) र (घ)(५) बमोजिम सजाय गरिपाउँ।

ख) **प्रतिवादीहरू अम्मर बहादुर खड्का, अजय कुमार पाठक, राजेन्द्र कुमार बि.क., बिमला गौतम, दिपक बर्मा, मैया के.सी., लक्ष्मी श्रेष्ठ र पवन कुमार यादव**ले साबिकको मुलुकी ऐन ठगी महलको १ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) र सहकारी ऐन २०७४ को दफा १२२ को (ग),(घ),(च),(ठ) र (ण) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को (क) बमोजिमको कसूर अपराध गरेको

संस्थाले जिल्ला बाँके नेपालगन्ज उपमहानगरपालिका वडा नं. ६ बस्ने अस्लम हलवाई र ऐ. बस्ने हरिप्रित सिंहलाई बिक्रीको प्रक्रियामा रहेको भन्ने थाहा पाई संस्थाका अध्यक्ष अम्वर बहादुर खड्कासँग गई आफूलाई अन्याय परेको कुरा जानकारी गराउँदा निजले आफूले जम्मा गरेको रकम रू. ३,७२,०००।- फिर्ताको लागी निवेदन दिनुहोस् भनी निज आफैले निवेदन लेखी दिएको र सोही बमोजिम मैले पनि निवेदन दिएको तर निजले मेरो निवेदन बमोजिम सो जग्गा मलाई नदिई मो. अस्लम हलवाई र हरिप्रित सिंहलाई बिक्री गरिदिएको र मैले रू. ३,७२,०००।- झिकी लिएको भनी झुट्टा बेहोराको भौचर खडा गरी र.भे.१त ७६९ नं.को ट्याक्टर पनि मलाई फिर्ता नगरेको कारण मेरो करौडौ मूल्य पर्ने जग्गा संस्थाले आफ्नो कब्जा लिई मलाई ठगी गरेको हो भन्ने बेहोराको रामानन्द शर्मा (बाहुन) ले गरेको घटना विवरण कागज।

४२.मेरो बुबा स्वर्गीय जान मोहम्मद शेष उक्त संस्थाको चौंथो कार्यकाल (२०६३-२०६८) सम्म सन्चालक समितिको सदस्य हुनुहुन्थ्यो। उक्त कार्यकालको मिति २०६६।०३।३० गते जिल्ला बाँके साबिक परस्पुर-४ स्थितको कि.न. ३४४ ज.बि. ०-९-१५ को जग्गा सन्चालक समितिको निर्णय अनुसार नै टेण्डर प्रक्रियाले रू. ५,११,०००।- मा मेरो नाममा दा.खा. भई आएको हो र हालसम्म पनि उक्त जग्गा मेरै नाममा रहेको छ भन्ने बेहोराको मो. तारिक जान शेषले गरेको घटना विवरण कागज।

४३.निम्नानुसारका प्रतिवादीहरूले सहकारी संस्थाको रकम हिनामिना गरी जाहेरवालाहरूको बिगो अपचलन गरेकोले जाहेरवालाहरूको बिगो भराई हिनामिना भएको सहकारी संस्थाको रकम समेत असूलउपर गरी प्रतिवादीहरुलाई देहायको सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी रहेको।

(क) प्रतिवादीहरू सिद्दिकुमार महर्जन र सतिस कुमार शर्माले सात्रिकको मुलुकी ऐन ठगीको महलको १ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), र सहकारी ऐन, २०७४ को दफा १२२ को (ख)(ग) र (घ) बमोजिमको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरूलाई सात्रिकको मुलुकी ऐन ठगीको महलको ४ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) र सहकारी ऐन, २०७४ को दफा १२४(१) को (क) र (घ)(५) बमोजिम सजाय गरिपाउँ।

ख) प्रतिवादीहरू अम्मर बहादुर खड्का, अजय कुमार पाठक, राजेन्द्र कुमार बि.क., बिमला गौतम, दिपक बर्मा, मैया के.सी., लक्ष्मी श्रेष्ठ र पवन कुमार यादवले साबिकको मुलुकी ऐन ठगी महलको १ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) र सहकारी ऐन २०७४ को दफा १२२ को (ग),(घ),(च),(ठ) र (ण) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को (क) बमोजिमको कसूर अपराध गरेको

हुँदा निज प्रतिवादीहरूलाई साविक मुलुकी ऐन ठगीको महलको ४ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) र सहकारी ऐन, २०७४ को दफा १२४(१)(क) र (घ)(५) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) बमोजिम सजाय गरिपाउँ।

(ग) प्रतिवादीहरू हुरदेव बक्स चौधरी, रविन्द्र थापा, चन्द्रप्रसाद तिमिल्सिना, रत्ना राणा, तुल्सा थापा, परमात्मा प्रसाद बर्मा, नन्दकिशोर कहार, कृष्णविक्रम के.सी. र अंगतराम बर्माले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), सहकारी ऐन, २०७४ को दफा १२२ को (ग),(घ),(च),(ज),(ञ),(ठ) र (ण) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को ३(क) बमोजिमको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा २४९(३)(ग), सहकारी ऐन २०७४ को दफा १२४(१)(क) र (घ)(५) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) बमोजिम सजाय गरिपाउँ।

(घ) प्रतिवादीहरू किरण श्रेष्ठ, गौरव कुमार श्रेष्ठ र विजय कुमार पाठकहरूले साविक मुलुकी ऐन ठगीको महलको १ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), सहकारी ऐन, २०७४ को दफा १२२ को (ग),(घ),(च),(ठ) र (ण) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३को (३)(क) बमोजिमको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरूलाई साविक मुलुकी ऐन ठगीको महलको ४ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग), सहकारी ऐन, २०७४ को दफा १२४(१)(क)(घ)(५) र संगठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) बमोजिम सजाय गरिपाउँ।

(ङ) प्रतिवादीहरू गोपाल भण्डारी, गंगाधर सुवेदी, अरुण कुमार पाठक, बलराम यादव, सुरतराम खटिक, लिलाराम भन्ने लिला प्रसाद वली, सूर्य बहादुर वि.क., गंगा भुसाल र शारदा कुमारी थापा मगरले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), सहकारी ऐन, २०७४ को १२२ को (ग),(घ),(च),(ठ) र (ण) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को ३(क) बमोजिमको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा २४९(३)(ग), सहकारी ऐन, २०७४ को दफा १२४(१)(क)(घ)(५) र संगठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) बमोजिम सजाय गरिपाउँ।

(च) प्रतिवादीहरू स्थिरमणी बज्राचार्य, लिला शाह, ओम प्रकाश चौधरी, तुसार शाह, भैरव प्रसाद श्रेष्ठ, सन्धी भन्ने सन्दिप शर्माले साविकको मुलुकी ऐन ठगीको महलको १ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), सहकारी ऐन २०७४ को १२२ को

(ग),(घ),(च),(ठ) र (ण) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को ३(क) बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादीहरूलाई साविकको मुलुकी ऐन ठगीको महलको ४ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को ३ (ग), सहकारी ऐन २०७४ को दफा १२४(१)को (क) र (घ)(५) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) बमोजिम सजाय गरिपाउँ।

(छ) प्रतिवादीहरू बिनोद कुमार शाक्य, नारायणबाबु अधिकारी, कुलानन्द रेग्मी र बिनम कुमार श्रेष्ठले साविकको मुलुकी ऐन ठगीको महलको १ नं., हालको मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), सहकारी ऐन, २०७४ को १२२ को (ग),(घ),(च),(ठ),(ण) र (ध) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(क) बमोजिमको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरूलाई साविक मुलुकी ऐन ठगीको महलको ४ नं., सोही मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को ३(ग), सहकारी ऐन, २०७४ को दफा १२४ को (क) र (घ)(५) तथा तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) बमोजिम सजाय गरिपाउँ।

(ज) सहकारी ऐन, २०७४ को दफा १२४ (घ) बमोजिम सहकारी वित्तिय विकास संस्था लि. को हिनामिना (अपचलन) भएको रू. ४३,०२,५३,०९५।- (त्रियालीस करोड दुईलाख त्रिपन्नहजार पन्चानब्बे रुपैयाँ) प्रतिवादीहरूबाट उक्त संस्थालाई दिलाई भराई दिन र निक्षेपकर्ताहरू मध्येका जगदम्बा पाठक समेतका १००९ जना जाहेरवालाहरूको एकमुष्ट हुन आउने निक्षेप रकम रू. २६,९६,०५,५८२।- (छब्बीस करोड छयानब्बे लाख पाँच हजार पाँचसय बयासी रुपैयाँ) र सोको नियमानुसारको हुने व्याजसमेत साविक मुलुकी ऐन ठगीको महलको ४ नं. र मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम प्रतिवादीहरूबाट दिलाई भराई पाउँ।

(झ) सहकारी वित्तिय विकास संस्था लि. नेपालगन्ज बाँकेको रकम अपचलन हिनामिना गर्ने सन्चालक र कर्मचारीहरूमध्ये मुनब्वर अली हलवाई, जान मोहम्मद शेख, यदुनन्दन देव, रेमाकान्त शर्मा अधिकारी, रण बहादुर सिंह ठाकुर र राज कुमार टण्डनको मृत्यु भइसकेको भन्ने मिसिलसंलग्न मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि समेतका कागजातबाट देखिएको हुँदा निज प्रतिवादीहरू उपर मुद्दा नचलाउने निर्णय गरिएको।

४४.हामी जाहेरवालाहरूले रकम सहकारी वित्तिय विकास संस्था लि.नेपालगन्जको नेपालगन्ज, खजुरा र बैजापुर शाखामा जम्मा (बचत) गरेकोमा उक्त संस्थाका कर्मचारी र सन्चालक समितीका पदाधिकारीहरूले रकम हिनामिना गरी हामी बचतकर्ताको ठगी गरेको भन्ने कुरा जानकारी पाई यो जाहेरी दरखास्त पेश गरेका छौं। अतः हामी निक्षेपकर्ता र सेयरधनीहरू मध्येका अतुमिया थारुसमेतका ५१७ जनाको एकमुष्ट बिगो रकम रू.८,८९,८५,५३१।-

नेपाल सरकार वि तरुण कुमार पाठकसमेत, तरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी ठगी हिनामिना,ठगी र संगठित अपराध, नं. ०७४-०७६-०७८९,फैसला पृष्ट १४२ मध्येको ४१

(आठकरोड उनानब्बेलाख पचासीहजार पाँचसय एक्तीस रुपैयाँ) तथा सोको कानूनबमोजिमको ब्याजसहितको रकम फिर्ता दिलाई कसूरमा संलग्न व्यक्तिहरूउपर कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने बेहोराको अतुमिया थारु समेतका ५१७ जनाको पुरक जाहेरी दरखास्त।

४५. **पुरक जाहेरी सम्बन्धमा प्रतिवादीहरूको अनुसन्धान अधिकारी समक्षको बयानः-**

(क) **प्रतिवादी अरुण कुमार पाठकको बयानः-** अतुमिया थारु समेतका ५१७ जना निक्षेपकर्ताहरूले दिएको थप जाहेरी दरखास्त देखाई पढीवाची सुनाउँदा सुनि बुझी पाएँ। सबै बचतकर्ताहरूलाई चिन्दिन र अतुनिया थारु समेतका ५१७ जनाले पेश गरेको थप जाहेरी दरखास्तहरूको बिगो संस्थाको बचत, मुद्दती, सेयर र दैनिक बचतको लेजरमा उल्लेख भएको रकम अनुसार नै जाहेरी दरखास्त दिएको हुनुपर्छ। सबै कुरा यस कार्यालय र अदालतमा दिएको बयानमा खुलाई लेखाई दिएको छु।

(ख) **प्रतिवादी गोपाल भण्डारीको बयानः-** जाहेरी दरखास्तहरूमा उल्लेख गरेको जम्मा बिगो रू. ८,८९,८५,५३१।- बराबरको रकम निक्षेपकर्ताको पासबुकसंग भिडान भएता पनि संस्थाको निक्षेप लेजरहरूसंग भिडान गराउनुपर्ने भएकाले यकीनका साथ भन्न नसकिने हुँदा सम्बन्धित शाखाका शाखा प्रमुखहरूलाई थप पर्न आएका जाहेरी दरखास्तमा उल्लेख गरिएका रकमहरूको सम्बन्धमा जानकारी होला। मलाई थाहा जानकारी भएन। जाहेरी दरखास्तहरूको बिगो संस्थाको बचत, मुद्दती, सेयर र दैनिक बचतको लेजरमा उल्लेख भएको रकम अनुसार नै जाहेरी दरखास्त दिएको हुनुपर्छ। यस सन्दर्भमा अन्य सबै कुरा यसपूर्वको बयानमा खुलाइसकेको छु।

(ग) **प्रतिवादी सुर्य बहादुर बि.क.को बयानः-** थप जाहेरी दरखास्तहरू देखाई पढीवाची सुनाउँदा सुनिपाएँ। जाहेरी दरखास्तहरूमा उल्लेख गरेको जम्मा बिगो रू. ८,८९,८५,५३१।- बराबरको रकम निजहरूले आ-आफ्नो पासबुकसँग भिडान गरी जाहेरीमा उल्लेख गरेता पनि रकम संस्थाको निक्षेप लेजरहरूसंग भिडान गराउनुपर्ने भएकाले यकीनका साथ भन्न सकिंदैन। जाहेरी दरखास्तमा उल्लिखित रकमका सम्बन्धमा सम्बन्धित शाखाका शाखा प्रमुखहरूको जिम्मेवारी हुने भएकाले सो सम्बन्धमा शाखा प्रमुखहरूलाई नै थाहा जानकारी होला, मलाई थाहा जानकारी भएन। रकम हिनामिना भएको सम्बन्धमा अन्य सबै कुरा मैले यसपूर्व बाँकि जिल्ला अदालतमा भएको बयानमा खुलाई लेखाइदिएको छु।

(घ)प्रतिवादी बलराम यादवको बयानः- पुरक जाहेरी दरखास्त दिएका अतुनिया थारुसमेतका ५१७ जना जाहेरवालाहरू सहाकारी बित्तिय बिकास संस्था लि. नेपालगन्ज, खजुरा र बैजापुर शाखामा रकम जम्मा गर्ने बचतकर्ताहरू हुन्। निजहरूले जाहेरी दरखास्तहरूमा उल्लेख गरेको जम्मा बिगो रू. ८,८९,८५,५३१।- बराबरको रकम निजहरूले आ-आफ्नो पासबुकसँग भिडान गरी जाहेरीमा उल्लेख गरेको हुनुपर्छ। जाहेरी दरखास्तमा उल्लिखित रकम सम्बन्धमा सम्बन्धित शाखाका शाखा प्रमुखहरूको जिम्मेवारी हुने भएकाले सो सम्बन्धमा शाखा प्रमुखहरूलाई नै थाहा जानकारी होला, मलाई थाहा जानकारी भएन। थप जाहेरी दरखास्तमा उल्लेख भएको रकम संस्थाको लेजरहरूमा भिडाई थप यकीन गर्न सकिन्छ। रकम हिनामिना भएको सन्दर्भमा अन्य सबै कुरा यसपूर्व भएको बयानमा खुलाइसकेको छु।

(ङ)प्रतिवादी गंगाधर सुवेदीको बयानः- जाहेरी दरखास्तहरूमा उल्लिखित जम्मा बिगो रू.८,८९,८५,५३१।- बराबरको रकम निक्षेपकर्ताको पासबुकसँग भिडान भएतापनि संस्थाको निक्षेप लेजरहरूसँग भिडान गराउनुपर्ने भएकाले यकीनका साथ भन्न नसकिने हुँदा सम्बन्धित शाखाका शाखा प्रमुखहरूलाई थप पर्न आएका जाहेरी दरखास्तमा उल्लेख गरिएका रकमहरूको सम्बन्धमा जानकारी होला। अतुनिया थारु समेतका ५१७ जनाले बिगो, संस्थाको बचत, मुद्दती, सेयर र दैनिक बचतको लेजरमा उल्लेख भएको रकम अनुसार नै जाहेरी दरखास्त दिएको हुनुपर्छ। थप जाहेरी दरखास्तमा उल्लेख भएको रकम संस्थाको लेजरहरूमा भिडाई थप यकीन गर्न सकिन्छ। यस सन्दर्भमा अन्य सबै कुरा यसपूर्व भएको बयानमा खुलाइसकेको छु।

(च)प्रतिवादी लिला प्रसाद बोलीको बयानः- थप जाहेरी दरखास्तहरूमा उल्लेख गरेको जम्मा बिगो रू. ८,८९,८५,५३१।- बराबरको रकम निजहरूले आ-आफ्नो पासबुकसँग भिडान गरी जाहेरीमा उल्लेख गरेता पनि रकम संस्थाको निक्षेप लेजरहरूसंग भिडान गराउनु पर्ने भएकाले यकीनका साथ भन्न् सकिँदैन। यस सन्दर्भमा अन्य सबै कुरा यसपूर्व भएको बयानमा खुलाइसकेको छु।

(छ)प्रतिवादी गौरब श्रेष्ठको बयानः- जाहेरी दरखास्तहरूमा उल्लेख गरेको जम्मा बिगो रू.८,८९,८५,५३१।- बराबरको रकम निजहरूले आ-आफ्नो पासबुकसँग भिडान गरी

जाहेरीमा उल्लेख गरेतापनि रकम संस्थाको निक्षेप लेजरहरूसँग भिडान गराउनुपर्ने भएकाले यकीनका साथ भन्न सकिदैन। जाहेरी दरखास्तमा उल्लिखित रकम सम्बन्धमा सम्बन्धित शाखाका शाखा प्रमुखहरूको जिम्मेवारी हुने भएकाले सो सम्बन्धमा शाखा प्रमुखहरूलाई नै थाहा जानकारी होला। रकम हिनामिना भएको सम्बन्धमा अन्य सबै कुरा यस पूर्व बाँके जिल्ला अदालतमा भएको बयानमा खुलाई लेखाइदिएको छु।

(ज)प्रतिवादी अजय कुमार पाठकको बयान:- जाहेरवालाहरू सहकारी वित्तिय विकास संस्था लि.नेपालगन्जका निक्षेपकर्ताहरू हुन्। निजहरूले जाहेरी दरखास्तमा उल्लेख गरेको बिगोको सम्बन्धमा उक्त संस्थामा तत् समयमा जिम्मेवारीमा रहेका कर्मचारीहरूलाई थाहा होला। मलाई थाहा भएन।।

(झ)प्रतिवादी तुषार साहको बयान:- जाहेरवालाहरू सहकारी वित्तिय विकास संस्था लि.नेपालगन्जका निक्षेपकर्ताहरू हुन्। निजहरूले जाहेरी दरखास्तमा उल्लेख गरेको बिगोको सम्बन्धमा उक्त संस्थामा तत् समयमा जिम्मेवारीमा रहेका कर्मचारीहरूलाई थाहा होला। मलाई थाहा भएन।

(ञ)प्रतिवादी विजय कुमार पाठकको बयान:-जाहेरवालाहरू सहकी वित्तिय विकास संस्था लि.नेपालगन्जका निक्षेपकर्ताहरू हुन्। निजहरूले जाहेरी दरखास्तमा उल्लेख गरेको बिगोको सम्बन्धमा उक्त संस्थामा तत् समयमा जिम्मेवारीमा रहेका कर्मचारीहरूलाई थाहा होला। मलाई थाहा भएन।

(ट)प्रतिवादी लिला प्रसाद ओलीको बयान:- म सहकारी वित्तिय विकास संस्था लि.नेपालगन्जको बैजापुर शाखामा प्रबन्धकको जिम्मेवारीमा थिएँ। अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीबाची सुनाउँदा सुनी पाएँ। निज जाहेरवालाहरू सहकारी वित्तिय विकास संस्था लि.नेपालगन्ज, खजुरा र बैजापुर शाखामा रकम जम्मा गर्ने बचतकर्ताहरू हुन्। थप जाहेरी दरखास्तमा उल्लेखित जम्मा बिगो रु. ८,८९,८५,५३१।- संस्थाको निक्षेप लेजर भिडान गरी यकीन गर्नुपर्ने हुन्छ। उक्त रकम हिनामिना भएको सम्बन्धमा मैले यस पूर्व अदालतमा बयानको क्रममा खुलाएको छु।

(ठ)**प्रतिवादी सन्दिप कुमार शर्माको बयान:-** अतुनिया थारु समेतका ५१७ जना जाहेरवालाहरू सहकारी बित्तिय बिकास संस्था लि.नेपालगन्जमा रकम जम्मा गर्ने निक्षेपकर्ताहरू हुन्। संस्थाको आर्थिक कारोवारको जिम्मेवारी कर्मचारीहरूको हुने हुँदा जाहेरवालाहरूको रकम हिनामिना सम्बन्धमा संस्थाका जिम्मेवार कर्मचारीहरूलाई थाहा होला। मलाई थाहा भएन।

(ड)**प्रतिवादी गंगा भुषालको बयान:-** अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीबाची सुनाउँदा सुनीपाएँ। निज जाहेरवालाहरू सहकारी बित्तिय बिकास संस्था लि.नेपालगन्ज, खजुरा र बैजापुर शाखामा रकम जम्मा गर्ने बचतकर्ताहरू हुन्। थप जाहेरी दरखास्तमा उल्लेखित जम्मा बिगो रू. ८,८९,८५,५३१।- संस्थाको निक्षेप लेजर भिडान गरी यकीन गर्नुपर्ने हुन्छ। उक्त रकम हिनामिना भएको सम्बन्धमा मैले यसपूर्व अदालतमा बयानको क्रममा खुलाइसकेको छु।

(ढ)**प्रतिवादी अम्बर बहादुर खड्काको बयान:-** अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीबाची सुनाउँदा सुनी पाएँ। उल्लिखित जाहेरवालाहरू सहकारी बित्तिय बिकास संस्था लि.नेपालगन्जका निक्षेपकर्ता हुन वा होइनन् भन्ने कुरा संस्थाको निक्षेप लेजरहरूसँग भिडाई यकीन गर्न सकिन्छ। जाहेरवालाहरूले खुलाएको बिगो हिनामिना भएको सम्बन्धमा संस्थाका कर्मचारीहरूलाई थाहा होला मलाई थाहा भएन।

(ण)**प्रतिवादी अंगतराम कुर्मीको बयान:-** अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीबाची सुनाउँदा सुनी पाएँ। निजहरूले जाहेरी दरखास्तहरूमा उल्लेख गरेको रकम हिनामिना अपचलन भएको सम्बन्धमा संस्थाका कर्मचारीहरूलाई थाहा होला। उक्त रकम हिनामिना गर्ने कार्यमा मेरो संलग्नता रहेको छैन।

(त)**प्रतिवादी राजेन्द्र कुमार बि.क.को बयान:-** अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीबाची सुनाउँदा सुनी पाएँ। निज जाहेरवालाहरू सहकारी बित्तिय बिकास संस्था लि.नेपालगन्ज, खजुरा र बैजापुर शाखामा रकम जम्मा गर्ने बचतकर्ताहरू हुन्। निजहरूको जम्मा बिगो रू. ८,८९,८५,५३१।- रकम हिनामिना गर्ने संस्थाका जिम्मेवार कर्मचारीहरू हुन्। थप जाहेरवालाहरूको रकम हिनामिना गर्ने कार्यमा मेरो कुनै संलग्नता रहेको छैन।

(थ)**प्रतिवादी रविन्द्र थापाको बयानः-** म सहकारी वितिय विकास संस्था लि.नेपालगन्जको वर्तमान कार्यकालमा सन्चालक समितीको उपाध्यक्ष रहेको थिएँ। अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीबाची सुनाउँदा सुनी पाएँ। निज जाहेरवालाहरू सहकारी वित्तिय विकास संस्था लि.नेपालगन्ज, खजुरा र बैजापुर शाखामा रकम जम्मा गर्ने बचतकर्ताहरू हुन्। थप जाहेरी दरखास्तमा उल्लेखित जम्मा बिगो रू. ८,८९,८५,५३१।- संस्थाको निक्षेप लेजर भिडान गरी यकीन गर्नुपर्ने हुन्छ। उक्त रकम हिनामिना भएको सम्बन्धमा मैले यसपूर्व अदालतमा बयानको क्रममा खुलाइसकेको छु।

(द)**प्रतिवादी चन्द्र प्रसाद तिमिल्सिनाको बयानः-** म सहकारी वित्तिय बिकास संस्था लि.नेपालगन्जको वर्तमान कार्यकालमा सन्चालक समितीको सदस्य रहेको थिएँ। अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीबाची सुनाउँदा सुनी पाएँ। निज जाहेरवालाहरू सहकारी वित्तिय बिकास संस्था लि.नेपालगन्जमा रकम जम्मा गर्ने बचतकर्ताहरू हुन्। थप जाहेरी दरखास्तमा उल्लेखित जम्मा बिगो रू. ८,८९,८५,५३१।- संस्थाको निक्षेप लेजर भिडान गरी यकीन गर्नुपर्ने हुन्छ। उक्त रकम हिनामिना अपचलन भएको सम्बन्धमा संस्थाका जिम्मेवार कर्मचारीहरूलाई थाहा होला।

(ध)**प्रतिवादी दिपक कुमार वर्माको बयानः-** म सहकारी वित्तिय बिकास संस्था लि.नेपालगन्जको सन्चालक समितीको पाचौं कार्यकालमा उक्त संस्थाको सदस्य रहेको थिएँ। अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीबाची सुनाउँदा सुनी पाएँ। थप जाहेरी दरखास्तमा उल्लेखित जम्मा बिगो रू. ८,८९,८५,५३१।- हिनामिना गरी ठगी गर्ने कार्यमा मेरो कुनै संलग्नता रहेको छैन।

(न)**प्रतिवादी बिमला गौतमको बयानः-** म सहकारी वित्तिय बिकास संस्था लि.नेपालगन्जको सन्चालक समितीको पाँचौं कार्यकालमा उक्त संस्थाको सदस्य रहेको थिएँ। अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीबाची सुनाउँदा सुनी पाएँ। थप जाहेरी दरखास्तमा उल्लेखित जम्मा बिगो रू. ८,८९,८५,५३१।- हिनामिना गरी ठगी गर्ने कार्यमा मेरो कुनै संलग्नता रहेको छैन।

(प)**प्रतिवादी कृष्ण बिक्रम के.सी.को बयानः-** म सहकारी वित्तिय विकास संस्था लि.नेपालगन्जको सन्चालक समितीको छैठौं कार्यकालमा उक्त संस्थाको सदस्य रहेको

थिएँ। अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीवाची सुनाउँदा सुनीपाएँ। जाहेरवालाहरूले जाहेरी साथ पेश गरेको पासबुकको फोटोकपीको आधारले निजहरू म सदस्य रहेको संस्थाका निक्षेपकर्ताहरू हुन्। निजहरूले जाहेरी दरखास्तमामा उल्लेख गरेको रकम ठगी गर्ने कार्यमा मेरो कुनं संलग्नता रहेको छैन।

(फ)प्रतिवादी नन्द किशोर कहारको बयानः- अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीवाची सुनाउँदा सुनीपाएँ। जाहेरी दरखास्तहरूमा उल्लिखित जम्मा रकम रु. ८,८९,८५,५३१।- हिनामिना अपचलन गर्ने कार्यमा मेरो कुनै संलग्नता रहेको छैन। म सहकारी बित्तिय बिकास संस्था लि.नेपालगन्जको सन्चालक समितीको छैठौं कार्यकालमा उक्त संस्थाको सदस्य रहेको कारण नैतिक जिम्मेवारीको हिसावले निक्षेपकर्ताहरूले मेरो पनि संलग्नता खुलाएको हुनुपर्छ।

(ब)प्रतिवादी सिद्दिकुमार महर्जनको बयानः- म सहकारी बित्तिय बिकास संस्था लि.नेपालगन्जमा २०६३ साल देखि २०६७ सालसम्म सन्चालक समितीको अध्यक्ष रहेको थिएँ। अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीवाची सुनाउँदा सुनीपाएँ। जाहेरी दरखास्तहरूमा उल्लिखित जम्मा रकम रु. ८,८९,८५,५३१।- हिनामिना अपचलन गरी ठगी गरेको सम्बन्धमा संस्थाका कर्मचारीहरूलाई थाहा होला। मलाई थाहा भएन। म अध्यक्ष रहेको कार्यकालमा संस्थामा कुनै निक्षेपकर्ताहरूको रकम हिनामिना भएको अवस्था थिएन।

(भ)प्रतिवादी सतिष कुमार शर्माको बयानः- म सहकारी बित्तिय बिकास संस्था लि.नेपालगन्जको सन्चालक समितीको दोस्रो कार्यकालमा उक्त संस्थाको सदस्य रहेको थिएँ। अतुनिया थारु समेतका ५१७ जनाको जाहेरी दरखास्तहरू देखाई पढीवाची सुनाउँदा सुनीपाएँ। जाहेरवालाहरूले जाहेरी साथ पेश गरेको पासबुकको फोटोकपीको आधारले निजहरू म सदस्य रहेको संस्थाका निक्षेपकर्ताहरू हुन्। निजहरूले जाहेरी दरखास्तमामा उल्लेख गरेको रकम ठगी गर्ने कार्यमा मेरो कुनै संलग्नता रहेको छैन।

(म)प्रतिवादी तुलसी थापाको बयानः- म सहकारी बित्तिय बिकास संस्था लि.नेपालगन्जको छैठौं कार्यकालमा उक्त संस्थाको सन्चालक समितीको सदस्य रहेको थिएँ। अतुनिया थारु समेतका ५१७ जनाले थप पेश गरेको जाहेरी दरखास्तहरू देखाई पढिवाची सुनाउँदा

सुनीपाएँ। जाहेरवालाहरू सहकारी वित्तिय विकास संस्था लि. नेपालगन्जका निक्षेपकर्ताहरू हुन्। जाहेरवालाहरूले सहकारी वित्तिय विकास संस्था लि.नेपालगन्जका सन्चालक र कर्मचारीहरूले ठगी गरेको भनी जाहेरी दरखास्तहरूमा उल्लेख गरेको जम्मा बिगो रू. ८,८९,८५,५३१।- रकम हिनामिना गरी ठगी गर्ने कार्यमा मेरो कुनै संलग्नता रहेको छैन। निक्षेपकर्ताहरूको उक्त रकम संस्थाका कर्मचारीहरूले हिनामिना गरेको हुनुपर्छ।

४६.निक्षेपकर्ताहरूमध्येका अतुमिया थारु समेतका ५१७ जना जाहेरवालाहरूको एकमुष्ट हुन आउने रकम रू. ८,८९,८५,५३१।- (अक्षरुपी आठ करोड उनानब्बे लाख पचासी हजार पाँच सय एक्तिस रुपैँया) प्रतिवादीहरूबाट जाहेरवालाहरूलाई दिलाई भराई मुलुकी अपराध संहिता,२०७४ को दफा २४९(३) बमोजिम कैद र जरिवानाका साथै फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४८ र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गरिपाउँ भन्ने बेहोराको वादी नेपाल सरकारको पुरक अभियोग मागदावी।

४७.प्रतिवादी गंगाधर सुवेदीले सुरु अदालतमा गरेको बयान ब्यहोरा:- मैले मिति २०५७।०४।०१ सहायक स्तरको नियुक्ति पत्र पाई हालसम्म अनवरत रुपमा सेवारत रहेको छु। म सहायक स्तरमा प्रवेश गरी उक्त कार्यालयको प्रधान कार्यालयमा शेयरको हिसाब राखे, शाखाहरूमा पत्राचार गर्ने, शाखाहरुको हिसाब मिलान गर्ने काम गर्थे। २०६१ मा बैंकिङ्ग कार्यालयमा कर्जा सहायक भएर २०६२ सम्म काम गरेको थिएँ । सो क्रममा कर्जा सम्बन्धी सम्पूर्ण कामको जिम्मेवारीमा रहेको थिएँ। २०६२ देखि २०६४ सम्म का.मु. प्रवन्धक भई प्रधान कार्यालयमा समेत काम गरेको थिएँ । सो क्रममा प्रधान कार्यालय र शाखा कार्यालय समेतको सम्पूर्ण कामको जिम्मेवारी मेरो हुन्थ्यो तथा म सन्चालक समितिको सदस्य सचिवमा समेत रही काम गरेको थिएँ। मिति २०६४ देखि २०६५ सम्म बैंकिङ्ग निमित्त प्रवन्धक भई बैंकिङ्ग कार्यालयको सम्पूर्ण जिम्मेवारी सम्हालेको थिएँ। मिति २०६६ सालमा अधिकृतमा बढुवा भई केही समय खजुरा शाखामा काजमा गई पछि पुनः प्रधान कार्यालयमा आई बैंकिङ्ग कार्यालयको सम्पूर्ण जिम्मेवारी सम्हालेको थिए। २०६९ सालमा प्रधान कार्यालय र बैंकिङ्ग कार्यालय नेपालगन्ज एकआपसमा समायोजन गर्ने सन्चालक समितिले निर्णय गरेपछि निमित्त प्रमुख प्रवन्धक गोपाल भण्डारी र बैंकिङ्ग प्रवन्धक म भई निक्षेप तथा बचत संकलनको जिम्मेवारी मैले पाएको थिएँ। त्यसैगरी कर्जा लगानी तथा असूली र शाखा कार्यालयहरुलाई निरीक्षण निर्देशन दिने एवं सन्चालक समितिको सदस्य सचिव गोपाल भण्डारीले पाएका थिए। २०७३ साल असारमा सन्चालक समितिको निर्णयानुसार पुनः प्रधान कार्यालय र बैंकिङ्ग कार्यालय विभाजन भएको थियो।

२०७३ साल मंसिरमा संस्थाको छैटौं सन्चालक समितिको निर्वाचन भई सन्चालक समितिले कार्यभार सम्हालेपछि निमित्त प्रमुख प्रवन्धक गोपाल भण्डारीले अस्वस्थताको कारण देखाई उक्त पदमा काम गर्न नसक्ने निवेदन पेश गरेपछि २०७३ मंसिर १४ गतेको सन्चालक समितिको निर्णयबाट मलाई प्रमुख प्रवन्धक र गोपाल भण्डारीलाई बैंकिङ्ग कार्यालय नेपालगन्जमा प्रमुख बनाइएको थियो। मिति २०७४।११।२५ गते सन्चालक समितिको बैठकबाट मलाई खजुरा र बैजापुर शाखामा काज सरुवा गरी बैंकिङ्ग कार्यलयको प्रमुख गोपाल भण्डारीलाई प्रधान कार्यालयको समेत जिम्मेवारी दिइएको थियो। मिति २०७५।०५।२० गते सन्चालक समितिको निर्णयानुसार प्रमुख प्रवन्धक गोपाल भण्डारी, सहायक प्रमुख प्रवन्धक म र कर्जा प्रमुख तथा बैंकिङ्ग प्रवन्धक अरुण कुमार पाठकलाई जिम्मेवारी तोकिएको थियो। एवं तवरले सन्चालक समितिले तोकिदिएको जिम्मेवारीमा रही संस्थाको दैनिक कार्य सम्पादन गर्दै आएका थियौं। बचततर्फको रकम हिनामिना आ.व. ०७२।७३ बाट शुरुवात भएको हो। बचतकर्ताले जम्मा गर्न ल्याएको बचत रकम सम्बन्धित फाँटमा बुझी ग्राहकलाई अर्धकट्टी दिई निजको पासबुकमा उक्त रकम चढाई संस्थामा रहेको ढड्डा लेजरमा समेत उक्त रकम चढाइएको हो। नियमानुसार सो रकम संस्थाको क्यासबुकमा जम्मा गरी तालुक निकायना क्यासबुक चेकिङ्ग गराई सोपछि मात्र ढड्डामा चढाउनुपर्ने हो, सो नगरी उक्त रकम बचत फाँटका तत्कालिन सह उपसहायक सुरतराम खटिक, तत्कालिन कर्जा सहायक अरुण कुमार पाठक, कर्जा अधिकृत गौरव कुमार श्रेष्ठ र जर्नल सहायक किरण श्रेष्ठ समेतले गरेका हुन। सोको प्रमाण मसंग छ। सो सम्बन्धि जानकारी तत्कालिन सन्चालक समिति र लेखा समितिलाई समेत थियो। विज्ञहरुबाट प्राप्त प्रतिवेदनमा आ.व. ०७२।७३ मा बचततर्फ रू. १,०७,९३,१९६।७७ रकम हिनामिना भएको, आ.व. ०७३।७४ मा रू. ४,०५,०५,०२२।५२, आ.व. ०७४।७५ मा रू. ८,८३,७५,९९४।२२ र आ.व. ०७५।७६ मा रू. १६,११,९७,८२०।१९ पेश भएको छ, सो रकम हिनामिना गर्ने बचततर्फका सह उपसहायक सुरतराम खटिक, आ.व. ०७२।७३ का जर्नल सहायक किरण श्रेष्ठ र सम्बन्धित लेजरको ब्यालेन्स मिलाउने कर्मचारी र बैंकिङ्ग प्रवन्धक म आफै नैतिक जिम्मेवार थिएँ। त्यसैगरी ०७३।७४ मा उक्त हिनामिनाको रकम बढेर रू. ४,०५,०५,०२२।५२ पुगेको हो। सो समयमा बचततर्फका सह उपसहायक सुरतराम खटिक जर्नल सहायक किरण श्रेष्ठ र सम्बन्धित लेजरको ब्यालेन्स मिलाउने कर्मचारी र बैंकिङ्ग प्रवन्धक गोपाल भण्डारी थिए। आ.व. ०७४।७५ मा हिनामिना बढेर रू. ८,८३,७५,९९४।२२ पुगेको हो। सो समयमा बचततर्फका सह उपसहायक सुरतराम खटिक, जर्नल सहायक किरण श्रेष्ठ र सम्बन्धित लेजरको ब्यालेन्स मिलाउने कर्मचारी र

बैंकिङ्ग प्रवन्धक गोपाल भण्डारी थिए। आ.व. ०७५।७६ मा सो हिनामिनाको रकम बढेर रू. १६,११,९७,८२०।१९ पुगेको हो । सो समयमा बचततर्फका बैंकिङ्ग प्रवन्धक तथा कर्जा अधिकृत अरुण कुमार पाठक, सह उपसहायक सुरतराम खटिक, जर्नल सहायक किरण श्रेष्ठ र सम्बन्धित लेजरको ब्यालेन्स मिलाउने कर्मचारीहरू हुन्। उपरोक्त आँकडाबाट बैंकिङ्ग प्रवन्धक अरुण कुमार पाठकले उक्त पद सम्हालेपछि आ.व. ०७५।०७६ मा मात्र रू. ७,८८,२१,८२२।३० हिनामिना भएको पुष्टि हुन्छ। सो हिनामिनाको सम्बन्धमा आफूभन्दा माथिल्लो निकायमा जानकारी गराउँदा समेत सन्चालक समिति र सो बखतका प्रमुख प्रवन्धक गोपाल भण्डारीले २१ औं साधारणसभामा निज अरुणकुमार पाठकलाई उल्टै उत्कृष्ट कर्मचारी भनी पुरस्कृत गरेका थिए।कर्जातर्फको हिनामिना सम्बन्धमा संस्थाले कारोवार गरेको मिति २०५३।०३।०२ गतेदेखि हालसम्म निज अरुणकुमार पाठकले संस्थामा कर्जा उपसहायक, कर्जा सहायक, कर्जा अधिकृत हुँदै बैंकिङ्ग प्रवन्धकसम्म काम गरेका हुन्। २०६० सालदेखि २०७३ असार मसान्तसम्म गौरव कुमार श्रेष्ठ उक्त फाँटका फाँट प्रमुख हुन्। सन्चालक समितिको पाँचौं कार्यकालमा अध्यक्ष अम्मर बहादुर खड्का रहँदा सन्चालक समितिबाट गठित कर्जा लगानी उपसमितिमा दिपक बर्मा संयोजक थिए। करोबारका क्रममा अन्दाजी १ वर्ष जति संस्थाको नियमानुसार नै लगानी गरिएता पनि पछि कर्जा फाँटका प्रमुख गौरवकुमार श्रेष्ठ र सहायक अरुणकुमार पाठकले अध्यक्ष अम्बर बहादुर खड्का र उपाध्यक्ष अजयकुमार पाठकको आडबलमा नियम विपरीत आफुखुसी लगानी र असूली गरी रकम हिनामिना गरेका हुन्। अम्बर बहादुर खड्का र गौरब कुमार श्रेष्ठ एकदम नजिकको मिल्ने साथी र अजयकुमार पाठक अरुणकुमार पाठकको सहोदर भाई हुन्।कर्जा असूली उपसमितिमा चन्द्रप्रसाद तिमिल्सिना केही समय संयोजक थिए। पछि राजेन्द्र कुमार वि.क. संयोजक भएका हुन्। संस्थाबाट लगानी भएको कर्जाहरूको असुलीका लागि पटकपटक लिखित एवं मौखिक रुपमा असूली समिति तथा सन्चालक समितिबाट निर्णय गरी विवरणहरू माग गर्दा उक्त फाँटबाट अध्यक्ष उपाध्यक्षकै आडबलमा विवरण दिइदिनथ्यो। सोही कारण लगानी संयोजक दिपक बर्मा र असूली संयोजक चन्द्रप्रसाद तिमिल्सेनाको चित्त नबुझी लामो समय सन्चालक समितिको बैठकमा अनुपस्थित रहेका थिए। निजहरूको रकम हिनामिनामा कुनै संलग्नता थिएन ।नगद मौज्दात रकम हिनामिना सम्बन्धमा संस्थामा हुने नगद कारोबार खंचाञ्जी र प्रवन्धकको जिम्मेवारीमा रहन्छ। ढुकुटीमा २ साँचो रहने र सो मध्ये एक साँचो प्रवन्धक र अर्को साँचो खंचाञ्जीको जिम्मामा रहने हुँदा सो हिनामिना रकममा दुबैको जिम्मेवारी रहन्छ। विज्ञहरूबाट बैंकिङ्ग कार्यालय नेपालगन्ज, शाखा कार्यालयहरू खजुरा र बैजापुरको ढुकुटी चेक नभएकाले उक्त रकम हिनामिनामा आएको हुन सक्छ। तिनै ठाँउको झुत्रो नोट

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना ठगी र संगठित अपराध, नं. ०७४-०७६-०७८१, फैसला पृष्ठ १३२ प्रकरण १०

र रेचकारी पैसा संस्थामा रहेको अवस्था हो। ती सबै झुत्रो नोट र रेचकारी रकमलाई जोड्ने हो भने हिसाब मिलान हुन आउँछ। शाखा कार्यालय खजुरामा शाखा प्रमुख सर्यबहादुर बि.क. र बैजापुर शाखाका प्रमुख लिलाप्रसाद वली रहेकाले खजुरा शाखाको हिनामिना रकम रू. ६६,८६,२५६।- र बैजापुर शाखाको हिनामिना रकम रू.९,८३,६३९।- के कसरी हिनामिना भयो निज शाखा प्रवन्धकहरूलाई नै थाहा जानकारी होला। संस्थामा आउने कुनैपनि निरीक्षण प्रधान कार्यालयमा नै आउने गर्दथ्यो। प्रधान कार्यालयमार्फत् शाखा कार्यालयहरूमा सो को जानकारी हुने गर्दथ्यो। निरीक्षण गराउने काम कर्तब्य र अधिकार प्रधान कार्यालयको रहने हुँदा २०७०।०१।२ देखि २०७१।०३।३० सम्म जर्नल फाँटका प्रमुख किरण श्रेष्ठको कसको लिखित वा मौखिक आदेशमा हो ? किर्ते जि.एल.(general ledger) खाता र गौरवकुमार श्रेष्ठ र अरुण कुमार पाठक कर्जा फाँटमा रहेकाले निजहरूले नै किर्ते कर्जा खडा गरेका हुन्। मलाई सो सम्बन्धमा थाहा जानकारी भएन। सो कार्यमा मेरो काँहीकतै हस्ताक्षर नभएकाले उक्त किर्ते जि.एल.(general ledger) र किर्ते कर्जाको विषयमा विज्ञ समुहबाट छानविन गर्दा मात्र मैले थाहा जानकारी पाएको हुँ। संस्थाले कुल सेयर पुँजीको प्रति ऋणी १० भागको १ भाग मात्र ऋण लगानी गर्न सक्ने प्रावधान छ। ऋणी हुनको लागि सर्वप्रथम प्रक्रिया पुर्‍याई संस्थाबाट ऋण मागको आवेदन पेश गर्नु पर्दछ। ऋणी भएमा मेरो नामको कुनै धितो, धरौटी, जमानत हुनुपर्ने र मैले ऋण लिनको लागि संस्थामा कुनै आवेदन समेत नदिएको कारण उक्त कर्जा मैले लिएको भनी लेजरमा किन देखाइयो मलाई थाहा भएन। उक्त ऋण मैले लिई उपभोग गरेको होइन। ऋण उपभोग गरेको भए सम्बन्धीत कर्जा फाँटबाट ऋणको साँवा ब्याज तिर्नु भनी पत्राचार वा एस.एम.एस. हुनुपर्ने हो सो केही नभएकाले उपभोग नै नगरेको कर्जा चुक्ता गर्नुपर्ने दायित्व मेरो होइन। मेरो नाममा कर्जा छ भनी छानविन हुँदा थाहा पाएको हुँ। कर्जा अधिकृत अरुण कुमार पाठकलाई तपाईले बचत तथा ऋणतर्फ हिनामिना गरेको रकम छिटो जम्मा गर्नुस् भनी मैले पटकपटक भनीरहेकाले मप्रति पुर्ण रुपले पुर्वाग्रह राखी बिना बिल भौचर तमसुक दस्तखतको मेरो नाउँमा कर्जा लेजरमा किर्ते पोष्टिङ्ग गरेका हुन्। सोको केही प्रमाणहरू नभएको र यदि भएमा निजलाई नै थाहा जानकारी होला। जगेडा कोष संस्थामा नाफा भएपछि कुल नाफाको २५% छुटयाई खडा गरिने कोष हो। संस्थाको जगेडा कोषको हिसाब प्रधान कार्यालयले राख्ने गर्दथ्यो। आ.व. ०७२।०७३ मा म प्रधान कार्यालयमा कार्यरत नरहेको हुँदा उक्त कोष अविभाज्य रहेको र सो कोषलाई शेयर बिक्री हिसाबतर्फ समायोजन गर्न नहुनेमा संस्थाको प्रधान कार्यालयले गरेको उक्त कार्यको, आन्तरिक लेखा परीक्षक र बाह्य लेखा परीक्षकबाट उक्त विषयमा कैफियत उठान गर्नुपर्ने हो। सोको अन्तिम जिम्मेवारी प्रधान कार्यालयका प्रमुख प्रवन्धक,

लेखा सुपरिवेक्षण समिति र बाह्य लेखा परीक्षकको रहन्छ। मिति २०५७।०४।०१ गते देखि संस्था संचालनमा रहँदासम्म विभिन्न पदमा बसी कार्य गरेकाले संस्थाको हिनामिना भएको रकममा मेरो नैतिक दायित्व छ। मैले जाने बुझेसम्म मेरो आफ्नो लापरवाहीको कारण प्रत्यक्ष संलग्न रही रकम हिनामिना गरेको छैन भन्ने बेहोराको **प्रतिवादी गंगाधर सुवेदीले** सुरु अदालतमा गरेको बयान।

४८.म २०५३ सालदेखि उपसहायक पदमा सेवा प्रवेश गरी कर्जा फाँटमा बसी काम गर्दै गर्दा कर्जाको भौचर भर्ने, तमसुक लेख्ने, जग्गा रोक्का र फुकुवा पत्र लेख्ने र ऋणीको फाईल आएपछि घरजग्गाको धितो मुल्यांकन गरी बैंकिङ्ग प्रवन्धककोमा फाईल पेश गर्ने गर्थे। २०६३ साल सम्म म सहायक पदमा बढुवा भई पुनः सोही कर्जा फाँटमा सोही काम गर्दै आएको थिएँ। मिति २०७३ सालमा कर्जा प्रमुख भई पुनः सोही कामको निरन्तरता पाई २०७५।६।१ सम्म काम गरेको हुँ र २०७५।६।१ देखि कर्जा प्रमुख र बैंकिङ्ग प्रवन्धक समेत भएको हुँ सो क्रममा मैले बैंकिङ्ग प्रवन्धक गोपाल भण्डारी समक्ष बरबुझारथको कुरा गर्दा हाल सो कार्य गर्न पर्दैन भनी मलाई कर्जाको सम्पूर्ण जिम्मेवारीका साथै बैंकिङ्गतर्फ चेकमा साईन गर्ने र बचत खाताको रकम जम्मा के-कहाँ र कति रकम जम्मा भयो सोको चेकजाँच गर्ने जिम्मेवारी पाएको थिएँ। क्यास बुक र क्यास ब्यालेन्स बुक मैले हेरी मैले ढुकुटीमा रकम जम्मा गर्ने गर्थे।। हाल म कर्जा प्रमुख र बैंकिङ्ग प्रवन्धक भई काम गरेको थिएँ। रकम हिनामिनाका सम्बन्धमा विज्ञहरूले तयार पारेको प्रतिवेदनमा बचततर्फको हिनामिना रकमको सम्बन्धमा प्रमुख प्रवन्धक र सहायक प्रमुख प्रवन्धक गोपाल भण्डारी र गंगाधर सुवेदीले बचत खातामा पोष्टिङ्ग गर्ने मौखिक आदेश मलाई दिए अनुसार मैले बचतखाता पोष्टिङ्ग गरेको हुँ र नगद रकम गोपाल भण्डारी र गंगाधर सुवेदीले नै राख्ने गर्दथे। ऋणतर्फको हिनामिना रकम रू.२२,९४,१७,५४९।५० को सम्बन्धमा प्रमुख प्रवन्धक र सहायक प्रमुख प्रवन्धक क्रमशः गोपाल भण्डारी र गंगाधर सुवेदीले ऋण खातामा पोष्टिङ्ग गर्न भनी मलाई मौखिक आदेश दिए अनुसार मैले ऋणखाता पोष्टिङ्ग गरेको हुँ । ऋण रकमबाट हिनामिना गरेको रकम गोपाल भण्डारी र गंगाधर सुवेदीले नै राख्ने गर्दथे। ऋण भुक्तानी भएपछि फुकुवा पत्रमा बैंकिङ्ग प्रवन्धकको दस्तखतबाट धितो फुकुवा हुने गर्दथ्यो। नगदतर्फको हिनामिना सम्बन्धमा सो फाँटको साँचो म र यशोधरा चौधरी बाहेक अन्यसँग हुँदैनथ्यो । नगद रकम मैले बैंकिङ्ग कार्यालयको जिम्मा लिनु पूर्व नै नपुग थियो। बैजापुर शाखा र खजुरा शाखाको रकम हिनामिना सम्बन्धमा मलाई कुनै जानकारी भएन। **किर्ते जि.एल.(general ledger) बनाउने काम प्रमुख प्रवन्धक गोपाल भण्डारी र सहायक प्रमुख प्रवन्धक गंगाधर सुवेदीको निर्देशनमा जर्नल फाँटका प्रमुख किरण श्रेष्ठले गरेका हुन भने किर्ते ऋण प्रमुख प्रवन्धक गोपाल भण्डारी र सहायक प्रमुख प्रवन्धक गंगाधर**

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध र ०७४-०७८-०७८१,फैसला पृष्ठ १३२ मध्येको ४२

सुवेदीको निर्देशनमा मैले लिखत तयारसम्म गरेको हुँ। मेरो खातामा मैले नै रकम राख्ने र झिक्ने गरेको कारण ट्रान्जेक्सनमा देखियो । अन्य विजय पाठक, अतुल कुमार पाठक, तारा पाठक, विमला पाठकको खातामा निजहरूले नै रकम जम्मा गर्ने र झिक्ने गरेका हुन्। मैले निजहरूको नामको खाता प्रयोग गरेको होइन। मेरो खातामा भएको ट्रान्जेक्सन रकम मेरो २०५३ सालदेखिको मासिक तलव र मेरो राँगा भैंसी, गल्ला खरीद बिक्रीको कारोबारबाट आएको रकम हो। रकमको हिनामिनाबाट आम्दानी नआउने र संस्था नोक्सानमा जाने भएको हुँदा बेनामी कर्जा देखाई आम्दानी देखाउने काम संस्थाका प्रमुख प्रबन्धक गोपाल भण्डारी र सहायक प्रमुख प्रवन्धक गंगाधर सुवेदीको निर्देशनमा मैले किर्ते पोष्टिङ्ग गरेको हुँ सो रकम मैले हिनामिना गरेको छैन र सो रकमको सम्बन्धमा निजहरुलाई नै थाहा जानकारी होला। प्रमुख प्रवन्धक गोपाल भण्डारी र सहायक प्रमुख प्रवन्धक गंगाधर सुवेदीको निर्देशनमा संध्याकालिन काउण्टर खोली सो काउण्टरबाट जम्मा भएको रकम मैले निजले दिएको निर्देशन अनुसार वचत लेजरमा चढाउने गरेको र रकम निजहरूले आफै राख्ने गर्दथे भन्ने बेहोराको प्रतिवादी अरुण कुमार पाठकले सुरु अदालतमा गरेको बयान।

४९.मैले मिति २०५७।०४।०१ देखी सहायक पदमा नियुक्ती पाई बैंकिङ्ग कार्यालय नेपालगन्जमा खंचाञ्चीको रुपमा कार्य प्रारम्भ गरेकोमा २०६४ साल देखि २०७३ कार्तिक मसान्तसम्म निमित्त प्रमुख प्रवन्धकको रुपमा काम गरेकोमा २०६६ सालमा अधिकृत पदमा बढुवा भई सोही पदमा बहाल भएको थिएँ। २०७३ साल मंसिर महिनामा निमित्त प्रमुख प्रवन्धकबाट राजिनामा दिई बैंकिङ्ग कार्यालय नेपालगन्जमा बैंकिङ्ग प्रवन्धकको रुपमा काम गरेकोमा २०७४ चैत्र मसान्त देखि २०७५ भाद्र मसान्त सम्म पुनः निमित्त प्रमुख प्रवन्धकको रुपमा काम गरेको थिए । संस्थामा उक्त समयमा प्रमुख प्रवन्धक पदमा गंगाधर सुवेदी रहनु भएको थियो। मिति २०७५।५।२१ गते बसेको सन्चालक समितिको बैठकबाट प्रमुख प्रवन्धक पदमा बढुवा भई २०७५।०६।०१ गतेदेखी २०७६।०२।२८ सम्म प्रमुख प्रवन्धकको रुपमा काम गरेको थिएँ। हिनामिना रकमका सम्बन्धमा बचततर्फ ग्राहकले जम्मा गर्न ल्याएको रकम बुझी ग्राहक प्रतिमा संस्थाको छाप लगाई उक्त प्रति ग्राहकलाई दिने, निजको खातामा पोष्टिङ्ग गरिदिने र संस्थाको प्रति क्यास बुक, डे बुक र ढुकुटीमा रकम बुझ्ने व्यक्तिले जम्मा नगरी हिनामिना गर्ने गरेका हुन् । सो कार्यमा संलग्न कर्मचारीहरू क्रमशः बैंकिङ्ग प्रवन्धक गंगाधर सुवेदी, कर्जा विभागका सहायक अरुण कुमार पाठक, जर्नल विभागका प्रमुख किरण श्रेष्ठ, बैजापुर शाखा प्रवन्धक तथा काजमा खटी आई नेपालगन्ज शाखाको जर्नल विभागमा काम गर्ने लिलाधर बली र जर्नल विभागमा काम गर्ने कर्मचारी समेतको संलग्नतामा हिनामिना भएको थियो। प्रतिवेदन अनुसार पुर्व बैंकिङ्ग प्रवन्धक तथा सहायक प्रमुख प्रवन्धक गंगाधर सुवेदीबाट रू.

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी ठगी हिनामिना र संगठित अपराध, २.
०७४-०१६-०१८९, फैसला पृष्ठ १२२ सम्मको ५१

४४,००,०००।- र कर्जा विभाग प्रमुख तथा बैंकिङ प्रवन्धक अरुणकुमार पाठकबाट रू.९,९४,००,०००।- गरी जम्मा रू.१०,३८,००,०००।- हिनामिना गरेको रकम निजहरूले संस्थालाई गरीदिएको कबुलियतनामा कागजबाट पुष्टि हुन्छ । बाँकी रकम रू. ५,७३,००,०००।- को सम्बन्धमा समय अभावका कारण उक्त रकम कसले हिनामिना गरेको हो भन्ने कुरा एकिनका साथ भन्न नसक्ने भएकोले माथि उल्लिखित कर्मचारीहरूले पाँचौं तथा छैटौं कार्यकालका सन्चालक समिति तथा लेखा समितिको आडवलमा र निजहरूलाई प्रभावमा पारी हिनामिना गरेका हुन्। ऋणतर्फ भएको हिनामिना रकमको सम्बन्धमा लगानी भएका कर्जाहरूको चुक्ता असूली भएको रकम ग्राहकबाट बुझी ग्राहक प्रतिमा संस्थाको छाप लगाई उक्त प्रति ग्राहकलाई दिने र रकम आफुले हिनामिना गर्ने र निजको सुरक्षणमा बापत राखेको धितो फुकुवा गरीदिने, आंशिक रुपमा आएको रकम सोही प्रकारले हिनामिना गर्ने गरेका हुन्। सो हिनामिना कार्यमा बैंकिङ प्रवन्धक गंगाधर सुवेदी, कर्जा विभाग प्रमुख गौरब कुमार श्रेष्ठ, कर्जा विभागका सहायक अरुण कुमार पाठक, बैजापुर शाखा प्रवन्धक तथा काजमा खटी आई नेपालगन्ज शाखाको कर्जा विभागमा काम गर्ने लिलाधर वली समेतको संलग्नता रहेको छ। कर्जा विभाग प्रमुख तथा बैंकिङ प्रवन्धक अरुण कुमार पाठकले रू. १२,००,००,०००।- र पूर्व बैंकिङ प्रवन्धक तथा सहायक प्रमुख प्रवन्धक गंगाधर सुवेदीले रू.२,४५,००,०००।- गरी जम्मा रू. १४,४५,००,०००।- हिनामिना गरेको कुरा निजहरूले संस्थालाई गरीदिएको कबुलियतनामा कागजबाट समेत पुष्टि हुन्छ । बाँकी रकम रू. ८,४९,०००००।- को सम्बन्धमा संस्थाको बचत तथा ऋण रकम हिनामिना गर्ने कर्मचारीहरूले उक्त रकमको ब्याजबापत बुझाउनुपर्ने रकम भएकोले सो रकम हिनामिना गर्ने कर्मचारीहरूबाट असुलउपर गर्नुपर्ने देखिन्छ। सो कुरा सन्चालक समितिको मिति २०७६।२।१० गते बसेको बैठकबाट गठित छानविन समितिले छानबिन गरी दिएको प्रारम्भिक प्रतिवेदनबाट पनि पुष्टि हुन्छ। बैंक मौज्दातमा भएको हिनामिनाको सम्बन्धमा संस्थाको विभिन्न बैंकहरूमा रहेको बैंक मौज्दात रकम प्रधान कार्यालयबाट आवश्यक परेको बेला शाखा कार्यालयहरूमा दिएको र उक्त कार्यको आन्तरिक हिसाब मिलान गर्न बाँकी रहेको कारणबाट मुल खाता र सहायक खातामा फरक पर्न गई हिनामिनाको रूपमा देखिएको हो। रकमको हिसाब मिलान हुने भएकोले सो रकम हिनामिना भएको होइन। उक्त तथ्य संस्थाको विभिन्न बैंकहरूमा रहेको खाताको स्टेटमेन्ट तथा संस्थामा रहेको क्यास बुक र डे बुकबाट मिडान गर्ने हो भने पुष्टि हुन्छ। नगदमा भएको हिनामिनाको सम्बन्धमा उक्त रकम संस्थाको शाखा कार्यालयहरू नेपालगन्ज शाखा, खजुरा शाखा र बैजापुर शाखामा रहेको ढुकुटीमा रहेको नोट तथा रेज्की पैसासमेत गरी सो बराबरको नगद मौज्दात ढुकुटीमा छ हिनामिना भएको

[illegible] हिनामिनाउपी र सम्पत्ति [illegible]

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा [illegible] ०७४-०७६-०७८९ फैसला पुष्ठ १२२ मध्येको ५८

छैन। विज्ञ समुहले तयार पारेको प्रतिवेदन अनुसार बैजापुर शाखा तथा खजुरा शाखामा भएको हिनामिना रकम सम्बन्धमा खजुरा शाखामा भएको हिनामिना रकमको जिम्मेवारी खजुरा शाखा प्रवन्धक सुर्यबहादुर वि.कले स्विकार गरिसकेको र बैजापुर शाखामा भएको हिनामिना रकम सम्वन्धमा बैजापुर शाखा प्रवन्धक लिलाधर वलीले स्वीकार गरीसकेकोले उक्त रकम निजहरुकै जिम्मेवारीमा रहन्छ। विज्ञ समुहद्वारा तयार पारीएको प्रतिवेदनमा उल्लेख भएका शिर्षक अनुसारको हिनमिना रकम सन्चालक समितिको चौंथो कार्यकालको कर्जा फौटबाट शुरुवात भई पाँचौं कार्यकालमा कर्जा फौट, बचत फौट, खजुरा शाखा तथा बैजापुर शाखामा हिनामिना भएको रकमको करिब ७० प्रतिशत उक्त कार्यकालमा भएको र बाँकी हिनामिना रकम छैटौं कार्यकालमा पनि भएको थियो। उक्त रकम हिनामिना हुनुमा पाँचौं कार्यकालको सन्चालक समिति र लेखा समितिका पदाधिकारीहरूको मुख्य भूमिका रहेको छ। चौथो कार्यकालका सन्चालक समितिका अध्यक्ष लगायतका केही सन्चालकहरू र छैटौं कार्यकालका अध्यक्ष उपाध्यक्ष लगायत सन्चालक समितिका पदाधिकारीहरू लेखा समितिका पदाधिकारीहरू विभिन्न उपसमितिका पदाधिकारीहरूको संलग्नतामा संस्थाको रकम हिनामिना भएको थियो। संस्थाको कारोवार नेपाल राष्ट्र बैंकबाट अनुगमन तथा निरीक्षण हुने भएकोले उक्त अनुगमन तथा निरीक्षण गर्दा संस्थाको प्रधान कार्यालयमा शाखा कार्यालयहरुबाट पठाएको जि.एल.(general ledger)को आधारमा अनुगमन तथा निरीक्षण कार्य हुने गर्दथ्यो। संस्थाको शाखा कार्यालयको जि.एल.(general ledger) तयार गर्ने जिम्मेवारी जर्नल विभाग प्रमुख किरण श्रेष्ठको र सो को प्रमाणीकरण गर्ने जिम्मेवारी बैंकिङ्ग प्रवन्धक गंगाधर सुवेदीको रहेकोले संस्थाको रेकर्ड अनुसार किर्ते जि.एल.(general ledger) तयार नभएको र कसको निर्देशन अनुसार उक्त किर्ते जि.एल.(general ledger) तयार भएको हो सो सम्वन्धमा प्रमाणिकरण गर्ने गंगाधर सुवेदीलाई नै थाहा होला। संस्थाको ऋण रकम हिनामिना भएको पुष्टि भइसकेकोले संस्थाको बैंकिङ्ग कार्यालय नेपालगन्जमा कर्मचारीहरुको मिलेमतोमा किर्ते ऋण खडा गरेको सम्बन्धमा बैंकिङ्ग प्रवन्धक गंगाधर सुवेदी, कर्जा विभाग प्रमुख गौरवकुमार श्रेष्ठ, कर्जा विभाग सहायक अरुण कुमार पाठकबाट किर्ते ऋण खडा गरी हिनामिना गरेका हुन्। सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बकिबाट रु. ८०,००,०००।- ऋण लिएको सम्बन्धमा संस्थाबाट रु. १०,००,०००।- भन्दा बढी ऋण लिने सिमा नभएतापनि मैले उक्त ऋण विभिन्न मितिमा पटकपटक गरी व्यक्तिगत प्रयोजनको लागी लिएको हो। उक्त ऋण २०७३ सालमा मैले चुक्ता गरी सकेको छु। संस्थाको आर्थिक कारोबार सम्बन्धि हिसाबकिताबको जाँच गर्ने जिम्मा लेखा सुपरिवेक्षण समितिको हुन्छ। मेरो पदिय जिम्मेवारी अनुसार मेरो नाममा तिर्न बुझाउनुपर्ने रकम कागज प्रमाणबाट पुष्टि भई मैले तिर्नु बुझाउनुपर्ने भएमा मेरो क्षमता र दक्षताले भ्याएमा तिर्ने

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी [illegible] हिनामिना र संगठित अपराध ८, नं. ०७४-०३६-०५८१, फैसला पृष्ठ ११२ मध्येको ४४

बुझाउने छु। मिति २०६९।१२।२१ गते र २०७०।१०।०४ गते रू. २०,००,०००।- र रू.२०,११,३५०।- बचत हिसाब नं. ३५९५/२० मा जम्मा भएको सम्बन्धमा बचत हिसाब नं. ३५९५/२० तत्कालीन अध्यक्ष अम्बर बहादुर खड्काको हो। संस्थाको हिनामिनाको रकम अध्यक्षले आफ्नो व्यक्तिगत प्रयोजनको लागी प्रयोग गरेको हो। मिति २०७०।१०।२० गते संस्थामा बढी भएको फण्ड भौचरमा लेखी रू. २०,००,०००।- रकम बराबरको भौचरमा मेरो दस्तखतबाट जम्मा भएको हो। मिति २०७०।०९।०४ गते रू. २०,११,३५०।- गते गौरवकुमार श्रेष्ठको हस्तलिखित बाट पनि सोही किसिमले निजको खातामा जम्मा भएको देखिन्छ। संस्थाको जि.एल.(general ledger) र निक्षेपकर्ताको खातामा रकमको ठुलो अन्तर देखिन्छ भन्ने प्रतिवेदनमा उल्लेख भए अनुसार संस्थाको तीनवटै शाखा बैंकिङ कार्यालय नेपालगन्ज, खजुरा र बैजापुर शाखाबाट संकलन गरिने निक्षेप अन्तर्गत बचत शिर्षकमा फरक रहेको छ। उक्त रकमको ठुलो अन्तर संस्थामा कम्प्युटर प्रणाली राखी कारोबार संचालन गरेको भए सो कुराको समयमै जानकारी भई सोको नियन्त्रण समेत हुनसक्ने थियो। उक्त रकम हिनामिना गर्ने कर्मचारीहरूले संस्थाको सन्चालक समिति, लेखा समिति तथा बाह्य लेखा परीक्षकहरूलाई प्रभावमा पारी संस्थामा कम्प्युटर प्रणाली लागु गर्न नदिई ठुलो रकम हिनामिना गरेका हुन्। संस्थाको वित्तिय स्थिती तथा तरलता न्यून भएपछि बैंकिङ्ग प्रबन्धक तथा कर्जा विभाग प्रमुख अरुण कुमार पाठकले पेश गरेको कर्जाको हरहिसावमा संस्थामा कार्यरत कर्मचारीले हिनामिना गरेको विवरण आएकोले एक वर्ष अगाडि वर्तमान सन्चालक समितिको अध्यक्ष, उपाध्यक्षलाई सो कुराको जानकारी गराउँदा उक्त कुरा निजहरूले सन्चालक समितिको बैठक बोलाई सबैलाई जानकारी गराई नियन्त्रण गर्नुपर्नेमा त्यसो नगरी हिनामिना गर्ने कर्मचारीबाट आर्थिक लाभको अवसर लिएका हुन्। नेपालगन्ज शाखामा बैंकिङ्ग प्रबन्धक रहेका गंगाधर सुवेदी, कर्जा शाखामा रहेका अरुण कुमार पाठक, खजुरा शाखा प्रमुख प्रबन्धक सुर्यबहादुर बि.क. र बैजापुर शाखा प्रबन्धक लिलाधर बलीबाट वर्तमान अध्यक्ष हरदेव बक्स चौधरीले बिगत १ वर्षदेखि मासिक रू. १,००,०००।- र उपाध्यक्ष रबिन्द्र थापाले रू. ७५,०००।- लिने गर्दथे। अध्यक्षलाई दिने पैसा अरुण कुमार पाठकले रू. ७५,०००।- र लिलाधर बलीले रू. २५,०००।- उठाई दिने गर्दथे। त्यस्तै गंगाधर सुवेदीले रू. ४५,०००।-, सुर्यबहादुर वि.क.ले रू.३०,०००।- उठाई जम्मा गरी उपाध्यक्षलाई दिन्थे। मैले प्रत्यक्ष रुपमा संस्थाको रकम हिनामिना गर्नमा मेरो कुनै भूमिका र मिलेमतो समेत नभएको र संस्थाको रकम हिनामिना सम्बन्धमा मैले सन्चालक समितिलाई सबैभन्दा पहिले सुचना (जाहेरी) दिई हिनामिना रकमको सम्बन्धमा मिति

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार, मुद्दा: सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध, र. नं. ०७४-०७६-०७८९, फैसला पृष्ठ १३२ आएकोे ३६

२०७६।०१।१५ गते प्रतिवेदन बुझाउँदा समेत सन्चालक समितिले कुनै पहलकदमी कार्य गरेको होइन भन्ने बेहोराको प्रतिवादी गोपाल भण्डारीले सुरु अदालतमा गरेको बयान।

५०.म २०५८ सालदेखि संस्थामा पियन पदमा नियुक्ति पाई अनवरत रुपमा काम गर्दै आईरहेको छु। म २०७६ साल बैशाखमा पियन पदबाट उप-सहायक पदमा बढुवा भएको थिएँ। संस्थाको म निम्नस्तरको कर्मचारी भएकाले को-कसले के-कसरी र के-कति रकम हिनामिना गरे मलाई थाहा भएन। सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बकिमा रहेको मेरो खातामा मेरो मासिक तलब (शुरुमा रू.१५००।- र हाल रू.१०,०००।-) जम्मा गर्ने गर्थे।मैले रागाँ भैंसीको कारोबार र जग्गा जमीनमा समेत लगानी गर्ने, कहिलेकाँही ब्याजमा समेत रकम लगानी लगाउँने भएकोले आएको रकम समेत मैले उक्त खातामा जम्मा गरी झिक्ने समेत गरेको थिएँ। श्रीमतीको खाताको सम्बन्धमा म खजुरा शाखामा कार्यरत हुनेबेलामा मैले सम्पूर्ण रकम श्रीमतीको खातामा राख्ने र झिक्ने भएकोले मेरो श्रीमती ईन्द्रपरी यादबले मात्र उक्त रकम झिक्ने गर्थिन्। सोही रकम झिक्ने र राख्ने गरेको कारणबाट सो खाताबाट रकम झिकेको देखिएको हो। मेरो कारोबारबाट कमाएकोमध्ये बर्दियामा ८ कठ्ठा जमीन छ र बकिमा ३ कठ्ठा जमीन मैले आफ्नो मेहनत र संस्थाको जागिरले कमाएको हुँ। प्रमुख प्रवन्धक गोपाल भण्डारी र सहायक प्रमुख प्रवन्धक गंगाधर सुवेदीलाई यो रकम लगिदिनु भनी मलाई सहप्रतिवादी अरुणकुमार पाठकले २/३ पटक रकम दिएकोले होटलमा पुर्‍याई दिएको हुँ। सो रकम के-कति थियो मलाई थाहा भएन। मैले रागाँ भैसीको कारोबार र पुर्ख्यौली जग्गा बेचेर तथा डिभी परी अमेरीका गएका छोरीज्वाँईले दिएको रकमबाट समेत पूँजी खडा गरी मैले दृष्टिमा लगानी लगाउँन संस्थामा जागिर खाएदेखि शुरु गरेको हुँ। हाल मेरो नाममा रोक्कामा रहेको ३६ वटा जग्गामा लगानी (अं.४० लाख जति) रहेको छ। मैले पुर्ख्यौली जग्गा बेचेको प्रमाण छ र छोरी ज्वाँइले पठाएको रकमको हाल मसंग कुनै प्रमाण छैन। प्रमाण कागजातहरुबाट दोषी ठहर भएमा मलाई सजाय हुनुपर्छ भन्ने बेहोराको प्रतिबादी बलराम यादवले सुरु अदालतमा गरेको बयान।

५१.म २०५८ सालमा सहकारी वित्तिय विकास संस्था लि. नेपालगन्जको तेस्रो कार्यकालमा सन्चालक समितिको अध्यक्ष हरदेव बक्स चौधरी रहेको बेला लेखा समिति सदस्य रहेको थिएँ ।उक्त ५ बर्षिय कार्यकालमा हरदेव बक्स चौधरीले सन्चालक समितिबाट निर्णय गराई संस्थाको रकम रू.१८,८८,०००।- पेप्सीकोलाको डिलरसिव लिई कारोबार संचालन गरेको थिए। पछि उक्त कारोबार घाटामा गई निजकै पालामा संस्याको उक्त रकम डुबेको थियो। सो कार्यकालमा सो बाहेक संस्थाको अन्य बचत तथा कर्जातर्फको रकम हिनामिना भएको देखिएको थिएन। वि.सं. २०६३ सालमा सन्चालक समितिको चौथो कार्यकालमा सिद्दीकुमार

महर्जन अध्यक्ष रहेको बेला पनि म लेखा समितिमा सदस्य नै रहेको थिएँ। उक्त कार्यकालमा लेखा समितिबाट संस्थाको शाखाहरूमा भएको कारोबार, कर्जा र बचततर्फको हरहिसाब चेकजाँच गर्दा सम्पूर्ण हिसाब मिलेको थियो । उक्त कार्यकालको अन्तिमतिर कर्जातर्फको हिसाब नमिलेकोले हिसाब मिलाउन भनी लेखा समितिले कर्मचारीहरूलाई निर्देशन दिएको हुँदा संस्थामा रकम हिनामिनाको चलखेल सोही बेला देखि शुरु भएको हो। त्यसपछिको पाँचौं कार्यकालमा २०६८ सालमा अम्बर बहादुर खड्का अध्यक्ष रहेका बेला म संस्थाको सन्चालक समिति तथा लेखा समिति कुनै पदाधिकारीको रुपमा रहेको थिइन। सन्चालक समितिको छैठौं अर्थात् वर्तमान कार्यकालमा हरदेवबक्स चौधरी अध्यक्ष भएसँगै लेखा संयोजकमा लिला शाह, लेखा सदस्यमा म र ओम प्रकास चौधरी रहेका थियौं। एकडेढ वर्ष अगाडि संस्थामा रकम अभाव हुन गई रकम हिनामिनाको कुरा सतहमा नै थाहा हुन गएपछि संस्थाको सम्पत्ति, दायित्व, आम्दानी, खर्च, बचत तथा कर्जा लगायतको हरहिसाब चेकजाँच गर्दा हिसाबमा आम्दानी भन्दा खर्च बढि देखिएको, बचत लेजर र जर्नल लेजरको हिसाब नमिलेको देखिएकोले रकम हिनामिना भएको भन्ने शंका लागि लेखा समितिले तत् समयमा प्रमुख प्रबन्धक रहेका गंगाधर सुवेदीलाई बचत लेजरको हिसाब जर्नल लेजरमा भिडाई हिसाब दिनुहोस् भन्दा निजले हुन्छ मात्र भन्ने र हिसाब नदिने गरेपछि सो कुरा संस्थाको सन्चालक समितिमा जानकारी गराइएको थियो। सन्चालक समितिले समेत उक्त कुरामा चासो नदेखाई कारवाहीतर्फ कुनै कदम नचालेको हुँदा संस्थाको रकम सन्चालक समिति र जिम्मेवार पदमा कार्यरत रहेका कर्मचारीको मिलेमतोमा हिनामिना भएको हो। अध्यक्ष, उपाध्यक्षले परिवहन भत्ता लिई पुरा टाईम कार्यालयको रेखदेखमा बस्ने नगरेका र कर्मचारीहरूले संस्थाको नियमानुसार कार्य नगरेकोले रकम हिनामिना भएको हो। गैर बैंकिङ सम्पत्तिमा रहेको जिल्ला बाँकि साबिक नेपालगन्ज उपमहानगरपालिका वडा नं.१७ स्थितको २ कठ्ठा जग्गा चौंथो कार्यकालको सन्चालक समितिको निर्णय अनुसार मेरो अंश लिई छुट्टी भिन्न भएकी विवाहिता छोरी स्वेता बज्राचार्य र लखनदास नागको श्रीमतीले संयुक्त रुपमा खरीद गरेका हुन् र उक्त जग्गा पचकिर्ते मुल्यांकनको आधारमा संस्थाले बिक्री गरेको हो भन्ने बेहोराको प्रतिवादी स्थिरमणी बज्राचार्यले सुरु अदालतमा गरेको बयान।

५२.म संस्थाको वर्तमान अध्यक्ष हरदेव बक्स चौधरीको कार्यकालमा लेखा समिति सदस्यमा निर्वाचित भएको थिएँ। २०७५ साल मंसिर महिनामा हुनुपर्ने संस्थाको वार्षिक साधारणसभा नभएपछि संस्थामा रकम हिनामिना भएको भन्ने कुरा सन्चालक समिति मार्फत थाहा पाएको थिएँ। मलाई अध्यक्ष हरदेव बक्स चौधरीले लेखा समितिमा बस्नुहोस् चुनावमा हामीले हेरौंला भनी लेखा समितिमा सदस्य पदमा निर्वाचित हुन सहयोग गरेका थिए। मैले धेरै लेखपढ नगरेको हुँदा लेखा परीक्षण सम्बन्धि कुनै काम समेत नजान्ने भएकोले लेखा समिति

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी संस्था हिनामिना ठगी र सम्बन्धित अपराध ८, २, ०७४-०७६-०७८९, फैसला पृष्ठ १३२ मध्येको ५८

सदस्यको हैसियतले प्रत्येक महिनाको अन्तिमतिर संस्थामा आउने र लेखा संयोजक लिला शाहको निर्देशनमा अडिट रिपोर्टमा हस्ताक्षर गरी जाने गर्थें। सो बखत मैले यातायात खर्च वापत रू. २८५।- पाउँथें। संस्थाका प्रमुख प्रवन्धक, बैंकिङ्ग प्रवन्धक र शाखाका कर्मचारी लगायत सन्चालक समितिको मिलेमतोमा संस्थाको रकम हिनामिना भएको भन्ने सुनी थाहा पाएको हुँ। म संस्थाको वर्तमान कार्य समितिभन्दा पहिले कुनै समितिमा नरहेकोले संस्थामा को-कसले, के-कहिले देखी के-कति रकम हिनामिना गरे मलाई थाहा भएन। म समेतले लेखा समितिको तर्फबाट जानीजानी कर्मचारीलाई हिनामिना गर्न मद्दत पुऱ्याएको होइन। कर्मचारी र सन्चालक समितिले संस्थामा भएको हिनामिनालाई लुकाउन लेखा समितिलाई देखाउनुपर्ने वित्तिय विवरण नदिई हामीलाई निजहरूले दिएको गलत रिपोर्टको आधारमा प्रतिवेदन बनाउन बाध्य हुनुपर्ने अवस्था थियो। २०६५।०६६ सालदेखि नै निरन्तर रूपमा संस्थामा रकम हिनामिना हुँदै आई संस्था नै नचल्ने अवस्थामा पुग्नुले कर्मचारी र सन्चालक समितिको मिलेमतोबाट नै उक्त हिनामिना सम्भव भएको हो। संस्थाको मुख्य पुँजी निक्षेप र कर्जा भएको हुँदा सो समयमा उल्लिखित फाँटहरूमा कार्यरत कर्मचारी अरुण कुमार पाठक, गौरव कुमार श्रेष्ठ, किरण श्रेष्ठ र लामो समयदेखि संस्थाको प्रमुख पदमा बसेका गंगाधर सुवेदी र गोपाल भण्डारी लगायत कर्मचारी, त्यस बखतका सन्चालक समितिमा रहेका व्यक्तिहरू, अध्यक्ष उपाध्यक्षको मुख्य संलग्नतामा हिनामिना भएको हुनुपर्छ। हालको छैटौं कार्यकालमा मात्र म लेखा समितिको सदस्यमा निर्वाचित भई आएपछि लेखा समितिको सदस्यले रकम हिनामिनामा सहभागी भई रकम हिनामिना गर्न सहयोग गरेको मलाई थाहा भएन र रकम हिनामिनामा मेरो कुनै संलग्नता समेत छैन। को कसले के-कति रकम के कुन समयमा हिनामिना गरे मलाई थाहा भएन भन्ने बेहोराको **प्रतिवादी ओमप्रकाश चौधरीले** सुरु अदालतमा गरेको बयान।

५३.गोपाल भण्डारी र अरुण कुमार पाठकले हिनामिना गरेको रकम दृष्टिबन्धकमा लगाएका हुन्, सो कुराको प्रमाण पुष्ट्याई मालपोत कार्यालय बाँकेमा धितो दृष्टिबन्धक गरेको लिखत पारितबाट हुन्छ। अरुण कुमार पाठकले आफ्नो नाममा दृष्टिबन्धक नगरी आफन्तीको नाउँमा दृष्टिबन्धक गर्ने गरेका थिए र सो को प्रमाण हाल मसंग छैन तर अदालतलाई आवश्यक परेमा पेश गर्नेछु भन्ने बेहोराको प्रतिवादी **गंगाधर सुवेदीले** सुरु अदालतमा गरेको **जिरह बयान।**

५४.प्रतिवादीहरू उपर ३ वर्षभन्दा बढी कैद सजाय हुनसक्ने अभियोग दावी रहेको र सो अभियोग दावी बमोजिम कसूर गरेको भन्ने विश्वास गर्न सकिने मनासिव आधार देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल प्रतिवादीहरू **गोपाल भण्डारी, बलराम यादव, गंगाधर सुवेदी र अरुण कुमार पाठक, ओमप्रकाश चौधरी र स्थिरमणी बज्राचार्यलाई** मुद्दाको

पुर्पक्षको निमित्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम दफा ८० बमोजिम थुनुवा पुर्जी दिइ स्थानिय कारागारमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न पठाइदिनू भन्ने बेहोराको सुरु अदालतबाट भएको थुनछेक आदेश।

५५.मैले सहकारी वित्तिय विकास संस्था नेपालगन्जको आ.व. ०६६।०६७, ०६७।०६८, ०६८।०६९, ०७०।०७१ र आ.व. ०७१।०७२ गरी ५।६ पटक बाह्य लेखापरीक्षण गरेको हुँ। सोपूर्व पनि मैले बाह्य लेखा परीक्षण गरेको हुँ । मेरो आफ्नै एकलौटी फर्म भएकाले सो समयमा लेखापरीक्षण म आफैले गरेको थिएँ। मैले व्यवस्थापनले तयार गरी मलाई उपलब्ध गराएको वित्तिय विवरण वासलात तथा सपोर्टिङ्ग प्रमाण कागजातहरूको आधारमा लेखापरीक्षणको विधि र प्रक्रियाहरूको दायरभित्र रही कानुन बमोजिम लेखापरीक्षण गरेको हुँ। लेखापरीक्षणको दौरानमा देखिएका त्रुटीहरू तथा कैफियतहरूलाई सम्बन्धित आ.व.को लेखापरीक्षण प्रतिवेदनमा समावेश गरेकै छु। सो समयमा कुनै हिनामिनाको कुरा प्रकाशमा आएको थिएन । अनुगमनकारी निकाय नेपाल राष्ट्र बैंकले समेत स्थलगत निरीक्षण गरिदिएको प्रतिवेदनमा समेत कुनै तथ्य खुलेको थिएन। सो बखत हिनामिनाको तथ्य प्रकाशमा नआएकोले को-कसले के-कसरी कहिले के-कति रकम हिनामिना गरे सोबारे मलाई कुनै थाहा जानकारी भएन। मैले आ.व. ०७१।०७२ पछि लेखापरीक्षण गरेको छैन। म बाह्य लेखापरीक्षक भई म संस्था भन्दा बाहिरको व्यक्ति हुँ, सो दौरानमा मेरो बाह्य लेखापरीक्षकको हैसियतले देखिएका त्रुटी तथा नीतिगत कैफियतहरूलाई आफ्नो प्रतिवेदनमा उल्लेख गरेकै छु। उक्त त्रुटी तथा कैफियतहरूलाई सन्चालक समितिहरूले समेत आगामी दिनहरूमा सच्याउने प्रतिवद्दता गरेको देखिन्छ। मैले लेखापरीक्षण गर्दा जि.एल.(general ledger) तथा व्यक्तिगत खाताहरूको रकममा कुनै अन्तर देखिएको थिएन। मैले लेखा परीक्षणको काम सम्पन्न गरे पश्चात कसैले केही थपघट गरेको भए सोबारे मलाई थाहा भएन। रकम हिनामिनामा मेरो कुनै मिलेमतो तथा संलग्नता छैन भन्ने बेहोराको प्रतिवादी विनम कुमार श्रेष्ठले सुरु अदालतमा गरेको बयान।

५६.मिसिलसंलग्न तथ्य प्रमाणहरूको आधारमा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल यी प्रतिवादीउपरको अभियोग दावी र कसूरमा संलग्नता समेतलाई दृष्टिगत गरी यी प्रतिवादी विनम कुमार श्रेष्ठलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट भएको थुनछेक आदेश।

५७.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको चौंथो कार्यकालमा सिद्दिकुमार महर्जनको पालामा सन्चालक समितिको सदस्य पदमा निर्वाचित भएको थिएँ। छैटौं कार्यकालमा सदस्यमा निर्वाचित भएको थिएँ। छैटौं कार्यकालको सन्चालक समितिको

निर्वाचन मिति २०७३।०८।१२ निर्वाचन सम्पन्न भई हाम्रो कार्यकाल शुरु भएकोमा २०७५ को चैत्र महिनामा हामीले नै संस्थाको रकम हिनामिना भएको भन्ने थाहा पाएपछि प्रमुख प्रबन्धक गोपाल भण्डारीको संयोजकत्वमा गठित समिति समेत हाम्रै पालामा गठन भएको हो। संस्थामा रकम हिनामिना संस्थाको स्थापनाकाल देखीका कर्मचारीहरुले गरेको कुरा निजहरु आफैले प्रहरी तथा अदालतको बयानमा पनि खुलाएको हुँदा निजहरुले नै रकम हिनामिना गरेको हो। संस्थाको रकम हिनामिनामा मुख्य भूमिका कर्मचारीहरूको हो र अध्यक्ष उपाध्यायले कमिसन लिएको मलाई थाहा भएन। मैले अभियोग दावी बमोजिमको कसूर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी तुलसा थापाले सुरु अदालतमा गरेको बयान।

५८. पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल यी प्रतिवादी उपरको अभियोग दावी, जिम्मेवारीको मात्रा र निजको शैक्षिक योग्यतालाई समेत दृष्टिगत गरी यी प्रतिवादी तुलसा थापालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रु. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट भएको थुनछेक आदेश।

५९.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको छैटौं कार्यकालमा सदस्य पदमा निर्वाचित भएको थिएँ। सो समयमा अध्यक्ष पदमा हरदेवबक्स चौधरी निर्वाचित भएका थिए। छैटौं कार्यकालको सञ्चालक समितिको निर्वाचन मिति २०७३।०८।१२ निर्वाचन सम्पन्न भई हाम्रो कार्यकाल शुरु भएकोमा २०७५ को चैत्र महिनामा संस्थामा तरलता अभाव भएको र बचतकर्ताहरुले हाम्रो बचत रकम फिर्ता पाएनौं भनी गुनासो व्यक्त गरेकोले संस्थाको रकम हिनामिना भएको शंका मानी प्रमुख प्रबन्धक गोपाल भण्डारीको संयोजकत्वमा छानविन समिति समेत गठन गरी रकम हिनामिना बारेमा छानविन भएको हो। संस्थामा तरलता अभाव भएको र बचतकर्ताहरुले हाम्रो बचत रकम फिर्ता पाएनौं भनी गुनासो व्यक्त गरेकोले संस्थाको रकम हिनामिना भएको शंका मानी प्रमुख प्रबन्धक गोपाल भण्डारीको संयोजकत्वमा छानविन समिति समेत गठन गरी रकम हिनामिनाबारे छानविन भई निजको प्रतिवेदनले समेत रकम हिनामिना भएको तथ्य खुलेपछि संस्थाको रकम हिनामिनाबारे तथ्य बाहिर आएको हो। कर्मचारीहरुलाई बचतकर्ताहरुको रकम फिर्ता किन नभएको हो भनी सोधपुछ गर्दा रकम आउँदै छ भनी कर्मचारीहरुले आलटाल गरेपछि सो बारेमा बुझ्दा सो संस्थाको रकम कर्मचारीहरुकै मिलेमतोमा रकम हिनामिना भई संस्थामा तरलता अभाव रहेकोले बचतकर्ताहरुको रकम फिर्ता गर्न कठिनाई भएको रहेछ। आन्तरिक लेखा परीक्षण तथा बाह्यलेखा परीक्षण समेतलाई हामीले नियमित रुपमा गराएका थियौं जसको कारण रकम हिनामिनाको तथ्य हाम्रो कार्यकालमै पत्ता लागेको हो। बाह्य

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध र. नं. ०७४-०७८-०७८९ फैसला पृष्ठ १३२ मध्येको ६१

लेखापरीक्षण प्रतिवेदन, पहिलेका प्रतिवदनहरूमा समेत संस्थागत शुशासन सम्बन्धमा सुधार गर्नुपर्ने कतिपय निति निर्देशनहरू हामीले कर्मचारीहरूलाई मौखिक रुपमा जानकारी गराउने गरेका थियौं। हाम्रो लगानी गरेका कर्जाहरूको फाईल हेर्ने, प्रमाणित भए नभएको हेरविचार गर्ने दायित्व हो र हामीले कर्जा लगानी उप-समितिले लगानी गरेका कर्जाहरूको सम्बन्धमा कर्जा फाईलहरू हेर्ने जाँचबुझ गर्ने कार्य गरेका थियौं। सो कर्जा फाईलहरूमा कुनै प्रकारका कैफियतहरू छैनन्। संस्थाको रकम हिनामिनामा कर्मचारीहरूको त मुख्य संलग्नता हो। तर अध्यक्ष उपाध्यक्ष ले मासिक कमिशन लिएको बारे मलाई थाहा भएन। जो जसले जति रकम तिर्ने बुझाउने कागज गरेका छन् सोही मात्राको रकम निजहरूले नै हिनामिना गरेका हुन्। मैले अभियोग मागदावी बमोजिम कसूर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको **प्रतिवादी कृष्ण बिक्रम के.सी.ले** सुरु अदालतमा गरेको बयान।

६०.पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल यी प्रतिवादीउपरको अभियोग दावी, जिम्मेवारीको मात्रा र निजको शैक्षिक योग्यतालाई समेत दृष्टिगत गरी यी प्रतिवादी कृष्ण **विक्रम के.सी.लाई** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।१०।०६ मा भएको थुनछेक आदेश ।

६१.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको छैटौं कार्यकालमा सदस्य पदमा निर्वाचित भएको थिएँ। सो समयमा अध्यक्ष पदमा हरदेवबक्स चौधरी निर्वाचित भएका थिए। मुद्दा चल्दाका बखत म सन्चालक समितिको सदस्य पदमा नै थिएँ। म सो संस्थामा निर्वाचित भई आएपछि हामीलाई संस्थाको सम्पति र दायित्वको विवरण मासिक बैठकमा पेश गर्दा कुनै किसिमको हिनामिना भएको विवरण देखाइएको छैन ।तीन तीन महिनामा लेखासमितिको विवरण पेश हुँदा त्यसमा पनि कुनै किसिमको हिनामिना भएको देखाएको छैन। २०७५ साल पौषसम्म विवरण पेश गर्दा कुनै किसिमको हिनामिना भएको छैन। २०७६।०१।१५ गते गोपाल भण्डारीले सम्पत्ति र दायित्वको विवरण दिएपछि बल्ल रकम कर्मचारीहरूले हिनामिना गरेको थाहा हुन आएको हो तर के-कसरी हिनामिना भएको हो सो सम्बन्धमा मलाई थाहा भएन। कर्मचारीहरू अरुण कुमार पाठक, गंगाधर सुवेदी, सुर्यबहादुर बि.क., लिलाधर वलीले रकम हिनामिना गरेका हुन् ।निजहरूले आफै कागज संस्थाको नाउँमा लेखी तमसुक दिएका हुन्। निजहरूले के-कति रकम के-कसरी हिनामिना गरे मलाई जानकारी भएन। बैठक बस्दा उपस्थितिमा चाही हस्ताक्षर गरेको छु। म असूली उपसमितिमा रहेको बेला कर्जा फाँटले ब्याज असुल्न ऋणीको नाउँमा पत्र लेखी असूली उपसमितिलाई बुझाउन दिन्थ्यो । सो पत्र संस्थाको पियनलाई सम्बन्धित ऋणीको घरमा बुझाउन पठाइन्थ्यो। म अन्य उपसमितिमा रहेको सम्बन्धमा मलाई जानकारी भएन।

हामीले बैठकको लगत्तै निर्णयहरू माईन्युट किताबमा लेख्न लगाउनुपर्ने हो तर सो गल्ति भएको थियो। कर्मचारीहरूको विश्वासमा परी सो कार्य गरिएन, जसको कारण हाम्रो संस्थाप्रति गैरजिम्मेवारीपन देखियो वा देखिएन थाहा भएन। मैले अभियोग मागदावी बमोजिमको कसूर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको **प्रतिवादी प्रमात्मा प्रसाद बर्मले** सुरु अदालतमा गरेको बयान।

६२.पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल यी प्रतिवादीउपरको अभियोग दावी, जिम्मेवारीको मात्रा र निजको शैक्षीक योग्यतालाई समेत दृष्टिगत गरी यी प्रतिवादी **प्रमात्मा प्रासद बर्मालाई** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. १२,००,०००।- (बाह्र लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।१०।०७ मा भएको थुनछेक आदेश।

६३.म मिति २०६३।१०।२१ मा सहकारी वित्तिय विकास संस्थाको खजुरा शाखामा उपसहायक पदमा अस्थायी नियुक्ति पाई काम शुरुवात गरेको थिएँ। सो समयमा मलाई क्यास बुक तथा खंचाञ्जीको जिम्मेवारी दिइएकोमा २०७० मा मैले स्थायी नियुक्ती पाएको हुँ र तत्पश्चात् पनि मलाई सोही जिम्मेवारी अर्थात खंचाञ्जीकै जिम्मेवारी दिइएको थियो। सो पदबाट मैले मिति २०७४।०३।०३ मा राजिनामा दिएकोमा अम्बर बहादुर खड्काको पालामा मिति २०७४।०४।१६ मा मात्र राजिनामा स्वीकृत भएको हो। सो समयमा मलाई तत्कालिन प्रमुख प्रबन्धक गोपाल भण्डारीले मैले संस्थामा कुनै रकम तिर्न बुझाउन बाँकी नभएको बेहोराको पत्र दिएका थिए। म खजुरा शाखामा नियुक्ती पाई खजुरा शाखामा नै निरन्तर काम गर्दै आइरहेको समयमा २/३ पटक नेपालगन्ज शाखाको प्रधान कार्यालयमा समेत आई क्यास काउण्टरमा काम गरेको थिएँ। रकम हिनामिनाका सम्बन्धमा विज्ञहरूले तयार पारेको प्रतिवेदन सम्बन्धमा खजुरा शाखाका प्रमुख प्रबन्धक सुर्यबहादुर वि.क.ले आफ्नो कार्यालयबाट भएको रकम हिनामिना स्वीकार गरी तोकिएको निश्चित समयसिमा भित्र तिर्ने बुझाउने कागज समेत गरी केही रकम बुझाइसकेको अवस्थामा सो हिनामिना निजले नै गरेको भन्ने पुष्टि हुन्छ। उक्त रकम हिनामिना के-कसरी के-कुन मितिमा भयो मलाई थाहा भएन। मेरो खातामा मैले नै रकम राख्ने र झिक्ने गरेको कारण ट्रान्जेक्सनमा देखिएको हो। सो बैंकमा रहेको मेरो खाता नं. ५६०६ हो र सो खातामा मैले पाउने मासिक तलब शुरुमा रू. ४,२००।- भई पछि बढ्दै गएर मैले जागिर छोड्ने बेलामा मासिक रू. ९,०००।- भएको थियो। मैले पाएको सम्पूर्ण तलबको रकम सोही खातामा राख्ने र झिक्ने गरेको थिएँ। जग्गा जमीनको कारोबार तथा मासिक खाताको जम्मा रकम पनि सोही बैंकमा जम्मा हुने गर्दथियो। सोही कारण मेरो उक्त खातामा ट्रान्जेक्सन देखिएको हो र उक्त रकम संस्थाको रकम हिनामिना गरी आर्जन गरेको होइन। मैले

अभियोग दावीबमोजिमको कसूर नगरेको हुँदा मलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी बिजय कुमार पाठकले अदालतमा गरेको बयान।

६४. मिसिलसंलग्न तथ्य प्रमाणहरूको आधारमा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल यी प्रतिवादीउपरको अभियोग दावी र कसूरमा संलग्नता समेतलाई दृष्टिगत गरी यी प्रतिवादी विजय कुमार पाठकलाई मुद्दा पुर्पक्षको निमित्त निजको कसूरको जिम्मेवारीको मात्रा तथा निजको आर्थिक अवस्थालाई समेत दृष्टिगत गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ मा उल्लिखित अवस्थाहरूलाई दृष्टिगत गरी ऐ. संहिताको दफा ६८ बमोजिम रू. २५,००,०००।- (पच्चीस लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७६।०९।०२ मा भएको आदेश र आदेशबमोजिम जेथा जमानी राखी तारेखमा रहेका।

६५. मेरो आफ्नै एकलौटी फर्म भएकाले मैले सहकारी वित्तिय विकास संस्था नेपालगन्जको आ.व. २०६९।०७० को व्यवस्थापनले तयार गरी मलाई उपलब्ध गराएको वित्तिय विवरणहरू, वासलात, नाफानोक्सान हिसाब तथा अन्य सपोर्टिङ प्रमाण कागजातहरूको आधारमा लेखापरीक्षणको विधि र प्रक्रियाहरूलाई अवलम्बन गरी प्रचलित कानूनबमोजिम लेखापरीक्षण गरेको हुँ। मैले लेखापरीक्षण गर्ने समयमा कुनै हिनामिनाको आभास भएको थिएन। साथै संस्थाको संचालक समितिको बैठकको माईन्युट तथा वार्षिक साधारणसभाको माईन्युट र नेपाल राष्ट्र बैंकले स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदन तथा सहकारी डिभिजन कार्यालयबाट भएका निरीक्षणबाट प्राप्त प्रतिवेदनमा समेत कुनै त्यस्तो तथ्य खुल्न आएको थिएन। सहकारीको रकम को-कसले के-कसरी कहिले के-कति रकम हिनामिना गरे मलाई कुनै थाहा जानकारी भएन। मैले लेखापरीक्षण गर्दा संस्थाको जि.एल.(general ledger) तथा व्यक्तिगत बचत खाताहरूको रकममा कुनै फरक देखिएको थिएन। मैले लेखा परीक्षणको काम सम्पन्न गरेपछि संस्थाको सबै प्रमाण कागजातहरू संस्थालाई नै फिर्ता बुझाएपछि सो प्रमाण कागजातहरूमा कसैले केही थपघट गरेको भए सोबारे मलाई थाहा भएन। मैले अभियोग दावी बमोजिमको कसूर अपराध नगरेको हुँदा अभियोग दावीबमोजिम सजाय पाउनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी नारायणबाबु अधिकारीले सुरु अदालतमा गरेको बयान।

६६. पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल यी प्रतिवादी उपरको अभियोग दावी र कसूरमा संलग्नता समेतलाई दृष्टिगत गरी यी प्रतिवादी नारायणबाबु अधिकारीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ मा उल्लिखित अवस्थाहरूलाई दृष्टिगत गरी ऐ. संहिताको दफा ६८ बमोजिम रू. १,५०,०००।- (एकलाख पचासहजार) नगद,

धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।०३ मा भएको आदेश ।

६७.मैले सहकारी वित्तिय विकास संस्था नेपालगन्जको आ.व. २०७३।०७४ र आ.व. २०७४।०७५ को प्रचलित ऐन कानुनहरूलाई अवलम्बन गर्दै बाह्य लेखापरीक्षकको रुपमा बाह्य लेखापरीक्षण गरेको हुँ। मलाई उपलब्ध गराएको वित्तिय विवरणहरू, वासलात, नाफानोक्सान हिसाव तथा अन्य आवश्यक प्रमाण कागजातहरूको आधारमा मैले लेखापरीक्षण गरेको हुँ। आ.व. २०७३।०७४ को संस्थाको आयव्यय सम्बन्धि आर्थिक कारोबारहरूको लेखापरीक्षणको क्रममा कुनै हिनामिनाको आशंका थिएन। संस्थाको सन्चालक समितिको बैठकको माईन्युट तथा वार्षिक साधारणसभाको माईन्युटमा समेत कुनै हिनामिनाको तथ्य खुल्न आएको थिएन। आ.व.२०७४।०७५ को लेखापरीक्षणको क्रममा मलाई उपलब्ध गराईएका प्रमाण कागजातहरूका परीक्षण गर्दा देखिएका कमिकमजोरीहरूलाई मैले सोही आ.व.को लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरेको छु। सो बाहेक अन्य कुनै किसिमको हिनामिनाको तथ्य सो बखत प्रकाशमा नआएकोले को-कसले के-कसरी कहिले के-कति रकम हिनामिना गरे सोबारे मलाई कुनै थाहा जानकारी भएन। मैले अभियोग मागदावी बमोजिमको कुनै कसूर अपराध नगरेको हुँदा मैले अभियोग दावी बमोजिम सजाय पाउनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी कुलानन्द रेग्मीले सुरु अदालतमा गरेको बयान।

६८.पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल प्रतिवादी कुलानन्द रेग्मीलाई मुद्दा पुर्पक्षको निमित्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ मा उल्लिखित अवस्थाहरूलाई दृष्टिगत गरी ऐ. संहिताको दफा ६८ बमोजिम रू. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।०९ मा भएको आदेश ।

६९.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज (बँकि) को पाँचौं कार्यकाल अर्थात् मिति २०६८ देखि २०७३ साल कार्तिकसम्म सन्चालक समितिको अध्यक्ष अम्बरबहादुर खड्काको पालामा सन्चालक समितिको सदस्य पदमा निर्वाचित भएको थिएँ। सोही अवधिमा २०६९ साल पौषमा म छोरी भेट्न अष्ट्रेलिया गई २०६९ साल फाल्गुणमा फर्किएँ र २०७१।०३।२६ गते मलाई क्यान्सर रोग लागि उपचारको क्रममा ३ महिना सम्म काठमाण्डौमा बसी उपचार गराएँ। म क्यान्सरको बिरामी भएकाले मैले पुनः उक्त संस्थाको सन्चालक समितिको कुनै पनि पदमा रहने बस्ने मेरो कुनै मनसाय थिएन तर सबै साथीभाईहरूले तपाई जस्तो प्रशासन सम्बन्धमा जानेबुझेको मान्छे हाम्रो संस्थाको सदस्य पदमा नै भएपनि बसेको खण्डमा संस्थाको हित नै हुन्छ भनी सो सहकारी वित्तिय विकास

संस्था लिमिटेड नेपालगन्जको छैटौं कार्यकालमा सन्चालक सदस्य पदमा आवेदन दिन लगाई अध्यक्ष हरदेवबक्स चौधरीको कार्यकालमा पनि म सन्चालक समितिको सदस्य पदमा निर्वाचित समेत भएँ। सो समयमा पनि म पुनः क्यान्सर रोगको उपचारको लागि २०७५ साल आश्विन देखि २०७५ साल माघ सम्म अष्ट्रेलियाको सिड्नीमा चेकअप गर्न गएको थिएँ। मुद्दा चल्दाका बखत म सन्चालक समितिको सदस्य पदमा रहेको थिएँ। पाँचौं कार्यकालका अध्यक्ष अम्बर बहादुर खड्काको खातामा को-कसले के-कसरी रकम जम्मा गर्यो मलाई कुनै थाहा जानकारी छैन र सो रकम हिनामिनामा मेरो कुनै संलग्नता छैन। मैले अभियोग दावी बमोजिम कसूर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी चन्द्रप्रसाद तिमिल्सिनाले अदालतमा गरेको बयान।

७०.पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल प्रतिवादी चन्द्रप्रसाद तिमिल्सिनालाई मुद्दा पुर्पक्षको निमित्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रु. ११,००,०००।- (एघार लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।०७ मा भएको आदेश ।

७१.मैले सहकारी वित्तिय विकास संस्था नेपालगन्जको आ.व. २०७२।०७३ को प्रचलित ऐन कानुनहरूलाई अवलम्बन गर्दै बाह्य लेखापरीक्षकको रुपमा आफ्नो लेखापरीक्षणको काम सम्पन्न गरेको थिएँ। लेखापरीक्षणको दौरानमा देखिएका त्रुटिहरू तथा कैफियतहरूलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गरेकै छु। सो बखत कुनै हिनामिनाको आभाष भएको थिएन। प्रतिवेदनमा उल्लेख भएबाहेक अन्य कुनै किसिमको हिनामिनाको तथ्य सो बखत आभाष तथा प्रकाशमा नआएकोले को-कसले के-कसरी के-कति रकम हिनामिना गरे सोबारे मलाई कुनै थाहा जानकारी भएन। मैले गरेको लेखापरीक्षण पछि नेपाल राष्ट्र बैंकबाट स्थलगत निरीक्षण सम्पन्न गरी दिएको प्रतिवेदनमा समेत कुनै रकम हिनामिनाको तथ्य बाहिर आएको छैन। मैले अभियोग दावी बमोजिम कुनै कसूर अपराध नगरेको हुँदा मैले सजाय पाउनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी विनोद कुमार शाक्यले अदालतमा गरेको बयान।

७२.पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाल प्रतिवादी विनोद कुमार शाक्यलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रु. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।०८ मा भएको आदेश ।

७३.म सहकारी वित्तिय विकास संस्था नेपालगन्जको पाँचौं कार्यकालका अध्यक्ष अम्बर बहादुर खड्काको पालामा सन्चालक समिति सदस्य पदमा निर्वाचित भई काम गरेको थिएँ। सो बखत म पेसाले कृषक र शिक्षक भएको कारण सहकारीको अधिकतम बैठकमा उपस्थित

जनाउन पाएको थिएन। मलाई दिपक शर्माको संयोजकत्वमा रहेको कर्जा लगानी उपसमितिको सदस्य पदमा राखिएको थियो । सो समयमा लगानी भएका सबै कर्जा असूलसमेत भइसकेको अवस्था छ। म उक्त संस्थाको सदस्य पदमा रहेको समयमा नेपाल राष्ट्र बैंकले समेत छानबिन गर्ने भएकोले र संस्थामा तरलता अभाव समेत नभएको हुँदा हामीलाई हिनामिनाको विषयमा जानकारी भएन। हाल बचत, ऋण तथा नगदमा हिनामिना भएको तथ्य बाहिर आई मुद्दा चलेपछि मात्र रकम हिनामिनाको विषयमा थाहा भएको हो। उक्त संस्थाको रकम कर्मचारीहरूले रकम हिनामिना गरेको स्वीकार गरेको तथ्य स्वीकार गरी निश्चित समयमा तिर्ने बुझाउने शर्तनामा कागज गरेको हुँदा निजहरूकै संलग्नतामा रकम हिनामिना भएको हो। मेरो उक्त कार्यमा कुनै संलग्नता रहेको छैन भन्ने बेहोराको प्रतिवादी पवन कुमार यादवले सुरु अदालतमा गरेको बयान।

७४. तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी पवन कुमार यादव अहिले नै कसूरदार होइनन् भनी विश्वास गर्न सकिने अवस्थाको विद्यमानता नभएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रु. ५,००,०००।- (पाँच लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।०६ मा भएको आदेश ।

७५. म सहकारी वित्तिय विकास संस्था नेपालगन्जको पाँचौं कार्यकालका अध्यक्ष अम्बर बहादुर खड्काको पालामा सन्चालक समिति सदस्य पदमा निर्वाचित भई काम गरेको थिएँ। म प्रायजसो बैठकमा उपस्थित हुने गर्थें। म केही समय कर्जा असूली उपसमितिको संयोजक भई काम पनि गरेको थिएँ । सो समयमा मैले आफ्नो जिम्मेवारीमा भएका सम्पूर्ण काम कुशलता पुर्वक गरेको हुँ। म संस्थामा रहने समयमा संस्थामा रकम हिनामिना भएको बारेमा मलाई कुनै जानकारी भएन। सो समयमा अध्यक्षको खातामा के कसरी को कसले रकम जम्मा गरेको सम्बन्धमा मलाई कुनै जानकारी छैन। सो रकम हिनामिनामा मेरो कुनै मिलेमतो रहेको छैन। जगेडा कोषलाई के कसरी सेयर पुँजीमा परिणत गरियो मलाई थाहा भएन। मेरो कार्यकालमा संस्थामा तरलता अभाव समेत नभएको हुँदा हिनामिनातर्फ ध्यान गएन। म उक्त संस्थाको सदस्य पदमा रहेको समयमा नेपाल राष्ट्र बैंकले समेत छानबिन गर्ने भएकोले र संस्थामा तरलता अभाव समेत नभएको हुँदा हामीलाई हिनामिनाको विषयमा जानकारी भएन। हाल बचत, ऋण तथा नगदमा हिनामिना भएको तथ्य बाहिर आई मुद्दा चलेपछि मात्र रकम हिनामिनाको विषयमा थाहा भएको हो। उक्त संस्थाको रकम कर्मचारीहरूले रकम हिनामिना गरेको स्वीकार गरेको तथ्य स्वीकार गरी निश्चित समयमा तिर्ने बुझाउने शर्तनामा कागज गरेको हुँदा निजहरूकै संलग्नतामा रकम हिनामिना भएको

हो। मेरो उक्त कार्यमा कुनै संलग्नता रहेको छैन भन्ने बेहोराको प्रतिवादी राजेन्द्र कुमार बि.क.ले अदालतमा गरेको बयान।

७६.तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी अहिले नै कसूरदार होइनन् भनी विश्वास गर्न सकिने अवस्थाको विद्यमानता नभएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रु. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।१० मा भएको आदेश ।

७७.म छैंटौ कार्यकाल (मिति २०७३ मंसिर- २०७६ जेठसम्म) लेखा समितीको संयोजक भई काम गरी आएको थिएँ । सो समयमा हाम्रो जिम्मेवारी संस्थाको सम्पूर्ण आर्थिक कारोबारहरू ऋण, बचत, मुद्दती, स्टेटमेण्ट आदी हिसाबहरूको आन्तरिक चेकजाँच गरी सुझाब सहितको प्रतिवेदन तयार पारी सन्चालक समिति समक्ष पेश गर्ने जिम्मेवारी हामी लेखा समितिको थियो। छैंटौं कार्यकालमा म लेखा समितिको संयोजक पदमा निर्वाचित भएपछि हामीले संस्थाको आयव्यय सम्वन्धि हिसाब किताबको आन्तरिक लेखा परीक्षण गर्ने क्रममा संस्थाको आर्थिक कारोबारसँग सम्वन्धित कागजातहरू माग गर्दा सम्वन्धित फाँटका कर्मचारीहरूले टिपोट गरी शिर्षक अनुसार रकमको विवरण दिन्थे ।हामीले कर्जा फाईल, सम्पूर्ण लेजर, सहायक खाताहरू भिडाई हेर्न खोज्दा संस्थाको सम्पूर्ण आर्थिक कारोबार कम्प्युटर सिस्टममा नभई ढड्डा सिस्टममा भएकाले हामीलाई पनि एकएक गरी रुजु गर्न गाह्रो थियो र कहिलेकाहीं हामीले कागज प्रमाणहरू तथा फाँटवारी माग गर्दा कर्मचारीहरूले टालटाल गरी सम्पूर्ण कागजातहरू हेर्न दिएका थिएनन्। हामीले कर्मचारीहरूको विश्वासमा परी निजहरूले नै दिएको तथ्याङ्कहरूको आधारमा लेखापरीक्षण गर्ने गरेका थियौं। कर्मचारीहरूले सम्पूर्ण प्रमाण कागजातहरू उपलब्ध नगराई हिसाब मिलाएर प्रतिवेदन मात्र दिने गरेकाले रकम हिनामिनाको कुरा सतहमा आउन नसकेको हो। एक/डेढ वर्ष अगाडि संस्थामा रकम अभाव हुन गई संस्थामा तरलता अभाव भई रकम हिनामिनाको कुरा थाहा हुन गएपछि संस्थाको सम्पत्ति, दायित्व, आम्दानी, खर्च, बचत तथा कर्जा लगायतको हरहिसाब चेकजाँच गर्दा हिसाबमा आम्दानी भन्दा खर्च बढी देखिएको, बचत लेजर र जर्नल लेजरको हिसाब नमिलेको देखिएकोले रकम हिनामिना भएको भन्ने शंका लागि लेखा समितीले तत् समयमा प्रमुख प्रबन्धक रहेका गंगाधर सुवेदीलाई बचत लेजरको हिसाब जर्नल लेजरमा भिडाई हिसाब दिनुहोस् भन्दा निजले हुन्छ मात्र भन्ने र हिसाब नदिने गरेपछि सो कुरा संस्थाको सन्चालक समितिमा जानकारी गराइएको थियो। तत्पस्चात छानबिन समिति गठन गरी संस्थाको रकम हिनामिना भएको सम्बन्धमा तथ्यहरू बाहिर आएको हो। मैले अभियोग

मागदावी बमोजिमको कुनै कसूर गरेको छैन भन्ने बेहोराको प्रतिवादी लिला शाहले अदालतमा गरेको बयान।

७८.यी प्रतिवादी लिला शाहलाई कसूरको जिम्मेवारीको मात्रा तथा निजको आर्थिक अवस्थालाई समेत दृष्टिगत गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. २०,००,०००।- (बीस लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।१७ मा भएको आदेश र आदेशबमोजिम प्रतिवादीले र.नं. ४०९ बाट धरौट जम्मा गरी तारेखमा रहेका।

७९.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको सन्चालक समितिको सदस्य पदमा रहेको समयमा नेपाल राष्ट्र बैंक, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, लेखा समिति, आन्तरीक लेखा परीक्षण, साधारण सभा र बाह्य लेखापरीक्षण समेतले रेखदेख, अनुगमन, निरीक्षण तथा छानबिन गर्ने निकायको कुनै पनि प्रतिवेदनमा हाम्रो पालामा संस्थाको रकम हिनामिना भएको तथ्य प्रकाशमा नआएकाले साथै संस्थामा तरलता अभावसमेत नभएकाले रकम हिनामिना सम्बन्धमा हामीलाई सो बखत जानकारी भएन। हाल बचत, ऋण तथा नगदमा रकम हिनामिना भएको तथ्य बाहिर आई मुद्दा चलेपछि मात्र यति ठुलो रकम हिनामिना भएको रहेछ भनी हामीलाई थाहा भयो। उक्त संस्थामा मैले ०६२/०६३ मा खाता खोलेको थिएँ र मैले संस्थाको रू.१०,०००।- को शेयर पनि खरीद गरेको थिएँ। उक्त मेरो शेयर हाल पनि कायम छ। सो रकम हिनामिनामा कर्मचारीहरूको मिलेमतोमा भएको देखिन्छ र मेरो कुनै सलग्नता एवं मिलेमतो छैन भन्ने बेहोराको प्रतिवादी दिपक बर्मालि सुरु अदालतमा गरेको बयान।

८०.प्रतिवादी दिपक बर्मालाई मुद्दा पुर्पक्षको निमित्त निजको कसूरको जिम्मेवारीको मात्रा तथा निजको आर्थिक अवस्थालाई समेत दृष्टिगत गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. २०,००,०००।- (बीस लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।१४ मा भएको आदेश ।

८१.म २०६० साल मंसिरमा कार्यकारी प्रमुखको पदमा उक्त सहकारी वित्तिय विकास संस्था नेपालगन्जमा ६ महिना परीक्षणकाल रहने गरी नियुक्त भएकोमा पछि पुनः ३ महिना परीक्षणकाल थप गरी काम गर्दै आएकोमा मेरो उमेर २५ वर्ष नपुगेकोले २०६१ साल भदौमा मलाई सो संस्थाको कार्यकारी प्रमुख पदबाट अवकास दिइयो। सोपछि म सो सहकारी वित्तिय विकास संस्थाको पाँचौ कार्यकाल (२०६८-२०७३) मा लेखा समितिको सदस्यमा म निर्वाचित भएको थिएँ। सो कार्यकालमा हामीले सहकारीको आन्तरिक लेखा परीक्षण गर्ने जिम्मेवारी पाएका थियौं। हाम्रो उक्त कार्यकालमा हामीले त्रैमासिक रुपमा

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा सहकारी रकम हिनामिनाको र संगठित अपराध र. नं. ०७४-०७६-०७८९,फैसला पृष्ठ १३२ मध्येको ६९

नियमित आन्तरिक लेखा परीक्षण गर्ने गरेको थियौं। सोही अनुसार प्रतिवेदन तयार गरी सन्चालक समिति समक्ष पेश गर्ने गरेका थियौं। हाम्रो संस्थाको अनुगमन तथा निरीक्षण नेपाल राष्ट्र बैंक, सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय, हामी पूर्वको लेखा समिति र आन्तरिक लेखा परीक्षण, साधारणसभा र बाह्य लेखा परीक्षण प्रतिवेदनमा समेत हरहिसाब चुस्तदरुस्त रहेको र रकम हिनामिना सम्बन्धमा कुनै गुनासो पनि नभएको र कुनैपनि बचतकर्ताहरूले आफ्नो बचत रकम फिर्ता पाएनौं भनी गुनासो गरेका थिएनन। सो समयमा संस्थामा तरलता अभावसमेत नभएकाले हामीले रकम हिनमिना सम्बन्धमा शंका पनि गरेका थिएनौं । संस्थाको रकम हिनामिना भएको सम्बन्धमा मैले पत्रपत्रिका पढेपछि मात्र थाहा भएको हो । सो पूर्व मलाई सो संस्थाको रकम हिनामिना भएको सम्बन्धमा कुनै जानकारी थिएन। सो समयमा जगेडा कोष किन शुन्य बनाइएको हो सोबारे मलाई थाहा जानकारी भएन। मैले अभियोग दावीबमोजिम कुनै कसूर गरेको छैन भन्ने बेहोराको प्रतिवादी तुषार शाहले सुरु अदालतमा गरेको बयान।

८२.यी प्रतिवादी तुषार शाहलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. ३०,००,०००।- (तीस लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।२२ मा भएको आदेश ।

८३.म सहकारीको चौथो कार्यकालमा सन्चालक समितिको अध्यक्ष सिद्दि कुमार महर्जनको पालामा सन्चालक समितिको सदस्य पदमा निर्वाचित भएको थिएँ। म सहकारी वित्तिय विकास संस्थाको चौथो कार्यकालमा सन्चालक समितिको सदस्य पदमा निर्वाचित भई कामकाज गर्ने क्रममा संस्थाको नियमित अनुगमन नेपाल राष्ट्र बैंकले गर्ने, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयले अनुगमन निरीक्षण गर्ने, लेखा समितिले संस्थाको आयव्यय सम्बन्धि लेखा समितिले चेकजाँच गरी आन्तरीक लेखापरीक्षण गर्ने, सो प्रतिवेदनहरू साधारणसभामा समेत पेश हुने र बाह्य लेखापरीक्षण समेत नियमित भइरहेको र अनुगमनकारी निकायको कुनैपनि प्रतिवेदनमा रकम हिनामिना भएको तथ्य बाहिर नआएकाले संस्थाको रकम के-कसरी के-कुन समयमा हिनामिना भयो मलाई थाहा भएन। सिद्दीकुमार महर्जनले रकम हिनामिना गरेको सम्बन्धमा मलाई थाहा भएन। सहकारीको रकम हिनामिना गर्ने प्रमुख व्यक्तिहरू अरुण कुमार पाठक, गंगाधर सुवेदी र गोपाल भण्डारी हुन्, अन्यको विषयमा मलाई थाहा छैन। मैले अभियोग दावी बमोजिमको कसूर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी शतिश कुमार शर्माले सुरु अदालतमा गरेको बयान।

८४.प्रतिवादी शतिश कुमार शर्मालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. २,००,०००।- (दुई लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।२१ मा भएको आदेश।

८५.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज (बँकि)को पाँचौं कार्यकाल सन्चालक समितिको उपाध्यक्ष पदमा निर्वाचित भई सो पदावधिमा काम गरेको थिएँ। म उपाध्यक्ष भएतापनि मलाई साधारण सदस्य सरहको अधिकार थियो ।अध्यक्षको अनुपस्थितिमा मैले कहिलेकाँही बैठक बसाली सस्थाको प्रमुख प्रवन्धक (सदस्य सचिव)ले उठाएका एजेण्डाहरू माथि छलफल गरी निर्णय पारित गरिने कार्यहरू हुन्थे। मैले संस्थालाई अहित हुने कुनैपनि किसिमका निर्णयहरू गरेको थिइन।संस्थाको नियमित अनुगमन नेपाल राष्ट्र बैंकले गर्ने, सहकारी प्रशीक्षण तथा डिभिजन कार्यालयले अनुगमन निरीक्षण गर्ने, लेखा समितिले संस्थाको आयव्यय सम्बन्धि लेखा समितिले चेकजाँच गरी आन्तरिक लेखापरीक्षण गर्ने सो प्रतिवेदनहरू साधारणसभामा समेत पेश हुने र बाह्य लेखापरीक्षण समेत नियमित भइरहेको समयमा रकम हिनामिना सम्बन्धि तथ्य बाहिर नआएकाले मलाई संस्थाको रकम के-कसरी के-कुन समयमा हिनामिना भयो मलाई थाहा भएन । हिनामिना गर्ने अरुण कुमार पाठक, गंगाधर सुबेदी र गोपाल भण्डारी गरी यी तीनजना प्रमुख हुन्। म सो संस्थाको उपाध्यक्ष रहेको समयमा कर्जा विभागमा मेरो दाजु अरुण कुमार पाठक कार्यरत रहेको भएता पनि मैले निजलाई कुनैपनि प्रकारले रकम हिनामिना गर्नमा प्रोत्साहन गरेको छैन । रकम हिनामिनामा मेरो कुनै किसिमको मिलेमतो एवं संलग्नता छैन भन्ने समेत बेहोराको प्रतिवादी अजय कुमार पाठकले सुरु अदालतमा गरेको बयान।

८६.यी प्रतिवादी अजय कुमार पाठकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. ४०,००,०००।- (चालिस लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।२० मा भएको आदेश ।

८७.म मिति २०५७ सालमा सहकारी वित्तिय विकास संस्थाको नेपालगन्ज शाखामा उपसहायक पदमा अस्थायी नियुक्ती पाई २०७० सालतिर कर्जा विभागको प्रमुख भएको थिएँ। सो समयमा पनि मैले संस्थामा बचतकर्ताहरूले कर्जा मागको निवेदन दिन आएका बखत निजहरूले धितोबापत देखाएको जग्गाको मालपोत मुल्यांकन बुझी संस्थाको नियमानुसार मुल्यांकन गरी मैले प्रधान कार्यालयमा कर्जा प्रवाहको लागि सिफारिस गर्ने काम गर्दथे। मिति २०७३।०२।२७ मा मैले मेरो घरायसी समस्याको कारण राजिनामा पेश गरेकोमा मेरो सो राजिनामाको निवेदन मिति २०७३।३।२९ को सन्चालक समितिको निर्णय

अनुसार मिति २०७३।४।१६ गते देखि लागु हुनेगरी स्वीकृत भएको हो। म संस्थामा मिति २०७३।०२।२९ सम्म संस्थामा कार्यरत रहँदा संस्था राम्रै किसिमले चलेको थियो र संस्थामा तरलता अभाव समेत भएको थिएन । कुनै पनि बचतकर्ता तथा ऋणीहरूले आफ्नो रकम फिर्ता नपाएको तथा रकम हिनामिना भएको भनी गुनासो समेत व्यक्त गरेका थिएनन्। संस्थाको नियमित रुपमा अनुगमन तथा निरीक्षण नेपाल राष्ट्र बैंक, सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय, लेखा समिति, आन्तरिक लेखा परीक्षण, अनुगमन तथा निरीक्षण उपसमिति, साधारणसभा, बाह्य लेखा परीक्षणले गर्ने र निजहरूले अनुगमन तथा निरीक्षणपछि दिएको कुनै पनि प्रतिवेदनमा रकम हिनामिनाको कुनै तथ्य उल्लेख नभएकाले सो संस्थाको रकम हिनामिना के-कसरी को-कसको मिलेमतो र संलग्नतामा भयो मलाई थाहा भएन। मेरो संस्थामा रहेको खाता नं. २३९६/१२ मैले २०५७ सालमा खोलेको हुँ र सो खातामा मैले संस्थाबाट पाउने मासिक तलब, दैनिक जम्मा, मासिक जम्मा र व्यापारबाट आएको रकम समेत जम्मा गर्ने र झिक्ने गर्थे।। सो संस्थामा मैले २०७४ मसान्तसम्म नै रकम जम्मा गर्ने र झिक्ने गर्थे।। मेरो घरमा दाजुभाउजुले समेत मोटरसाइकल सोरुम, वासिङ्ग सर्भिस सेन्टर र ट्रान्स्पोर्ट सचालन गरी आर्जन गरेको रकम समेत विगत ८/१० वर्ष देखि सोही संस्थामा जम्मा गर्ने र झिक्ने भएकाले मेरो खातामा लगभग २ करोडको ट्रान्जेक्सन देखिएको हो। हाल १२ करोड मेरो अन्यत्र बैंकहरुमा ऋण मात्र छ र सोही किसिमको व्यापार व्यवसाय पनि छ। मैले संस्थाको रकम हिनामिना गरेको छैन र हिनामिनामा मेरो कुनै प्रकारले मिलेमतो एवं संलग्नता छैन। मैले अभियोग मागदावी बमोजिमको कुनै कसूर अपराध नगरेको हुँदा मलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी गौरव कुमार श्रेष्ठले सुरु अदालतमा गरेको बयान:

८८.यी प्रतिबादी गौरव कुमार श्रेष्ठलाई मुद्दा पूर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न कारागार कार्यालय बाँकेमा लेखी पठाइदिनु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।२४ मा भएको आदेश ।

८९.म मिति २०६० साल बैशाखदेखि सहकारी वित्तिय विकास संस्थाको नेपालगन्ज शाखामा उपसहायक पदमा अस्थायी नियुक्ती पाई काम शुरुवात गरेको थिएँ र मलाई खाता खोल्ने र भौचर भर्ने काम दिइएको थियो। म २०६५ सालमा उपसहायक पदबाट सहायक पदमा बढुवा भई जनरल फाँटमा काम गरेको थिएँ । सो समयमा मैले लगबुक अनुसार डे बुक तयार गर्ने काम गरेको थिएँ । म जनरल फाँटको प्रमुख पदमा थिएन। म र गंगा सुवाल समान पद सहायक पदमा भएकोले दुवैले जनरल फाटको काम मिली गर्ने गर्दथ्यौं। सो फाँटमा डे बुक भर्ने र डे बुकको आधारमा जि.एल.(general ledger) भर्ने काम हुन्थ्यो।

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध र [illegible] ०७४-०७५-०७८९,फैसला पृष्ठ ११ [illegible]

ऋण तिरेको, खर्च भएको, रकम जम्मा भएको समेत डे बुकमा चढाई त्यसपछि जि.एल.(general ledger) मा चढाउने गरेका थियौं। मैले मेरो व्यक्तिगत कारणले गर्दा राजिनामा बुझाएकोमा २०७४।०५।०१ देखि लागु हुनेगरी मेरो राजीनामा स्वीकृत भएको हो। **मैले सो संस्थाबाट राजीनामा गर्दा मैले संस्थामा तिर्न बुझाउन बाँकी रहेका बाँकि बक्यौताहरू चुक्ता गरिसकेपछि सन्चालक समितिको बोर्ड बैठकबाट नै मेरो राजीनामा स्वीकृत भएको हो।** हाल मैले उक्त संस्थामा कुनै रकम तिर्न बुझाउन बाँकी छैन। मिति २०७२।१०।०३ देखि २०७६।४।३० सम्मको जि.एल.(general ledger) लेजरको मिति २०७४।०४।२७ देखि ऐ. ०५।०२ सम्मको जि.एल.(general ledger)को पानाको पुछारमा मैले गंगा भुषाललाई प्रमुख प्रबन्धक गंगाधर सुवेदीको रोहवरमा बुझाएको छु। अरु दुवैजनाले प्रयोग गर्ने हुँदा बरबुझारथ गरिएन। म सो सहकारी संस्थामा सहायक पदमा बढुवा भएदेखि राजिनामा नहुन्जेलसम्म जनरल फाँटमा नै काम गरेको हुँ । सो समयमा मैले लगबुक अनुसार डेबुक तयार गर्ने काम बाहेक अन्य काम गरेको थिइन। सो क्रममा संस्थाको लग बुकमा चढाइएका रकमहरू डेबिटको डेबिटमा र क्रेडिटको क्रेडिटतर्फ चढाउने कार्य गरेको हुँ ।क्यास बुक अनुसार मैले डेबुक मिलाउने काम गरेको हुँ। सो क्रममा बचत, कर्जा, दैनिक मासिक बचत फाँटबाट आएको लग बुक अनुसार नै मैले डेबुकमा रकम चढाउने काम गरेको हुँ। ऋणतर्फ हिनामिना भएको रकम कर्जा विभागलाई थाहा होला। बचतमा, बैंक हिसाबमा, नगद मौज्दातबाट भएको रकम हिनामिनाको सम्बन्धमा क्यासियर र तत्समयका बैंकिङ्ग प्रबन्धकलाई थाहा होला। म संस्थामा कार्यरत रहँदासम्म संस्था राम्रै किसिमले चलेको थियो र संस्थामा तरलता अभावसमेत भएको थिएन । कुनै पनि बचतकर्ता तथा ऋणीहरूले आफनो रकम फिर्ता नपाएको तथा रकम हिनामिना भएको भनी गुनासो समेत गरेका थिएनन्। संस्थाको नियमित रुपमा अनुगमन तथा निरीक्षण नेपाल राष्ट्र बैंक, सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय, लेखा समिति, आन्तरिक लेखा परीक्षण, अनुगमन तथा निरीक्षण उपसमिति, साधारणसभा, बाह्य लेखा परीक्षकले गर्ने र निजहरूले अनुगमन तथा निरीक्षणपछि दिएको कुनैपनि प्रतिवेदनमा रकम हिनामिनाको कुनै तथ्य उल्लेख नभएकाले सो संस्थाको रकम हिनामिना के-कसरी को-कसको मिलेमतो र संलग्नतामा भयो मलाई थाहा भएन। मैले किर्ते भनिएको जि.एल.(general ledger) खडा गरेको होइन । सो जि.एल.(general ledger) किर्ते हो वा होइन र को-कसले कहिले खडा गरेका हुन् मलाई थाहा भएन। जि.एलको हस्तलिखित मेरो होइन, **को-कसको हो मलाई थाहा भएन।** मिति २०६३।११।१४।देखि २०६८।१२।३० **सम्मको जि.एल.(general ledger) म एक्लैले तयार पारेको हो। अदालतबाट मलाई बयानको क्रममा देखाइएको मिति २०७१।०१।३ देखि २०७२।०३।३१ सम्मको लेजरमा मैले कुनै पोष्टिङ गरेको छैन।**

सो लेजर कस्तो हो थाहा भएन। त्यसपछिको २०७२।१०।०३ देखि २०७६।०४।३० सम्मको जि.एल.(general ledger) म, गंगा भुसाल र प्रेमजङ्ग घर्तिको अंक अक्षर हो। सो मिति २०७१।०१।०३ देखि २०७२।०३।३१ सम्मको लेजर को-कसले कसरी तयार पारीएको हो मलाइ थाहा भएन। मैले अभियोग मागदाबी बमोजिमको कुनै कसूर अपराध नगरेको, उक्त संस्थाबाट राजीनामा दिने समयमा तत्कालिन प्रमुख प्रवन्धक गंगाधर सुवेदीले मैले संस्थामा कुनै बाँकी बक्यौता तिर्न बुझाउन नरहेको, हरहिसाब फरफारक भएको भनी मलाई राजिनामाको कागज समेत दिएकोले मैले प्रस्तुत मुद्दामा सजाय पाउनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी किरण श्रेष्ठले सुरु अदालतमा गरेको बयान।

१०.प्रतिवादी किरण श्रेष्ठलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा पठाइदिनू भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।१०।०९ मा आदेश।

११.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको चौथो कार्यकाल मिति २०६३।०४।२० देखि २०६८।०४।१४ सम्म सन्चालक समितिको अध्यक्ष पदमा निर्वाचित भएको थिएँ। म अध्यक्ष भई जिम्मेवारी वहन गर्ने क्रममा नेपाल राष्ट्र बैंक, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयले नियमित अनुगमन निरीक्षण गर्ने, लेखा समितिले संस्थाको आय व्यय सम्बन्धी लेखा समितिले चेकजाँच गरी आन्तरिक लेखापरीक्षण गर्ने, समयमै बाह्य लेखापरीक्षण हुने र सो प्रतिवेदनहरू संस्थाको सर्वोच्च निकाय साधारणसभामा समेत निर्धारित समयभित्रै पेश भई विस्तृत छलफल भई रीतपूर्वक पारित हुन्थ्यो। म अध्यक्ष रहेको चौथो कार्यकालमा अनुगमनकारी कुनै पनि निकायको प्रतिवेदनमा रकम हिनामिनाको कुरा नआएकोले जानकारी भएन। म चौथो कार्यकालपछि संस्थामा कुनै पनि पद तथा जिम्मेवारीमा नरहेको तथा बिगत कैयौं वर्षदेखि मुटुको बिरामी भई स्वास्थ्य उपचारका लागि प्राय काठमाण्डौमा नै बस्ने भएकाले पछिल्लो समयमा संस्थामा भएको गतिविधि र रकम हिनामिना सम्बन्धमा मलाई थाहा जानकारी भएन। म अध्यक्ष रहेको चौथो कार्यकालमा बिगत लामो समयदेखि ऋणीहरूलाई बारम्बार ताकेता गर्दा पनि उठ्न नसकेको संस्थाको क्रोनिक कर्जाहरू असुल उपर गर्नु, असुलउपर हुन नसकेको कर्जालाई खराब कर्जा मानी १००% नोक्सानी कोष व्यवस्था गर्नु भनी नेपाल राष्ट्र बैंकको निर्देशन रहेकोमा असूलउपर हुन नसकेको क्रोनिक कर्जालाई खराब कर्जा मानी १००% नोक्सानी कोष व्यवस्था गर्दा संस्थालाई गम्भिर हानी भई संस्थाको आर्थिक अवस्थामा समेत गम्भिर नकारात्मक असर पर्ने हुँदा संस्थाको विनियम २०५१ को नियम ४२ अनुसार संस्थाको हितमा उक्त ब्याज तथा हर्जना छुट दिने निर्णय सन्चालक समितिले संस्थाको विनियम बमोजिम संस्थाको हितमा नै गरेको हो। उक्त निर्णयपछि संस्थाको पुरानो कर्जाहरू राम्रो

नेपाल सरकार वि. अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध, ने. ०७४-०७६-०७८१,फैसला पृष्ठ १३ मध्येको ०७

असूली भएको थियो। जसबाट संस्थाको आर्थिक अवस्था सबल भएको थियो। म अध्यक्ष रहेको चौथो कार्यकालमा यी अनुगमनकारी कुनै पनि निकायको कुनै पनि प्रतिवेदनमा वा साधारण सभाबाट रकम हिनामिनाको कुनै कुरा नै नआएकोले संस्थाको रकम हिनामिना चौथो कार्यकालमा भएको होइन। मैले अभियोग दावीबमोजिमको कसूर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी सिद्दी कुमार महर्जनले सुरु अदालतमा गरेको बयान।

१२.यी प्रतिवादी सिद्दी कुमार महर्जनालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।१०।०५ मा भएको आदेश ।

१३.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको सन्चालक समितिको पाँचौं कार्यकालमा लेखा समितिको संयोजक पदमा निर्वाचित भएकोमा करीब ३ वर्षपछि अस्वस्थताको कारणले राजिनामा दिएको थिएँ। मुद्दा चल्दाका बखत म सो संस्थाको कुनै पनि पद तथा जिम्मेवारीमा थिइन। हामीले सहकारी वित्तिय विकास संस्थाको लेखा समितिको जिम्मेवारी पाएको समयमा संस्थाको आयव्यय सम्बन्धि हिसावकितावको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सोही अनुसारको प्रतिवेदन सन्चालक समिति समक्ष पेश गर्ने गरेका थियौं। सो समयमा राष्ट्र बैंक, सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय, हामी पुर्वको लेखासमिति र आन्तरिक लेखापरीक्षण, साधारणसभा र बाह्य लेखापरीक्षण प्रतिवेदनमा समेत हरहिसाब चुस्तदरुस्त रहेको थियो।कुनैपनि बचतकर्ताहरुले आफ्नो बचत रकम फिर्ता पाएनौं भनी गुनासो गरेका थिएनन। सो समयमा संस्थामा तरलता अभावसमेत नभएकाले हामीले रकम हिनमिना सम्वन्धमा शंका पनि गरेनौं। सहकारीको रकमम को-कसले हिनामिना कहिले गरेका हुन् मलाई थाहा भएन। सो संस्थामा मेरो खाता भएपनि खाता नं. याद भएन र सो खातामा कारोबार गरेको छैन भन्ने बेहोराको प्रतिवादी भैरव प्रसाद श्रेष्ठले अदालतमा गरेको बयान।

१४.प्रतिवादी भैरव प्रसाद श्रेष्ठलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. १५,००,०००।- (पन्ध्र लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।१०।१२ मा भएको आदेश ।

१५.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज (बँकि) को पाँचौं कार्यकाल अर्थात मिति २०६८ साल श्रावण देखी २०७३ साल कार्तिकसम्म सन्चालक समितिको अध्यक्ष अम्बर बहादुर खड्काको पालामा सन्चालक समितिको सदस्य पदमा निर्वाचित भई संस्थाको

ब्याजदर निर्धारण उपसमितिमा म संयोजक रहेको थिएँ । संस्थाको नेपाल राष्ट्र बैंक, सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय, लेखा समिति, साधारणसभा, सञ्चालक समिति, निरिक्षण तथा अनुगमन उपसमिति र बाह्य लेखापरीक्षण समेतको कुनै पनि प्रतिवेदनमा रकम हिनामिनाको बारेमा कहिँकतै उल्लेख नभएकोले सो समयमा रकम हिनामिना सम्बन्धमा मलाई थाहा जानकारी भएन। मैले छैटौं कार्यकालको सन्चालक समितिको उपाध्यक्ष पदमा निर्वाचित भई कर्जा लगानी तथा असूली उपसमितिको संयोजक पदमा रहेको थिएँ। मिति २०७४।०१।१९ को साधारणसभाले गजेन्द्रमान पतिको संयोजकत्वमा असूली उपसमिति गठन भएको हो। २०७४।०३।०७ गतेदेखि म संयोजक रहेको कर्जा लगानी उपसमितिले कर्जा लगानी बन्द गर्ने भनी निर्णय गरेका थियौं। सो भन्दा पूर्व म संयोजक रहेको कर्जा लगानी उपसमितिले ६/७ वटा कर्जा मात्र लगानी गरेका थियौं। संस्थाको रकम हिनामिना सम्बन्धमा छानबिन गर्न तत्कालिन प्रमुख प्रबन्धक गोपाल भण्डारीलाई लगाइएकोमा निजले दिएको प्रतिवेदन अनुसार अरुण कुमार पाठकले रु. २१,१४,३६,१४२।, गंगाधर सुवेदीले रु. २,८९,४७,९१५।-, खजुरा शाखाका प्रवन्धक सुर्यबहादुर बि.क.ले रू. ६२,८७,०५३।- र बैजापुर शाखा प्रवन्धक लिलाधर बलीले रु. ३८,७७,७७८।- हिनामिना गरेको भन्ने प्रतिवेदन अनुसार निजहरू ४ जनालाई राखी सोधपुछ गर्दा उक्त रकम हामीहरूबाट अपचलन भएकै हो, हामीबाट अपचलित भएको रकम १ वर्ष भित्र तिर्ने बुझाउने छु भनी २०७६।०१।१६ गते कागज लेखी संस्थामा बुझाएका थिए।निजहरू माथि कारवाही गर्न अध्यक्षलाई बारम्वार अनुरोध गर्दा ढिलासुस्ती गरेकाले कि निजहरूलाई तुरुन्त कारवाही गर्नुस् कि हामीहरूको राजिनामा स्वीकृत गर्नुस् भन्दा राजिनामा सम्वन्धमा निकट भविश्यमा हुन गइरहेको साधारण सभामा पेश गर्ने र तपाईहरूको जिम्मामा संस्थाको कुनै हरहिसाव, रकम कलम बाँकी नरहेको भनी लिखित सफाई पत्र लिनुस् भनी प्रमुख प्रवन्धक गोपाल भण्डारीले सफाइ पत्र दिनुभएको थियो। निजहरूलाई कारवाही गर्नका लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय बाँकिमा म समेतले निवेदन दिएका थियौं।जिल्ला प्रहरी कार्यालय बाँकिको सहयोग र हाम्रो पहलबाट करिब ३ करोड रकम असुल उपर गरी बचतकर्ताहरूलाई केही रकम वितरण गरिएको हो। हाम्रो संस्थाको राष्ट्र बैंकले अनुगमन गर्ने, लेखासमितिले निरीक्षण गर्ने, आन्तरिक लेखा परीक्षण हुने, सहकारी डिभिजन र साधारण सभा अनि बाह्य लेखा परीक्षकले समेत हेर्ने भएकाले हामीले हिसावकिताव ठिकै होला भनी विश्वास गरियो । म भन्दा अध्यक्ष, लेखा समिति कर्तव्य एवं दायित्वको हिसावले बढी जिम्मेवार एवं सक्षम भएकाले मैले निजहरू माथिसमेत थप विश्वास गरें । पाँचौं कार्यकालका अध्यक्ष अम्बर बहादुर खड्काको खातामा को-कसले के-कसरी रकम जम्मा गर्‍यो सो सम्बन्धमा मलाई कुनै

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना गरी र संगठित अपराध, २ ०७४-०३६-००८९, फैसला पृष्ठ १३२ गरेको छ

जानकारी भएन। नेपाल राष्ट्रबैंकले सो सहकारी वित्तिय विकास संस्था नेपालगन्जको स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदनमा शेयर पुँजीको १५ गुणा भन्दा बढी निक्षेप संकलन गरेकोमा सो रकम घटाउनुपर्ने भनी उल्लेख भएपछि हामीले तत्काल सन्चालक समितिको बैठकबाट र सो विषय साधारणसभामा समेत पेश गरी निक्षेप घटाउने र शेयर पूँजी बृद्धि गर्नको लागि तत्कालिन प्रमुख प्रवन्धक गोपाल भण्डारीलाई निर्देशन समेत दिएका थियौं। संस्थाको निक्षेप घटाउने र शेयर पूँजी बृद्धि गर्नको लागि तत्कालिन प्रमुख प्रवन्धक गोपाल भण्डारीलाई निर्देशन समेत दिइएको थियो। संस्थामा निरीक्षण तथा अनुगमन गर्ने निकाय तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझावहरूको सम्बन्धमा बैठकमा छलफल भएकै हो र संस्थामा आर्थिक हिसाब किताब चुस्तदुरुस्त राख्न सहजता प्रदान गर्नको लागि कम्प्युटर प्रणाली पुर्ण रुपमा लागु गर्न खोज्दा पनि कर्मचारीहरुकै असहयोगको कारण लागु गर्न नसकिएको हो। हामीले संस्थाबाट लगानी भएका कर्जा फाईलहरू हेर्न खोज्दा कर्मचारीहरुले देखाउँदैनथे। कहाँ के कति ऋण लगानी भएको छ, भनी सोधपुछ गर्दा रकम टिपोट गरी लगानी भएको रकम मात्र देखाईन्थ्यो, कर्जा फाईलहरू के कहाँ छन् सो फाईलहरू हामीलाई समेत देखाईएको थिएन। कर्जा लगानी त हाम्रो कर्जा लगानी उपसमितिले सिफारिस गरेपछि मात्र लगानी गर्नुपर्ने हो तर कर्मचारीहरूले नै कर्जा लगानी उपसमितिलाई छली कर्जा लगानी गर्दा रहेछन्। हामीले लगानी गरेका कर्जाहरूको फाईल हेर्ने प्रमाणित भए नभएको हेरविचार गर्ने हाम्रो दायित्व हो। हामीले कर्जा लगानी उप-समितिले लगानी गरेका कर्जाहरुको सम्बन्धमा कर्जा फाईलहरू हेर्ने जाँचबुझ गर्ने कार्य गरेका थियौं। सो कर्जा फाईलहरूमा कुनै प्रकारका कैफियत छैनन्। कर्मचारीहरूले कर्जा लगानी उपसमिति र सन्चालक समितलाई छली लगानी गरेका कर्जाहरूको बारेमा यहाँ आएपछि मात्र मलाई थाहा भयो। मैले सो सहकारी संस्थाको बैठक भत्ता र परिवहन खर्च बाहेक अन्य रकम लिएको छैन। मैले अभियोग मागदावी बमोजिम कुनै कसूर अपराध नगरेकोले अभियोग मागदावी बमोजिम सजाय पाउनु पर्ने होइन भन्ने बेहोराको प्रतिवादी रविन्द्र थापाले अदालतमा गरेको बयान।

१६. प्रतिवादी रविन्द्र थापालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा पठाइदिनू भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।१०।१५ मा भएको आदेश।

१७. म सहकारी वित्तिय विकास संस्थामा मिति २०६९।११।१८ देखी बैजापुर शाखामा उपसहायक पदमा कार्यरत रही बैजापुर शाखाको ईन्चार्जको जिम्मेवारीमा थिएँ। बैजापुर शाखा खुल्दा शुरुमा केही समय सुर्यबहादुर बि.क., केही समय किरण श्रेष्ठ र त्यसपछि गंगाधर सुबेदी बैजापुर शाखाको प्रमुख भई मलाई काम सिकाउन काजमा रहनु भएको

थियो। त्यसपछि मलाई बैजापुर शाखाको ईन्चार्जको जिम्मेवारी दिइएको थियो। बैजापुर शाखामा म, राधा वली र लिला कुमारी गौतम गरी ३ जना समान पद उपसहायक पदमा कार्यरत रहेका थियौं। लिला गौतमले क्यासियरको काम गर्ने, राधा वलीले पोष्टिङ्गको काम गर्ने र मलाई शाखा ईन्चार्जको जिम्मेवारी दिइएको थियो। विज्ञ समुहले तयार पारेको प्रतिवेदनमा उल्लिखित सम्पूर्ण रकमबारे मलाई थाहा जानकारी भएन। म बैजापुर शाखामा शुरुदेखि कार्यरत रही ईन्चार्जको जिम्मेवारीमा रहेकोले बैजापुर शाखामा बचतमा रू. ५,८२,६४५।-, ऋणमा रू. ३,६३,६८८।- र नगद मौज्दातमा रू.३७,३०६।- गरी जम्मा जम्मा रू. ९,८३,६३९।- फरक देखाइएको छ। उक्त शाखामा म लगायत ३ जना समान पदमा कार्यरत रहेको र लिला गौतमले क्यासियरको काम गर्ने र राधा वलीले पोष्टिङ्गको काम गर्ने भएकाले को-कसबाट के-कति रकम के-कसरी फरक पर्न गएको हो एकिनका साथ भन्न सक्दिन। तर म शाखा ईन्चार्जको जिम्मेवारीमा रहेकोले मुख्य प्रवन्धक गोपाल भण्डारीको मिति २०७६।०१।१५ को प्रतिवेदनबाट रू.१०,९१,९८०।- फरक देखाएबमोजिम सन्चालक समितिले "तपाई ईन्चार्ज भएकोले तपाईले फरक रकम बुझाइदिनुस् र तपाईको शाखाको फरक रकम फछर्यौट हुन्छ र तपाई माथि कुनै कारवाही हुदैन" भनेकाले मैले आफ्नो जिम्मेवारीको बोध गरी र आफ्नो भविष्य समेतलाई बिचार गरी आफन्तहरुसँग सरसापट मागी मिति २०७६।०२।१९ गते रू.३,५०,०००।-, मिति २०७६।०२।२० गते रू. ६,५०,०००।- र सोही दिन मिति २०७६।०२।२० गते बाँकी रू. ९२,०००।- गरी सम्पूर्ण फरक रकम रू.१०,९२,०००।- सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बैंकिङ्ग कार्यालयमा जम्मा गरिदिएको थिएँ। मैले आफ्नो जिम्मवारीको कारण बैजापुर शाखामा फरक परेको रकम संस्थामा बुझाइसकेकोले बैजापुर शाखाबाट उल्लिखित रकम हिनामिना भएको भन्ने अवस्था छैन। मैले उक्त फरक रकम मुद्दा पर्नुअघि नै बुझाइसकेकोले बैजापुर शाखाको फरक रकम हाल चुक्ता भइसकेको छ। म बैजापुर शाखामा कार्यरत रहेकोले विज्ञको प्रतिवेदनमा उल्लिखित सम्पूर्ण रकमबारे मलाई थाहा जानकारी भएन। उक्त रकम को-कसले के-कसरी को-कसको मिलेमतोमा हिनामिना गरे गराएका हुन् मलाई थाहा भएन। मेरो जिम्मेवारीको बैजापुर शाखाको सम्पूर्ण रकम मुद्दा पर्नुअघि नै चुक्ता भइसकेकाले मैले अभियोग मागदाबी बमोजिम सजाय पाउनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी लिला प्रसाद वलीले सुरु अदालतमा गरेको बयान।

१८.प्रतिवादी लिला प्रसाद वलीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. ५,००,०००।- (पाँच लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।१०।१६ मा भएको आदेश।

११.५ सहकारी वित्तिय विकास संस्थामा मिति २०५३ देखि २०५६ सालसम्म पियन पदमा करारमा कार्यरत हुदै २०५७ सालदेखि २०६८ सालसम्म उपसहायक भएपछि म सहायक पदमा बढुवा भई मुद्दा चल्दाका बखतसम्म खजुरा शाखाको ईन्चार्जको जिम्मेवारीमा थिएँ। खजुरा शाखामा म र विजयकुमार पाठक कार्यरत रहेकोमा २०७३ सालमा विजयकुमार पाठकले जागिरबाट राजिनामा दिई गएपछि उपसहायक शारदा थापा र उपसहायक यशोदा चौधरी काजमा आउने जाने गर्दथे। आलोपालो गरी काजमा आउनु भएका उपसहायकहरू शारदा थापा र यशोदा चौधरीले नगद विभागमा काम गर्ने, पोष्टिङ्गको काम गर्ने, लेजर भर्ने र म शाखा ईन्चार्जको जिम्मेवारीमा रहेका थियौं। विज्ञ समुहले तयार पारेको प्रतिवेदनमा उल्लिखित सम्पूर्ण रकमबारे मलाई थाहा जानकारी भएन। म खजुरा शाखामा लामो समयदेखि कार्यरत रही ईन्चार्जको जिम्मेवारीमा रहेकोले खजुरा शाखाको बचतमा रू. ६६,८२,९००।-, नगद मौज्दातमा रू.१३५४६।५० र ऋणमा रू. १०,१८२।- बढी देखिएको रकम घटाउँदा रू.६६,८६,२६४।५० रकम फरक भएको देखाइएको विषयमा उक्त शाखामा म लगायत अन्य कर्मचारीहरू समेत कार्यरत रहेको र बिजय कुमार पाठकले राजिनामा दिई जानुपूर्व नगद विभागमा काम गर्ने, पोष्टिङ्गको काम गर्ने, लेजर भर्ने र २०७३ सालमा बिजय कुमार पाठकले जागिरबाट राजिनामा दिई गएपछि उपसहायक शारदा थापा र उपसहायक यशोदा चौधरी काजमा आउने जाने गर्ने भएकोले को-कसबाट के-कति रकम के-कसरी फरक हुन गएको हो भन्न सक्दिन। हाम्रो संस्थाको नियमानुसार लेखा समितिबाट आन्तरिक लेखापरीक्षण हुने, सन्चालक समिति समक्ष उक्त आन्तरिक लेखापरीक्षणका प्रतिवेदनहरू पेश भई छलफल हुने, सो कारोबारहरूको बाह्य लेखापरीक्षण समेत हुने र उक्त प्रतिवेदनमा समेत कुनै प्रकारका कैफियतहरू तथा रकम फरक भएको तथ्य कहिँकतै उल्लेख नभएकाले खजुरा शाखामा के-कसरी रकम फरक हुन गएको हो मलाई थाहा भएन। म शाखा ईन्चार्जको जिम्मेवारीमा रहेकोले विज्ञ समुहको प्रतिवेदन अनुसार म कार्यरत शाखाबाट रू.६६,८६,२६४।५० फरक देखाइएपछि सन्चालक समितिले "तपाई ईन्चार्ज भएकोले तपाईले तपाईको शाखाबाट फरक देखिएको रकम बुझाईदिनुस र तपाईको शाखाको फरक रकम फछ्र्यौट हुन्छ र तपाई माथि कुनै कारवाही हुँदैन" भनेकाले मैले आफ्नो जिम्मेवारीको बोध गरी र आफ्नो भविष्य समेतलाई बिचार गरी आफन्तहरूसंग सरसापट मागी मिति २०७६।०१।०३ गते रू. ५,००,०००।-, मिति २०७६।०२।२३ गते रू.१४,०९,०००।- र मिति २०७६।०२।२७ गते रू. ७,१७,८४४।- र सोही दिन रू.१६,६०,०००।-, मिति २०७६।०२।३१ मा रू. ५,००,०००।-, मिति २०७६।०३।०४ मा रू. १,४०,०००।-, मिति २०७६।०३।११ मा रू.२,७५,०००।-, मिति २०७६।०३।१८ मा रू.

३,३०,०००।- गरी जम्मा रू.५५,३१,८४४।- रकम सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बैंकिङ्ग कार्यालयमा जम्मा गरिदिएको थिएँ र बाँकी रकम पनि मैले तिर्ने तरखरमा थिएँ तर सोहीबेला मुद्दा चलेका कारण मैले उक्त रकम तिर्न बुझाउन पाइन। मेरो बिगत १९ वर्षदेखीको तलब भत्ता र बिभिन्न पेश्की रकमहरू र मैले सोही संस्थाबाट सामाजिक कर्जा लिएको रकम पनि सोही खातामा राखेको थिएँ। बुवाले साम्रिला विकास बैंकबाट रू.१३,००,०००।- घर कर्जा लिनु भएको थियो र सो रकम पनि मैले सहजताको लागि सोही संस्थामा राखेको थिएँ । मेरो २ वटा भाईहरू जीवन वि.क. र नरेश वि.क. बिगत ९ वर्षदेखि वैदेशिक रोजगारीको लागि कतारमा रहेको र निजहरूले पठाएको रेमिटयान्स रकम पनि आईएमईबाट झिकि सोही मेरो खातामा राख्ने गरेको थिएँ। साथै खजुरा शाखामा फरक देखिएको रकममध्ये मैले मिति २०७६।०२।१९ गते रू. ९,६०,०००।- र पछि रू.७,००,०००।- पनि सोही खातामा जम्मा गरेको र पुनः झिकी संस्थाको बिबिध खातामा जम्मा गरेकोले उक्त रकम मेरो खातामा ट्रान्जेक्सन देखिएको हो। मैले कसैसंग मिलेमतो गरी कुनै रकम हिनामिना गरेको छैन । मैले सन्चालक समितिले दिएको आश्वासन, आफ्नो जिम्मेवारीको बोध र आफ्नो भविष्य समेतलाई विचार गरेर फरक परेको रकम भुक्तानी गरेकाले मैले अभियोग मागदावी बमोजिम सजाय पाउनु पर्ने होइन भन्ने बेहोराको प्रतिवादी सुर्यबहादुर वि.क.ले सुरु अदालतमा गरेको बयान।

१००.प्रतिवादी सुर्यबहादुर वि.क.लाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न कारागार कार्यालय बाँकेमा लेखी पठाइदिनु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।१०।२९ मा भएको आदेश ।

१०१. म उक्त सहकारी संस्थाको चौंथो कार्यकालको अध्यक्ष सिद्दिकुमार महर्जन र छैटौं कार्यकालका अध्यक्ष हरदेव बक्स चौधरीको पालामा सन्चालक समिति पदमा निर्वाचित भएको थिएँ। छैटौं कार्यकाल शुरु भएकोमा २०७५ चैत महिनामा हामीले नै संस्थाको रकम हिनामिना भएको थाहा पाएपछि प्रमुख प्रबन्धक गोपाल भण्डारीको संयोजकत्वमा छानविन समिति समेत गठन भएको हो। संस्थाको हिनामिना संस्थाको स्थापना कालदेखीका कर्मचारीहरूले नै गरेको तथ्य निजहरूले आफैले प्रहरी तथा अदालतको बयानमा खुलाएका छन्। बचतकर्ताहरूले हामीले बचत रकम फिर्ता पाएनौं भनी उजुरी गरेपछि संस्थामा गई रकम किन फिर्ता नगरेको भनेपछि तत्काल छानविन समिति गठन गरेका हौं। उक्त रकम हिनामिना संस्थाकै कर्मचारीहरूले गरेका हुन्। मैले आफू उपस्थित भएको बैठकमा भए गरेका निर्णयहरू हस्ताक्षर गर्दा पढेर नै गरेको थिएँ। छैटौं कार्यकालमा म सेयर पूँजी वृद्धि उपसमितिमा समेत रहेको थिएँ। विज्ञ समुहले तयार पारेको प्रतिवेदनको सम्बन्धमा मलाई कुनै जानकारी भएन। संस्थाका सन्चालक समितिका सदस्यले जग्गा लिन नपाउने व्यवस्था

पहिले थिएन तर पछि पाँचौं कार्यकालमा सो प्रकारका जग्गा गैर बैंकिङ सम्पत्तिमा सकार गरी सन्चालक समितिका पदाधिकारीहरूले आफु र आफन्तको नाममा दा.खा. नपाउने गरी आचारसंहिता निर्माण भएको थियो। अभियोग दावीबमोजिमको रकम हिनामिना कार्यमा मेरो कुनै संलग्नता नरहेको हुँदा मलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी अंगदराम बर्माले सुरु अदालतमा गरेको बयान।

१०२.प्रतिवादी अंगदराम बर्मालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।१०।२७ मा भएको आदेश ।

१०३.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँकेको छैटौं कार्यकालमा अध्यक्ष पदमा हरदेवबक्स चौधरी निर्वाचित भएको बेला सदस्य पदमा निर्वाचित भई संस्थामा काम गरेको थिएँ। संस्थाको रकम कर्मचारीहरूद्वारा हिनामिना भएको हो। संस्थामा केही सदस्यहरूले हामीले बचत रकम फिर्ता पाएनौं र संस्थामा तरलता अभाव भएको छ भनी जानकारी गराएपछि मात्र रकम हिनामिनाको बारेमा तथ्यहरू बाहिर खुल्न आएकी हो। मैले आफु उपस्थित भएको बैठकमा भए गरेका निर्णयहरू हस्ताक्षर गर्दा पढेर नै गरेको थिएँ। छैटौं कार्यकालमा म कुनै पनि उपसमितिमा रहेको थिएँ। मेरो सहकारीको रकम हिनामिना कार्यमा कुनै संलग्नता नरहेको हुँदा मलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी नन्दकिशोर कहारले सुरु अदालतमा गरेको बयान।

१०४.प्रतिवादी नन्दकिशोर कहारलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।१०।२८ मा भएको आदेश ।

१०५.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज (बाँके)को छैटौं कार्यकालमा सन्चालक समितिको अध्यक्ष हरदेवबक्स चौधरीको पालामा सन्चालक समितिको सदस्य पदमा निर्वाचित भएको थिएँ। हाम्रो कार्यकालमा २०७५ सालको चैत्र महिनामा संस्थामा रकम तरलता भएको र केही बचतकर्ताहरूले बचत रकम फिर्ता पाएनौं भनी गुनासो व्यक्त गर्न थालेपछि हामीले संस्थाबाट बचत कर्ताहरूले के-कुन कारणले बचत रकम फिर्ता पाएनन् भनी बुझ्न खोज्दा सो संस्थाको रकम हिनामिना भएको तथ्य थाहा भएको हो। तर को-कसले, के-कसरी हिनामिना गरे सोबारे मलाई थाहा भएन। सो समयमा म सन्चालक समितिको सदस्य मात्र थिएँ। सो संस्थामा मेरो खाता छ तर मलाई हाल खाता नं. याद भएन, धेरै पहिले खोलेको र सो खातामा कारोबारसमेत नभएकाले हाल खाता नं. मलाई याद

भएन र मेरो सो संस्थामा रु.१०,०००।- (दश हजार) को शेयर चौकी ने छु। म संस्थाको बैठकमा आउने क्रममा म ३७ वटा बैठकमा मात्र उपस्थित भएको हुँ। २ वटा (मिति २०७६।३।१ गते र मिति २०७६।३।२० गतेको) बैठकहरूमा मेरो किर्ते हस्ताक्षर गरी कोरम पुऱ्याई बैठक बसेका रहेछन्। हामी बैठकमा उपस्थित भएपछि उपस्थिति गराई बैठकमा भएका निर्णयहरू आफै लेख्ने भएकाले सोबारे मलाई बिस्तृत रूपमा थाहा हुन्थेन। मलाई को-कसले उपसमितिमा राखेका रहेछन् थाहा थिएन, २ वर्षे कार्यकालमा म कुनै पनि उपसमितिमा बसेको थिइन। संस्थाको राष्ट्र बैंकले अनुगमन गर्ने, लेखासमितिले निरीक्षण गर्ने, आन्तरीक लेखापरीक्षण हुने, सहकारी डिभिजन र साधारणसभा र बाह्य लेखापरीक्षकले समेत हेर्ने भएकाले हामीले हिसाबकिताब ठीकै होला भनी विश्वास गरेका थियौं। मैले संस्थाको रकम हिनामिना गरेको छैन र हिनामिनामा मेरो कुनै संलग्नता समेत छैन भन्ने बेहोराको प्रतिवादी रत्न राणाले सुरु अदालतमा गरेको बयान।

१०६.प्रतिवादी रत्न राणालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०९।१८ मा भएको आदेश ।

१०७.सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको २०५१ सालमा संस्था दर्ता भई २०५३।०३।०३ गते नेपाल राष्ट्र बैंकबाट सिमित बैंकिङ कारोबार गर्ने इजाजत प्राप्त भएको हो। २०६३ सालसम्म सो संस्थाको अध्यक्ष पदमा म नै रहेको थिएँ। सो समयमा गैरबैंकिङ, सम्पत्ति, तरलता, निक्षेप सबै कुरा नियम बमोजिम नै थियो। २०६३ साल देखि २०७३ सालको अन्तराल तथा संस्थाको चौथो र पाचौं कार्यकालमा म कुनै पनि पदमा रहेको थिएन। २०७३ साल मंसिर महिनाको ३ गते सो संस्थाको सन्चालक समितिको निर्वाचनबाट म पुनः सो संस्थाको अध्यक्ष पदमा निर्विरोध निर्वाचित भएको थिएँ। मुद्दा चल्दाका बखत म संस्थाको सन्चालक समितिको अध्यक्ष पदमा रहेको थिएँ। प्रमुख प्रबन्धक गोपाल भण्डारीले दिएको प्रतिवेदन अनुसार अरुण कुमार पाठक, गंगाधर सुवेदी, लिलाधर वली र सुर्य बहादुर बि.क.लाई हिनामिना गरेको रकम तुरुन्त बुझाउनु भन्ने पत्र बुझाउदा १ वर्षभित्र बुझाउने गरी कागज समेत गरेका थिए। संस्था संचालनार्थ रकम आवश्यक भएकाले मैले हिनामिनामा संलग्न ४ जना कर्मचारीहरूलाई ओलाई रकम बुझाउन आग्रह गर्दा सुर्य बहादुर वि.क. र लिलाधर वलीले केही रकम बुझाएका थिए । गंगाधर सुवेदी र अरुण कुमार पाठकले गोपाल भण्डारीले निकालेको हिसाब गलत हो भनी विवाद खडा गरेपछि मितिं २०७६।०२।१० मा जिल्ला प्रहरी कार्यालय बाँकेलाई पत्र पठाएपछि प्रहरी सक्रिय भई तत्कालिन कर्मचारीहरू सबैलाई थुनामा राखी तत्कालिन प्रहरी उपरीक्षक अरुण पौडेलको सक्रियतामा निजहरूबाट लगभग ठढाई करोड रकम असुल गरी

बचतकर्तालाई कुल बचतको १० प्रतिशतका दरले रकम फिर्ता गर्ने काम समेत मैले गरेको हुँ । अरुण पौंडेल र प्रमुख जिल्ला अधिकारीसँग छलफल गर्दा मुद्दा चलाउँदा बचतकर्तालाई मर्का पर्ने भयो । यिनीहरूमाथि सार्वजनिक अपराध मुद्दा लगाई बचतकर्ताहरूको रकम फिर्ता गर्ने अभिप्रायले मैले संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीहरूको नाउँमा रहेको लालपुर्जा र म अध्यक्ष लगायत सञ्चालक समितिको पदाधिकारीहरूको नाउँमा रहेको जग्गाहरूको मुल्याङ्कन गरी अपचलन गरेको रकम बराबर धरौटी स्वरुप सुरक्षाको लागि रोक्का राखेपछि यी ४ जना कर्मचारीहरूलाई प्रहरीको रोहबरमा संस्थामा राखी काम गराई हिसावकिताब चुस्तदुरुस्त गर्नु साथै रकम असुल गर्दै रकम अनुसारको जग्गा फुकुवा गर्दै बचतकर्ताको रकम सुनिश्चित गर्ने अभिप्रायले मैले उक्त जग्गाहरू आफ्नै दस्तखतबाट मालपोत कार्यालय चौकिमा रोक्का गरेको हुँ। म लगायत मेरो श्रीमती र छोराहरू सो संस्थाको शेयर सदस्यहरू हुन र म लगायत निजहरूको समेत उक्त संस्थामा खाताहरू रहेका छन्। मेरो खातामा संस्थाको भत्ता, कृषि व्यवसायबाट आएको रकम जम्मा गरी निकाल्ने गरेको थिएँ। विज्ञ समुहले तयार पारेको प्रतिवेदनमा उल्लिखित रकमहरू कर्मचारीहरूले नै हिनामिना गरेका हुन् र सो रकम हिनामिनामा मेरो कुनै संलग्नता एवं मिलेमतो छैन। निजहरूले के-कसरी रकम हिनामिना गरे सोबारे मलाई थाहा भएन। प्रतिवेदन अनुसार अरुण कुमार पाठकले रू. २१,९४,३६,१४२।, गंगाधर सुबेदीले रू.२,८९,४७,९१५।-, खजुरा शाखाका प्रबन्धक सुर्य बहादुर बि.क.ले रू. ६२,८७,०५३।- र बैजापुर शाखा प्रबन्धक लिलाधर वलीले रू. ३८,७७,७७८ ।- हिनामिना गरेको भन्ने देखिएपछि निजहरूलाई सोधपुछ गर्दा उक्त रकम हामीहरूबाट अपचलन भएकै हो, हामीबाट अपचलित भएको रकम १ वर्ष भित्र तिर्ने बुझाउने भनी कागज लेखी संस्थामा बुझाएका हुन। मेरै पहलबाट करिब अढाई करोड रकम असुल उपर गरी बचतकर्ताहरूलाई वितरण गरिएको हो। संस्थाको अधिकतम रकम चौथो र पाँचौ कार्यकालमा हिनामिना भएको हो जुन समयमा म संस्थामा थिइन। २०७३ साल मंसिरमा पुनः अध्यक्ष पदमा निर्वाचित भएपछि म आफ्नै काम विशेषले काठमाण्डौं गएका बेला नेपाल राष्ट्र बैंकमा जाँदा तपाईहरूको संस्था डुबिसक्यो भनेपछि नेपालगन्ज आई सञ्चालक समितिको बैठक बसाली सोबारे मैले कुरो उठाएको हुँ। संस्थाबाट मैले नियमानुसार पाउनुपर्ने भत्ता बाहेक कुनै रकम लिएको छैन । मैले ४ जना कर्मचारीहरूलाई कारबाहीको प्रक्रिया अगाडि बढाएकोले निजहरूले सोही रिसिइवीको कारण निजहरूले मलाई उक्त आरोप लगाएका हुन्। नेपाल राष्ट्रबैंकले सो सहकारी वितिय विकास संस्था नेपालगन्जको स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदनमा शेयर पुजिको १० गुणा भन्दा बढी निक्षेप संकलन गरेकोमा सो रकम घटाउनु पर्ने भनि उल्लेख भएपछि हामीले २०७३ मंसिर १४

गते सन्चालक समितिको बैठकबाट र सो विषय २० औं साधारणसभामा समेत पेश गरी निक्षेप घटाउने र शेयर पुजी वृद्धि गर्नको लागि तत्कालिन प्रमुख प्रबन्धक गोपाल भण्डारीलाई निर्देशन समेत दिएका थियौं। सहकारी विकास संस्थाले नेपाल राष्ट्र बैंकबाट व्यापार प्रवद्धन गर्ने एउटा ईजाजत पत्र प्राप्त गरेको थियो। सो व्यापारको लागि हामीले पेप्सीकोलाको व्यापार गरेका थियौं। उक्त रकम १८,८८,०००।- सण्डीबाट उधारो लिएको थिएँ। सो व्यापारको लागि एउटा व्यापार प्रवद्धन उपसमिति गठन भएको थियो र सो उपसमितिको संयोजक तत्कालिन उपाध्यक्ष विजयमान पतिलाई नियुक्त गरिएको थियो। सोही बेला नेपालमा माओवादीको विगविगीले गर्दा व्यापार घाटामा गयो। सोमध्येको छ लाख रकम सण्डीमा फिर्ता भएको थियो। बाँकी रकम रु.१२,८८,०००।- को सम्बन्धमा असुल गर्नको निमित्त उपसमितिका संयोजक लगायत सम्पुर्ण सदस्यहरूको जग्गा मैले नै रोक्का गरेको थिए । पाचौं कार्यकालमा आएर पेप्सीको सम्पुर्ण रकम चुक्ता गरी सण्ही निल भएको थियो। मैले सँस्थाको नियम विनियम बमोजिम नै आफ्नो कर्तव्य पालन गरेको थिएँ। सँस्थाको लेखा समिति र सन्चालक समितिले संस्थाको कुनै रकम हिनामिना गर्न सक्दैन। कर्मचारीहरूसंग मिलेमतो गरी कसैले रकम हिनामिना गर्छ भने सोही व्यक्ति र सम्बन्धित कर्मचारीको दोष हुन आउँछ तर म आफ्नो बाहेक अन्यको कुनै जिम्मेवारी लिन सक्दिन। संस्थामा रकम हिनामिना संस्थाको कार्यरत कर्मचारीहरूले नै गरेको बारेमा निजहरू आफैले प्रहरी तथा अदालतकै बयानमा पनि खुलाएका छन्। त्यसमा मैले वप बोली रहनुपर्ने अवस्था छैन। कर्मचारीहरूले हिनामिना रकम तिर्ने भनी कबुलियतामा कागजसमेत गरेको हुँदा निजहरूले नै सहकारीको रकम हिनामिना गरेका हुन्। रकम हिनामिना समेतको कार्यमा मेरो कुनै संलग्नता नरहेको हुँदा अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी हरदेव बक्स चौधरीले सुरु अदालतमा गरेको बयान।

१०८. प्रतिवादी हरदेव बक्स चौधरीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम कारागार कार्यालय बाँकेमा थुनामा राखी मुद्दाकोपुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट आदेश भएकोमा यस अदालतबाट निज प्रतिवादीलाई रु. २१,००,०००।- (एक्काइस लाख। धरौटमा छोड्ने गरी भएकफ आदेश ।

१०९. म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको पाँचौं कार्यकालमा सन्चालक समितिको अध्यक्ष पदमा निर्वाचित भई सो पदावधिमा काम गरेको थिएँ। म संस्थाको अध्यक्ष पदमा निर्वाचित भएपछि संस्थागत हित साथै पारदर्शिताको लागि मैले शक्ति विकेन्द्रिकरणको लागि स्वरुप विभिन्न उपसमितिहरू गठन गरी संस्थाका सन्चालक समितिका उपाध्यक्ष तथा सदस्यहरूलाई सो उपसमितिको संयोजकको जिम्मेवारी दिई संस्थालाई गतिशिल र उर्जाशील बनाउने अभिप्रायले पावरलाई विकेन्द्रिकृत गरेको हुँ। मैले गठन गरेको उपसमितिहरूले

तोकिएको जिम्मेवारी सबैले निर्वाह गरेको निजहरूले छानबिन गरी दिएको प्रतिवेदनमा जनाएको कैफियतको बारेमा मैले चाल्नुपर्ने आवश्यक कदम चालेकै थिएँ। मिति २०७०।०७।०२ गते राजेन्द्र वि.क.को संयोजकत्वमा गठित कर्जा निरीक्षण तथा अनुगमन उपसमितिले विभिन्न मितिमा निरीक्षण गरी दिएको प्रतिवेदनमा रकम हिनामिना देखिएको थिएन। म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको पाँचौं सन्चालक समितिको अध्यक्ष पदमा रहेको समयमा नेपाल राष्ट्र बैंक, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, लेखा समिति, आन्तरीक लेखा परीक्षण, साधारणसभा र बाह्य लेखापरीक्षण समेतले रेखदेख, अनुगमन, निरीक्षण तथा छानबिन गर्ने भएकाले र निजहरूको कुनै पनि प्रतिवेदनमा हाम्रो पालामा संस्थाको रकम हिनामिना भएको तथ्य प्रकाशमा नआएको तथा संस्थामा तरलता अभाव समेत नभएकाले रकम हिनामिना सम्बन्धमा जानकारी भएन। मैले २०६६ सालमा संस्थामा १ थान शेयर रू.१०,०००।- मा खरीद गरेको थिएँ। उक्त मेरो शेयर हाल पनि संस्थामा छ, मैले झिकेको छैन। लेजर नं. २० खाता नं. ३५९५ हो र सो खातामा मैले मेरो परिवहन खर्च मात्र राखेको थिएँ। मिति २०६९।१२।१९ गते खातामा विवरण भर्दा २०६९।१२।१९ मा २० लाख जम्मा गरेको देखिन्छ। सो विवरण भर्ने प्रेमजङ्ग घर्तीलाई थाहा होला। निजले गोपाल भण्डारीले मलाई भौचर ईन्ट्री गर्न भनेकाले हाकिमको आदेश पालन गरेको भनी बताएका थिए। सो जम्मा गर्दा बैंक भौचर गोपाल भण्डारीले भरेका रहेछन्। मेरो खातामा वास्तविक नगद राखिदिएको भए ब्याज त्रैमासिक ब्याज भन्दा धेरै हुने थियो। पछि २०७०।०९।१८ मा खर्च गरेको भनी भरेको विवरण गंगाधर सुवेदीको हो। निजहरूले मलाई जानकारी नगराई सो रकम झिक्ने र राख्ने काम किन गरे मलाई थाहा भएन। हाम्रो कार्यकाल मिति २०६८-२०७३ सम्म भएकाले सो कार्यकालमा नेपाल राष्ट्र बैंकको प्रत्यक्ष मातहत तथा निगरानीमा हाम्रो संस्था रहेको र सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, उपसमिति, लेखा समिति, आन्तरिक लेखा परीक्षण, साधारणसभा र बाह्य लेखापरीक्षण प्रतिवेदनमा समेत कुनै पनि प्रकारको हिनामिना सम्बन्धि कैफियत तथा तथ्यहरू उल्लेख नभएकाले संस्थाको रकम हिनामिनाको बारेमा मलाई कुनै जानकारी भएन । मैले गठन गरेका विभिन्न उपसमितिहरूले बुझाएको प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएकोमा मैले आवश्यक पहल गरी आवश्यक कारवाही समेत गरेको थिएँ। मैले अभियोग दावीबमोजिमको सहकारीको रकम हिनामिना कार्य नगरेको हुँदा मलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी अम्बर बहादुर खड्काले सुरु अदालतमा गरेको बयान।

११०. प्रतिवादी अम्बर बहादुर खड्कालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न कारागार कार्यालय बाँकेमा लेखी पठाइदिनु भन्ने बेहोराको सुरु

अदालतबाट मिति २०७७।०५।०७ मा आदेश भएकोमा बदर भै यस अदालतबाट निज प्रतिवादीलाई धरौटमा छोड्ने आदेश भएको।

१११.म मिति २०५७।०४।१९ गते देखि २०७३।०२।३० गतेसम्म पियन पदमा कार्यरत रही मिति २०७३।०३।०१ गते सह-उपसहायक पदमा बढुवा भएपछि ग्राहकको चेक लिने र टोकन दिने, ग्राहकको व्यक्तिगत खातामा नियमानुसार खर्च पोष्टिङ्ग गरी चेकजाँचको लागि सुपर भाईजरकोमा फरवार्ड गर्ने कार्य गर्थें।। मिति २०७४।०५।०८ गतेदेखि उपसहायक पदमा काम गर्दै आएको थिएँ। मैले सन्ध्याकालिन काउन्टर, कर्जा फाँट, धितो फुकुवा, जनरल फाँट, नगद फाँट वा अन्य कुनै फाँट वा शाखामा काम गरेको थिइन। विज्ञ समुहले पेश गरेको प्रतिवेदनमा उल्लेखित विवरण र रकमबारे मलाई थाहा जानकारी भएन। म कक्षा ९ सम्ममात्र पढेको, निम्नस्तरको पियन पदमा कार्यरत रही कार्यालय सरसफाई गर्ने, चिया, पानी दिने मानिसलाई सो थाहा हुने कुरा पनि भएन। संस्थामा रहेको खातामा रहेको रकम सम्बन्धामा २०५७ सालदेखि २०७६ सालसम्मको बिगत १९ बर्षको जम्मा कारोबारको रकम हो। मेरो र श्रीमती तथा छोराको खातामा कारोबार भएको रकम संस्थाको हिनामिना भएको रकम होइन। । मैले चेक पोष्टिङ्ग गरेको ग्राहकको व्यक्तिगत खातामा कुनै फरक समेत परेको छैन। रकम हिनामिनाको मलाई कुनै जानकारी छैन । सो कार्यमा मेरो कुनै प्रकारको मिलेमतो वा संलग्नता समेत छैन भन्नेसमेत बेहोराको प्रतिवादी सुरतराम खटिकले सुरु अदालतको बयान।

११२.प्रतिवादी सुरतराम खटिकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. ८,००,०००।- (आठ लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७७।०५।०८ मा भएको आदेश ।

११३.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको पाँचौं कार्यकालमा सन्चालक समितिको अध्यक्ष अम्बरबहादुर खड्काको पालामा सदस्य पदको एकजना माया के.सी. नाम गरेका व्यक्ति काम विशेषले अमेरिका गएपछि निजको रिक्त स्थानमा मलाई मनोनित गरी राखेका हुन्। म उक्त पदमा बस्ने समयमा उक्त पाँचौं कार्यकालको अन्तिम चार महिनामात्र बाँकी थियो। सो समयमा मलाई जबरजस्ती सो पदमा मनोनित गरीएको हो। मैले लेखपढ गर्न जान्दिन र म सो पदको लागि अनुपयुक्त हुनसक्छु भन्दाभन्दै पनि मलाई होइन कोरम पुर्याउनको लागि मात्र हो, तपाईलाई कुनै फरक पर्दैन भनी मलाई सो पदमा राखेका हुन्। हाल म सो संस्थाको कुनै पदमा कार्यरत छैन। यसपूर्व म कुनैपनि सन्चालक समितिको कार्यकालमा कुनै पनि पदमा कार्यरत रहेको थिइन। मलाई मनोनित गरेको कुन मितिमा हो मलाई यकीन मिति अहिले याद भएन। संस्थामा के-के ऐन नियम नीति निर्देशिका बनाएका

थिए, सोबारे मलाई थाहा भएन र कसले नियमन गर्दथे मलाई थाहा भएन। संस्थाको रकम हिनामिना भयो भन्ने सम्बन्धमा जानकारी भयो तर को कसले के-कति रकम हिनामिना गरे सो सम्बन्धमा मलाई कुनै जानकारी भएन। मैले अभियोग दावीबमोजिम सहकारीको रकम हिनामिना समेतको कार्य गरेको छैन भन्ने समेत बेहोराको प्रतिवादी लक्ष्मी श्रेष्ठले सुरु अदालतमा गरेको बयान।

११४.प्रतिवादी लक्ष्मी श्रेष्ठलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. १,००,०००।- (एक लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७६।०८।१० मा भएको आदेश।

११५.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज (बकि)को पाँचौं कार्यकाल मा सन्चालक समितिको सदस्यमा निर्वाचित भई काम गरेको थिएँ। सो समयमा म कुनै उपसमितिहरूमा रहे बसेको थिइन। म सोही कार्यकालमा म छोरीको सुत्केरी स्याहार गर्न अमेरीका गएको थिएँ ।पटकपटक गरी म सोही समयमा ३ वर्षभन्दा बढी अमेरीका बसेको थिएँ। म मुटुको बिरामी भई काठमाण्डौमा मुटुको उपचारार्थ लगभग ६ महिना बसेको थिएँ। सो समयमा संस्थाबाट नियमसँगत तवरले मैले प्राप्त गर्नुपर्ने भत्तासमेत लिएको छैन। म संस्थाको सन्चालक समितिमा म आफै स्वईच्छाले नभई अरुले तपाई बोल्नसमेत सक्नुहुन्छ भनी बारम्बार अनुरोध गरेपछि म सो समयमा सन्चालक समितिको सदस्य पदमा उम्मेदवार उठेको हुँ। म अमेरीकामा भएको समयमा घरमा प्रहरीले सुचना म्याद छोरालाई बुझाएपछि मैले सहकारीको रकम हिनामिनाको जानकारी पाई मलाई समेत प्रतिबादी कायम बनाएको भन्ने जानकारी पाएपछि म तुरुन्त अमेरिकाबाट टिकट काटी नेपाल आएको हुँ। संस्थाको रकम को-कसले के-कसरी के-कति हिनामिना गरे मलाई थाहा जानकारी भएन। मैले अभियोग दावीबमोजिमको कसूर नै नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी बिमला गौतमले सुरु अदालतमा गरेको बयान।

११६.प्रतिवादी बिमला गौतमलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. ५,००,०००।- (पाँच लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७७।०६।१३ मा भएको आदेश ।

११७. म सो सहकारी संस्थाको पाँचौ कार्यकालमा लेखा समितिको सदस्यमा निर्वाचित भएको थिएँ। सो कार्यकालमा हामीले सहकारी वित्तिय विकास संस्थाको आन्तरीक लेखापरीक्षण गर्ने जिम्मेवारी पाएका थियौं। हाम्रो उक्त कार्यकालमा हामीले त्रैमासिक रुपमा नियमित आन्तरीक लेखापरीक्षण गर्ने गरेका थियौं । सोही अनुसार प्रतिवेदन तयार गरी सन्चालक

समिति समक्ष पेश गर्ने गरेका थियौं। सो कार्यकालको पुरै कार्यकाल मैले काम गरेको हुँ र मुद्दा चल्दाका बखत म कुनै पनि पद तथा जिम्मेवारीमा रहेको थिइन। संस्थाको रकम हिनामिना भएको सम्बन्धमा मैले पत्रपत्रिका पढेर र समाचार सुनेपछि मात्र थाहा भएको हो । म लेखा समितिको सदस्य रहेको समयमा संस्थामा तरलता अभाव नभएको, कुनैपनि बचतकर्ताले आफ्नो बचत रकम फिर्ता नपाएको भनी गुनासो नगरेको, नेपाल राष्ट्र बैंक, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयले नियमित रुपमा स्थलगत अनुगमन तथा निरीक्षण गर्ने भएबाट हामीले रकम हिनामिना सम्बन्धमा शंका पनि गरेनौं र संस्था ठिक अवस्थामा छ भन्ने हामीलाई लाग्यो। कुनै पनि ऋणी तथा बचतकर्ताले समेत गुनासो नगरेको अवस्थामा संस्थाको रकम हिनामिना सम्बन्धी जानकारी नै भएन। संस्थाको रकम को-कसले के-कसरी हिनामिना गरे मलाई थाहा भएन। मैले अभियोग दाबी बमोजिमको कुनै कसूर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी सन्दिप कुमार शर्माले सुरु अदालतमा गरेको बयान।

११८.प्रतिवादी सन्दिप कुमार शर्मालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. ११,००,०००।- (एघार लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७७।०८।०९ मा भएको आदेश ।

११९.म मिति २०७२।०३।०२ गतेदेखि उक्त सहकारी वित्तिय विकास संस्थाको नेपालगन्ज शाखामा सहायक पदमा करार नियुक्ती पाई कम्प्युटर फाँटबाट काम सुरुवात गरेको थिएँ। मैले कम्प्युटरमा तथ्याङ्क ईन्ट्री गर्ने, जानकारी पत्र लेख्ने काम र बैंकिङ्ग प्रवन्धकले लाए अह्राएको अन्य काम गर्ने गर्थे।। सोपछि मैले २०७५ साल भाद्र महिनादेखि जनरल फाँटमा काम गरेको थिएँ। सो फाटमा डेबुक भर्ने र डेबुकको आधारमा जि.एल.(general ledger) भर्ने काम हुन्थ्यो। ऋण लिएको, खर्च भएको, रकम जम्मा भएको समेत डेबुकमा चढाई त्यसपछि जनरल लेजर (जि.एल.(general ledger)) मा चढाउने गर्दथ्यौं। मैले मेरो व्यक्तिगत कारणले गर्दा मैले २०७५ फागुनमा राजिनामा पत्र बुझाएकोमा मेरो राजीनामा स्विकृत भएको थियो। मुद्दा चल्दाका बखत म सो संस्थामा कार्यरत थिइन। मलाई सो संस्थामा रकम हिनामिना के-कसरी भयो सो बारेमा मलाई जानकारी भएन। नक्कली जि.एल.(general ledger) बनाएको समयमा मैले जागिर नै शुरु गरेको थिइन। मैले अभियोग दावीबमोजिमको कसूर अपराध नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी गंगा भुसालले सुरु अदालतमा गरेको बयान।

१२०.प्रतिवादी गंगा भुसाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. १०,००,०००।- (दश लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए

लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७७।०८।१६ मा भएको आदेश ।

१२१.म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज (बाँके) को पाँचौ कार्यकालमा सन्चालक समितिको सदस्य पदमा निर्वाचित भई सो पदावधिमा काम गरेको थिएँ, सो समयमा म कुनै उपसमितिहरूमा रहे बसेको थिइन। म सोही ५ वर्ष कार्यकालमा मेरो स-परिवार प्राय: काठमाण्डौमा नै रहने भएकोले मैले सो सहकारी वित्तिय संस्थामा समय दिन नसक्ने भएकोले २ वर्षपछि राजिनामा दिई मैले सो संस्था छाडेको हूँ। सो समयमा संस्थाबाट नियमसंगत तवरले मैले प्राप्त गर्नुपर्ने मिटिङ भत्ता बाहेक अन्य कुनै रकम लिएको छैन। उक्त संस्थाको सन्चालक समितिमा म आफै स्वईच्छाले उठेको होइन। उक्त सहकारी संस्थामा मेरो उपस्थिती पनि कम भएको र कुनैपनि बचतकर्ताहरूले आफ्नो बचत रकम फिर्ता नपाएको भनी गुनासो व्यक्त नगरेकाले संस्थाको रकम हिनामिनाको बारेमा सो समयमा कुनै जानकारी बाहिर आएको थिएन। संस्थाको रकम को कसले के-कसरी के-कति हिनामिना गरे सो बारे मलाई थाहा जानकारी भएन। मैले अभियोग दावी बमोजिमको कसूर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी मैया के.सी.ले सुरु अदालतमा गरेको बयान।

१२२.प्रतिवादी मैया के.सी.लाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रू. ३,००,०००।- (तीन लाख) नगद धरौट, जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०७८।०१।०६ मा भएको आदेश ।

१२३.यस सहकारी वित्तिय विकास संस्थामा मिति २०५६।०५।१४ गतेदेखि म नेपालगन्ज शाखामा पियन पदमा नियुक्ती भई कार्यरत रही सो मितिदेखि मुद्दा चल्दाका बखतसम्म बढुवा हुँदै उपसहायक पदमा कार्यरत रही खजुरा शाखाको खंचाञ्जीको जिम्मेवारीमा थिएँ। विज्ञ समुहको प्रतिवेदमा उल्लिखित रकम हिनामिनाबारे मलाई थाहा जानकारी भएन। मुद्दा चल्नुभन्दा एकमहिना अगाडि मात्रै खजुरा शाखामा जाँदा मलाई ढुकटीको रकम मात्रै बुझाएका थिए र कती रकम बुझाए यकिन थाहा भएन तर ढुकुटीमा जती रकम हुनुपर्ने थियो त्यती रकम थियो। खजुरा शाखा र अन्य शाखाहरूबाट भएको हिनामिनाको सम्बन्धमा मलाई केही थाहा जानकारी भएन। मैले सहकारीमा पैसा जम्मा गर्न आएका मानिसहरूको पैसा जम्मा गरिदिने र पैसा निकाल्न आएका मानिसहरूको पैसा निकालिदिने मात्रै गरेकी थिएँ। अन्य कारोबार शाखा प्रमुखले गर्नुहुन्थ्यो। नसमेत कार्यरत रहेको उक्त सहकारी वित्तिय विकास संस्थाबाट उक्त रकम को-कसको मिलेमतोमा के-कसरी हिनामिना भएको हो मलाई थाहा भएन। मैले कसैसँग मिलेमतो गरी कुनै रकम हिनामिना गरेको छैन। उक्त

सहकारी रकमको हिनामिना ठगी लगायतको संगठित अपराधको कार्यमा मेरो कुनै संलग्नता नरहेको हुँदा अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी शारदा थापामगरले सुरु अदालतमा गरेको बयान।

१२४.प्रतिवादी शारदा थापामगरलाई मुद्दा पूर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम कारागार कार्यालय चौकिमा थुनामा राख्न लेखी पठाइदिनु भन्ने बेहोराको सुरु अदालतबाट मिति २०८०।०२।०१ मा भएको आदेश ।

१२५.बरामदी मुचुल्काको बेहोरा र दस्तखत म समेतको हो। प्रहरीले म समेतको रोहवरमा उल्लेखित कागजातहरू रजिष्टरहरू बरामद गरेको हो भन्ने बेहोराको बरामदी मुचुल्काका रोशन सापकोटा र भगिरथी लुइँटेलीले सुरु अदालतमा गरेको एकै मिलानको बकपत्र।

१२६.यस सहकारीका सदस्यहरूको व्यक्तिगत खाताहरूको निक्षेप रकम बढी र गोश्वारा खाताको रकम कम भएको भेटिएको हो। सो दुवै रकम बराबर हुनुपर्ने हो। त्यसैगरी कर्जातर्फ व्यक्तिगत खातामा रकम कम भएको र गोश्वारामा बढी ऋण प्रवाह भएको देखिएको थियो। बचत तथा कर्जातर्फ अपचलन भएको म समेतको टोलीले भेटाएका हौं। आर्थिक वर्ष २०६३/०६४ पूर्व यस संस्थाले सदस्यहरूलाई शेयर लाभांश बितरण गरेकोले संस्था घाटामा देखिँदैन। सो अवधिपछि खाताहरूमा एकरुपता नदेखिई, वास्तविक व्यक्तिलाई जानकारी नगराई निजको नाममा काल्पनिक खाता खोली लामो समयसम्म कारोबार गरेको देखिन्छ। संस्थाको नियम, विनियम र सहकारी ऐन विपरीत संस्थाका कर्मचारीहरूले ठूलो रकम सामाजिक कर्जामा लिइ कारोबार देखाएको अवस्था थियो र जुन गर्न पाइने काम होइन। संस्थाले गैर बैंकिङ कारोबार गर्दा आंशिक रुपमा विधी पुर्‍याएको अधिकांश स्वेच्छाचारी ढङ्गले कारोबार गरेको देखिन्छ। उक्त अपचलनको कारोबार हामीले प्रतिवेदन दिनुभन्दा अघिल्लो आर्थिक वर्षसम्म जारी रहेको भेटिन्छ भन्ने समेत ब्यहोराको प्रतिबेदक गोविन्द प्रसाद रेग्मी र राजेन्द्र बि.सी.ले सुरु अदालतमा अदालतमा गरेको एकै मिलानको बकपत्र।

१२७.मौकामा गरेको कागजको बेहोरा ठिक छ र सहिछाप मेरो हो भन्ने बेहोराको टिकाराम बर्मले गरेको घटना बिवरण कागज। सोही बेहोराको मौकामा घटना विवरण कागज गर्ने प्रेमजंग घर्ती, रुपा भण्डारी र लक्ष्मी भण्डारीले सुरु अदालतमा गरेको एकै मिलानको बकपत्र।

१२८.घटना विवरण कागजको बेहोरा ठिक छ, सहिछाप मेरो हो। मैले सहकारीबाट छ लाख पचास हजार कृषी प्रयोजनको लागि ऋण लगेकीमा मासिक रुपमा आठ हजार किस्ता र ब्याजवापतको रकम सहकारीलाई बुझाउँदै आइरहेकी थिए। बाँकी रकम बुझाउन तयार छु भन्ने बेहोराको ऋणी लिलावती अहिरले सुरु अदालतमा गरेको बकपत्र।

१२९. जाहेरवाला तथा बचतकर्ताहरूले आफ्नो जाहेरी तथा कागज बेहोरा ठिक साँचो हो। सहकारीमा जम्मा गरेको रकम र सोको ब्याज पाएका छैनौं। सहकारीका सन्चालकहरु, प्रबन्धकहरु, कर्मचारीहरु लगायतका सबै प्रतिवादीहरुले संगठित रुपमा सहकारीको रकम हिनामिना गरी अपचलन गरेका हुन। प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गरी हामीहरुको रकम निजहरुको घरधराना श्री सम्पत्तिवाट भराई पाउँ भन्ने समेत व्यहोराको जाहेरवाला जगदम्बा प्रसाद पाठक समेतले गरिदिएको बकपत्र।

१३०. प्रतिवादीको संस्थाको रकम हिनामिना सम्वन्धि कार्यमा कुनै संलग्नता र मिलेमतो नभएको हुँदा निजलाई अभियोगदावी बमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी चन्द्रप्रसाद तिमिल्सिनाका साक्षी फलबहादुर गौतमले गरेको बकपत्र। सोही बेहोराको प्रतिवादी नन्दकिशोर कहारका साक्षी कलिम अहमद अन्सारी, प्रतिवादी अंगदराम बर्माका साक्षी भैरे भुजुवा, प्रतिवादी तुलसा थापाका साक्षी सशिला शाह, प्रतिवादी अजय कुमार पाठकका साक्षी रज्जब अली बेहना, प्रतिवादी अम्बर बहादुर खड्काका साक्षी ताराप्रसाद कसेरा, प्रतिवादी ओमप्रकाश चौधरीका साक्षी रामसुरत कुर्मी, प्रतिवादी किरण श्रेष्ठका साक्षी केशवराज गिरी, प्रतिवादी कुलानन्द रेग्मीका साक्षी भुवन प्रसाद गैरे, प्रतिवादी कृष्ण विक्रम के.सी.का साक्षी कृष्ण बहादुर पौडेल, प्रतिवादी गंगा भुसालका साक्षी जगदिश भुसाल, प्रतिवादी गंगाधर सुवेदीका साक्षी कमला अराल, प्रतिवादी तुषार शाहका साक्षी रविन्द्र कुमार कुर्मी, प्रतिवादी दिपक कुमार बर्माका साक्षी दुर्गाप्रसाद अधिकारी, प्रतिवादी नारायणबाबु अधिकारीका साक्षी गिता गौतम, प्रतिवादी परमात्मा प्रसाद बर्माका साक्षी महेश कुमार बर्मा, प्रतिवादी पवन कुमार यादवका साक्षी विरेन्द्र कुमार यादव, प्रतिवादी विजय कुमार पाठकका साक्षी सन्तोष सुवेदी, प्रतिवादी विनम कुमार श्रेष्ठका साक्षी हरिबहादुर विष्ट, प्रतिवादी विनोद कुमार शाहका साक्षी इसरत अली शेष, प्रतिवादी विमला गौतमका साक्षी विनोद न्यौपाने, प्रतिवादी रत्न राणाका साक्षी अरुण विक्रम शाह, प्रतिवादी रविन्द्र थापाका साक्षी चेतबहादुर घर्तिमगर, प्रतिवादी राजेन्द्र कुमार वि.क.का साक्षी पदम बहादुर बुढामगर, प्रतिवादी लक्ष्मी श्रेष्ठको साक्षी शिला श्रेष्ठ, प्रतिवादी लिला प्रसाद वलीका साक्षी ललित के.सी., प्रतिवादी शतिश कुमार शर्माका साक्षी मदन कुमार शर्मा, प्रतिवादी संदिप कुमार शर्माका साक्षी साकिर खान, प्रतिवादी सिद्दी कुमार महर्जनका साक्षी हिरालाल लोनिया, प्रतिवादी सुरतराम खटिकका साक्षी विनोद प्रसाद कुर्मी, प्रतिवादी स्थिरमणी बज्राचार्यका साक्षी प्रमोद कुमार अग्रवाल, प्रतिवादी हरदेव बक्स चौधरीका साक्षी विनोद कुमार गुप्ता, प्रतिवादी गौरव श्रेष्ठका साक्षी शिला श्रेष्ठ, प्रतिवादी बलराम यादवका साक्षी सिताराम कुर्मी बर्मा, प्रतिवादी लिला शाहका साक्षी केशरबहादुर थापा र प्रतिवादी अरुण कुमार पाठकका साक्षी राधेश्याम अहिरले सुरु अदालतमा गरेको बकपत्र।

१३१.जिल्ला सरकारी वकील कार्यालय बाँकि, जाहेरवाला तथा प्रतिवादीहरूका कानून व्यवसायीहरूबाट बहस नोट पेस भई सुरु मिसिल सामेल रहेको।

१३२.मिसिल संलग्न रहेका जाहेरी दरखास्त,प्रतिवादीहरुको बयान, जाहेरवाला समेतको वकपत्र, विज्ञको प्रतिवेदन समेतका आधार प्रमाणबाट यी प्रतिवादीहरू अजय कुमार पाठक, हरदेव बक्स चौधरी, सिद्दिकुमार महर्जन, अम्बर बहादुर खड्का, स्थिरमणी बज्राचार्य, तुसार शाह, सन्धि भन्ने संदिप शर्मा, लिला शाह, शारदा कुमारी थापामगर र ओमप्रकाश चौधरीले साविक मुलुकी ऐन ठगीको महलको ५ नं. तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) र (२) विपरीतको कसूर गरेको ठहर्छ।प्रतिवादीहरु रविन्द्र थापा, गोपाल भण्डारी, गंगाधर सुवेदी, अरुण कुमार पाठक, बलराम यादव, सूर्य बहादुर बि.क., लिला भन्ने लिला प्रसाद वली, गौरव श्रेष्ठ, किरण श्रेष्ठ, सुरतराम खटिकले साविक मुलुकी ऐन, ठगीको महलको ४ नं. तथा प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) र (२) बमोजिमको कसूर गरेको ठहर्छ। प्रतिवादी भैरव प्रसाद श्रेष्ठको मिति २०७७।०७।२३ मा मृत्यु भइसकेकोले निजको हकमा अभियोग दावी खारेज हुने ठहर्छ।कसूर ठहर भएका प्रतिवादीहरुले हिनामिना गरेको जाहेरवाला समेतको बिगो रू. ३५,८५,९१,११३।- (पैंतिसकरोड पचासीलाख एकानब्बेहजार एकसय तेह्र रुपैयाँ) कायम हुने ठहर्छ ।प्रतिवादीहरू गंगा भुसाल, बिजय कुमार पाठक, सतिश कुमार शर्मा, तुल्सा थापा, अंगतराम वर्मा, दिपक वर्मा, चन्द्रप्रसाद तिमिल्सिना, राजेन्द्र कुमार वि.क., मैया के.सी., पवन कुमार यादव, लक्ष्मी श्रेष्ठ, बिमला गौतम, कृष्णविक्रम के.सी., रत्ना राणा, प्रमात्मा प्रसाद वर्मा र नन्दकिशोर कहार, बिनम कुमार श्रेष्ठ, नारायणबाबु अधिकारी, बिनोद कुमार शाक्य र कुलानन्द रेग्मीले आरोपित कसूर गरेको पुष्टि नभएकोले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ भन्ने समेत व्यहोराको सुरु बाँकि जिल्ला अदालतबाट मिति २०८०/९/११ मा भएको कसूर ठहर आदेश।

१३३. प्रतिवादीहरु लिलाधर भन्ने लिला प्रसाद वली, अम्बर बहादुर खड्का, किरण श्रेष्ठ, गोपाल भण्डारी, अरुण कुमार पाठक, हरदेव वक्स चौधरी, गंगाधर सुवेदी, सुरतराम खटिक र सूर्य बहादुर बि.क.लाई जनही ५/०/० वर्ष कैद र रु.५०,०००।- जरिवाना, प्रतिवादीहरु बलराम यादव र गौरव कुमार श्रेष्ठलाई जनही ४/०/० वर्ष कैद र रु.४०,०००।- जरिवाना, प्रतिवादी रविन्द्र थापालाई ३/०/० वर्ष कैद र रु.५,०००।- जरिवाना, प्रतिवादी सिद्दी कुमार महर्जनलाई २/६/० वर्ष कैद र रु.५,०००।- जरिवाना, प्रतिवादीहरु ओमप्रकाश चौधरी र तुसार शाहलाई जनही २/०/० वर्ष कैद र रु.५,०००।- जरिवाना, प्रतिवादीहरु लिला शाह, स्थिरमणि बज्राचार्य, शारदा कुमारी थापा, सन्धि भन्ने सन्दिप

शर्मालाई जनही १/०/० वर्ष कैद र रु.५,०००।- जरिवाना हुने ठहर्छ भन्ने समेत व्यहोराको सुरु बाँके जिल्ला अदालतबाट मिति २०८०/९/२६ मा भएको फैसला।

१३४. लेखा समितिका सदस्य र संयोजकलाई प्रतिवादीहरुले पोल नै गरेका छैनन। समान प्रमाण र आरोप लागेका बाह्य लेखा परीक्षकहरुलाई सफाई दिईएको छ। प्रतिवादीहरु गंगाधर सुवेदी समेतले सहकारीको रकम हिनामिना गरी सो रकम फिर्ताको लागि समय पाउँ भनी कागज गरेका छन। प्रस्तुत मुद्दामा मैले कसूर ईन्कारी बयान गरेको र सो ईन्कारी बयानलाई मेरा साक्षीले समर्थन हुने गरी वकपत्र गरेका छन। जाहेरवालाले जाहेरीमा तथा सुरु अदालतको वकपत्रमा कही कतै मेरो नाम किटान गरेका छैनन। म पुनरावेदक लेखा समितिको सदस्य भएको र संस्थामा कार्यरत कर्मचारीहरुले लेखा समितिमा नक्कली G.L.खडा गरी पेश गरेको भनी प्रतिवादी किरण श्रेष्ठले बयान गरेका छन। नक्कली जि.एल.(general ledger)खडा गरेको थाहा पाउनसाथ सन्चालक समितिमा जानकारी गराईएको छ। मैले लेखा समितमा रहँदा कुनै रकम नलिएको संस्थाको खातामा रकम जम्मा गर्ने झिक्ने समेतको कार्य समेत गरेको छैन। म उपरको आरोपित कसूर पुष्टि नभएको अवस्थामा सुरु जिल्ला अदालतले मलाई कैद जरिवाना गर्ने गरी भएको फैसला बदर गरी सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी सन्धि भन्ने सन्दिप कुमार शर्माको पुनरावेदन जिकिर।

१३५. म पुनरावेदक पाँचौ कार्यकालमा लेखा समिति सदस्य रहेपनि मेरो आरोपित कसूरमा संलग्नता छैन। मैले कसूरमा ईन्कार रही बयान गरेको र उक्त ईन्कारी बयान मेरो साक्षीको वकपत्रबाट समर्थन भएको छ। मैले लेखा समितिको सदस्य हुँदा आफ्नो जिम्मेवारी ईमान्दारी पूर्वक पालन गरेको र कुनै किसिमको गैर कानूनी कार्य नगराएको अवस्थामा सुरु जिल्ला अदालतले मलाई कैद जरिवाना गर्ने गरी भएको फैसला बदर गरी सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी तुषार शाहको पुनरावेदन जिकिर।

१३६. लेखा समितिका सदस्य र संयोजकलाई प्रतिवादीहरुले पोल नै गरेका छैनन। समान प्रमाण र आरोप लागेका बाह्य लेखा परीक्षकहरुलाई सफाई दिईएको छ। प्रतिवादीहरु गंगाधर सुवेदी समेतले सहकारीको रकम हिनामिना गरी सो रकम फिर्ताको लागि समय पाउँ भनी कागज गरेका छन। प्रस्तुत मुद्दामा मैले कसूरमा ईन्कारी बयान गरेको र सो ईन्कारी बयानलाई मेरा साक्षीले समर्थन हुने गरी वकपत्र गरेका छन। जाहेरवालाले जाहेरीमा तथा सुरु अदालतको वकपत्रमा कही कतै मेरो नाम किटान गरेका छैनन। म पुनरावेदक लेखा समितिको सदस्य भएको र संस्थामा कार्यरत कर्मचारीहरुले लेखा समितिमा नक्कली G.L.खडा गरी पेश गरेको भनी प्रतिवादी किरण श्रेष्ठले बयान गरेका छन। नक्कली जि.एल.(general ledger)खडा गरेको थाहा पाउनसाथ सन्चालक समितिमा जानकारी गराईएको छ। मैले लेखा समितमा रहँदा कुनै रकम नलिएको संस्थाको खातामा रकम जम्मा गर्ने झिक्ने समेतको

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध, नं. ०७४-०७६-०७८१, फैसला पृष्ठ १४२ मध्येको ९३

कार्य समेत गरेको छैन। म उपरको आरोपित कसूर पुष्टि नभएको अवस्थामा सुरु जिल्ला अदालतले मलाई कैद जरिवाना गर्ने गरी भएको फैसला बदर गरी सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी लिला शाहको पुनरावेदन जिकिर।

१३७.मैले संस्थाको नियम विपरित आफू तथा परिवारका अन्य सदस्यका नाउँमा कर्जा लिएको छैन। प्रतिवादी गंगाधर सुवेदी समेतले सहकारी संस्थाको रकम हिनामिना गरेको स्वीकार गरेपनि सो रकम हिनामिनामा मेरो संलग्नता रहेको भनेका छैनन। मेरो कार्यकालमा हिनामिना भएको छैन। म प्रतिवादी चौथो कार्यकालको अध्यक्ष भएतापनि संस्थाको दैनिक प्रशासनिक कृयाकलाप व्यवस्थापकको जिम्मेवारीमा नै हुन्छ। संस्थामा कम्प्युटराईज सिस्टम नभै ढड्डा सिस्टम भएकोले रकम हिनामिना भएको हो। व्यवस्थापक तथा कर्मचारीहरुले मिलेमतो गरी गोप्य रुपमा गरेको अपचलनको लागि अपचलन गर्ने व्यक्ति नै कसूरदार हुने हो। रकम अपचलन बारे थाहा जानकारी नै नभएको मलाई अध्यक्ष भएकै कारणले मतियारको रुपमा कसूरदार ठहर गरी कैद र सजाय गर्ने गरी सुरु जिल्ला अदालतबाट भएको फैसला बदर गरी आरोपित कसूरबाट सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी सिद्धि कुमार महर्जनको पुनरावेदक जिकिर।

१३८.म उक्त सहकारी संस्थाको २०७५/५/२१ देखि २०७६/२/२८ सम्म प्रवन्धकको जिम्मेवारीमा रहेकोमा आर्थिक अनियमितता वा हिनामिना सम्बन्धमा संस्थामा छलफल भई रकम हिनामिना गरेका प्रतिवादीले रकम हिनामिना गरेको रकमको कबुलियतनामा गरेको अवस्था छ। कर्मचारीहरुले पाँचौ र छैठौं कार्यकालका सन्चालक समिति तथा लेखा समितिको आडबलमा रकम हिनामिना गरेका छन। मेरो मिलेमतोमा संस्थाको रकम हिनामिना गरेको भन्ने उल्लेख भएपनि कुन व्यक्तिले वा कति रकम कुन दर्जाको कर्मचारीबाट स्पष्टसाथ राम्रोसँग सहमति वा गहिराईमा नपुगेर खाली गोश्वारा रुपमा अधिकृत पदबाट जागिर शुरु गरी प्रवन्धक पदमा पुगेको व्यक्ति भनी अभियोग दावी पुष्टि नभएको अवस्थामा समेत मलाई कैद जरिवाना हुने ठहर गरी भएको सुरु जिल्ला अदालतबाट भएको फैसला बदर गरी आरोपित कसूरबाट सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी गोपाल भण्डारीको पुनरावेदन जिकिर।

१३९.सहकारी संस्थाको व्यवस्थापनको निर्देशन अनुसार आफू र आफ्नो परिवार तथा आफन्तको खाता खोल्नुपर्ने हुन्छ। सोही निर्देशन अनुसार मेरो र आमा सेती बलीको खाता उक्त संस्थामा खोलिएकोमा उक्त खातामा बुवाले बिदेशबाट पठाएको रकम र आफ्नो तलबसमेत जम्मा र भुक्तानी भएको हो। म प्रतिवादी बैजापुर शाखाको शाखा प्रमुख रहेकोमा उक्त शाखाको हिनामिना भएको रु.९,८३,६३९।- मैले चुक्ता गरिसकेको, हिनामिना भएको रकम चुक्ता भै मेरो हकको बिगो शून्य भैसकेको अवस्थामा मलाई कैद सजाय गर्ने गरी भएको

नेपाल सरकार वि. अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध, नं. ०७४-०७६-०७८९,फैसला पृष्ठ १३२ मध्येको १४

सुरु अदालतको फैसला बदर गरी आरोपित कसूरबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादी लिलाप्रसाद वलीको पुनरावेदन जिकिर।

१४०.मैले दावी अनुसारको रकम हिनामिना गरेको छैन। मैले २(दुई) करोड जति रकम चलाएकोमा सो मध्ये १ करोड ५० लाख बुझाईसकेको छु। आन्तरिक हिसाब गर्नको लागि दवावमा परी कागज गराएका हुन। संस्थाको रकम हिनामिना गर्ने माथिल्लो तहको कर्मचारीले आफू उम्किने र मलाई फसाउने उद्देश्यले दवाव दिई कागज गरेका र आफू बच्नको लागि आफू कसूरमा ईन्कार गरी म उपर पोल गरेको बयानको आधारमा मात्रै ४ करोड बढी बिगो खापेर मलाई कैद तथा जरिवाना गर्ने गरी भएको सुरु अदालतको फैसला बदर गरी आरोपित कसूरबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादी अरुण कुमार पाठकको पुनरावेदन जिकिर।

१४१.म पुनरावेदक प्रतिवादीले प्रमुख भूमिकामा रही रकम हिनामिना गरेको भन्ने प्रमाण पेश नभएको, जाहेरवालाले वकपत्र गर्दा मैले के कुन मितिमा के कति रकम हिनामिना गरेको भनी स्पष्ट रुपमा लेखाउन नसकेको, म प्रतिवादी सहकारीको सन्चालक समेत नरहेको, म प्रतिवादी खजुरा शाखाको ईन्चार्जको रुपमा कार्यरत रहेको बेला विज्ञ समूहले तयार पारेको प्रतिवेदनबाट रकम हिनामिना गरेको देखाई ईन्चार्ज भएको नाताले रकम बुझाईदिनुहोस तपाईलाई कुनै कारवाही हुँदैन भनेपछि जिम्मेवारी बोध गरी आफन्तहरुसँग सरसापट गरी रु.५५,३१,८४४/- बुझाएको र अन्य रकम फिर्ता गर्ने तरखर हुँदा हुँदै मुद्दा चलेको कारण रकम बुझाउन नसकेको अवस्थामा केवल रु.३७,८६,८४४/- मात्र बुझाएको भनी सुरु अदालतबाट भएको फैसला बदर गरी जम्मा गरेको रकम कट्टा गरी बाँकी रकमलाई मात्र बिगो कायम हुने गरी फैसला गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी सूर्य बहादुर बि.क.को पुनरावेदन जिकिर।

१४२.सन्चालक समितिका अध्यक्ष र बैंङ्किङ्ग प्रवन्धकबाट नै संस्थाको कारोबार हुने र म प्रतिवादी सहायक प्रवन्धक पदमा कार्यरत रहेपनि आर्थिक जिम्मेवारी मेरो नहुने भएकोले मेरो दस्तखतबाट कुनै रकम हिनामिना भएको छैन। म प्रतिवादीले के कुन आधारमा रकम लिए खाएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएको र अनुसन्धान अधिकारीको नियन्त्रणमा गराएको कबुलियतनामा कागजलाई आधार बनाई रु.२,८९,४७,९१५।- हिनामिना गरेको भनी मलाई कैद तथा जरिवाना गर्ने गरी भएको सुरु अदालतको फैसला बदर गरी आरोपित कसूरबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादी गंगाधर सुवेदीको पुनरावेदन जिकिर।

१४३.सहकारी वित्तिय विकाश संस्था लि.नेपालगन्ज बाँकेमा रहेको जगदम्बा पाठक समेतका १००९ जना जाहेरवालाहरुको निक्षेप रकम रु.२६,९६,०५,५२८ र अतुनिया थारु समेतका ५१७ जना जाहेरवालाहरुको निक्षेप रु.८,८९,८५,५३१/- गरी जम्मा

रु.३५,५८,९१,०५९।- रकम उक्त संस्थाका सन्चालक समितिका अध्यक्षहरु हरदेववक्स चौधरी, सिद्दि कुमार महर्जन र अम्बर बहादुर खड्का, सन्चालक समितिका उपाध्यक्षहरु अजय कुमार पाठक र रबिन्द्र थापा, सन्चालक समितिका सदस्यहरु सतिश कुमार शर्मा, तुल्सा थापा, अंगतराम बर्मा, दिपक बर्मा, चन्द्र प्रसाद तिमिल्सिना, राजेन्द्र कुमार बि.क., मैया के.सी., पवन कुमार यादव, लक्ष्मी श्रेष्ठ, विमला गौतम, रत्ना राणा, कृष्ण बिक्रम के.सी., परमात्मा प्रसाद बर्मा र नन्द किशोर कहार, सहकारी संस्थाका कर्मचारीहरु गंगाधर सुवेदी, गोपाल भण्डारी, गौरव कुमार श्रेष्ठ, शारदा थापा मगर, अरुण कुमार पाठक, किरण श्रेष्ठ, गंगा भुषाल, सूर्य बहादुर वि.क., सुरतराम खटिक, बलराम यादव, लिला प्रसाद वली र बिजय कुमार पाठकले नक्कली कागजातहरु तयार पारी हिनामिना, अपचलन ठगी गरेका र उक्त ठगी गरेको अवस्थामा नै ती प्रतिवादीहरुसँग मिलेमतो गरी उक्त संस्थाका लेखा समितका पदाधिकारीहरु स्वरमणि बज्राचार्य, भैरव प्रसाद श्रेष्ठ, तुसार शाह, सन्धि भन्ने सन्दिप शर्मा, लिला शाह र ओमप्रकाश चौधरीले आन्तरिक लेखापरिक्षण गरी उक्त हिनामिना समेत नदेखाएका र सो आन्तरिक लेखा परीक्षणको कार्यलाई बाह्य लेखा परीक्षकहरु विनम कुमार श्रेष्ठ, नारायण बाबु अधिकारी, बिनोद कुमार शाक्य र कुलानन्द रेग्मीले उक्त अपचलन भएको अनदेखा गरी अन्तिम लेखा परीक्षण गरेको भन्ने यी प्रतिवादीहरुले एकअर्कामा पोल समेत गरी अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान, सुरु अदालतमा भएको बयान, जाहेरवाला एवं प्रतिवेदकहरुको बकपत्र र विज्ञले दिएको प्रतिवेदन समेतबाट देखिई सञ्चालक समितिका पदाधिकारीहरु, लेखा परीक्षक र कर्मचारीहरु समेतले संगठित रुपमा समूह बनाई प्रतिवादीहरुले संगठित रुपमा मिलेमतो गरी सहकारी संस्थाबाट सहकारी संस्थाको तथा जाहेरवालाको निक्षेप रकम अपचलन र हिनामिना गरी संगठित रुपमा ठगी गरी अभियोग मागदावी बमोजिमको कसूर गरेको पुष्टि भइरहेकोमा प्रतिवादी बनाइएका ४१ जना प्रतिवादीहरु मध्ये अध्यक्षको जिम्मेवारीमा रहेका तीन जना प्रतिवादीहरु, उपाध्यक्षको जिम्मेवारीमा रहेका प्रतिवादी रबिन्द्र थापा, लेखा समितिका पदाधिकारीहरु रहेका पाँच जना प्रतिवादीहरु र संस्थाका कर्मचारी रहेका गंगा भुषाल र बिजय कुमार पाठक बाहेकका अन्य १० जना प्रतिवादीहरुलाई ठगीको कसूर सम्म कायम गरी सजाय हुने र अन्य २० जना प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने गरी भएको सुरु अदालतको फैसला त्रुटी पूर्ण भएकोले उक्त फैसला बदर गरी सबै प्रतिवादीहरुलाई अभियोग मागदावी बमोजिमको सबै कसूरमा सजाय गरी माग दावी बमोजिम नै प्रतिवादीहरुबाट सहकारी संस्थाको रकम र जाहेरवाला निक्षेपकर्ताहरुको रकम ब्याज सहित दिलाई भराई पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर।

१४४. म पुनरावेदक प्रतिवादी अम्बर बहादुर खड्का अध्यक्ष हुँदाको कार्यकालमा उक्त सहकारी संस्थाको तरलता व्यवस्थापन एवं विकेन्द्रीकरण गरी कामको बाँडफाँड, अनुगमन तथा निरीक्षण उपसमिति मार्फत संस्थाको आन्तरिक अनुगमन गरी गलत काम गर्ने कर्मचारीलाई कारबाही गर्ने जस्ता कामहरु भएको थियो। संस्थाको विनियमावलीको दफा ५५६ मा दैनिक प्रशासनिक कार्यको सम्पूर्ण जिम्मेवारी व्यवस्थापकलाई नै तोकेको छ। तत्कालिन सहकारी विभाग द्वारा मिति २०६८/०१/०१ गते जारी गरी सोही मिति देखी लागु भएको सहकारी संघसंस्था दर्ता, संचालन, लेखा परीक्षण अनुगमन तथा नियमन सम्बन्धी मापदण्डको दफा १०(१) मा संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयुक्त रुपमा सबै सन्चालकहरुको हुने व्यवस्था गरेको छ। मेरो नेतृत्वमा रहेको उक्त सहकारी संस्थाको सन्चालक समितिले कार्यकाल समाप्त भई निर्वाचन पछि गठन भएको नयाँ सन्चालक समितिलाई बरबुझारथ समेत गरेको थियो। यसै गरी उक्त दफा १० को उपदफा (२) मा भएको व्यवस्था अनुसार सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी र अधिकार कर्मचारी प्रशासनमा नै तोकी दिएको अवस्थामा भए गरेका सामान्य नितिगत त्रुटिहरुमा समान स्तरका सन्चालकहरुलाई उन्मुक्ति दिने गरी शुरु अदालतले फैसला गर्दा मलाई कार्यकारी अध्यक्षको भूमिकामा बसेको भन्ने आधारमा मात्र सजाय गर्ने गरेको फैसला त्रुटिपूर्ण रहेको छ। मिति २०७०/१०/४ गते शनिबारको दिन कार्यालय बन्द भएको मौका पारी कार्यालय भित्र प्रवेश गरी सह-प्रतिवादी गौरव कुमार श्रेष्ठको हस्तलिपिबाट रु.२०,११३५०।- जम्मा गरेका रहेछन। मिति २०६९/१२/१९ मा राखिएको रकम बारे मलाई थाहा छैन। उल्लिखित मापदण्ड विनियमावलीका व्यवस्था समेतबाट म कार्यकारी नरहेको प्रष्ट हुँदा हुँदै अध्यक्षलाई कार्यकारी पदीय जिम्मेवारी दिएको भन्ने मनोगत अर्थ लगाई गरिएको फैसला त्रुटिपूर्ण भएकोले उक्त शुरु फैसला बदर गरी मलाई सफाई दिने गरी न्याय निरोपण गरी पाउँ भन्ने प्रतिवादी अम्बर बहादुर खड्काको पुनरावेदन पत्र।

१४५. म पुनरावेदक प्रतिवादी हरदेब बक्स चौधरीले नै उक्त सहकारी संस्थाको स्थापना गरेको हो। उक्त संस्थाको संस्थापक एवं अभिभावक म पुनरावेदक प्रतिवादी नै रहेको कुरामा विवाद छैन्। म वि.सं.२०५१ साल देखि २०६३ साल सम्म उक्त संस्थाको अध्यक्ष पदमा बहाल रहँदा कुनै पनि रकम कलम हिनामिना भएको थिएन, छैन। तत्पश्चात वि.सं.२०७३ साल मंसिर महिनाको ३ गते उक्त संस्थामा म अध्यक्ष भई छैठौं कार्यकालमा प्रवेश गर्दा संस्थाको रकम अन्यायी कर्मचारी लगायतहरुले हिनामिना अपचलन गरेको कुरा पर्दाफास गरी म पुनरावेदक प्रतिवादीको पहलमा नै रकम हिनामिना गर्ने कर्मचारीहरु उपर कारबाही गरिएको थियो। सोही रिसइवीका कारण प्रतिवादी अरुण कुमार पाठक र गोपाल भण्डारीले झुठा पोल गरेका हुन्। जुन तथाकथित कुरा कुनै पनि स्वतन्त्र एवं शंका रहित प्रमाणबाट

पुष्टि समेत भै रहेको छैन। यसरी एउटा निर्दोष म ७५ वर्ष उमेर पुरा भएको एउटा जेष्ठ नागरिकलाई ५ वर्ष कैद र रु.५०,०००। जरिवाना गर्ने गरी बाँकि जिल्ला अदालतबाट भएको सुरु फैसला त्रूटिपूर्ण भएकोले बदर गरी सफाई दिलाई पाउँ भन्ने प्रतिवादी हरदेव बक्स चौधरीको पुनरावेदन पत्र।

१४६.प्रस्तुत मुद्दाका जाहेरवालाहरुले आफ्नो जाहेरी दरखास्तमा कहि कतै पनि म प्रतिवादीका उपरमा रकम हिनामिना वा ठगी गरेको भनी मेरो नाम किटानी गरी जाहेरीमा उल्लेख नगरेको, मैले प्रतिवादीहरुसँग मिलोमतो गरी आरोपित कसुर गरेको भनी बकपत्र नगरेको, अनुसन्धानको क्रममा गठित विज्ञ समूहले समेत मैले रकम हिनामिना गरेको भनी प्रतिवेदन नदिएको अवस्थामा उक्त प्रमाणहरुको आधारबाट समेत मलाई आरोपित कसूरबाट पूर्णतया सफाई दिई फैसला गर्नु पर्नेमा उक्त प्रमाणहरुको मुल्यांकन विवेचना र विश्लेषण समेत नगरी गरिएको सुरु फैसला त्रुटिपूर्ण छ। नेपाल राष्ट्र बैंक वा सहकारी डिभिजन कार्यालयबाट निरीक्षणको क्रममा तथा लेखा समिति वा बाह्य लेखा परिक्षकले समेत संस्थामा आर्थिक कारोबारमा हिनामिना भएको भनी औंल्याएको छैन। सो सम्बन्धमा सञ्चालक समितिलाई कुनै निर्देशन पनि दिएको छैन। यस अवस्थामा सो प्रतिवेदनको विधिसम्मत विवेचना, विश्लेषण नै नगरी मलाई हराई ३ वर्ष कैद र रु.५,०००।- जरिवना हुने गरी भएको शुरु फैसला त्रुटिपूर्ण भएकोले बदर गरी मलाई सफाई दिने गरी न्याय निरोपण गरी पाउँ भन्ने प्रतिवादी रविन्द्र थापाको पुनरावेदन पत्र।

१४७.म प्रतिवादीले उक्त सहकारी संस्थाबाट मेरो तथा पारिवारिक नातेदारबाट कुनै पनि प्रकारको कुनै कर्जा लिए खाएको छैन। फर्छ्यौट गर्नु पर्ने कुनै पेश्की रकम बाँकी पनि छैन। प्रतिवादी गंगाधर सुवेदीले मलाई पोल गरेको भएता पनि म प्रतिवादीले २०७४ सालमा दिएको राजिनामा स्वीकृत गर्दा यिनै प्रतिवादी गंगाधर सुवेदीले समेत म प्रतिवादीबाट संस्थामा तिर्नु बुझाउनु पर्ने कुनै बाँकी बक्यौता नरहेको भनी लेखी दिएको छन्। सोही आधारमा मेरो राजिनामा स्वीकृत गर्ने गरी संस्थाबाट निर्णय भएको छ। सोबाट निज प्रतिवादी गंगाधर सुवेदीको पोल बयान आधारहिन रहेको पुष्टी हुन्छ। खातामा रकम जम्मा भएको र निकालेको आधारका सम्बन्धमा हेर्ने हो भने पनि अन्य प्रतिवादीहरुको हकमा खातामा रकम जम्मा भएको र निकालेको तथ्यको आधारमा कसूर कायम नभएको अवस्थामा मेरो हकमा सोही आधारमा भएको शुरु फैसला पक्षपातपूर्ण रहेको देखिंदा उक्त फैसला बदर गरी सफाई दिने गरी न्याय निरोपण गरी पाउँ भन्ने प्रतिवादी किरण श्रेष्ठको पुनरावेदन पत्र।

१४८.म प्रतिवादी लेखासम्बन्धि जानकार नभएको अवस्थामा नै छैठौं कार्यकालमा मलाई लेखा समितिको सदस्यमा निर्वाचित गरिएको हो। मैले ईमान्दारीका साथ लेखापरीक्षण गरेपछि असल भावनाले दस्तखत सम्म गरेको हुँ। सहकारी संस्थाको रकम हिनामिना हुनुमा मेरो

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा सहकारी रकम हिनामिना ठगी र संगठित अपराध, मु.नं. ०७४-०७६-०७८८, फैसला पृष्ठ १३२ मध्येको १८

संलग्नता रहेको पुष्टि भएको छैन। बाह्य लेखापरीक्षण गर्नेहरुलाई सफाई दिईएको छ। म प्रतिवादीले संस्थाको यो यति रकम खाएको,हिनामिना वा अपचलन गरेको भन्ने कुरा स्वतन्त्र एवं निर्विवाद प्रमाणबाट पुष्टि नभएको अवस्थामा मलाई कैद तथा जरिवाना गर्ने गरी भएको सुरु अदालतको फैसला बदर गरी आरोपित कसूरबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादी ओमप्रकाश चौधरीको पुनरावेदन जिकिर।

१४९.म प्रतिवादी निम्नस्तरको कार्यालय सहयोगी पदको कर्मचारीको रुपमा काम गर्दै आएकोमा पछि बढुवा भै सह-उपसहायक पदमा बढुवा भएपछि मैले चेक ईन्ट्री गर्ने,व्यक्तिगत खातामा खर्च लेख्ने र फरवार्ड गर्ने मात्र जिम्मेवारी भएकोले उक्त कार्यमा कुनै कैफियत छैन। उक्त कार्यले रकम हिनामिनासँग सम्बन्ध नै राख्दैन। म प्रतिवादीले के कसरी मिलमतो गरी सहकारी संस्थाको रकम हिनामिना गरेको भनी सहप्रतिवादीको पोल बयान समेत छैन। सहकारी संस्थाको व्यवस्थापनको निर्देशन अनुसार आफू र आफ्नो परिवार तथा आफन्तको खाता खोल्नुपर्ने हुन्छ। सोही निर्देशन अनुसार मेरो र श्रीमति एवं छोराको खाता उक्त संस्थामा खोलिएकोमा उक्त खातामा मेरो विगत १९ वर्षदेखिको तलब जम्मा भएको र झिकेको रकमलाई आधार मात्र मिल्दैन। मेरो पद र जिम्मेवारीतर्फ विचार नगरी वर्षौंदेखिको खातामा भएको रकमको कारोबारलाई मात्र आधार मानी बिगो कायम गरी मलाई कैद तथा जरिवाना गर्ने गरी भएको सुरु अदालतको फैसला बदर गरी आरोपित कसूरबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादी सुरतराम खटिकको पुनरावेदन जिकिर।

१५०.म प्रतिवादी निम्नस्तरको कार्यालय सहयोगी पदको कर्मचारीको रुपमा काम गर्दै आएकोमा पछि बढुवा भै उपसहायक पदमा कार्यरत रहेको हुँदा को कसले कसरी सहकारीको रकम हिनामिना गरेका हुन मलाई थाहा छैन। मैले कसूरमा ईन्कार रही बयान गरेको छु। म प्रतिवादीले के कसरी मिलेमतो गरी सहकारी संस्थाको रकम हिनामिना गरेको भनी सहप्रतिवादीको पोल बयान समेत छैन। म प्रतिवादी रागाको व्यापार तथा जग्गा खरिद बिक्रीको कारोबार गर्नेसमेत गर्दछु। मेरो तथा पत्नीको नाममा दर्ता भएको जग्गा नोकरीबाट कमाएको पैसा र छोरी ज्वाईले अमेरिकाबाट पठाएको पैसाले खरिद गरेको हुँ। मेरो पद र जिम्मेवारीतर्फ विचार नगरी खातामा भएको रकमको कारोबारलाई मात्र आधार मानी बिगो कायम गरी मलाई कैद तथा जरिवाना गर्ने गरी भएको सुरु अदालतको फैसला बदर गरी आरोपित कसूरबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादी बलराम यादवको पुनरावेदन जिकिर।

१५१. म प्रतिवादीले कसूरमा ईन्कारी बयान गरी सो ईन्कारीलाई समर्थन हुने गरी मेरा साक्षीले बकपत्र गरेका छन्। जाहेरवालाले म उपर रकम हिनामिना गरेको भनी किटानी साथ लेखाएका छैनन । विज्ञको प्रतिवेदनबाट समेत सहकारीको रकम हिनामिना कार्यमा मेरो संलग्नता देखिएको छैन । सहप्रतिवादी गंगाधर सुवेदी र बलराम यादवले म उपर झुठा

पोल गरेका छन । निजहरुको पोल अन्य प्रमाणबाट पुष्टी भएको छैन। मैले यो संस्थामा कुनै किसिमको अपचलन वा हिनामिना गरेको भनी उल्लेख नभएको अवस्थामा संस्थाको सञ्चालक पदमा रहेको कारणले मात्र बिगो कायम गरी मलाई कैद तथा जरिवाना गर्ने गरी भएको सुरु अदालतको फैसला बदर गरी आरोपित कसूरबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादी शारदा कुमारी थापा मगरको पुनरावेदन जिकिर।

१५२. लेखा समितिका सदस्य र संयोजकलाई प्रतिवादीहरुले पोल नै गरेका छैनन। सामान प्रमाण र आरोप लागेका बाह्य लेखा परीक्षकहरुलाई सफाई दिईएको छ। प्रतिवादीहरु गंगाधर सुवेदी समेतले सहकारीको रकम हिनामिना गरी सो रकम फिर्ताको लागि समय पाउँ भनी कागज गरेका छन। प्रस्तुत मुद्दामा मैले कसूर ईन्कारी बयान गरेको र सो ईन्कारी बयानलाई मेरा साक्षीले समर्थन हुने गरी बकपत्र गरेका छन। जाहेरवालाले जाहेरीमा तथा सुरु अदालतको बकपत्रमा कही कतै मेरो नाम किटान गरेका छैनन। नक्कली G.L. लेखा समितिमा पेश गरेको कारण संस्थाको अनियमितताको जानकारी लेखा समितिलाई भएन। नक्कली जि.एल.(general ledger)खडा गरेको थाहा पाउनसाथ सन्चालक समितिमा जानकारी गराईएको छ। मैले लेखा समितमा रहँदा कुनै रकम नलिएको र संस्थाको खातामा रकम जम्मा गर्ने झिक्ने समेतको कार्य गरेको छैन। म उपरको आरोपित कसूर पुष्टि नभएको अवस्थामा सुरु जिल्ला अदालतले मलाई कैद जरिवाना गर्ने गरी भएको फैसला बदर गरी सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी स्थिरमणि बज्राचार्यको पुनरावेदन जिकिर।

१५३. यसमा शुरु बाँके जिल्ला अदालतबाट मिति २०८०।०९।२६ मा भएको फैसला विचारणिय देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) को प्रयोजनार्थ वादी नेपाल सरकारको पुनरावेदनको जानकारी पुनरावेदक प्रतिवादीहरुलाई र पुनरावेदक प्रतिवादीहरुको पुनरावेदनको जानकारी वादी पक्षलाई गराई सफाई पाएका प्रतिवादीहरुको हकमा प्रत्यर्थी झिकाई हाजिर भए वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू भन्नेसमेत व्यहोराको यस अदालतबाट मिति २०८१/१२/२६ मा भएको आदेश।

ठहर खण्ड

१५४. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन जिकिर सहितको शुरू मिसिल समेत अध्ययन गरी वादी नेपाल सरकारकातर्फबाट उपस्थित विद्वान उच्च सरकारी वकिल कार्यालय नेपालगन्जका उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल र जाहेरवालाहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री बिजय गुप्ता र डा. श्री दिनेश त्रिपाठी तथा विद्वान अधिवक्ता श्री पुनम श्रेष्ठले र प्रतिवादीहरुको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ताहरु श्री भोला सिंह हमाल, श्री सुनील कुमार श्रेष्ठ,श्री लोक बहादुर शाह,श्री शालिकराम सापकोटा, श्री ध्रुवप्रसाद बस्याल, अधिवक्ताहरु श्री

पवन कुमार गुप्ता,हरिप्रसाद सुवेदी, श्री बलबहादुर चन्द, श्री हिराबहादुर श्रेष्ठ, श्री विकाश आचार्य, श्री इश्वरी प्रसाद ज्ञवाली, डा. श्री कौशल कुमार वर्मा,श्री माधवप्रसाद शर्मा, श्री पदम पाण्डे, श्री जयराज जैसी, श्री भिमबहादुर कार्की, श्री जनकबहादुर शाही, श्री शुशिल कुमार जोशी,श्री दिलेश्वर थारु र श्री विरबहादुर खड्काले गर्नुभएको बहससमेत सुनियो।

१५५. प्रतिवादीहरूउपर मुख्यतः साविक मुलुकी ऐन ठगीको महलको १ नं.को कसूरमा ४ नं. बमोजिम सजाय र हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) को कसूरमा सोही दफा २४९(३)(ग) बमोजिमको सजाय, सहकारी ऐन, २०७४ को दफा १२२ मा वर्णित विभिन्न कसूरमा सोको दफा १२४ को विभिन्न उपदफा बमोजिमको सजाय एवं संगठित अपराध नियन्त्रण ऐन, २०७० को दफा ३(क) को कसूरमा सोको दफा ९(क) बमोजिम सजायको मागदावी रहेको प्रस्तुत मुद्दामा प्रतिवादीहरु लिलाधर भन्ने लिला प्रसाद बली, अम्बर बहादुर खड्का, किरण श्रेष्ठ, गोपाल भण्डारी, अरुण कुमार पाठक, हरदेव बक्स चौधरी, गंगाधर सुवेदी, सुरतराम खटिक र सूर्य बहादुर वि.क.लाई जनही ५/०/० वर्ष कैद र रु.५०,०००।- जरिवाना, प्रतिवादीहरु बलराम यादव र गौरव कुमार श्रेष्ठलाई जनही ४/०/० वर्ष कैद र रु.४०,०००।- जरिवाना, प्रतिवादी रविन्द्र थापालाई ३/०/० वर्ष कैद र रु.५,०००।- जरिवाना, प्रतिवादी सिद्दी कुमार महर्जनलाई २/६/० वर्ष कैद र रु.५,०००।- जरिवाना, प्रतिवादीहरु ओमप्रकाश चौधरी र तुसार शाहलाई जनही २/०/० वर्ष कैद र रु.५,०००।- जरिवाना, प्रतिवादीहरु लिला शाह, स्विरमणि बज्राचार्य, शारदा कुमारी थापा, सन्धि भन्ने सन्दिप शर्मालाई जनही १/०/० वर्ष कैद र रु.५,०००।- जरिवाना हुने, प्रतिवादीहरुले हिनामिना गरेको जाहेरवाला समेतको बिगो रू. ३५,८५,९१,११३।- (पैंतिस करोड पचासी लाख एकानब्बे हजार एक सय तेह्र रुपैंयाँ) कायम हुने गरी भएको फैसला उपर चित्त नबुझाई प्रतिवादीहरुको पुनरावेदन पर्न आएको देखिन्छ। प्रतिवादीहरू गंगा भुषाल, विजय कुमार पाठक, सतिश कुमार शर्मा, तुल्सा थापा, अंगतराम वर्मा, दिपक वर्मा, चन्द्रप्रसाद तिमिल्सिना, राजेन्द्र कुमार वि.क., मैया के.सी., पवन कुमार यादव, लक्ष्मी श्रेष्ठ, विमला गौतम, कृष्णविक्रम के.सी., रत्ना राणा, प्रमात्मा प्रसाद वर्मा र नन्दकिशोर कहार, विनम कुमार श्रेष्ठ, नारायणबाबु अधिकारी, विनोद कुमार शाक्य र कुलानन्द रेग्मीले आरोपित कसूर गरेको पुष्टि नभएकोले अभियोग दावीबाट सफाई पाउने ठहऱ्याई भएको सुरु बाँकि जिल्ला अदालतको फैसला उपर चित्त नबुझाई उक्त फैसला बदर गरी पाउँ भनी बादी नेपाल सरकारको तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ।

१५६.उपर्युक्त तथ्य एवं पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा शुरू बाँके जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक बादी प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने विषयमा न्याय निरूपण गर्नुपर्ने देखियो।

१५७.निर्णयतर्फ विचार गर्दा, सहकारी वित्तिय विकास संस्था लिमिटेड, नेपालगन्ज (बाँके) २०५१ सालदेखि वित्तिय कारोबार गर्ने उद्धेश्यले गठन भई नेपाल राष्ट्र बैंकबाट मिति २०५३।०२।१

गतेदेखि सिमित बैंकिङ कारोबार गर्ने अनुमती प्राप्त भई हाल नेपालगन्ज, खजुरा र बैजापुर गरी ३ वटा शाखा र एक प्रधान कार्यलयबाट सिमित बैंकिङ कारोबार संचालन गर्दै आएकोमा उक्त संस्थामा कार्यरत कर्मचारीहरूले आर्थिक हिनामिना गरेको भनी प्रमुख व्यवस्थापक गोपाल भण्डारीले प्रतिबेदन दिएको र निजले दिएको उक्त प्रतिवेदन अनुसार सन्चालक समितिको मिति २०७६।०२।१० गतेको निर्णय अनुसार ५ सदस्यिय छानविन समितिको गठन गरी प्रारम्भिक अनुसन्धान एवं अनुगमन भएको देखिन्छ। उक्त अनुसन्धान र अनुगमन गर्दा संस्थाको आन्तरिक नियन्त्रण प्रणाली निष्क्रिय रहेको, संस्थाको दैनिक कारोबार नियमित रुपमा अध्यावधिक नगरेको, संस्थाबाट भुक्तानी गरिने रकमहरू तथा ऋण सम्बन्धी कागजातहरू एकै निकायबाट तयार गरेको र अन्य कुनै निकायबाट जाँच प्रमाणित नगरेको, संस्थाको मुख्य खाता र सहायक खाताहरूको हरहिसाब मिलान नगरेको, ऋण लगानी, असूली, बचत, जम्मा र भुक्तानी कार्यमा कुनै नियन्त्रण प्रणाली नभएको, खाली तमसुकहरूमा सदस्यहरूको सहिछाप गरेको र रकमको अंक नलेखिएकोमा केही फाइलहरूमा तमसुकमा उल्लिखित अंकभन्दा ऋण लेजरमा बढी लगानी गरेको, संस्थाको ऐन, नियम, सिद्दान्त र मूल्य मान्यताको पालना नगरी संस्थाका जिम्मेवार कर्मचारीहरूले जानीजानी बचत तथा ऋणको रकम अपचलन गरेको र कानूनी जिम्मेवारीमा रहेका सन्चालक समितिको लापरबाहीका कारण संस्थाको बैजापुर, खजुरा र नेपालगन्जको शाखाबाट शेयर, बचत र ऋणको रकमबाट जम्मा रू. ३८,१७,५०,५४४.३४ रकम हिनामिना गरेको र शाखा कार्यालय नेपालगन्जको ऋण फाँटबाट रू. २१,४३,८५,४६०.३४ हिनामिना भएको देखिएको र उक्त फाँटको जिम्मेवारी कर्मचारी अरुण कुमार पाठकले आफु मात्र नभई गंगाधर सुवेदी, गोपाल भण्डारी मिलेर रकम अपचलन गरेको र सन्चालक समितिका अध्यक्ष, उपाध्यक्षसमेतले मासिक रुपमा कमिसन रकम लिने गरेको भनी स्पष्टिकरण दिएको, खजुरा शाखाका प्रमुख सुर्यबहादुर बि.क.ले रू. ६६,४४,७२८।- र बैजापुर शाखाका प्रमुख लिलाधर वलीले रू. ४,२१,७७४।- रकम हिनामिना गरेको देखिएको भनी सुझाव सहितको प्रतिबेदन पेश गरेको भन्ने बाँकि जिल्ला सहकारी संघ लिमिटेड, नेपालगन्जको च.नं. २५५ मिति २०७६।०२।२७ गतेको पत्र जाहेरी रहेको देखिन्छ।

१५८. सहकारी संस्थामा कार्यरत कर्मचारीहरू सहायक प्रमूख प्रवन्धक श्री गंगाधर सुवेदी, बैंकिङ प्रबन्धक श्री अरुण कुमार पाठक, खजुरा शाखा प्रमूख श्री सूर्यबहादुर बि.क र बैजापुर शाखा प्रबन्धक श्री लिलाप्रसाद भन्ने लिलाधर वलीले रकम हिनामिना गरेको भनी उल्लेख भए अनुसार निजहरूबाट अपचलन गरेको भनी सकारनामा पत्रसमेत गरी उक्त रकम दाखिला नगरेको भन्ने सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँकेले जिल्ला प्रशासन कार्यालय बाँकेलाई मिति २०७६।०२।१२ गते लेखेको पत्रबाट देखिन्छ। जाहेरवालाहरूले सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज (बाँके) नेपालगन्ज, खजुरा र बैजापुर शाखामा जम्मा (बचत) गरेको रकम उक्त संस्थाका कर्मचारी र सन्चालक समितिका पदाधिकारीहरूले हिनामिना गरी ठगी गरेको हुँदा उक्त रकमको नियमानुसार पाउनुपर्ने साँवा ब्याज सहितको रकम फिर्ता दिलाई

कसूरमा संलग्न व्यक्तिहरूलाई कारवाही गरी पाउँ भनी निक्षेपकर्ता र सेयर धनिहरूमध्येका जगदम्बा पाठक समेतका १००९ जनाले शुरूमा र अतुमिया शाहसमेतका ५१७ जनाले पछि पृथक-पृथक जाहेरी दरखास्त दिएको देखिन्छ। जाहेरवालाहरुले सुरु अदालतमा बकपत्र गर्दा समेत प्रतिवादीहरुले मिलेमतो गरी सहकारीको रकम हिनामिना गरेको हुँदा आफूहरुले जम्मा गरेको रकम पाउन सकेका छैनौं भनी जाहेरी बमोजिमकै व्यहोरा समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ।

१५९.नेपाल राष्ट्र बैंकबाट सिमित बैंकिङ्ग कारोबार गर्न पाउने ईजाजत प्राप्त गरी सहकारी वित्तिय विकास संस्था लिमिटेड बँकि नामक सहकारी संस्था स्थापना भएको संस्थाको विधानमा साधारण सभाबाट ५ वर्षको लागि ११ जनाको सन्चालक समिति चयन हुने र संस्थाका लागि विभिन्न दर्जाका व्यवस्थापक कर्मचारी रहने प्रावधान रहेको देखिन्छ। स्थापनाकालदेखि सो संस्थाको व्यवस्थापन तथा संचालनमा चुस्त दुरुस्त रही चौथो कार्य समितिको कार्यकाल र सो पछिको कार्य समिति क्रमशः संस्थामा निक्षेप मौज्दातमा कमी आएको, ऋण प्रवाहमा र ऋण असूलीमा समस्या देखिएको एवं निक्षेपकर्ताहरूको रकम फिर्ता गर्ने विषयमा समस्या भई मिति २०७६।०२।१० गते सर्वदेव ओझाको अध्यक्षतामा र मिति २०७६।०२।१४ गते नवराज उपाध्यायको अध्यक्षतामा छानविन समितिसमेत गठन भएको देखिन्छ।त्यसैगरी मिति २०७६।०२।१४ गते बसेको सन्चालक समितिको बैठकबाट संस्थाको रकम हिनामिना भएको भनी छानबिन समितिले एकिन गरेको रकम असूलउपर गरी कारवाहीका लागी किटानी जाहेर गर्ने भनी निर्णय गरी उजुरीसमेत दिएको देखिन्छ।अनुसन्धानको क्रममा प्रेमबहादुर शाह, गोपाल बहादुर थापा, जीत बहादुर आर.सी., राजेन्द्र बहादुर बि.सी. र गोबिन्द्र प्रसाद रेग्मी समेत ५ जनाको विज्ञ समुहको छानविन समिति गठन गरी उक्त समितिले प्रतिवेदनसमेत पेश गरेको देखिन्छ।

१६०.प्रतिवादी गंगाधर सुवेदीले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष बयान गर्दा सहकारी संस्थाका सन्चालक समिति र कार्यरत कर्मचारीको मिलेमतोमा नेपालगन्ज, बैजापुर र खजुरा तीनवटै शाखाको अधिकांश बचत रकम अनियमितता भएको थियो।बचततर्फ ग्राहकले जम्मा गर्न ल्याएको रकम, ग्राहकको पासबुक र संस्थाको लेजरमा ईन्ट्री गर्ने र संस्थाको क्यास बुक, डे बुक र ढुकुटीमा ईन्ट्री नगरी हिनामिना गर्ने गरिन्थ्यो।सोही कार्यकालमा गौरब कुमार श्रेष्ठ र किरण श्रेष्ठलाई अनियमिततामा उन्मुक्ति दिने योजनाले निजहरूलाई राजिनामा दिन लगाएको हो। मैले हिनामिना गरेको रु. ५२,५०,०००।– फिर्ता गरेको हुँ भनी लेखाएको देखिन्छ।यस्तै प्रतिबादी अरुण कुमार पाठकले बयान गर्दा प्रबन्धकमा काम गर्दै आएको र गोपाल भण्डारी र बैंकिङ्ग प्रवन्धक पदमा रहेका गंगाधर सुवेदीले मलाई कर्जाको असूली रकममा हिनामिना गरौं, परेको हामी बेहोर्छौं भनेको हुँदा ग्राहकले कर्जा चुक्ता गर्ने क्रममा मैले कर्जा चुक्ता भएको भौचर भरी धितो फुकुवा गराई उक्त रकम निजहरूलाई दिन्थे । उक्त रकम निजहरुले हिनामिना गर्ने गर्दथे। पाँचौं र छैटौं कार्यकालमा क्रमसः अध्यक्ष अम्बर बहादुर खड्का र हरदेवबक्स

चौधरीको पालामा निक्षेप र कर्जा दुवैतिर रकम हिनामिना भएको हो। निजहरूको पालामा पनि कर्जातर्फ हिनामिना हुने र बचततर्फ अफिस टाईम भन्दा पछिको सन्ध्याकालिन काउन्टरमा ग्राहकले बचत गर्न ल्याएको रकम हिनामिना हुने गर्दथ्यो। उक्त हिनामिना समेत गंगाधर सुवेदी र गोपाल भण्डारीको निर्देशनमा मैले ग्राहकहरूले संध्याकालिन टाईममा जम्मा गर्न ल्याएको रकम कार्यालयको बचत लेजरमा चढाई क्यास बुक र डे बुकमा ईन्ट्री नगरी ग्राहकको खातामा फर्जी पोष्टिङ गरी उक्त रकम संस्थाको ढुकुटीमा नराखी पैसा मैले गंगाधर सुवेदी र गोपाल भण्डारीलाई दिने गर्थें भनी लेखाएको देखिन्छ।

१६१.प्रतिवादी गोपाल भण्डारीले बयान गर्दा प्रमुख प्रवन्धकको रुपमा काम गरेको उक्त संस्थामा अध्यक्ष सिद्दीकुमार महर्जनको सन्चालक समितिको चौंथो कार्यकालबाट रकम हिनामिना सुरु भै वि.सं. २०६८ सालमा भएको सन्चालक समिति र लेखा समितिको निर्वाचनमा बैंकिङ्ग प्रवन्धक गंगाधर सुवेदी, कर्जा विभाग प्रमुख गौरव कुमार श्रेष्ठ, कर्जा शाखा सहायक अरुण कुमार पाठक लगायतका कर्मचारीहरूबाट आफ्नो प्यानल बनाई उक्त प्यानललाई विजयी गराउन सफल भई उक्त ५ बर्षे कार्यकालमा आफ्नो अनुकुल अनुसारको सन्चालक समिति तथा लेखा समिति निर्वाचित भएपछि हाल संस्थामा हिनामिना भएको रकममध्ये आधाभन्दा बढी रकम हिनामिना भएको हो। अध्यक्ष हरदेव बक्स चौधरी र उपाध्यक्ष रबिन्द्र थापालाई निर्विरोध निर्वाचित गराउन सोही टिमको ठुलो भूमिका रहेको थियो। अध्यक्ष हरदेब बक्स चौधरीले मासिक रू. १,००,०००।- (एक लाख) र उपाध्यक्ष रबिन्द्र थापाले मासिक रू. ७५,०००।- (पचहत्तर हजार) हिनामिना गर्ने कर्मचारीहरूबाट कमिसन लिई हिनामिना गर्ने कर्मचारीहरूलाई थप प्रोत्साहन दिई हिनामिना रकम बढ्न गएको हो। गंगाधर सुवेदीबाट करिब २ करोड ८९ लाख रुपैंया, अरुण कुमार पाठकबाट २१ करोड ९४ लाख रुपैंया, खजुरा शाखा प्रवन्धक सुर्यबहादुर वि.क. बाट करीब ६२ लाख रुपैंयाँ र बैजापुर शाखा प्रवन्धक लिलाधर बलीबाट ३७ लाख रुपैंयाँ संस्थाको रकम हिनामिना भएको देखिएपछि निजहरूले संस्थाको नाममा कबुलियतनामा कागज गरिदिएका थिए। कर्जा शाखामा तत् समयमा कार्यरत कर्मचारीहरू निमित्त बैंकिङ्ग प्रवन्धक राजकुमार टण्डन, अरुण कुमार पाठक, गौरब कुमार श्रेष्ठ, लिलाधर बलीबाट लगानीको अधिकार नहुँदा नहुँदै पनि आफ्नो अनुकुल अनुसारको सन्चालक समिति तथा लेखा समितिको आडबलमा लगानी गर्दा आफ्नो मनखुसीबाट लगानी गर्ने र लगानी भएका कर्जाहरू असुल उपर हुँदा ग्राहकबाट नियमानुसार रकम बुझी लिई ग्राहकले सुरक्षण बापत राखेको धितो (घर जग्गा) फुकुवा गर्ने र उक्त बुझेको रकम संस्थामा जम्मा नगरी हिनामिना गरिएको थियो। प्रवन्धक गंगाधर सुवेदी, कर्जा शाखा प्रमुख तथा बैंकिङ्ग प्रवन्धक अरुण कुमार पाठक, जर्नल शाखा प्रमुख किरण श्रेष्ठ, बैजापुर शाखा प्रवन्धक तथा काजमा नेपालगन्ज शाखामा समेत काम गर्ने लिलाधर बली, उपसहायक सुरतराम खटिक, सह-उप सहायक बलराम यादव लगायतका कर्मचारीहरूबाट ग्राहकहरूको व्यक्तिगत खातामा जम्मा हुन आएको रकमको भौचरमा संस्थाको छाप लगाई दस्तखत गरी ग्राहकको प्रति ग्राहकलाई दिने र संस्थामा हुने प्रति संस्थामा दाखिला

नगरी ग्राहकको व्यक्तिगत खातामा रकम जम्मा गरेको पोष्टिङ गरिदिई उक्त रकम आफुहरूले हिनामिना गर्ने गर्दथे भनी अनुसन्धानमा बयान गरेको देखिन्छ।

१६२.प्रतिवादी बलराम यादवले बयान गर्दा सहकारीको रकम हिनामिना गरे बापत अध्यक्ष हरदेवबक्स चौधरी र उपाध्यक्ष रविन्द्र थापाले विगत डेढ वर्षदेखि मासिक क्रमशः रू. १,००,०००।- र रू. ७५,०००।- लिने गरेका थिए। सो रकममध्ये अरुण कुमार पाठकले मासिक रू. १,००,०००।- अध्यक्षलाई बुझाउने गरेका र गंगाधर सुवेदी, बैजापुर शाखा प्रबन्धक लिलाधर बली, खजुरा शाखा प्रबन्धक सुर्यबहादुर वि.क.बाट पैसा उठाई गोपाल भण्डारीले मासिक रू. ७५,०००।- उपाध्यक्षलाई दिने गरेका थिए। संस्थाको बैजापुर र खजुरा शाखाबाट समेत रकम हिनामिना भएको हो। शुरुमा अरुण कुमार पाठक, गंगाधर सुवेदी र गौरव कुमार श्रेष्ठले परस्पुरमा पेट्रोल पम्पमा संयुक्त लगानी लगाएका थिए। निजहरूले नै सिगौंमा दुग्ध डेरीमा लगानी लगाएका र रक्षेनामा १५ कट्ठा जग्गा खरीद गरी बिक्री गरेका थिए। गंगाधर सुवेदीले हवल्दारपुरमा १ बिघा जग्गा खरीद गरेका थिए। निजले कोहलपुरमा जग्गा खरीद गरी आफ्नो सालाको नाममा पास समेत गरेका थिए। गंगाधर सुवेदीले पोखरामा जग्गा खरीद गरि आफ्नो भाईको नाममा पास गरेका छन्। धम्बोझिमा निजले श्रीमतीको नाममा घर खरीद गरेका छन्। अक्सिजन फ्याक्ट्रीमा अरुण कुमार पाठक र गौरव कुमार श्रेष्ठले संयुक्त लगानी लगाएका छन्। सो पछिको कार्यकालमा अध्यक्ष सिद्दिकुमार महर्जनको पालामा संस्थाबाट ग्राहकले जग्गा धितो राखी कर्जा लिई लिलामी प्रक्रियामा रहेको जग्गाहरूमा चलखेल गरी रकम हिनामिना हुने गरेको थियो। निजको पालामा कर्जातर्फको रकम हिनामिना हुन शुरु भई संस्थाको पाँचौं र छैटौं कार्यकालमा क्रमशः अध्यक्ष अम्बर बहादुर खड्का र हरदेव बक्स चौधरीको पालामा संस्थाको कर्जा र बचत गरी दुबैतर्फको रकम हिनामिना हुन थालेको हो।काल्पनिक रुपमा कर्जा देखाई आ-आफ्नो कारोबारमा लगानी गर्ने सो बखत मुख्य भूमिकामा रहेका प्रमुख प्रबन्धक गोपाल भण्डारी, बैंकिङ्ग प्रबन्धक गंगाधर सुवेदी, कर्जा शाखा प्रमुख अरुण कुमार पाठक, गौरव कुमार श्रेष्ठ र जरनल शाखा प्रमुख किरण श्रेष्ठ हुन्। निजहरूले उक्त कार्य गर्दा नक्कली जि.एल.(general ledger), भौचर समेत बनाउने गरेका थिए भनी बयान गरेको देखिन्छ।

१६३.प्रतिवादी स्थिरमणि बज्राचार्यले बयान गर्दा संस्थाको सम्पत्ति, दायित्व, आम्दानी, खर्च, बचत तथा कर्जा लगायतको हरहिसाब चेकजाँच गर्दा हिसाबमा आम्दानी भन्दा खर्च बढी देखिएको, बचत लेजर र जर्नल लेजरको हिसाब नमिलेको देखिएकोले रकम हिनामिना भएको भन्ने शंका लागि लेखा समितिले तत् समयमा प्रमुख प्रबन्धक रहेका गंगाधर सुवेदीलाई बचत लेजरको हिसाब जर्नल लेजरमा भिडाई हिसाब दिनुहोस् भन्दा निजले नदिएपछि सो कुरा संस्थाको सन्चालक समितिमा जानकारी गराउँदा समेत कुनै कदम चालेनन। सन्चालक समिति र जिम्मेवार पदमा कार्यरत रहेका कर्मचारीको मिलेमतोमा रकम हिनामिना भएको हो। कर्जा फाँटमा कार्यरत गौरव कुमार श्रेष्ठ र अरुण कुमार पाठकसमेतको मिलेमतोमा कर्जा असूली

रकम हिनामिना भएको हो। अम्मर बहादुर खड्काको पालामा लेखा समितिले कुनै हिसाबकिताब तथा अडिट गरेको नदेखिएकोले निजको कार्यकालबाट संस्थाको कर्जा, बचत र मुद्दतीतर्फ समेत रकम हिनामिना भएको हो। हरदेवबक्स चौधरीको कार्यकालमा बचततर्फ ग्राहकले जम्मा गर्न ल्याएको रकम ग्राहकको पासबुकमा ईन्ट्री गर्ने र संस्थाको क्यास बुक, डे बुक र ढुकुटीमा ईन्ट्री नगरी सन्चालक समितिको मिलेमतोमा सोबखत बैंकिङ प्रवन्धक एवं कर्जा अधिकृत रहेका अरुण कुमार पाठक, प्रमुख प्रवन्धक गोपाल भण्डारी, निमित्त प्रमुख प्रवन्धक तथा बैंकिङ प्रवन्धक रहेका गंगाधर सुवेदी, खजुरा शाखा प्रवन्धक सुर्यबहादुर वि.क. र बैजापुर शाखा प्रवन्धक लिलाधर वली लगायतको मिलेमतोमा कर्जा, मुद्दती र बचततर्फको रकम हिनामिना भएको थियो। संस्थामा कम्प्युराईज्ड सिस्टम नरहेको ढड्डा सिस्टम भएकोले सम्पूर्ण ढड्डाहरू खोली चेक गर्न सकिने अवस्था नभएकोले कर्मचारीहरूले दिएको विवरणलाई मानी अडिट गरिएको हुँदा उक्त कुरा सो बखतका प्रतिवेदनमा नआएको हो । संस्थाको गैर बैंकिङ सम्पत्तिमा रहेको जिल्ला बाँके साबिक नेपालगन्ज उपमहानगरपालिका वडा नं.१७ स्थितको २ कठ्ठा जग्गा चौंथो कार्यकालको सन्चालक समितिको निर्णय अनुसार मेरो छोरी स्वेता बज्राचार्य र लखनदास नामको श्रीमतीले संयुक्त रुपमा खरीद गरी बिक्री गरेको हो भनी बयान गरेको देखिन्छ।

१६४.प्रतिवादी ओमप्रकाश चौधरीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा कर्मचारी र सन्चालक समितिले संस्थामा भएको हिनामिनालाई लुकाउन लेखा समितिलाई देखाउनुपर्ने वित्तिय विवरण नदिई हामीलाई निजहरूले दिएको गलत रिपोर्टको आधारमा प्रतिवेदन बनाउन बाध्य पारेको अवस्था हो। संस्थाको रकम संस्थामा कार्यरत केही कर्मचारी र सन्चालक समितिका पदाधिकारीको मिलेमतोमा हिनामिना भएको हो भनी लेखाएको देखिन्छ। प्रेमजंग घर्ती र टिकाराम वर्माले मौकामा कागज गर्दा उक्त संस्थामा अघिदेखि प्रमुख प्रवन्धक, प्रवन्धक, बैंकिङ प्रवन्धक, कर्जा शाखा प्रमुख, सह उप-सहायक, सहायक जस्तो जिम्मेवार पदमा रही काम गरेका अरुण कुमार पाठक, गंगाधर सुवेदी, गोपाल भण्डारी, बलराम यादव, सुरतराम खटिक, गौरव कुमार श्रेष्ठ, किरण श्रेष्ठ, लिलाधर वली, सुर्यबहादुर वि.क. लगायतका कर्मचारीहरू र संस्थामा विभिन्न कार्यकालमा अध्यक्ष, उपाध्यक्ष रहेका सिद्दीकुमार महर्जन, अम्बर बहादुर खड्का, अजय कुमार पाठक, हरदेवबक्स चौधरी, रविन्द्र थापा लगायत अन्य सदस्यहरू तथा लेखा समितिका पदाधिकारीहरू समेतको मिलेमतोमा उक्त संस्थाको रकम हिनामिना भएको हो भनी लेखाएको देखिन्छ। उपरोक्त तथ्य र प्रतिवादीहरूको बयान तथा संस्थाको हरहिसाबसमेत हेर्दा उक्त संस्थाको तेस्रो, चौथो र पाँचौं कार्यसमितिको समय अवधिमा भएका विविध गतिविधिका कारण संस्था धराशायी भएको देखिन्छ। त्यसपछि नेपाल राष्ट्र बैंकले मिति २०७५।०४।०१गते देखि सिमित बैंकिङ कारोबार रद्द गरी राष्ट्र बैङ्कको नियामकिय तथा सुपरिवेक्षकिय दायराबाट अलग गरी सकेको अवस्था देखिन्छ। यसरी मौकामा भएको प्रतिवादीहरुको बयान, जाहेरी दरखास्त एवं गोपाल भण्डारीले दिएको छानबिन प्रतिवेदन समेतबाट प्रस्तुत सहकारी वित्तिय विकास संस्था लिमिटेडमा निक्षेपकर्ताहरूले जम्मा गरेको निक्षेप रकम फिर्ता पाउन नसकेको, ऋण प्रवाह र

कर्जा लगानी असूली तथा निक्षेप संकलन र नगद मौज्दातको रकम हिनामिना भएको तथ्यमा विवाद रहेको देखिएन।

१६५.उक्त सहकारी संस्थामा विभिन्न समयमा रहेका पदाधिकारी एवं कर्मचारीहरुको विवरण निम्न बमोजिम रहेको देखिन्छ।

१६६.सञ्चालक समितिका अध्यक्षहरु:

क.सं.	पदाधिकारीको नाम	कार्यकाल
१	हरदेव बक्स चौधरी	२०५३ देखि २०६३ सम्म र छैटौं कार्यकाल २०७३ देखी मुद्दा चल्दाका बखतसम्म।
२	सिद्दि कुमार महर्जन	चौथो कार्यकाल (२०६३ देखि २०६८ सम्म)
३	अम्बर बहादुर खड्का	पाँचौ कार्यकाल (२०६८-२०७३)

सञ्चालक समितिका उपाध्यक्षहरु:

क.सं.	पदाधिकारीको नाम	कार्यकाल
१	अजय कुमार पाठक	पाँचौ कार्यकाल (२०६८-२०७३)
२	रविन्द्र थापा	छैटौं कार्यकाल २०७३ देखि मुद्दा चल्दाका बखतसम्म

लेखा समितिका पदाधिकारीहरु:

क.सं.	पदाधिकारीको नाम	पद	कार्यकाल
१	स्थिरमणि बज्राचार्य	सदस्य	२०६३-२०६८ (चौथो कार्यकाल) २०७३-मुद्दा चल्दाको बखतसम्म
२	भैरव प्रसाद श्रेष्ठ	संयोजक	२०६८-२०७३ (पाँचौ कार्यकाल)
३	तुसार शाह	सदस्य	२०६८-२०७३ (पाँचौ कार्यकाल)
४	सन्धि भन्ने सन्दिप शर्मा	सदस्य	२०६८-२०७३ (पाँचौ कार्यकाल)
५	लिला शाह	संयोजक	२०७३-मुद्दा चल्दाको बखतसम्म
६	ओमप्रकाश चौधरी	सदस्य	२०७३-मुद्दा चल्दाको बखतसम्म

बाह्य लेखापरिक्षकहरु:

क.सं.	लेखापरीक्षक	लेखापरीक्षणगरेको आ.व.
१	विनम कुमार श्रेष्ठ	आ.व.०६६/०६७, आ.व.०६७/०६८, आ.व.०६९/०७०, आ.व. ०७०/०७१, आ.व.०७१/०७२

नेपाल सरकार वि अजय कुमार पाठकसमेत, अजय कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना ठगी र संगठित अपराध ट. नं. ०७४-०७३-०७०९,फैसला पृष्ठ १३२ मध्येको १०७

२	नारायणबाबु अधिकारी	आ.ब.२०६९/०७०
३	विनोदकुमार शाक्य	आ.ब.२०७२/०७३
४	कुलानन्द रेग्मी	आ.ब.०७३/०७४ र आ.ब.०७४/०७५

सहकारी संस्थाका सञ्चालक समितिका सदस्यहरुः

क्र.सं.	सदस्यको नाम	कार्यकाल
१	सतिश कुमार शर्मा	२०६३-२०६८ (चौथो कार्यकाल)
२	तुल्सा थापा	२०६३-२०६८ र २०७३- मुद्दा चल्दाका बखतसम्म
३	संगतराम बर्मा	२०६३-२०६८ र २०७३- मुद्दा चल्दाका बखतसम्म
४	दिपक बर्मा	२०६८-२०७३ (पाँचौं कार्यकाल)
५	चन्द्रप्रसाद तिमिल्सिना	२०६८-२०७३ र २०७३ देखि मुद्दा चल्दाका बखतसम्म
६	राजेन्द्र कुमार वि.क.	२०६८-२०७३ (पाँचौं कार्यकाल)
७	मैया के.सी.	२०६८-२०७३ (पाँचौं कार्यकाल)
८	पवन कुमार यादव	२०६८-२०७३ (पाँचौं कार्यकाल)
९	लक्ष्मी श्रेष्ठ	२०६८-२०७३ (पाँचौं कार्यकाल)
१०	विमला गौतम	२०६८-२०७३ (पाँचौं कार्यकाल)
११	रत्ना राणा	२०७३ देखि मुद्दा चल्दाका बखतसम्म
१२	कृष्ण विक्रम के.सी.	२०७३ देखि मुद्दा चल्दाका बखतसम्म
१३	परमात्मा प्रसाद बर्मा	२०७३ देखि मुद्दा चल्दाका बखतसम्म
१४	नन्दकिशोर कहार	२०७३ देखि मुद्दा चल्दाका बखतसम्म

सहकारी संस्थाका कर्मचारीहरुः

क्र.सं.	कर्मचारीको नाम	कार्यकाल
१	गंगाधर सुवेदी	२०५७।०४।०१ देखि मुद्दा चल्दाका बखतसम्म कार्यालय सहायक हुँदै सहायक प्रबन्धकसम्म
२	गोपाल भण्डारी	२०५७।०४।०१ देखि मुद्दा चल्दाका बखतसम्म कार्यालय सहायक हुँदै प्रमुख प्रबन्धकसम्म
३	गौरव कुमार श्रेष्ठ	२०५७।०४।०१ देखि २०७३।०४।१६ सम्म कार्यालय सहायक
४	शारदा थापामगर	२०५६।०५।०४ देखि मुद्दा चल्दाका बखतसम्म पिएन देखि उपसहायक सम्म
५	अरुण कुमार पाठक	२०५३ देखि मुद्दा चल्दाका बखतसम्म उपसहायक देखी प्रबन्धक सम्म
६	किरण श्रेष्ठ	२०६०।०१।२६ देखि २०७४।०५।०१ सम्म

		उपसहायक देखि सहायक सम्म
७	गंगा भुसाल	२०७२।०३। देखि २०७५ सम्म कार्यालय सहायक
८	सुर्य बहादुर वि.क.	२०५९।११।०२ देखि मुद्दा चल्दाका बखतसम्म कार्यालय सहायकमा नियुक्ति पाई मुद्दा चल्दाका बखत खजुरा शाखा प्रमुख
९	सुरतराम खटिक	२०५७।०४।१९ देखि मुद्दा चल्दाका बखतसम्म पिएन पदमा नियुक्ति पाई मुद्दा चल्दाका बखत कार्यालय सहायक
१०	बलराम यादव	२०५८ देखि मुद्दा चल्दाका बखतसम्म पिएन पदमा नियुक्ति पाई मुद्दा चल्दाका बखत उपसहायक
११	लिला प्रसाद वली	२०६९।११।११ देखि मुद्दा चल्दाका बखतसम्म उपसहायक पदमा कार्यरत रहि बैजापुर शाखा प्रमुख
१२	विजय कुमार पाठक	२०६३।१०।२१ देखि २०७४।०४।१६ सम्म उपसहायक पद

१६७.प्रतिवादीहरू उपर साविक मुलुकी ऐन ठगीको महलको १ नं.को कसूरमा ४ नं. बमोजिम सजाय र हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) को कसूरमा सोही दफा २४९(३)(ग) बमोजिमको सजाय, सहकारी ऐन, २०७४ को दफा १२२ मा वर्णित विभिन्न कसूरमा सोको दफा १२४ को विभिन्न उपदफा बमोजिमको सजाय एवं संगठित अपराध नियन्त्रण ऐन, २०७० को दफा ३(क) को कसूरमा सोको दफा ९(क) बमोजिम सजायको मागदावी समेत रहेको देखिन्छ।

१६८.सर्वप्रथमतः यी प्रतिवादीहरु उपर अभियोग-पत्रमा मागदावी लिएका सम्पूर्ण कसुरहरुको कानूनी व्यवस्थाको दावी पुग्न सक्ने हो होईन भन्ने सम्बन्धमा हेर्दा, प्रस्तुत वारदातमा २०७० सालदेखि लागू भएको संगठित अपराध ऐन, २०७० को उपदफा (१) मा "कसैले संगठित अपराध गर्नु वा गराउनु हुँदैन" र उपदफा (२) मा "कसैले अपराधिक समुहको लाभको लागि अपराधिक समुहको निर्देशनमा अपराधिक समुहको तर्फबाट वा अपराधिक समुहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी कुनै गम्भिर अपराध गरेमा निजले संगठित अपराध गरेको मानिनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। सो ऐनको दफा ३(२) मा संगठित अपराध हुनका लागि अपराधिक समूहलाई सो अपराधको मुल तत्वको रुपमा लिएको देखिन्छ। प्रस्तुत सहकारी संस्था विशुद्ध सहकारिताको उद्देश्य र सिद्धान्तले २०५१ सालमा स्थापना भै संस्थाको रुपमा कानूनी मान्यता पाएको देखिन्छ।प्रस्तुत मुद्दामा संगठित अपराधका आवश्यक तत्वहरुको विद्यमानता देखिँदैन भने ३ जना भन्दा बढी व्यक्तिको संलग्नतामा कसूर भएको भन्ने देखिएपनि २०५१ सालमा स्थापना भएको सहकारी संस्थाको कारोबार रकम हिनामिनाको विषयलाई २०७० सालमा स्थापित भएको

संगठित अपराधको कसूर स्थापित गर्ने वस्तुनिष्ठ आधार प्रमाणको विद्यमानता देखिँदैन। तसर्थ यी प्रतिवादीहरु उपरको संगठित अपराध तर्फको अभियोग दावी न्यायोचित देखिन आएन।

१६१. यस्तै प्रतिवादीहरू उपर सहकारी ऐन, २०७४ को दफा १२२ मा वर्णित विभिन्न कसूर अपराधमा सोही ऐनको दफा १२४ बमोजिम सजायको मागदावी समेत लिएको देखिन्छ। सहकारी ऐन, २०४८ लाई विस्थापित गरेर सहकारी ऐन, २०७४ प्रचलनमा रहेको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ५ मा "कुनै खास कामलाई कुनै विशेष ऐनद्वारा छुट्टै कसूर मानी सजाय गर्ने व्यवस्था रहेछ भने त्यस्तो कानुनको सम्बन्धमा सोही ऐन लागु हुनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ। तर प्रस्तुत मुद्दाको रोहमा हेर्दा प्रथमतः प्रस्तुत सहकारी संस्था सहकारी ऐन, २०४८ अनुसार २०५१ सालमा स्थापना भएको देखिन्छ। सो संस्थाको चौथो, पाँचौं र छैटौं कार्यकाल (अर्थात् २०६३-२०६८, २०६८-२०७३ र २०७३ देखि मुद्दा चल्दाका बखतसम्म विभिन्न अवधि)मा बहाल रहेका कर्मचारी तथा सन्चालक तथा लेखापरीक्षक समेतउपर अभियोग लगाएको देखिन्छ। तत्काल प्रचलित सहकारी ऐन, २०४८ ले निजहरू उपर अभियोग लगाइएको कसूरजन्य कार्यलाई स्पष्टरुपमा वर्जित गरेको देखिँदैन। प्रतिवादीहरु उपर साविकको सहकारी ऐनको दावी समेत नगरी एकमुष्ट रुपमा पछि बनेको कानुन(सहकारी ऐन,२०७४) अनुसारको अभियोजन गरेको र के-कुन प्रतिवादीले के-कुन मिति र समयमा के-कसरी के-कुन कार्य गरी के-कति रकम अपचलन गरी सहकारी ऐन,२०७४ ले वर्जित गरेको कुन दफा अनुसारको कसूर गरेका हुन भन्ने एकिन गरी वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेश गर्न सकेको देखिँदैन। साविक मुलुकी ऐन ठगीको महलको ४ नं.मा "ठगी गर्नेलाई ठगी लिएको बिगो कायम भएमा हक पुग्नेलाई बिगो भराई बिगोबमोजिम र बिगो कायम नभएमा पाँच हजार रुपैयाँसम्म जरिवाना र पाँच वर्षसम्म कैद हुनेछ" भन्ने व्यवस्था रहेको छ। साथै प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) मा कसैलाई *"ठगी गर्न वा गराउन हुँदैन"* भन्ने र सोही उपदफा (२) मा "उपदफा (१) को प्रयोजनको लागि कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी फकाई वा झुक्याई वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कुनै व्यक्तिलाई बेइमानी पूर्वक कुनै किसिमको हानि नोक्सानी वा क्षति पुर्‍याएमा वा आफ्नो वा अरु कसैको लागि कुनै लाभ प्राप्त गरेमा निजले ठगी गरेको मानिने छ" भन्ने, उपदफा (३)(ग) मा "खण्ड (क) (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा ७(सात) वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँ सम्म जरिवाना हुने" व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा सर्वसाधारण बचतकर्ताको रकम ठगी गरेको भन्ने विषयमा प्रथमतः जाहेरी परी सो विषयमा नै अनुसन्धान शुरु भएको देखिन्छ। यस अवस्थामा सो बाहेक सहकारीको के-कति रकम अपचलन भएको हो र को-कसको के-कुन तरिकाले सहकारी ऐन,२०७४ मा उल्लिखित कानूनी व्यवस्था बिपरितको कार्य गरेका हुन् भन्ने एकिन र स्पष्ट प्रमाण वादी पक्षबाट पेश भएको देखिँदैन। सहकारी ठगीको विषयमा साविक मुलुकी ऐन ठगीको महल तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को कानुनी व्यवस्था आकर्षित हुने

न्यायिक मान्यता र अभ्यास पनि प्रचलनमा रहेको देखिन्छ। प्रस्तुत वारदात पनि ठगीको कसूर अन्तर्गत पर्ने भई सोही कानुनी व्यवस्था आकर्षित हुने देखिँदा सहकारी ऐन,२०४८ अनुसार स्थापना भई २०६३सालदेखि नै सहकारी संस्थाको रकम हिनामिना भएको कसूर पछि लागू भएको सहकारी ऐन,२०७४ अनुसारको अभियोग मागदावी बमोजिम पृथक सजाय गर्न समेत न्यायोचित हुने देखिँदैन।

१७०.अब: प्रस्तुत कसूरमा को-कसको संलग्नता रहेको छ ? भन्ने सन्दर्भमा विचार गर्दा प्रस्तुत मुद्दामा मुलत: सन्चालक समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र संस्थाको आन्तरिक तथा बाह्य लेखापरीक्षण गर्ने लेखापरीक्षक लगायतको भूमिकामा रहेका सबै प्रतिवादीको हकमा छुट्टाछुट्टै उल्लेख गर्नु पर्ने देखियो।

<u>बाह्य लेखापरीक्षकको हकमा</u>

१७१.सर्वप्रथमत: बाह्य लेखापरीक्षकको भूमिकामा रहेका बिनम कुमार श्रेष्ठ, नारायण बाबु अधिकारी, बिनोद कुमार शाक्य र कुलानन्द रेग्मीलाई प्रतिवादी कायम गरिएको देखिन्छ। बिनम कुमार श्रेष्ठले आ.व.०६६/०६७ देखि ०७१/०७२ सम्म, नारायण बाबु अधिकारीले आ.व. ०६९/०७०, बिनोद कुमार शाक्यले आ.व.०७२/०७३ र कुलालनन्द रेग्मीले आ.व.०७३/०७४ देखि ०७४/०७५ को बाह्य लेखापरीक्षण गरेको देखिन्छ। निज प्रतिवादीहरु उपर साविकको मुलुकी ऐन ठगीको महलको १ नं., हालको मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), सहकारी ऐन, २०७४ को १२२ को (ग),(घ),(च),(ठ),(ण) र (ध) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(क) बमोजिमको कसुरमा सजाय गरी पाउँ भन्ने बेहोराको अभियोगदावी रहेको देखिन्छ।

१७२.प्रतिवादी मध्येका बिनम कुमार श्रेष्ठले अदालतमा उपस्थित भई मैले सहकारीको आ.व. ०६६।०६७, ०६७।०६८, ०६८।०६९, ०७०।०७१ र आ.व. ०७१।०७२ गरी ५।६ पटक बाह्य लेखापरीक्षण गरेको हुँ। मैले व्यवस्थापनले तयार गरी उपलब्ध गराएको वित्तिय विवरण वासलात तथा सपोर्टिङ्ग प्रमाण कागजातहरूको आधारमा लेखापरीक्षणको बिधि र प्रक्रियाहरूको दायराभित्र रही कानूनबमोजिम लेखापरीक्षण गरेको हुँ। मैले लेखापरीक्षण गरेका बखत हिनामिनाको तथ्य प्रकाशमा नआएकोले को-कसले के-कसरी कहिले के-कति रकम हिनामिना गरे मलाई थाहा छैन भनी कसूरमा ईन्कार रही बयान गरेको देखिन्छ। अर्का प्रतिवादी नारायणबाबु अधिकारीले सुरु अदालतमा उपस्थित भई मैले सहकारी वित्तिय विकास संस्था नेपालगन्जको आ.व. २०६९।०७० को बाह्य लेखापरीक्षण गरेको हुँ । मैले व्यवस्थापनले तयार गरी उपलब्ध गराएको वित्तिय विवरणहरू, वासलात, नाफानोक्सान हिसाब तथा अन्य सपोर्टिङ्ग प्रमाण कागजातहरूको आधारमा लेखापरीक्षणको विधि र प्रक्रियाहरूलाई अवलम्बन गरी प्रचलित कानूनबमोजिम लेखापरीक्षण गरेको हुँ । मैले लेखापरीक्षण गर्ने समयमा कुनै हिनामिनाको आभाष भएको थिएन। सहकारीको रकम को-कसले के-कसरी कहिले के-कति

रकम हिनामिना गरे मलाई कुनै थाहा जानकारी भएन भनी कसूरमा ईन्कार रहेको देखिन्छ। अर्का प्रतिवादी कुलानन्द रेग्मीले सुरु अदालतमा उपस्थित भई मैले सहकारी वित्तिय विकास संस्था नेपालगन्जको आ.व. २०७३।०७४ र आ.व. २०७४।०७५ को बाह्य लेखापरीक्षण गरेको हुँ। मैले संस्थाले उपलब्ध गराएको वित्तिय विवरणहरू, वासलात, नाफानोक्सान हिसाब तथा अन्य आवस्यक प्रमाण कागजातहरूको आधारमा लेखापरीक्षण गरेको हुँ। आ.व. २०७३।०७४ को संस्थाको आयव्यय सम्बन्धी आर्थिक कारोबारहरूको लेखापरीक्षणको क्रममा कुनै हिनामिनाको कुनै संकेत नपाएकोले के-कसरी कहिले के-कति रकम हिनामिना गरे सोबारे मलाई कुनै थाहा जानकारी भएन भनी कसूरमा ईन्कार रहेको देखिन्छ। प्रतिवादी विनोद कुमार शाक्यले सुरु अदालतमा उपस्थित भई मैले सहकारी वित्तिय विकास संस्था नेपालगन्जको आ.व.२०७२।०७३ को बाह्य लेखापरीक्षण गरेको हुँ। मैले व्यवस्थापनले तयार गरी उपलब्ध गराएको वित्तिय विवरणहरू, वासलात, नाफानोक्सान हिसाब तथा अन्य सपोर्टिङ प्रमाण कागजातहरूको आधारमा लेखापरीक्षणको विधि र प्रक्रियाहरूलाई अवलम्बन गरी प्रचलित कानूनबमोजिम लेखापरीक्षण गरेको हुँ। लेखापरीक्षणको दौरानमा देखिएका त्रुटीहरू तथा कैफियतहरूलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गरेकै छु र सो बखत कुनै हिनामिनाको आभाष भएको थिएन। प्रतिवेदनमा उल्लेख भएबाहेक अन्य कुनै किसिमको हिनामिनाको तथ्य सो बखत प्रकाशमा नआएकोले को-कसले के-कसरी के-कति रकम हिनामिना गरे सोबारे मलाई कुनै थाहा जानकारी छैन भनी कसूरमा ईन्कार रहेको देखिन्छ। निजहरूको ईन्कारी बयानलाई निजहरूका साक्षीले समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ।

१७३.यी प्रतिवादीहरू बिनम कुमार श्रेष्ठ, नारायण बाबु अधिकारी, बिनोद कुमार शाक्य र कुलानन्द रेग्मी उपर जाहेरवालाको किटानी जाहेरी परेको देखिदैन। निज प्रतिवादीहरूलाई मुख्य भूमिकामा रहेका गोपाल भण्डारी, गंगाधर सुवेदी समेतका प्रतिवादीहरूले उक्त संस्थाको रकम हिनामिना हुने कार्यमा यी प्रतिवादीहरूको संलग्नता रहेको थियो भनी एकिन रुपमा पोल बयान गरेको पनि देखिदैन। यी प्रतिवादीहरूले विशुद्ध पेशागत आचरण र भूमिकामा रही कार्यसम्पादन गरेको तथा यी प्रतिवादीहरूले दोषी मनोभाव राखी सहकारी संस्थाको रकम आफूले लिने खाने र गलत हिसाब देखाउने कार्य गरेको नभई कर्मचारीहरूले प्रदान गरेको संस्थाको हिसाबकिताब तथा बहीखेस्ताको आधारमा लेखापरीक्षण गरेको भने देखिन्छ। संस्थामा कम्प्युटर प्रणालीमा हरहिसाब रहेको नभई ढड्डा/खेस्ता प्रणालीमा हरहिसाब राख्ने गरेको तथा जि.एल.(general ledger) लगायतका खेस्ताहरू नक्कली रहेको भन्ने कुरा सहअभियुक्तको बयानबाट समेत देखिन्छ। यसैगरी निजहरूले नेपाल चार्टर्ड एकाउन्टेन्ट ऐन, २०५३ तथा सो सम्बन्धमा भएका कानून बिपरीत काम कारवाही गरेको अवस्थामा निजहरूलाई सोही अनुसार कारवाही हुने व्यवस्था सो ऐनको दफा १४ मा उल्लेख भएको देखिन्छ। यसबाट बाह्य लेखापरीक्षण गरेकै आधारमा निजहरूलाई फौजदारी दायित्व वहन गराउन न्यायोचित हुने पनि देखिदैन। निज प्रतिवादीहरू उपर सहकारीको रकम हिनामिना गरी प्रत्यक्ष अप्रत्यक्ष लाभ लिएको भन्ने प्रमाणित हुने वस्तुनिष्ठ

आधार प्रमाणसमेत वादी पक्षबाट पेस भएको देखिँदैन। यी प्रतिवादीहरुले के-कति रकम के-कहिले के-कसरी हिनामिना गरेका हुन् नखुलाई वादी पक्षले यी प्रतिवादी उपर गोस्वारा अभियोग दावी लिएको देखिन्छ। उल्लिखित आधार र यी प्रतिवादीहरुले कसूर गरेको वस्तुनिष्ठ प्रमाणको अभाव रहेको अवस्थामा शंकाको आधारमा मात्र फौजदारी कसूरमा कसूरदार ठहर्‍याउन न्यायोचित हुने नदेखिँदा यी प्रतिवादीहरू विनम कुमार श्रेष्ठ, नारायणबाबु अधिकारी, विनोद कुमार शाक्य र कुलानन्द रेग्मीले अभियोग दावीबाट सफाई पाउने ठहरी सुरु अदालतबाट भएको फैसला मिलेकै देखियो।

<u>सन्चालक समितिका सदस्यहरुको हकमा</u>

१७४.अब उक्त सहकारी संस्थाका सन्चालक समितिका सदस्यहरुको हकमा विचार गर्दा, शतिष कुमार शर्मा (२०६३-२०६८ पाँचौ कार्यकाल),तुल्सा थापा (२०६८-२०७३ र २०७३ देखि मुद्दाचल्दासम्म), अंगतराम बर्मा (२०६३-२०६८ र २०७३- मुद्दा चल्दाका बखतसम्म), दिपक बर्मा(२०६८-२०७३ (पाँचौं कार्यकाल), चन्द्रप्रसाद तिमिल्सिना (२०६८-२०७३ र २०७३ देखि मुद्दा चल्दाका बखतसम्म), राजेन्द्र कुमार वि.क. (२०६८-२०७३ (पाँचौं कार्यकाल), मैया के.सी. .(२०६८-२०७३ (पाँचौं कार्यकाल), पवन कुमार यादव (२०६८-२०७३ (पाँचौं कार्यकाल), लक्ष्मी श्रेष्ठ(२०६८-२०७३ (पाँचौं कार्यकाल), बिमला गौतम २०६८-२०७३ (पाँचौं कार्यकाल), रत्ना राणा (२०७३-मुद्दा चल्दाका बखतसम्म), कृष्ण विक्रम के.सी. (२०७३-मुद्दा चल्दाका बखतसम्म), परमात्म प्रसाद बर्मा (२०७३-मुद्दा चल्दाका बखतसम्म),नन्द किशोर कहार (२०७३-मुद्दा चल्दाका बखतसम्म) सन्चालक समितिको सदस्यको जिम्मेवारीमा रहेको पाइन्छ। निज प्रतिवादीहरु उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), सहकारी ऐन, २०७४ को दफा १२२ को (ग),(घ),(च),(ज),(झ),(ठ) र (ण) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(क) बमोजिमको कसुरमा सजाय हुन अभियोग मागदावी रहेको देखिन्छ।

१७५.सन्चालक समितको सदस्यमा रहेका प्रतिवादीहरु सतिश कुमार शर्मा, तुल्सा थापा, अंगतराम बर्मा, दिपक बर्मा, चन्द्रप्रसाद तिमिल्सिना, राजेन्द्र कुमार वि.क., मैया के.सी., पवन कुमार यादव, लक्ष्मी श्रेष्ठ, बिमला गौतम, कृष्णविक्रम के.सी., रत्ना राणा, प्रमात्मा प्रसाद बर्मा र नन्दकिशोर कहारले हामीहरुले सहकारी संस्थाको रकम हिनामिना गरेका होईनौं।को कसले हिनामिना गरेका हुन थाहा छैन भनी कसूरमा पूर्ण इन्कार रही सुरु अदालतमा बयान गरेको र निजहरुको ईन्कारी बयानलाई निजहरुका साक्षीले समर्थन हुने गरी सुरु अदालतमा बकपत्र गरेको देखिन्छ। सन्चालक समितिका सदस्य रहेका यी प्रतिवादीहरु उपर जाहेरवालाको किटानी जाहेरी रहेको देखिँदैन।यी प्रतिवादीहरुलाई सह अभियुक्तहरु(सन्चालक समितिका अध्यक्ष, उपाध्यक्ष, कर्मचारीहरु र लेखा समितिका सदस्यहरुले उक्त रकम हिनामिना गर्ने कार्यमा निजहरुको कँही कतै कुनै तवरको संलग्नता रहेको भनी पोल बयान गरेको पनि देखिँदैन। निजहरूले संस्थाको रकम लिए खाए र मासेको भन्ने प्रमाण वादी पक्षले पेस गर्न सकेको

नेपाल सरकार वि अरुण कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा सहकारी रकम हिनामिना,ठगी र संगठित अपराध र. नं. ०७४-०६६-०५८९ फैसला पृष्ठ १२२ मध्येको ११२

देखिँदैन। उक्त सहकारी संस्थाभित्र यी प्रतिवादीहरु समेतको मिलेमतो र सहभागितामा नीतिगत र संस्थागत निर्णय भई अनियमितता भएको भन्ने पनि देखिँदैन। निजहरूले जिम्मेवारी वहन गरेको पद कार्यकारी र प्रत्यक्ष नियन्त्रणकारी पद नभई बैठकमा सहभागितासम्म जनाउने प्रकृतिको रहेको देखिन्छ। संस्थाको विनियमावलीमा सन्चालक समितिका सदस्यहरुको जिम्मेवारी समेत अध्यक्ष र लेखासमितिको जस्तो स्पष्ट जिम्मेवारी किटान गरेको देखिँदैन। वादी पक्षले यी प्रतिवादीले के-कति रकम के-कहिले के-कसरी हिनामिना गरेका हुन् भन्ने वस्तुनिष्ठ प्रमाण पेश गरेको देखिँदैन। जिम्मेवार पदमा रहेका सह-प्रतिवादीहरुले पोल समेत नगरेको, सन्चालक समितिको सदस्य पदमा रहेका यी प्रतिवादीहरुले कसूरमा ईन्कारी बयान गरेको र यी प्रतिवादीहरुले रकम हिनामिना गरेको वस्तुनिष्ठ प्रमाण नरहेको अवस्थामा शंकाको भरमा केवल सन्चालक समितिको सदस्यमा रहेकै आधारमा गोस्वारा अभियोग दाबी बमोजिम निज प्रतिवादीहरुलाई फौजदारी कसूरमा दोषी करार गर्न न्यायोचित नहुँदा उक्त संस्थामा रहेका सन्चालक समितिका सदस्यको जिम्मेवारीमा रहेका यी प्रतिवादीहरु सतिश कुमार शर्मा, तुल्सा थापा, अंगतराम बर्मा, दिपक बर्मा, चन्द्रप्रसाद तिमिल्सिना, राजेन्द्र कुमार वि.क., मैया के.सी., पवन कुमार यादव, लक्ष्मी श्रेष्ठ, विमला गौतम, कृष्णविक्रम के.सी., रत्ना राणा, प्रमात्मा प्रसाद बर्मा र नन्दकिशोर कहारलाई अभियोग दावीबाट सफाइ दिने ठहर गरी सुरु अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

<u>सन्चालक समितिका अध्यक्षहरुको हकमा</u>

१७६.सन्चालक समितिका अध्यक्षको रुपमा रहेका प्रतिवादीहरू हरदेव बक्स चौधरी (वि.सं.२०५३-२०६३ सम्म र २०७३ देखी मुद्दा चल्दाका बखतसम्म), सिद्दीकुमार महर्जन (२०६३ देखी २०६८ सम्म चौथो कार्यकाल) र अम्बर बहादुर खड्का (२०६८-२०७३ पाँचौं कार्यकाल) अध्यक्षको जिम्मेवारीमा रहेको देखिन्छ। यी प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), सहकारी ऐन, २०७४ को दफा १२२ को (ग),(घ),(च),(ज),(ञ),(ठ) र (ण) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(क) बमोजिमको कसुरमा सजाय हुन अभियोग मागदावी रहेको देखिन्छ।

१७७.प्रतिवादी सिद्दीकुमार महर्जनले सुरु अदालतमा उपस्थित भई बयान गर्दा, म सहकारी वित्तिय विकास संस्था लिमिटेड बकिको चौथो कार्यकालमा सन्चालक समितिको अध्यक्ष पदमा मिति २०६३।०४।२० देखि २०६८।०४।१४ गतेसम्म रहेको थिएँ। सो अवधिमा नेपाल राष्ट्र बैंक, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयले नियमित अनुगमन निरीक्षण गर्ने, लेखा समितिले संस्थाको आयव्यय सम्बन्धि लेखा चेकजाँच गरी आन्तरिक लेखापरीक्षण गर्ने, समयमै बाह्य लेखापरीक्षण गर्ने र सो प्रतिवेदनहरू संस्थाको सर्वोच्च निकाय साधारण सभामा समेत निर्धारित समय भित्रै पेश भई विस्तृत छलफल भई रितपूर्वक पारित भएको थियो। ती अनुगमनकारी कुनै पनि निकायको प्रतिवेदनमा मेरो कार्यकालमा रकम हिनामिना भएको तथ्य

उल्लेख भएको छैन। साधारणसभामा कुनै प्रकारबाट रकम हिनामिनाको कुरा नआएकोले सो रकम हिनामिना म अध्यक्ष रहेको चौंथो कार्यकालमा भएको होइन भनी कसूरमा ईन्कार रही बयान गरेको देखिन्छ। निज प्रतिवादीले सुरु अदालतमा कसूर ईन्कारी बयान गरेपनि प्रतिवादी गंगाधर सुवेदीले बयान गर्दा सन्चालक समितिको चौंथो कार्यकालमा अध्यक्ष सिद्दीकुमार महर्जन रहँदा संस्थाको कर्जा रकम असुलीमा हिनामिना शुरु भएको हो भन्ने र प्रतिवादी गोपाल भण्डारीले समेत अनुसन्धानमा बयान गर्दा चौंथो कार्यकालका सन्चालक समितिका अध्यक्ष लगायतका सन्चालकहरु समेतबाट रकम हिनामिना भएको हो भनी यी प्रतिवादीको कसूर गढाउ हुने गरी व्यहोरा लेखाएको देखिन्छ।

१७८. प्रतिवादी अम्बर बहादुर खड्काले सुरु अदालतमा उपस्थित भई म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको पाँचौं कार्यकालमा सन्चालक समितिको अध्यक्ष पदमा निर्वाचित भई काम गरेको थिएँ। सो अवधिमा नेपाल राष्ट्र बैंक, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, लेखा समिति, आन्तरीक लेखा परीक्षण, साधारणसभा र बाह्य लेखापरीक्षण समेतले रेखदेख, अनुगमन, निरीक्षण तथा छानबिन गर्ने गरेको र निजहरुको कुनै पनि प्रतिवेदनमा हाम्रो पालामा संस्थाको रकम हिनामिना भएको तथ्य प्रकाशमा नआएको तथा संस्थामा तरलता अभावसमेत नभएकाले रकम हिनामिना सम्बन्धमा हामीलाई सोबखत जानकारी भएन। मिति २०६९।१२।१९ गते मेरो खातामा बीस लाख जम्मा गरेको देखिन्छ र सो विवरण भर्ने प्रेमजङ्ग घर्ती हो जस्तो लाग्छ, सो बारेमा निजैलाई थाहा होला। गोपाल भण्डारी र गंगाधर सुवेदीले मलाई जानकारी नगराई सो रकम झिक्ने र राख्ने गरेको बारे मलाई थाहा भएन। सहकारीको रकम हिनामिना गरेको होइन भनी कसूरमा ईन्कार रहेपनि प्रतिवादी गोपाल भण्डारीले सुरु अदालतमा बयान गर्दा मिति २०६९।१२।२१ गते रु. २०,००,०००।- र मिति २०७०।१०।०४ गते र रू. २०,११,३५०।-हिसाब नं. ३५१५/२० मा जम्मा भएको थियो। सो खाता अध्यक्ष अम्बर बहादुर खड्काको हो। यो संस्थामा हिनामिना भएको रकम अध्यक्षले आफ्नो व्यक्तिगत प्रयोजनको लागी प्रयोग गरेको हो। मिति २०७०।१०।२० गते संस्थामा बढी भएको फण्ड भौचरमा लेखी रू. २०,००,०००।- रकम मैले जम्मा गरिदिएको हुँ। मिति २०७०।०९।०४ गते रू. २०,११,३५०।- गौरव कुमार श्रेष्ठको हस्तलिखित कागजबाट पनि सोही किसिमले निजको खातामा जम्मा भएको देखिन्छ भन्ने बेहोरा उल्लेख गरिएको र प्रतिवादी गंगाधर सुवेदी र बलराम यादवले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा अध्यक्ष अम्बर बहादुर खड्कासमेतको आडबलमा गौरव कुमार श्रेष्ठ र अरुण कुमार पाठकले नियम बिपरित आफूखुशी लगानी र असूली गरी रकम हिनामिना गरेका हुन भनी यी प्रतिवादी उपर पोल बयान गरेको देखिन्छ। छ। मिति २०७०/१०/४ गते शनिवारको दिन कार्यालय बन्द भएको मौका पारी कार्यालय भित्र प्रवेश गरी सह-प्रतिवादी गौरव कुमार श्रेष्ठको हस्तलिखितबाट खातामा लेखिएको र सो बारे म आफूलाई थाहा नभएको भनी जिकिर लिए पनि कुनै कारोबार नै नभएका यी अध्यक्षको जिम्मेवारीमा रहेका व्यक्तिको खातामा निजको

मन्जुरी र मिलेमतो बिना उक्त कार्य गरेको भए उक्त कार्यलाई चुनौती दिई यी प्रतिवादीले कुनै उजुर समेत गरेको नदेखिंदा सो बारेमा निजलाई थाहा नभएको भन्न मिल्ने देखिंदैन। यस्तै प्रतिवादी अरुण कुमार पाठकले समेत यी प्रतिवादीको संलग्नता रहेको भनी बयानमा पोल गरेको देखिन्छ। उक्त पोल बयानलाई यी प्रतिवादीले अन्यथा भन्न सकेको देखिंदैन।

१७९. अर्का प्रतिवादी हरदेव बक्स चौधरीले अदालतमा उपस्थित भई बयान गर्दा बि.सं.२०६३ सालसम्म सो संस्थाको अध्यक्ष पदमा म नै रहेको थिएँ। २०६३ साल देखी २०७३ सालको अवधि तथा संस्थाको चौथो र पाचौं कार्यकालमा म कुनै पनि पदमा रहेको थिएन। २०७३।०८।०३ गते अध्यक्ष पदमा निर्वाचित भएपछि रकम हिनामिनामा मेरो कुनै संलग्नता एवं मिलेमतो छैन। बिज्ञ समुहले तयार पारेको प्रतिवेदनमा उल्लिखित रकम कर्मचारीहरूले नै हिनामिना गरेका हुन। गोपाल भण्डारीले दिएको प्रतिवेदन अनुसार अरुण कुमार पाठकले रू. २१,९४,३६,१४२।, गंगाधर सुवेदीले रू.२,८९,४७,११५।-, खजुरा शाखाका प्रबन्धक सुर्य बहादुर बि.क.ले रू. ६२,८७,०५३।- र बैजापुर शाखा प्रबन्धक लिलाधर बलीले रू. ३८,७७,७७८।- हिनामिना गरेको भन्ने देखिई सो बारे निजहरूलाई सोधपुछ गर्दा उक्त रकम हामीहरूबाट अपचलन भएकै हो। हामीबाट अपचलित भएको रकम १ वर्ष भित्र तिर्ने बुझाउने छौं भनी २०७६।१।१६ गते निजहरूले कागज लेखी संस्थामा बुझाएको र मेरै पहलबाट करिब अढाई करोड रकम असूलउपर गरी बचतकर्ताहरूलाई वितरण गरिएको हो। कर्मचारीहरूले हिनामिना गरेको रकम तिर्ने भनी कबुलियतनामा कागजसमेत गरेको हुँदा निजहरूले सहकारीको रकम हिनामिना गरेको कसूरमा ईन्कार रही बयान गरेपनि प्रतिवादी गोपाल भण्डारीले मौकामा तथा अदालतमासमेत नेपालगन्ज शाखामा बैंकिङ्ग प्रबन्धक रहेका गंगाधर सुवेदी, कर्जा शाखामा रहेका अरुण कुमार पाठक, खजुरा शाखा प्रमुख प्रबन्धक सुर्यबहादुर बि.क. र बैजापुर शाखा प्रबन्धक लिलाधर बलीबाट बर्तमान अध्यक्ष हरदेब बक्स चौधरीले बिगत १ बर्षदेखि मासिक रू. १,००,०००।- र उपाध्यक्ष रबिन्द्र थापाले रू. ७५,०००।- लिने गर्दथे। अध्यक्षलाई दिने पैसा अरुण कुमार पाठकले रू. ७५,०००।- र लिलाधर बलीले रू. २५,०००।- उठाई दिने गर्दथे। त्यस्तै गंगाधर सुवेदीले रू. ४५,०००।-, सुर्यबहादुर बि.क.ले रू.३०,०००।- उठाई जम्मा गरी उपाध्यक्षलाई दिन्थे भन्ने बेहोरा उल्लेख गरी र प्रतिवादी बलराम यादवले बयान गर्दा संस्थामा तरलता न्युन भएपछि हिनामिना भएको सम्बन्धमा सन्चालक समितिले कुनै कारवाही नगरी अध्यक्ष हरदेब बक्स चौधरी र उपाध्यक्ष रबिन्द्र थापाले बिगत डेढ बर्षदेखि मासिक रु.१,००,०००।–लिने गरेका थिए भनी यी प्रतिवादी उपर पोल गरी बयान गरेको देखिन्छ। प्रतिवादी अरुण कुमार पाठकले बयान गर्दा समेत हरदेव बक्स चौधरीको पालामा निक्षेप र कर्जा रकम हिनामिना भएको हो भनी लेखाएको देखिन्छ। उक्त सह-प्रतिवादीको किटानी पोल बयानलाई यी प्रतिवादीले अन्यथा भन्न सकेको देखिंदैन।

१८०.साबिक सहकारी ऐन, २०४८ तथा प्रचलित सहकारी ऐन, २०७४ ले सन्चालक समितिको अध्यक्षलाई मुख्य कार्यकारी प्रमुखको स्थानमा राखेको र उक्त संस्थाको बिनियमावली, २०५१

ले समेत अध्यक्षको पदलाई संस्थाको मुख्य जिम्मेवारीको पदको रुपमा राखी संस्थाको आर्थिक र प्रशासनिक नियन्त्रणको जिम्मा अध्यक्षलाई सुम्पिएको देखिन्छ। यसप्रकार संस्थाको सार्वभौम अधिकार सम्पन्न सर्वसाधारण निक्षेपकर्ताको अधिवेशनबाट निर्वाचित हुने सञ्चालक समितिको अध्यक्षको पद प्रमुख कार्यकारी नियन्त्रणकारी र संरक्षकको पद समेत रहे भएको देखिन्छ। यस्तै सहकारी वित्तिय बिकास संस्था लिमिटेडको विनियमको नियम २३ मा अध्यक्षको काम, कर्तव्य र अधिकार निम्न अनुसार तोकिदिएको पाइन्छ:-

- ❖अध्यक्षले समितिको बैठक तथा वार्षिक साधारणसभाको बैठकमा अध्यक्षता गर्ने।
- ❖साधारणसभाद्वारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र सञ्चालक समितिका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने।
- ❖विनियमको अधिनमा रही कर्मचारी उपर रेखदेख र सुपरिवेक्षण गर्ने।
- ❖संस्थाको उद्देश्य प्राप्तिको लागि गर्नुपर्ने कार्यहरू गर्ने सम्बन्धमा विनियमको अधिनमा रही जरुरी विषयहरूमा समितिकोतर्फबाट तत्काल निर्णय दिन सक्नेछ। तर यसरी दिएको निर्णय समितिको, त्यसपछि लगत्तै बस्ने बैठकबाट अनुमोदन गराउनुपर्नेछ।
- ❖संस्थाको चलअचल सम्पत्ति रेखदेख संरक्षण र नियन्त्रण गर्ने।
- ❖पदाधिकारी तथा सदस्यहरूको कामको बाँडफाँड गर्ने निर्देशन दिने र राजिनामा स्वीकृत गर्ने।

१८१.उल्लिखित काम कर्तव्य र अधिकारका साथै प्रस्तुत मुद्दाको तथ्यगत अवस्थालाई हेर्दा समितिको चौथो कार्यकालका अध्यक्ष रहेका प्रतिवादी सिद्धिकुमार महर्जनको पालाबाट संस्थामा आर्थिक विचलन शुरु भएको भनी सह-प्रतिवादीहरुले पोल गरेको पाइन्छ। निज स्वयंले श्रीमती शुष्मा महर्जन तथा साली अनिता महर्जनका नाममा कि.नं. ९१ को जग्गा न्युन मूल्यमा सकार गरेको भनी सहकारी वित्तिय संस्था लिमिटेडको सुपरिवेक्षण प्रतिवेदनको बुँदा नं. १ मा उल्लेख गरेको देखिन्छ। पाँचौ कार्यकालमा अध्यक्ष रहेका प्रतिवादी अम्मरबहादुर खड्काको सम्बन्धमा वित्तिय सहकारी संस्थाको सुपरीवेक्षण प्रतिवेदनको बुँदा नं. ४ मा सन्चालक समितिका पदाधिकारीले संस्था नोक्सानमा जानुको कारणहरूको खोजी नगरी मुकदर्शक भई बसेको भन्ने देखिन्छ, बुँदा नं. ७ मा पूर्व अध्यक्ष अम्बर बहादुर खड्काको व्यक्तिगत बचत खाता लेजर नं. २० खाता नं. ३५९५ मा मिति २०६९।१२।१९ मा रू.२०,००,०००।- जम्मा गरी मिति २०७०।०९।१८ गते रू. २०,००,०००।- झिकेको र पुनः २०७०।१०।०४ गते रू. २०,११,३५०।- जम्मा गरी मिति २०७०।१०।०६ सो रकम रू. २०,११,३५०।- झिकेको पाइयो भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। निज प्रतिवादीको खातामा मिति २०६९।१२।२१ गते र २०७०।१०।०४ गते रू. २०,००,०००।- र रू. २०,११,३५०।- बचत हिसाब नं. ३५९५/२० मा जम्मा भएको र सो रकम अध्यक्षले आफ्नो व्यक्तिगत प्रयोजनको लागी प्रयोग गरेको हो, मिति २०७०।१०।२० गते संस्थामा बढी भएको फण्ड भौचरमा लेखी रू. २०,००,०००।- रकम मैले जम्मा गरिदिएको हुँ। मिति

नेपाल सरकार वि प्रशान्त कुमार पाठकसमेत, अक्षय कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिनाको र संगठित अपराध ८ नं
०७४-०३६-०७८९,फैसला पृष्ठ १२८ आकोको ११९

२०७०।०९।०४ गते रू. २०,११,३५०। गौरव कुमार श्रेष्ठको हस्तलिखितबाट खातामा जम्मा गरेको भनी पोल गरी प्रतिवादी गोपाल भण्डारीले बयान गरेको देखिन्छ।

१८२.छैठौं कार्यकालमा अध्यक्ष रहेका प्रतिवादी हरदेव बक्स चौधरीको सम्बन्धमा वित्तिय सहकारी संस्थाको सुपरीवेक्षण प्रतिवेदनको बुँदा नं. ३ मा संस्थाको वित्तिय अवस्था कमजोर भई नियमित नोक्सान बेहोरीरहेको अवस्थामा मिति २०७४।१२।०७ गतेको बैठकले समितिको अध्यक्ष र उपाध्यक्षको परिवहन खर्च क्रमशः रू. ५,०००।- बाट रू. १०,०००।- र रू. ३,०००।- बाट रू. ८,०००।- दिने निर्णय गरेको पाइयो भन्ने र बुँदा नं. ५ मा मिति २०७६।०२।२४ गतेको सन्चालक समितिको बैठकले संस्थामा भएका अनियमितताका बारेमा सम्बन्धित निकायमा किटानी जाहेरी दिने भनी निर्णय गरेको तर कार्यान्वयन नभएको पाइयो भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। निजको कार्यकाल अवधिमा नै प्रस्तुत विवाद चरम उत्कर्षमा पुगी निक्षेपकर्ता तथा जाहेरवालाहरूले रकम फिर्ता पाउन नसक्ने अवस्थामा उक्त सहकारी संस्था पुगेको देखिन्छ। साथै सहप्रतिवादी अरुण कुमार पाठकले अध्यक्ष हरदेव बक्स चौधरीले बिगत डेढ वर्षदेखि मासिक कमिसन माग्ने गरेकोले निजलाई मैले मासिक रू. १,००,०००।- बुझाउने गर्थें भनी पोल बयान गरिदिएको देखिन्छ।

१८३.यस प्रकार विभिन्न समयमा सहकारी संस्थाको अध्यक्ष पदमा आसिन रहेका यी तीनैजना प्रतिवादीहरूले संस्थामा भएको चरम आर्थिक अनियमितताको कार्य नियन्त्रण गर्नुको सट्टा सो कार्य गर्न गराउन महत्वपूर्ण भूमिका खेली सर्वसाधारण निक्षेपकर्तले जम्मा गरेको रकम हिनामिना भएको देखिँदा निजहरूले साविक मुलुकी ऐन ठगीको महलको ५ नं. तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) र (२) विपरीतको कसूर गरेको देखिन आयो। प्रस्तुत सहकारी वित्तिय संस्था लिमिटेडको विभिन्न कालखण्डमा अध्यक्षको भूमिकामा रहेका प्रतिवादीहरूमध्ये सिद्दि कुमार महर्जन र अम्बर बहादुर खड्का मुलुकी अपराध संहिता,२०७४ आउनुभन्दा पूर्वको अवधिमा सो संस्थामा आवद्ध भएको भएपनि निज प्रतिवादीहरू तीनैजना अध्यक्ष पदमा रही कार्यकारी भूमिकामा रहेर काम गरेको, निजहरू संस्थाको आर्थिक प्रशासनिक रुपमा प्रत्यक्ष निर्देशन र नियन्त्रण रहने अवस्थाको पदमा रहेको अवस्था भएपनि आ-आफ्नो कार्यकालमा आर्थिक हिनामिना रोकथाम गर्नेतर्फ प्रभावकारी भूमिका निर्वाह गरेको देखिएन।यी प्रतिवादीमध्ये अम्बर बहादुर खड्का र हरदेव बक्स चौधरी संस्थाको रकम हिनामिना कार्यमा संलग्न कसूरदारहरूबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा फाइदा लिएको देखिन्छ। अर्का प्रतिवादी सिद्दी कुमार महर्जनले आफु तथा आफ्ना नातेदारको नाममा प्रक्रिया पुरा नगरी ऋण प्रवाह गरेको, संस्थाको धितो लिलाम सकार गरेको जस्तो प्रकृतिको काम कारबाही गरी प्रस्तुत ठगीको कसूरमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न रहेको देखिन्छ। यी प्रतिवादीहरूमध्ये सिद्दी कुमार महर्जनको कसूरको मात्रा र गाम्भिर्यता एवं निजको कार्यकालमा भएको हिनामिनाको मात्रा र संलग्नतालाई बिचार गरी निज प्रतिवादीलाई साविक मुलुकी ऐन ठगीको महलको ५ नं.को कसूरमा सोही नं. बमोजिम २(दुई) वर्ष ६(छ) महिना कैद र रू.५,०००।- (पाँच हजार)

जरिवाना र प्रतिवादीहरू अम्बर बहादुर खड्का र हरदेव बक्स चौधरीको कार्यकालमा भएको रकम हिनामिनाको मात्रा र निजहरूको कसूरमा रहेको संलग्नताको आधारमा निज प्रतिवादीहरूलाई साविक मुलुकी ऐन ठगीको महलको ५ नं.को कसूरमा जनही ५(पाँच) वर्ष कैद र रु.५०,०००।- (पचास हजार) जरिवाना हुने ठहऱ्याई भएको सुरु बाँके जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

<u>सन्चालक समितिका उपाध्यक्षको हकमा</u>

१८४. उक्त सहकारी संस्थाका सन्चालक समितिका उपाध्यक्षको हकमा विचार गर्दा, प्रतिवादी रविन्द्र थापा छैटौं कार्यकाल (२०७३ सालदेखि मुद्दा चल्दाका बखत) र प्रतिवादी अजय कुमार पाठक पाँचौं कार्यकाल (वि.सं.२०६८-७३)सम्म सन्चालक समितिका उपाध्यक्ष रुपमा कार्यरत रही निजहरु उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), २४९(३)(ग) सहकारी ऐन, २०७४ को दफा १२२ को (ग),(घ),(च),(ज),(ञ),(ठ) र (ण) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(क) बमोजिमको कसुरमा सजाय हुन अभियोग मागदावी रहेको देखिन्छ।

१८५.प्रतिवादी रविन्द्र थापाले अदालतमा उपस्थित भई बयान गर्दा म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्ज बाँकेको पाँचौं कार्यकाल अर्थात् मिति २०६८ सालमा अम्बर बहादुर खड्काको पालामा सन्चालक समितिको सदस्य पदमा निर्वाचित भएको थिएँ। सो समयमा संस्थाको ब्याजदर निर्धारण उपसमितिको संयोजक थिएँ। उक्त संस्थाको नेपाल राष्ट्र बैंक, सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय, लेखा समिति, साधारण सभा, सन्चालक समिति, निरिक्षण तथा अनुगमन उपसमिति र बाह्य लेखा परीक्षण समेतको कुनै पनि प्रतिवेदनमा रकम हिनामिनाको बारेमा कहिँकतै उल्लेख नभएकोले सो समयमा रकम हिनामिना सम्बन्धमा मलाई थाहा जानकारी भएन। पछि सो सहकारीको छैटौं कार्यकालमा पनि सन्चालक समितिको उपाध्यक्ष पदमा निर्वाचित भई कर्जा लगानी तथा असुली उपसमितिको संयोजक पदमा रहेको थिएँ। मिति २०७४।०१।१९ को साधारणसभाले गजेन्द्रमान पतिको संयोजकत्वमा ऋण कर्जा असुली उपसमिति गठन भई मिति २०७४।०३।०७ गतेदेखि कर्जा लगानी उपसमितिले कर्जा लगानी बन्द गर्ने भनी निर्णय गरेका हौं।कर्मचारीहरूले संस्थाको रकम हिनामिना गरेका हुन्। रकम हिनामिनामा मेरो कुनै संलग्नता एवं मिलेमतो छैन। मैले सो सहकारी संस्थाको बैठक भत्ता र परिवहन खर्च बाहेक अन्य रकम लिएको छैन भनी कसूरमा इन्कार रही बयान गरेपनि यी प्रतिवादी उपर प्रतिवादी गोपाल भण्डारी तथा अरुण कुमार पाठकले मौकामा तथा अदालतमासमेत बयान गर्दा नेपालगन्ज शाखामा बैंकिङ प्रबन्धक रहेका गंगाधर सुवेदी, कर्जा शाखामा रहेका अरुण कुमार पाठक, खजुरा शाखा प्रमुख प्रबन्धक सुर्यबहादुर वि.क. र बैजापुर शाखा प्रबन्धक लिलाधर वलीबाट वर्तमान अध्यक्ष हरदेब बक्स चौधरीले विगत १ वर्षदेखी मासिक रू. १,००,०००।- र उपाध्यक्ष रबिन्द्र थापाले रू. ७५,०००।- लिने गर्दथे।

अध्यक्षलाई दिने पैसा अरुण कुमार पाठकले रू. ७५,०००।- र लिलाधर वलीले रू. २५,०००।- उठाई दिने गर्दथे। त्यस्तै गंगाधर सुवेदीले रू. ४५,०००।-, सुर्यबहादुर वि.क.ले रू.३०,०००।- उठाई जम्मा गरी उपाध्यक्ष रविन्द्र थापालाई दिन्थे भन्ने बेहोरा उल्लेख गरी यी प्रतिवादी उपर पोल गरी बयान गरेको देखिन्छ। वित्तिय सहकारी संस्थाको सुपरीवेक्षण प्रतिवेदनको बुँदा नं. ३ मा संस्थाको वित्तिय अवस्था कमजोर भई निवमित नोक्सान बेहोरिरहेको अवस्थामा मिति २०७४।१२।०७ गतेको बैठकले समितिको अध्यक्ष र उपाध्यक्षको परिवहन खर्च क्रमश: रू. ५,०००।- बाट रू. १०,०००।- र रू. ३,०००।- बाट रू. ८,०००।- दिने निर्णय गरेको, त्यस्तै बुदा नं. ७ मा संस्थाका सन्चालक रविन्द्र थापाले बचत लेजर नं. २१ खाता नं. ३६७८ बाट रू. ८,३४,०००।- बचत जम्मा गरी फिर्ता लिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। यसबाट प्रतिवादी रविन्द्र थापा उपर सहअभियुक्तले पोल बयान गरेको, सो बयान पुष्टि हुने परीक्षण प्रतिवेदन लगायतका मिसिल संलग्न तथ्य प्रमाण तथा निज प्रतिवादी एकपटक सदस्य र पुन: उपाध्यक्ष जस्तो जिम्मेवार भूमिकामा रही निजको कार्यकालमा संस्थामा चरम आर्थिक अनियमितता हुनुका साथै सो कार्यमा निजको समेत प्रत्यक्ष संलग्नता रहेको भन्ने निज उपरको पोल बयान तथा अनुसन्धान प्रतिवेदनबाट देखिन्छ। यसरी निजको पद अध्यक्षपछिको नियामक पदको रुपमा रहेको देखिएको र निजले प्रचलित कानुनले तोकेको जिम्मेवारी पुरा नगरी प्रत्यक्ष र अप्रत्यक्ष रुपमा कसूरमा संलग्न रहेको तथा निजले मासिक रुपमा कर्मचारीबाट रकम लिने गरेको भन्ने पुष्टि भएकोसमेतका आधारबाट प्रतिवादी रविन्द्र कुमार थापालाई साविक मुलुकी ऐनको ठगीको महलको ४ नं.को कसूरमा सोही नं. बमोजिम ३/०/० (तीन) वर्ष कैद र रू.५,०००।- (पाँच हजार) जरिवाना हुने ठहऱ्याई सुरु बाँके जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

१८६.प्रतिवादी अजय कुमार पाठकले अदालतमा उपस्थित भई म सहकारी वित्तिय विकास संस्था लिमिटेड नेपालगन्जको पाँचौ कार्यकालमा सन्चालक समितिको उपाध्यक्ष पदमा निर्वाचित भई काम गरेको भएतापनि मलाई साधारण सदस्य सरहको अधिकार थियो र अध्यक्षको अनुपस्थितिमा मैले कहिलेकाँही बैठक बसाली संस्थाको प्रमुख प्रबन्धक (सदस्य सचिव)ले उठाएका एजेण्डाहरू माथि छलफल गरी निर्णय पारित गरिने कार्यहरू हुन्थे। संस्थाको साधारण सदस्यलाई जे अधिकार हुन्छ मलाई पनि सोही अधिकार भएकोले सो बखत मैले संस्थालाई अहित हुने कुनैपनि किसिमका निर्णयहरू गरेको थिइन। अनुगमनकारी निकायको कुनै पनि प्रतिवेदनमा रकम हिनामिना सम्बन्धि तथ्य बाहिर आएको छैन। मलाई संस्थाको रकम के कसरी के-कुन समयमा हिनामिना भयो भन्ने विषयमा मलाई थाहा भएन । हिनामिना गर्ने अरुण कुमार पाठक, गंगाधर सुवेदी र गोपाल भण्डारी गरी यी तीन जना प्रमुख हुन्। म सो संस्थाको उपाध्यक्ष रहेको समयमा कर्जा विभागमा मेरो दाजु अरुण कुमार पाठक कार्यरत रहेको भएतापनि मैले निजलाई कुनैपनि प्रकारले रकम हिनामिना गर्नमा प्रोत्साहन गरेको छैन । रकम हिनामिनामा मेरो कुनै किसिमको मिलेमतो एवं संलग्नता छैन भन्ने बेहोरा उल्लेख गरी कसूरमा

नेपाल सरकार वि अजय कुमार पाठकसमेत, अरुण कुमार पाठकसमेत वि. नेपाल सरकार मुद्दा: सहकारी रकम हिनामिना,ठगी र सम्पत्ति शुद्धीकरण, ०७४-०७६-००३८९, फैसला पृष्ठ ११२ मध्येको १२० [illegible]

ईन्कार रही बयान गरेको देखिन्छ। निजलाई सहकारी संस्थाको रकम हिनामिना गरेको भनी सह-प्रतिवादीहरुले पोल गरेको देखिँदैन। निजले संस्थाको रकम हिनामिना गरेको भन्ने बस्तुनिष्ठ प्रमाण पेस भएको देखिँदैन। यी प्रतिवादीका भाई अरुण कुमार पाठकले बयान गर्दा निजको नाममा खाता खोली मैले संचालन गरेको हुँ भनी बयान गरेको देखिन्छ। यस्तो अवस्थामा यी प्रतिवादी अजय कुमार पाठकको संस्थामा प्रत्यक्ष नियन्त्रण रहेको भनी मान्न मिल्ने अवस्था देखिँदैन। यी प्रतिवादीले रकम अपचलन गरेको भन्ने ठोस प्रमाण वादीबाट पेश हुन नआएको र यी प्रतिवादीका नातेदार अरुण कुमार पाठक संस्थाको पदाधिकारी तथा कर्मचारी रहे भएकै आधारमा मात्र यी प्रतिवादीले पनि रकम हिनामिना गरेको होलान भनी अनुमान गर्न मिल्ने अवस्था देखिँदैन। बादी पक्षले यी प्रतिवादीले के-कति रकम के-कहिले के-कसरी हिनामिना गरेका हुन् बस्तुनिष्ठ प्रमाण पेश गरेको देखिँदैन। सह-प्रतिवादीहरुले पोल समेत नगरेको र यी प्रतिवादीले रकम हिनामिना गरेको बस्तुनिष्ठ प्रमाण नरहेको अवस्थामा शंकाको आधारमा गोस्वारा अभियोग दावीकै आधारमा फौजदारी कसूरमा दोषी करार गर्न न्यायोचित नहुँदा यी प्रतिवादी अजय कुमार पाठकले अभियोग मागदावीबाट सफाइ दिने ठहऱ्याई भएको शुरु अदालतको फैसला मिलेकै देखियो।

लेखा समितिका सदस्यहरुको हकमा

१८७.प्रतिवादीमध्ये लेखा समितका पदाधिकारीको रुपमा रहेका प्रतिवादीहरुको हकमा बिचारगर्दा, प्रतिवादी स्थिरमणी बज्राचार्य (२०६३-२०६८ चौथो कार्यकाल र २०७३ सालदेखि मुद्दा चल्दाको बखतसम्म), प्रतिवादी भैरबप्रसाद श्रेष्ठ (२०६८-२०७३ सम्म पाँचौ कार्यकाल), प्रतिवादी तुसार शाह (२०६८-२०७३ पाँचौ कार्यकाल), प्रतिवादी सन्धि भन्ने सन्दिप कुमार शर्मा (२०६८-२०-७३ पाँचौ कार्यकाल), प्रतिवादी लिला शाह (२०७३ सालदेखि मुद्दा चल्दाको बखतसम्म), प्रतिवादी ओमप्रकाश चौधरी (२०७३ सालदेखि मुद्दा चल्दाको बखतसम्म) लेखासमितिको सदस्यको जिम्मेवारीमा रहेको देखिन्छ। निज प्रतिवादीहरुलाई साविकको मुलुकी ऐन ठगीको महलको १ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४६(१), सहकारी ऐन २०७४ को १२२ को (ग),(घ),(च),(ठ) र (ञ) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(क) बमोजिमको कसूर सजाय हुन अभियोग मागदावी रहेको देखिन्छ।

१८८.उपरोक्त प्रतिवादीमध्ये प्रतिवादी भैरव प्रसाद श्रेष्ठको मिति २०७७।०७।२३ मा मृत्यु भइसकेको हुँदा निजको हकमा देवानी दायित्व खुल्न आएका बखत कानूनबमोजिम हुने गरी निजको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ बमोजिम प्रस्तुत मुद्दामा खारेज हुने ठहरी भएको सुरु अदालतको फैसला मिलेकै देखिन्छ।

१८९.पुनरावेदक प्रतिवादी स्थिरमणी बज्राचार्यलाई सुरु बाँकै जिल्ला अदालतबाट १ वर्ष कैद, रु.५,०००।– (पाँच हजार) जरिवाना र रु.२,००।– क्षतिपूर्ति शुल्क पीडित राहतकोषमा जम्मा गर्नु पर्ने ठहर गरी मिति २०८०/९/२६ मा भएको फैसला उपर निजको तर्फबाट पुनरावेदन पर्न आएकोमा मिति २०८१/१/२८ मा निजको मृत्यु भएको भन्ने निजको पत्नी तारा बज्राचार्यले

मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यस अदालतमा निवेदन दिएको र निजले पुनरावेदन गर्दा लागेको जरिवाना र क्षतिपूर्ति शुल्क वापतको रकम समेत बुझाईसकेको देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४को दफा १३३ को उपदफा (४) बमोजिम निजको पुनरावेदन तामेलीमा राखीदिने ठहर्छ।

११०.अन्य प्रतिवादीहरू तुसार शाह, सन्धि भन्ने संदिप शर्मा, लिला शाह र ओमप्रकाश चौधरीले कसूरमा इन्कार रही बयान गरेको भएतापनि साबिक सहकारी ऐन, २०४८ को दफा १७ तथा प्रचलित सहकारी ऐन, २०७४ को दफा ४८ र ४९ अनुसार साधारण सभाबाट निर्वाचित हुने लेखा समितिको काम कर्तव्यभित्र सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने गराउने, आर्थिक कारोबारको निरिक्षण तथा मुल्यांकन गर्ने, संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापकरुपमा हिनामिना वा अनियमिता भएको वा संस्था गम्भिर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन सन्चालक समिति समक्ष सिफारिस गर्ने समेतको जिम्मेवारी तोकेको पाइन्छ। तर प्रस्तुत सहकारी संस्थाका लेखा समितिका पदाधिकारी रहेका यी प्रतिवादीहरुले प्रचलित कानुन तथा सहकारी संस्थाको विनियमावलीमा तोकिए अनुसारको जिम्मेवारी पुरा गरेको देखिदैन।यी प्रतिवादीहरुको मिलेमतोमा समेत सहकारीको रकम हिनामिना भएको भनी सह-प्रतिवादीहरुले पोल गरेको देखिन्छ।यी प्रतिवादीहरुले संस्थाको सम्पूर्ण आर्थिक गतिविधि गहन रुपमा हेरी बुझी तथ्यपरक रुपमा लेखापरीक्षण गर्नु पर्नेमा संस्थाका कर्मचारीले नक्कली जि.एल.(general ledger) समेत खडा गरी दिएको तथ्यांकको आधारमा मात्र केवल औपचारिकताका निभाउने कार्यका लागि प्रतिवेदन पेश गर्ने गरेको देखिन्छ। उक्त कार्यबाट संस्थाको रकम अपचलन गर्ने कार्यमा मद्दत पुग्न गएको देखिन्छ। निज प्रतिवादीहरुले समान प्रकृतिको कार्य गरी ठगीको कसूरमा अप्रत्यक्ष रुपमा संलग्न रही मतियारको भूमिका निर्वाह गरेको भएपनि प्रतिवादीहरू लिला शाहको उमेर, स्वास्थ्य अवस्था एवं सन्धि भन्ने सन्दिप शर्माको आर्थिक, पारिवारिक अवस्था समेतलाई विचार गरी निज प्रतिवादीहरू लिला शाह र सन्धि भन्ने सन्दिप शर्मालाई साविक मुलुकी ऐनको ठगीको महलको ५ नं.को कसूरमा सोही नं. बमोजिम जनही १(एक) वर्ष कैद र निजहरूको हकमा बिगो नखुलेको हुँदा रू.५,०००।- (पाँच हजार) जरिवाना हुने र प्रतिवादीहरू तुसार शाह र ओमप्रकाश चौधरीलाई साविक मुलुकी ऐनको ठगीको महलको ५ नं.को कसूरमा सोही नं. बमोजिम २(दुई) वर्ष कैद र रू.५,०००।- (पाँच हजार) जरिवाना हुने ठहऱ्याई सुरु अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

<u>सहकारी संस्थामा कार्यरत कर्मचारीहरुको हकमा</u>

१११. उक्त सहकारी संस्था लि.का कर्मचारीको रुपमा विभिन्न पदमा कार्यरत रहेका प्रतिवादीहरुको निम्न बमोजिमको अवधि र पदको जिम्मेवारीमा रहेको देखिई निज प्रतिवादीहरुलाई साविकको मुलुकी ऐन ठगीको महलको १ नं., मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१), सहकारी

ऐन २०७४ को १२२ को (ग),(घ),(च),(ठ) र (ण) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(क) बमोजिमको कसूरमा सजाय गरी पाउँ भन्ने अभियोग मागदावी रहेको देखिन्छ।

क.सं.	कर्मचारीको नाम	कार्यकाल
१.	गंगाधर सुवेदी	२०५७।०४।०१ देखि मुद्दा चल्दाका बखतसम्म कार्यालय सहायक हुँदै सहायक प्रबन्धकसम्म
२.	गोपाल भण्डारी	२०५७।०४।०१ देखि मुद्दा चल्दाका बखतसम्म कार्यालय सहायक हुँदै प्रमुख प्रबन्धकसम्म
३.	गौरब कुमार श्रेष्ठ	२०५७।०४।०१ देखि २०७३।०४।१६ सम्म कार्यालय सहायक
४.	शारदा थापामगर	२०५६।०५।०४ देखि मुद्दा चल्दाका बखतसम्म पिएनदेखी उपसहायकसम्म
५.	अरुण कुमार पाठक	२०५३ देखि मुद्दा चल्दाका बखतसम्म उपसहायकदेखि प्रबन्धकसम्म
६.	किरण श्रेष्ठ	२०६०।०१।२६ देखि २०७४।०५।०१ सम्म उपसहायकदेखि सहायकसम्म
७.	गंगा भुसाल	२०७२।०३। देखी २०७५ सम्म कार्यालय सहायक
८.	सुर्य बहादुर वि.क.	२०५९।११।०२ देखि मुद्दा चल्दाका बखतसम्म कार्यालय सहायकमा नियुक्ति पाई मुद्दा चल्दाका बखत खजुरा शाखा प्रमुख
९.	सुरतराम खटिक	२०५७।०४।१९ देखि मुद्दा चल्दाका बखतसम्म

		पिएन पदमा नियुक्ति पाई मुद्दा चल्दाका बखत कार्यालय सहायक
१०.	बलराम यादव	२०५८ देखि मुद्दा चल्दाका बखतसम्म पिएन पदमा नियक्ति पाई मुद्दा चल्दाका बखत उपसहायक
११.	लिला प्रसाद वली	२०६९।११।११ देखि मुद्दा चल्दाका बखतसम्म उपसहायक पदमा कार्यरत रही बैजापुर शाखा प्रमुख
१२.	विजय कुमार पाठक	२०६३।१०।२१ देखि २०७४।०४।१६ सम्म उपसहायक पद

११२. प्रतिवादीमध्येका गोपाल भण्डारीको हकमा विचार गर्दा, यी प्रतिवादीले आफूले सहकारी संस्थाको रकम हिनामिना गरेको होइन भनी सुरु अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिए पनि निज प्रतिवादी २०५७।०४।०१ देखि लगातार रुपमा विभिन्न पदमा रही मुद्दा चल्दाको बखतसम्म सहकारी संस्थाको प्रमुख प्रबन्धकको पदमा कार्यरत रहेको देखिन्छ। यी प्रतिवादी उपर जाहेरवालाहरुको किटानी जाहेरी परी सो जाहेरी समर्थन हुने गरी जाहेरवालाहरुले बकपत्र गरेको देखिन्छ। यी प्रतिवादीले रकम हिनामिना सम्बन्धमा प्रतिवेदन पेश गरेको भन्ने जिकिर लिएको भएतापनि यी प्रतिवादी प्रमुख प्रशासनिक पदमा कार्यरत रहेको देखिन्छ। प्रमुख प्रशासनिक पदमा कार्यरत रहेका व्यक्तिले कसूरमा संलग्नता छैन होला भनी अनुमान गर्न मिल्ने समेत देखिँदैन। निज प्रतिवादीले सहकारी संस्थालाई रू.५०,००,०००।- (पचास लाख) फिर्ता गरेको देखिँदा निजको ईन्कारी बयान समेत खण्डित भएको देखिन्छ। प्रतिवादीहरू गंगाधर सुवेदी र अरुण कुमार पाठकसमेतले यी प्रतिवादी उपर पोल बयान गरेको देखिन्छ। जाँचबुझ समितिको प्रतिवेदनमा पनि बचत लेजन नं. १२ खाता नं. २३१५ बाट प्रतिवादी गोपाल भण्डारीको रू.३,९९,०५,७८१।- र लक्ष्मी भण्डारीको लेजर नं. ५० खाता नं.७८८१ बाट रू.२६,०६,७००।- गरी जम्मा रू.४,२५,१२,४८१।- (चार करोड पच्चीस लाख बाह्र हजार चार सय एकासी रुपैयाँ) झिकेको भन्ने देखिन्छ। उक्त रकम तलब भत्ता वापतको रकम हो भनी जिकिर लिएतापनि त्यति ठूलो मात्राको रकम तलबभत्ता वापतको हो भनी लिएको सो जिकिर विश्वासनीय देखिँदैन। निज प्रतिवादीले सहकारी संस्थाको रू.४,२५,१२,४८१।- (चार करोड पच्चीस लाख बाह्र हजार चार सय एकासी) रकम हिनामिना गरेको देखिई रू. ५०,००,०००।- (पचास लाख) फिर्ता समेत गरेको देखिँन्छ। निज प्रतिवादी उक्त संस्थामा मिति २०५७ सालदेखि विभिन्न पदमा कार्यरत रही मुद्दा चल्दाको बखतमा प्रमुख

प्रबन्धक पदमा कार्यरत रहेको र संस्थाको प्रशासनिक तथा आर्थिक व्यवस्था नियमन गर्नुपर्ने प्रकृतिको प्रमुख पदमा रहेपनि निजले सो बमोजिमको कार्य नगरी सहकारी संस्थाको रकम हिनामिना कार्यमा प्रत्यक्ष रुपमा संलग्न रहेको देखिएको समेतका आधारबाट यी प्रतिवादी गोपाल भण्डारीलाई साविक मुलुकी ऐन ठगीको महलको ४ नं.को कसूरमा ५(पाँच) वर्ष कैद र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र निजले हिनामिना गरेको जाहेरवालाहरूको बिगो रू.४,४८,००,९५९।- (चार करोड अठ्चालीस लाख नौ सय उन्साठी) तिर्नु बुझाउनुपर्ने ठहऱ्याई सुरु जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

१९३.प्रतिवादी गंगाधर सुवेदीको हकमा विचार गर्दा, यी प्रतिवादी मिति २०५७।०४।०१ देखि विभिन्न पदमा रही मुद्दा चल्दाका बखत संस्थाको सहायक प्रबन्धक जस्तो जिम्मेवार पदमा कार्यरत रहेको देखिन्छ। यी प्रतिवादीले हिनामिना गरेको रू. २,८९,४७,९१५।- फिर्ता गर्ने भनी कबुलियतनामा कागज समेत गरेको देखिन्छ। यी प्रतिवादीले अदालतमा समेत मैले उक्त संस्थामा विभिन्न पदमा रही काम गरेकोले हिनामिना रकममा मेरो दायित्व छ भनी कसूरमा साबिति बयान गरेको र यी प्रतिवादी उपर किटानी जाहेरी रहेको देखिन्छ। यी प्रतिवादीलाई सह-प्रतिवादीहरू गोपाल भण्डारीसमेतले पोल गरी बयान गरेको देखिन्छ। निज प्रतिवादी गंगाधर सुवेदीले उक्त सहकारीको रू.२,८९,४७,९१५।- (दुई करोड उनानब्बे लाख सत्चालिस हजार नौ सय पन्ध्र) हिनामिना गरेको र सो मध्येको रू.५२,००,०००।- (बाउन्न लाख रुपैयाँ) फिर्ता गरेको देखिन्छ। यी प्रतिवादी मिति २०५७ सालदेखि उक्त संस्थाको विभिन्न पदमा कार्यरत रही प्रस्तुत मुद्दा चल्दाको बखतमा सहायक प्रबन्धक जस्तो जिम्मेवार पदमा कार्यरत रहेको देखिएको र निजले उक्त पदिय दायित्व पुरा नगरी रकम हिनामिना गरेको देखिएको समेतका आधारबाट यी प्रतिवादी गंगाधर सुवेदीलाई साविक मुलुकी ऐन ठगीको महलको ४ नं.को कसूरमा सोही नं. बमोजिम ५(पाँच) वर्ष कैद र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र हिनामिना गरेको पीडित जाहेरवालाहरूको बिगो रू.२,८३,७३,२९५।- (दुई करोड त्रियासी हजार त्रिहत्तर हजार दुई सय पन्चानब्बे रुपैयाँ) निजले तिर्नु बुझाउनुपर्ने ठहऱ्याई सुरु अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

१९४.प्रतिवादी अरुण कुमार पाठकको हकमा विचार गर्दा, निज प्रतिवादीले सहकारीको रकम हिनामिना गरेको तथ्यमा साबित रही बयान गरेको देखिन्छ। उक्त हिनामिना भएको रकम रू.२१,९४,३६,१४२।- (एक्काईस करोड चौरानब्बे लाख छत्तिस हजार एक सय बयालिस) संस्थालाई बुझाउने भनी कबुलियतनामा कागज गरेको देखिन्छ। निज प्रतिवादी मिति २०५३ सालदेखि विभिन्न पदमा कार्यरत रही मुद्दा चल्दाका बखत कर्जा शाखा प्रमुख पदमा रहेको देखिन्छ। यी प्रतिवादी उपर सहप्रतिवादीहरू बलराम यादव, गंगाधर सुवेदी र गोपाल भण्डारीसमेतले पोल गरी सो पोल बयानलाई यी प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन। यी प्रतिवादीले आफ्नो घर परिवारको सदस्यहरूको नाममा सहकारी संस्थामा आफै खाता खोली

कारोबार गर्ने गरेको र नक्कली कर्जा खडा गरी आफ्नो बचत खातामा सहकारी संस्थाको रू.२१,९४,३६,१४२।- (एक्काईस करोड चौरानब्बे लाख छत्तिस हजार एक सय बयालिस रुपैयाँ) हिनामिना गरी सो मध्येको रू. १,४९,५०,०००।- (एक करोड उनन्पचास लाख पचास हजार) फिर्ता गरेको देखिन्छ। यी प्रतिवादी उक्त सहकारी संस्थामा २०५३ सालदेखि विभिन्न पदमा कार्यरत रही मुद्दा चल्दाको बखतसम्म कर्जा फाँट प्रमुखको रुपमा कार्यरत रही सहकारी संस्थाको रकम हिनामिना गरेको देखिँदा निजले गरेको कसूरको गाम्भिर्यता समेतका आधारमा यी प्रतिवादी अरुण कुमार पाठकलाई साविक मुलुकी ऐन ठगीको महलको ४ नं.को कसूरमा सोही नं. बमोजिम ५(पाँच) वर्ष कैद र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र निजले हिनामिना गरेको पीडित जाहेरवालाहरूको बिगो रकम रू.२४,९१,३३,४२८।- (चौबिस करोड एकानब्बे लाख तेत्तिस हजार चार सय अठ्ठाइस) निजले तिर्नु बुझाउनुपर्ने ठहऱ्याई सुरु अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

१९५. प्रतिवादी बलराम यादवको हकमा विचार गर्दा, यी प्रतिवादीले सुरु अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेपनि निजले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा अरुण कुमार पाठकसँगको मिलेमतोमा सहकारीको रकम हिनामिना गरेको भनी कसूरमा साबित रही बयान गरेको देखिन्छ। यी प्रतिवादी मिति २०५८ सालदेखि कार्यालय सहयोगी हुँदै मुद्दा चल्दाका बखत उपसहायक पदमा कार्यरत रहेको देखिन्छ। यी प्रतिवादी कार्यालय सहयोगी पदको जिम्मेवारीमा रहेपनि निजले कर्जा र बचत खातामा भौचर भर्ने, धितो रोक्का र फुकुवाको लागि मालपोत कार्यालय जाने समेतका कार्यहरू गर्ने गरेको देखिन्छ। अनुसन्धान प्रतिवेदनमा पनि निजले लेजर नं. ३३ को खाता नं. ५५५४ बाट रू. २४,९७,५०४।- र श्रीमती ईन्द्रपरि यादवको नामबाट रू.२१,३१,९७०।- झिकेको भन्ने देखिन्छ। मालपोत कार्यालय बाँकेले उपलब्ध गराएको रेकर्डमा यी प्रतिवादीले १५० कित्ताभन्दा बढी जग्गा व्यक्तिगत दृष्टिबन्धक फुकुवा गरेको र हाल ३६ कित्ता जग्गा निजकै नाउँमा व्यक्तिगत दृष्टिबन्धक रहेको भन्ने देखिन्छ। यसबाट निजको ईन्कारी बयान विश्वासलायक नभई निज प्रतिवादीको कसूरमा संलग्नता रहेको भन्ने पुष्टि हुन्छ। निज प्रतिवादी उक्त सहकारी संस्थाको कार्यालय सहयोगी हुँदै मुद्दा चल्दाको बखत उपसहायक पदमा कार्यरत रहेको देखिँदा निजको पदीय हैसियत र बिगोको मात्रा समेतलाई विचार गरी यी प्रतिवादी बलराम यादवलाई साविक मुलुकी ऐन ठगीको महलको ४ नं.को कसूरमा सोही नं. बमोजिम ४(चार) वर्ष कैद र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम रू.४०,०००।- (चालिस हजार) जरिवाना हुने र हिनामिना गरेको जाहेरवालाहरूको बिगो रकम रू.५३,७९,६५२।- (त्रिपन्न लाख उनासी हजार छ सय बाउन्न) निजले तिर्नु बुझाउनु पर्ने ठहऱ्याई सुरु अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

१९६. प्रतिवादी सूर्यबहादुर बि.क.को हकमा विचार गर्दा, यी प्रतिवादी उपर जाहेरवालाको किटानी जाहेरी परेको देखिन्छ। निज प्रतिवादी सहकारी संस्थाको खजुरा शाखाको शाखा प्रमुख जस्तो

जिम्मेवार पदमा कार्यरत रहेको देखिन्छ। निज प्रतिवादीले रू. ३७,८६,८४४।- (सैंतिस लाख छयासी हजार आठ सय चौवालिस) सहकारी संस्थालाई फिर्ता गरी बाँकी रू. ६५,८७,०५३।- (पैंसट्ठी लाख सत्तासी हजार त्रिपन्न) रकम फिर्ता गर्ने भनी कबुलियतनामा कागज गरेको देखिन्छ। यी प्रतिवादीले आफुले रकम हिनामिना गरेको होइन भनी इन्कारी बयान गरेपनि जाँचबुझ समितिको प्रतिवेदनको ५ नं. बुँदामा प्रतिवादीले लेजर नं. १ खाता नं. २९ बाट रू.६०,८२,४७७।- झिकेको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। खजुरा शाखा प्रमुखको जिम्मेवारीमा रहेका यी प्रतिवादीले रू. ३७,८६,८४४।- फिर्ता गरी बाँकी रकम बुझाउने कबुलियतनामा कागज गरेको अवस्थाले निजलाई रकम हिनामिनाको सम्बन्धमा थाहा नभएको मान्न मिल्ने अवस्था देखिंदैन। यसरी निज प्रतिवादी उक्त सहकारी संस्थाको खजुरा शाखाको शाखा प्रमुख पदमा कार्यरत रही उक्त शाखाको प्रशासनिक तथा आर्थिक नियमन गर्नुपर्ने भूमिका तथा जिम्मेवारी निर्वाह नगरी रकम हिनामिना गरेको देखिएको समेतका आधारबाट प्रतिवादी सुर्यबहादुर वि.क.लाई साविक मुलुकी ऐन ठगीको महलको ४ नं.को कसूरमा सोही नं. बमोजिम ५(पाँच) वर्ष कैद र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र हिनामिना गरेको जाहेरवालाहरुको बिगो रू.३३,६०,६८१।- (तेत्तीस लाख साठी हजार छ सय एकासी) तिर्नु बुझाउनुपर्ने ठहरी सुरु अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

१९७. प्रतिवादी लिला भन्ने लिला प्रसाद बलीको हकमा विचार गर्दा, यी प्रतिवादी बैजापुर शाखाको शाखा प्रमुखजस्तो जिम्मेवार पदमा रहेको देखिन्छ। जाँचबुझ तथा सुपरीक्षण प्रतिवेदनमा यी प्रतिवादीको संस्थामा रहेको खाता नं. ३३५ र आमा सेती बलीको नाममा रहेको खाता नं. १०२५९ बाट गरी रू. ८६,२०,०९५।- (छयासी लाख बीस हजार पन्चानब्बे) झिकेको देखिएको भन्ने उल्लेख भएको र निजले रू. १०,९२,०००।- सहकारी संस्थामा फिर्तासमेत गरेको देखिन्छ।निजले अदालतमा बैजापुर शाखाको इन्चार्ज रहेको समयमा हिसाबकिताबमा रकम फरक रहेको भनी प्रतिवेदन देखाइएपछि शाखा प्रमुखको रुपमा जिम्मेवारी लिई रकम बुझाएको र आफुले रकम हिनामिना गरेको होइन भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।निजले कसूरमा ईन्कारी बयान गरेपनि प्रतिवादी गंगाधर सुवेदी समेतले यी प्रतिवादीले समेत रकम हिनामिना गरेको भनी पोल बयान गरेको देखिन्छ। यी प्रतिवादी बैजापुर शाखाको शाखा प्रमुखजस्तो जिम्मेवार पदमा रहेको र निजले रू. १०,९२,०००।- सहकारी संस्थालाई फिर्ता गरेको अवस्थाले उक्त संस्थामा भएको रकम हिनामिना सम्बन्धमा यी प्रतिवादीलाई थाहा नभएको मान्न मिल्ने देखिंदैन। निज प्रतिवादी उक्त सहकारी संस्थाको बैजापुर शाखाको प्रमुख पदमा कार्यरत रही उक्त शाखाको प्रशासनिक तथा आर्थिक नियमन गर्नुपर्ने भूमिका तथा जिम्मेवारी निर्वाह नगरी निजले उक्त सहकारी संस्थाको रकम हिनामिना गरेको देखिंदा निजको पदीय हैसियत समेतका आधारमा प्रतिवादी लिलाधर भन्ने लिलाप्रसाद बलीलाई साविक मुलुकी ऐन ठगीको महलको ४ नं.को कसूरमा सोही नं. बमोजिम ५(पाँच) वर्ष कैद र

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र हिनामिना गरेको जाहेरवालाहरूको बिगो रू.८९,२९,७२५।- (उनानब्बे लाख उनन्तिस हजार सात सय पच्चीस) तिर्नु बुझाउनुपर्ने ठहऱ्याई भएको सुरु फैसला मिलेकै देखिन्छ।

११८. प्रतिवादी गौरब श्रेष्ठको हकमा विचार गर्दा, निजका नामको सो खाता हेर्दा, पृष्ठ २४८-२५६ सम्मको (अर्थात् २०६९।१०।१८ देखी २०७४।०१।०६ सम्म) जम्मा गरेको र झिकेको रकम अस्वभाविक र ठुलो परिमाणको देखिँदैन। सो खातामा तलब र आफै रकम जम्मा गरेको भन्ने विवरण सहितको रकम बाहेक अन्य कारोबार देखिँदैन। उक्त सहकारीमा आफुले २०५७ सालमा तलबी खाता खोलेको र सोमा आफ्नो तलबभत्ता बापतको रकमका साथै दाजुभाउजु ४ जनाले मोटरसाइकल सोरुम, वासिङ सर्भिस सेन्टर, ट्रान्सपोर्ट व्यवसाय संचालन गरेकोले सोको रकमसमेत सो खातामा ८/१० वर्षदेखि राख्ने र झिक्ने गरेको हो। हाल अन्यन्त्र बैंकमा १२ करोडको ऋण पनि छ भनी बयानमा उल्लेख गरेको देखिन्छ। निज कार्यरत संस्थामा रकम जम्मा गर्नु र झिक्नु मात्रैले निजले कसूर गरेको मात्र मिल्ने देखिँदैन। तथापी निजले राजिनामा गर्दाका बखत धान पेश्की र सामाजिक कर्जा बापत गरी रू. १,०८,४६७।- बक्यौता रहेको र निज छोटो अवधिमा कर्जा फाँटमा कार्यरत रही सो फाँटमा पनि रकम हिनामिना भएको देखिन्छ। राजिनामा गर्दाका बखत उल्लिखित बक्यौता रकम रू. १,०८,४६७।- (एक लाख आठ हजार चार सय सत्सठ्ठी) हालसम्म भुक्तानी गरेको देखिँदैन। निज प्रतिवादी उक्त सहकारी संस्थाको कर्जा फाँटमा कार्यरत रही निजले आफुलाई तोकिएको जिम्मेवारी निर्वाह नगरी उक्त सहकारी संस्थाको रकम हिनामिना गरेको र आफ्नो नाउँको बक्यौता समेत फछ्र्यौट नगरेको देखिँदा निजको पदिय हैसियत समेतका आधारमा यी प्रतिवादी गौरब श्रेष्ठलाई साबिक मुलुकी ऐन ठगीको महलको ४ नं.को कसूरमा सोही नं. बमोजिम ४(चार) वर्ष कैद र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम रू.४०,०००।- (चालिस हजार) जरिवाना हुने र निजले हिनामिना गरेको पीडित जाहेरवालाहरूको बिगो रकम रू.१,२९,४९१।- (एकलाख उनन्तिस हजार चार सय एकानब्बे) तिर्नु बुझाउनुपर्ने ठहऱ्याई सुरु अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

११९. प्रतिवादी किरण श्रेष्ठको हकमा विचार गर्दा, निज प्रतिवादी उपर प्रतिवादी गंगाधर सुवेदी समेतले नक्कली जि.एल.(general ledger) तयार पार्ने जनरल फाँटका सहायक किरण श्रेष्ठको हो भनी पोल गरी बयान गरेको देखिन्छ। निज प्रतिवादी किरण श्रेष्ठले अदालतमा कसूरमा इन्कार रही बयान गरेपनि सहकारी सुपरिक्षण प्रतिवेदनमा किरण श्रेष्ठले संस्थाको बचत लेजर नं. २ खाता नं. ३११ बाट बचत रू. ५३,२१,४५६।-, निजको आमा अन्जु कुमारी श्रेष्ठको लेजर नं. २ खाता नं. २०२ बाट रू. ५,८७,३२०।- र निजको सासु रुपाराज भण्डारीको लेजर नं. ३६ खाता नं. ५९७२ बाट रू. १३,१७,९४९।- गरी जम्मा रू. ७२,२६,८१५।- (बहत्तर लाख छब्बिस हजार आठ सय पन्ध्र) झिकेको देखिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। यसरी यी

प्रतिवादीले नक्कली जि.एल.(general ledger)तयार पारी संस्थाको रकम हिनामिना गर्ने कार्यमा मिलेमतो गरेको र आफू,आफ्नो आमा र सासुको खाताबाट रकम झिकेको देखिन्छ। निजले आफुलाई तोकिएको जिम्मेवारी निर्वाह नगरी नक्कली जि.एल.(general ledger) खडा गरेको भन्ने सहप्रतिवादीहरुको पोल बयान रहेको अवस्थामा निजको कसूरको मात्रा र गाम्भिर्यतालाई विचार गरी प्रतिवादी किरण श्रेष्ठलाई साबिक मुलुकी ऐन ठगीको महलको ४ नं.को कसूरमा सोही नं. बमोजिम ५(पाँच) वर्ष कैद र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र साथै निजले हिनामिना गरेको पीडित आहेरवालाहरुको बिगो रू.८६,३५,४५४।- (छयासी लाख पैंतिस हजार चारसय चौवन्न) तिर्नु बुझाउनुपर्ने ठहर्‍याई सुरु अदालतबाट भएको फैसला मिलेकै देखिन्छ।

२००. प्रतिवादी सुरतराम खटिकको हकमा विचार गर्दा, यी प्रतिवादीले सुरु अदालतमा आरोपित कसूरमा इन्कारी रही बयान गरेपनि प्रतिवादी गंगाधर सुबेदीले बयान गर्दा सुरतराम खटिक समेतले सन्चालक समिति र लेखा समितका पदाधिकारीहरुलाई र प्रमुख प्रवन्धक गोपाल भण्डारीलाई प्रभावमा पारी रकम हिनामिना गर्यौं भनी पोल बयान गरेको देखिन्छ।, सहकारी सुपरिक्षण प्रतिवेदनमा सुरतराम खटिकको लेजर नं. १३ खाता नं. २४०३ बाट रू. ३६,५१,४६७।- निजको श्रीमती शारदा खटिकको लेजर नं. ६४ खाता नं. १०००५ बाट रू. २६,९२,०००।- र छोरा सन्तोष खटिकको खाताबाट रू. १८,९२,९०५।- गरी जम्मा रू. ८२,३६,३७२।- (बयासी लाख छत्तिसहजार तीन सय बहत्तर) झिकेको देखिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ।यसरी निज प्रतिवादीले आफू, श्रीमति र छोराको खाताबाट ठुलो मात्राको रकम झिकेको र निजलाई गंगाधर सुबेदीले पोल बयान गरेको देखिन्छ। निज प्रतिवादी सुरतराम खटिक सह उपसहायक पदमा कार्यरत रहेपनि तोकिएको जिम्मेवारी निर्वाह नगरी उक्त सहकारी संस्थाको रकम बिना आधार प्रमाण झिकी हिनामिना गरेको देखिँदा निजको कसूरको मात्रा र गाम्भिर्यतालाई विचार गरी यी प्रतिवादी सुरतराम खटिकलाई साविक मुलुकी ऐन ठगीको महलको ४ नं.को कसूरमा सोही नं. बमोजिम ५(पाँच) वर्ष कैद र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम रू. ५०,०००।- (पचास हजार) जरिवाना हुने र निजले हिनामिना गरेको पीडित आहेरवालाहरुको बिगो रकम तिर्नुपर्ने ठहरेको बिगो रू.९८,४८,२४७।- (अन्ठानब्बे लाख अठ्चालिस हजार दुई सय सत्चालिस) तिर्नु बुझाउनुपर्ने ठहर्‍याई भएको सुरु अदालतको फैसला मिलेकै देखिन्छ।

२०१. प्रतिवादी शारदा थापामगरको हकमा विचार गर्दा, निजले अदालतमा कसूरमा इन्कार रही बयान गरेको भए तापनि प्रतिवादी गंगाधर सुबेदीले यी प्रतिवादी शारदा थापा समेतले बचततर्फ जम्मा हुन आएको विभिन्न खातावालाहरुको रकम बुझी लेजर र पासबुकमा किर्ते पोस्टिङ्ग गरी हिनामिना गरेका हुन भनी पोल बयान गरेको देखिन्छ।उक्त पोल बयानलाई यी प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन।यी प्रतिवादी मुद्दाको चल्दाको बखतमा उपसहायक पदमा रही खजान्ची पदको जिम्मेवारीको कार्य गर्दै आएको र निजले खजान्चीको जिम्मेवारीमा रही रकम

जम्मा गर्न आउने र निकाल्न आउने व्यक्तिहरुको (बचतकर्ताहरुको) रकम झिकिदिने कार्य गर्थे भनी अदालतमा बयान गरेको देखिन्छ। यी प्रतिवादी मुद्दा चल्दाको बखतमा उपसहायक पदमा रही खन्चान्ची पदमा कार्यरत रही निजले आफुलाई तोकिएको जिम्मेवारी पुरा नगरी उक्त सहकारी संस्थाको रकम हिनामिना गर्ने कार्यमा मद्दत पुग्न गएको देखिई निज प्रतिवादी प्रस्तुत ठगीको कसूरमा अप्रत्यक्ष रुपमा मतियारको रुपमा संलग्न रहेको देखिएको समेतका आधारमा यी प्रतिवादी शारदा थापामगरलाई साविक मुलुकी ऐन ठगीको महलको ५नं.को कसूरमा सोही नं. बमोजिम १(एक) वर्ष कैद र रू.५,०००।- (पाँच हजार) जरिवाना हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिन्छ।

२०२.प्रतिवादी गंगा भुसालको हकमा विचार गर्दा, यी प्रतिवादीले अदालतमा उपस्थित भई आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ। प्रतिवादी गंगाधर सुवेदीसमेतले प्रतिवादी गंगा भुषालसमेतको मिलेमतोमा बचत र ऋणतर्फको रकम हिनामिना हुने गर्दथ्यो भनी पोल बयान गरेको देखिएपनि सो पोल बयान वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिदैन।यी प्रतिवादीले २०७२ सालदेखि उक्त सहकारी संस्थामा कम्प्युटर अपरेटर जस्तो सामान्य पदमा करार सेवामा कार्यरत रही २०७५ सालमा जागिरबाट राजिनामा गरेको भन्ने देखिन्छ।निजले नक्कली जि.एल बनाएको समयमा जागिर नै सुरु गरेको देखिदैन। यी प्रतिवादीले सहकारी संस्थाको रकम झिकेको एवं हिनामिना गरेको भन्ने पुष्टि भएको देखिदैन। कम्प्युटर अपरेटरले के-कति रकम के-कहिले के-कसरी हिनामिना गरेका हुन् नखुलाई वादी पक्षले यी प्रतिवादी उपर गोस्वारा अभियोग दावी लिएको र वस्तुनिष्ठ प्रमाणको अभावमा शंकाको आधारमा मात्र फौजदारी कसूरमा कसूरदार ठहऱ्याउन न्यायोचित हुने नदेखिँदा यी प्रतिवादी गंगा भुसाललाई आरोपित कसूरबाट सफाई दिने ठहर्याई सुरु अदालतबाट भएको फैसला मिलेकै देखियो।

२०३.प्रतिवादी विजय कुमार पाठकको हकमा विचार गर्दा, निज प्रतिवादीले अदालतमा उपस्थित भई आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।यी प्रतिवादीलाई सहअभियुक्तहरुले पोल बयान गरेको देखिदैन। यी प्रतिवादी संस्थाको उपसहायक जस्तो कनिष्ठ पदमा कार्यरत रहेको देखिन्छ।, यी प्रतिवादीका नातेदारहरू अरुण कुमार पाठक संस्थाको पदाधिकारी तथा कर्मचारी रहे भएकै आधारमा मात्र यी प्रतिवादीले पनि रकम हिनामिना गरेको होलान भनी अनुमान गर्न मिल्ने अवस्था देखिदैन। वादी पक्षले यी प्रतिवादीले के-कति रकम के-कहिले के-कसरी हिनामिना गरेका हुन् वस्तुनिष्ठ प्रमाण पेश गरेको देखिदैन।सह-प्रतिवादीहरुले पोल समेत नगरेको र यी प्रतिवादीले रकम हिनामिना गरेको वस्तुनिष्ठ प्रमाण नरहेको अवस्थामा शंकाको आधारमा गोस्वारा अभियोग दावीकै आधारमा फौजदारी कसूरमा दोषी करार गर्न न्यायोचित नहुँदा यी प्रतिवादी विजय कुमार पाठकले अभियोग मागदावीबाट सफाइ दिने ठहर्याई भएको शुरु अदालतको फैसला मिलेकै देखियो।

२०४. साथै प्रतिवादीहरुले हिनामिना गरेको बिगो रू. ३०,०१,८५,१७०।- (तीसकरोड एकलाख पचासीहजार एकसय सत्तरी रुपैंया) देखिएपनि र प्रस्तुत मुद्दाको जाहेरवालाको बिगो रू.

३५,८५,९१,११३।- (पैंतिस करोड पचासी लाख एकानब्बे हजार एकसय तेह्र रुपैयाँ) रहेको देखिएको हुँदा सो नपुग बिगो रू.५,८४,०५,९४३।- (पाँचकरोड चौरासीलाख पाँचहजार नौसय त्रिचालिस रुपैया) को लागि कसूरदार देखिएका सबै प्रतिवादीबाट दामासाहीले भराउन न्यायोचित हुने भएकोले कसूरमा संलग्न व्यक्तिहरूले लिए खाएको बिगोकै अनुपातमा नपुग बिगो कायम गरी जाहेरवालाको नपुग जम्मा बिगो रू.५,८४,०५,९४३।- (पाँचकरोड चौरासी लाख पाँच हजार नौ सय त्रिचालिस रुपैयाँ) लाई मुल धन मानी सोही अनुपातका दरले निजहरूबाट भराई दिनु उचित हुने देखिन्छ। तसर्थ प्रतिवादीहरुले हिनामिना गरेको बिगो बाहेक नपुग रहेको जाहेरवालाको बिगोको लागि प्रतिवादीहरु गोपाल भण्डारीबाट रू.७२,८८,४७८।- गंगाधर सुवेदीबाट रू.४६,२५,३८०।- अरुण कुमार पाठकबाट रू.४,०६,४७,२८६।- सुर्य बहादुर वि.क.बाट रू.५,६०,६५२।- लिलाधर भन्ने लिला प्रसाद वलीबाट रू.१४,०१,६३०।- गौरव श्रेष्ठबाट रू.२१,०२४।- किरण श्रेष्ठबाट रू.१४,०८,६३९।- सुरतराम खटिकबाट रू.१६,११,८७५।- र बलराम यादवबाट रू.८,४०,९७८।- थप बिगो कायम गरी प्रतिवादीहरूले तिर्नु बुझाउनुपर्ने ठहऱ्याई हदसम्मको सुरु अदालतबाट भएको फैसला समेत न्यायोचित नै देखिन्छ। उल्लेखित आधारबाट प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गरी पाउँ भन्ने पुनरावेदक बादी नेपाल सरकार र आरोपित कसूरबाट सफाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरुको पुनरावेदन जिकिर र निजहरुको कानून व्यवसायीले गर्नु भएको जिकिरसँग सहमत हुन सकिएन।

२०५. तथापि १५२६ जना पीडित जाहेरवालाहरूको हक र अधिकार सुनिश्चित गर्ने प्रयोजनका लागि सहकारी डिभिजन कार्यालय, बाँकेका प्रमुख, लुम्बीनी प्रदेश सरकारको सहकारी विभागका रजिष्ट्रार, जिल्ला प्रशासन कार्यालय बाँकेका एकजना राजपत्रांकित कर्मचारी, नेपालगन्ज उपमहानगरपालिकाका सहकारी विभाग हेर्ने प्रमुख, मालपोत कार्यालय बाँकेका कार्यालय प्रमुख, नेपाल राष्ट्र बैंक बाँकेका प्रमुख, जिल्ला प्रहरी कार्यालय बाँकेका एकजना अधिकृत, जिल्ला सहकारी संघका प्रतिनिधि एकजना तथा नेपाल बार एसोसियसनका प्रतिनिधि एक जना र पत्रकार महासंघ लगायतका संस्थाबाट एकजना प्रतिनिधि र जाहेरवाला मध्येबाट ५ जना प्रतिनिधि समेत रहने गरी सो तदर्थ समिति गठन गरी सहकारी संस्थाको विशेष साधारण सभा आव्हान गरी सन्चालक समिति गठन प्रक्रिया शुरु गर्ने र सोही समितिबाट सहकारी संस्थाका काम कारबाही प्रभावकारी रुपमा कार्यान्वियन गर्नको लागि जिल्ला प्रशासन कार्यालय बाँकेका प्रमुख जिल्ला अधिकारीलाई नेतृत्वकारी भूमिका तोक्दा निजले जिम्मेवारी लिई तदारुकताका साथ उक्त कार्यका लागि पहल गर्न सक्ने र सो जिम्मेवारी प्रमुख जिल्ला अधिकारीलाई दिंदा उपयुक्त हुने देखिंदा सोही बमोजिमको निर्देशनात्मक आदेश जारी गर्न उपयुक्त हुने देखिन्छ।

२०६. तसर्थ माथि उल्लेखित आधार,कारण र प्रमाणबाट सुरु बाँके जिल्ला अदालतबाट मिति २०८०/९/११ मा कसूर कायम गरी मिति २०८०/९/२६ मा सजाय निर्धारण गर्ने गरी भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक बादी नेपाल सरकार र पुनरावेदक

प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्दैन। साथै सहकारी वित्तिय विकास संस्था लि.नेपालगन्ज बाँकेबाट पीडितहरुको हक अधिकार सुनिश्चित गर्ने प्रयोजनको लागि सुरु बाँके जिल्ला अदालतबाट प्रस्तुत मुद्दा फैसला हुँदा फैसलाको प्रकरण नं.२४६ मा उल्लेख भए बमोजिमको निर्देशनात्मक आदेशलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने प्रयोजनको लागि उक्त सुरु अदालतको फैसलाको प्रमाणित प्रतिलिपि समेत साथै राखी जिल्ला प्रशासन कार्यालय बाँकेका प्रमुख जिल्ला अधिकारीलाई पत्राचार गर्नु भनी यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ। अन्य कुराको हकमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

माथि ठहर खण्डमा लेखि बमोजिम सहकारी वित्तिय विकास संस्था लि.नेपालगन्ज बाँकेबाट पीडितहरुको हक अधिकार सुनिश्चित गर्ने प्रयोजनको लागि सुरु बाँके जिल्ला अदालतबाट फैसला हुँदा फैसलाको प्रकरण नं.२४६ मा उल्लेख भए बमोजिमको निर्देशनात्मक आदेशलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने प्रयोजनको लागि उक्त सुरु अदालतको फैसलाको प्रमाणित प्रतिलिपि समेत साथै राखी जिल्ला प्रशासन कार्यालय बाँकेका प्रमुख जिल्ला अधिकारीलाई पत्राचार गर्नु---१

प्रस्तुत फैसलाको जानकारी उच्च सरकारी वकिल कार्यालय नेपालगन्ज बाँकेलाई दिनू--------२

सरोकारवालाले फैसलाको प्रतिलिपि माग गरे नियमानुसार उपलब्ध गराउनू -----------------३

प्रस्तुत फैसलाको विद्युतीय प्रणालीमा अपलोड गरी सो जानकारी फैसलाको पीठमा जनाउनू----४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु मिसिल बाँके जिल्ला अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ---------------------------------------५

(सुभाष पौडेल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(गोविन्द जोशी)
न्यायाधीश

<u>फैसला तयार पार्न सहयोग गर्ने:-</u>

शा.सु. कृष्णलाल जैसी

इति संवत् २०८२ साल जेठ महिना १४ गते रोज ४ शुभम् ---------------------

न्यायाधीश

फैसला प्रमाणिकरण भएको मिति:- २०८२/०६/२३/५ अदालतको छाप:-